३२३

# भक्तपुर मासिक

Bhaktapur Monthly

असार २०८०

ISSN 2705-4454






## भक्तपुर नपाको चौधौं नगरसभा

- देशघाती नागरिकता विधेयक खारेज नभएसम्म नेपाली जनताले आन्दोलनलाई जारी राख्नेछन्'
- फूलजस्तै भक्तपुर
- भक्तपुर नगरपालिकाको सय शय्याको आफ्नै अस्पताल
- सम्पदाको मौलिकता संरक्षण र यसका आर्थिक तथा सामाजिक प्रभाव
- आर्थिक समानता र महिलाहरू
- वास्तुशास्त्रमा गृहनिर्माण विधि
- चुरेको दोहन देशघाती कदम
- मोहनी सिन्हः
- खेलाडी सम्मान
- भक्तपुर नपाको गतिविधि



राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिका सभापति मा. जयन्तीदेवी राईको नेतृत्वमा समितिका माननीय सदस्यहरूबाट भक्तपुर नपाको कानुन निर्माण प्रक्रिया र असल अभ्यासबारे अध्ययन भ्रमण । (असार १२ गते)



भक्तपुर नपाको चौथौं नगरसभा समुद्घाटन कार्यक्रममा सहभागी आमन्त्रित अतिथिगण । (असार ६ गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì$)⋆cÆ *⋆g};‡!!$#⋆lj=;‡@)*)c;f/⋆A.D.2023

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स


ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रू. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


## संरा अमेरिकामा बन्दुक हिंसाको छायाँ




(चाइना डेलीबाट)

‘भक्तपुर’ मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

## 'पुस्तक गोजीमा राखिएको बगैंचा हो ।'– अरबी भनाइ

### यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर नगरपालिकाको चौधौँ नगरसभा | – | ३ |
| २) | भक्तपुर नपाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम | प्रमुख सुनिल प्रजापति | ७ |
| ३) | मन्तव्य – प्रेम सुवाल/ सृजना सैंजु/ रजनी जोशी | – | १३ |
| ४) | भक्तपुर नपाको चौधौँ नगरसभाका बैठक | – | १७ |
| ५) | भक्तपुर नपाको आ.व. २०८०/८१ को बजेट वक्तव्य | रजनी जोशी | १९ |
| ६) | 'देशघाती नागरिकता विधेयक खारेज नभएसम्म नेपाली जनताले आन्दोलनलाई जारी राख्नेछन्' | सुनिल प्रजापति | २८ |
| ७) | कृषि क्षेत्र : बजेटमा प्राथमिकता कार्यान्वयनमा उपेक्षा | विवेक | ३१ |
| ८) | फूलजस्तै भक्तपुर | उपेन्द्र लामिछाने | ३३ |
| ९) | भक्तपुर नगरपालिकाको सय शय्याको आफ्नै अस्पताल | शान्ति तामाङ | ३६ |
| १०) | सम्पदाको मौलिकता संरक्षण र यसका आर्थिक तथा समाजिक प्रभाव | समिर | ३८ |
| ११) | आर्थिक समानता र महिलाहरू | शोभा प्रधान | ४१ |
| १२) | Five years on from the earthquake in Bhaktapur, Nepal, heritage-led recovery is uniting community- | Vanicka Arora | ४३ |
| १३) | चुरेको दोहन देशघाती कदम | विष्णुभक्त राजचल | ४६ |
| १४) | चुरे दोहन गर्न सरकार किन प्रतिबद्ध ?! | – | ४९ |
| १५) | वास्तुशास्त्रमा गृहनिर्माण विधि | ओम धौभडेल | ५१ |
| १६) | शिक्षासेवी शोभा प्रधानको स्मृतिमा | न्हुछेरत्न बुद्धाचाय | ५४ |
| १७) | स्वाङजाङको भारत यात्रा (३) | चङ चेङ्ग | ५५ |
| १८) | जनप्रतिनिधिको अनुभव | मन्जुमाया लाखा | ६२ |
| १९) | ग्लोबल वार्मिङ्ग | नाति कवां | ६४ |
| २०) | मोहनी सिन्हः | डा. वीरेन्द्रप्रसाद कायस्थ | ६७ |
| २१) | खेलाडी सम्मान | श्यामकृष्ण खत्री | ६८ |
| २२) | राजीब चिकबन्जार : टेबल टेनिस खेलाडी तथा प्रशिक्षक | राजकुमार लघु | ७० |
| २३) | समालोचनाया सिद्धान्त (१६) | प्रो.माणिकलाल श्रेष्ठ | ७३ |
| २४) | भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय | – | ७९ |
| २५) | भक्तपुर नगरपालिका गतिविधि | – | ८४ |
| | क) शैक्षिक गतिविधि | – | ९६ |
| | ख) स्वास्थ्य सेवा | – | ९८ |
| | ग) अनुभवको आदान-प्रदान | – | १०४ |
| | घ) संक्षेपमा | – | १०५ |
| २६) | विविध समाचार | – | १०६ |
| २७) | कुशासनग्रस्त देशमा सुशासनको मसिनो किरण (सम्पादकको पृष्ठ) | – | १२० |

**साथमा** :

प्रेरणीय-३०/जीवन-आचरण-३७/बसिबियाँलो-५०/नवयुवकसँग अपिल-७६/वैधानिक कानुन(३)-७७/ हाम्रो स्वास्थ्य -११६/ ख्वप अस्पतालको प्रगति -९९/ भक्तपुर नपाबाट रगत उपलब्ध गराएको विवरण-जेठ २०८० – १००/ पर्यटक तथ्याङ्क -११९/ रङ्गीन पृष्ठ-क-घ ।

# eQmk'/ gu/kflnsfsf] rf}wf}+gu/ ;ef

## समुद्घाटन

## मौलिक शैलीमा घर बनाउने २१ जना घरधनीलाई ६४ लाख ७२ हजार बराबरको अनुदान रकम वितरण




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैं (रोहित)ले भक्तपुर नगरपालिकाको चौधौं नगरसभाको एक समारोहबीच दीप प्रज्ज्वलन गरी असार ६ गते उद्घाटन गर्नुभयो।

कार्यक्रमका प्रमुख अतिथि अध्यक्ष **बिजुक्छैं**ले नेपालमा संसदीय व्यवस्था असफलतातिर गएको बताउनुहुँदै देशको दुर्गतिमा शासक दलहरू नै मुख्य जिम्मेवार भएको बताउनुभयो।




भक्तपुर नपाबाट सञ्चालित कलेजहरू आफैंमा विश्वविद्यालयको रूपमा सञ्चालनमा रहेको बताउनुहुँदै उहाँले शिक्षक र विद्यार्थीहरूको स्तर वृद्धि गर्न सके शैक्षिक क्षेत्रमा ठूलो उपलब्धि हासिल हुने बताउनुभयो।



विदेशी पुँजीको प्रभावका कारण देशको अर्थतन्त्र माथि उठ्न नसकेको बताउनुहुँदै उहाँले भारतीय एकाधिकार पुँजीले नेपाललाई कहिल्यै स्वतन्त्र र

आत्मनिर्भर बनाउन नदिने विचार राख्नुभयो ।

युवा विद्यार्थीहरूलाई राजनीतिबाट अलग गर्न नहुने बताउनुहुँदै उहाँले भन्नुभयो, हामीले समयमै विद्यार्थीहरूलाई देशभक्त बनाउन नसके युवाहरू अझ बढी विदेशिने खतरा भएको बताउनुभयो ।

राजनीतिशास्त्र, अर्थशास्त्र, भूगोल र इतिहासबारे अध्ययन गर्न भक्तपुरका नयाँ पुस्तालाई उत्साहित गर्नुपर्ने बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले नयाँ बस्तीमा पार्किङ व्यवस्थापनको लागि नयाँ नक्सापासको नियम लागू भए भक्तपुर नगर अझ सुन्दर र व्यवस्थित हुने बताउनुभयो ।

नेमकिपाका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले भक्तपुरलाई देशकै नमुना नगर बनाउन सिङ्गो नगर र नगरवासीहरू प्रतिबद्ध भई लाग्नुपर्ने बताउनुहुँदै भक्तपुरको विकास निर्माणमा जनसहभागितासहित आर्थिक अनुशासनमा रही उपभोक्ता समितिमार्फत काम अगाडि बढाउने कार्यलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।



ख्वप विश्वविद्यालय विधेयक पारित गराउन सदनमा निरन्तर प्रयासरत रहेको बताउनुहुँदै उहाँले भ्रष्टाचार र आर्थिक अनियमिततामा पूर्व प्रधानमन्त्री, मन्त्रीहरूको नाम जोडिनु देशकै लागि विडम्बनाको विषय भएको बताउनुभयो ।

युवालाई वैदेशिक रोजगारीमा पठाउने सरकारको नीति गलत भएको बताउनुहुँदै सांसद सुवालले युवालाई नेपालमै रोजगारी दिने बन्दोबस्त सरकारले गर्नुपर्ने बताउनुभयो ।

काठमाडौँ उपत्यका भूकम्पीय जोखिम भएको सहर भएको हुँदा यहाँ जनसङ्ख्या वृद्धिले धेरै क्षति निम्त्याउने बताउनुहुँदै सांसद सुवालले सरकारले देशको सन्तुलित विकास गर्न उपत्यका बाहिर पनि सुविधायुक्त ससाना सहरहरूको विकास गर्नुपर्ने बताउनुभयो ।

सार्वजनिक जग्गा अतिक्रमण बढ्दो अवस्थामा रहेको बताउनुहुँदै उहाँले नेपालमा मल कारखाना नहुँदा मलको कमिसन खाने दलालको बिगबिगी बढ्दो अवस्थामा रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाको आ.व. २०८०।८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै जनप्रतिनिधिहरूले आफ्नो क्षमताले भ्याएसम्म संविधान र कानुनको परिधिभित्र रहेर जनताको सेवा गर्ने बताउनुभयो ।



'एक घर एक स्नातक' अभियानबाट शैक्षिक क्षेत्रमा भक्तपुरमा छोटो समयमा ठूलो परिवर्तन भएको बताउनुहुँदै उहाँले यो अभियानलाई ख्वप विश्वविद्यालय स्थापना गरी देशभरका जनतालाई कम शुल्कमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने अवसरको निम्ति निरन्तर प्रयास चालू रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

प्रमुख प्रजापतिले सङ्घ, प्रदेश र स्थानीय तह कोही कसैको अधिनमा बस्न नपर्ने स्वतन्त्र सरकारहरू भएको बताउनुहुँदै सङ्घ र प्रदेशले समानीकरण अनुदानलाई बढाउँदै सशर्त बजेट घटाउँदै लानुपर्नेमा त्यसको विपरीत अनुदान घटाउँदै सशर्त बजेट बढाउँदै लानु स्थानीय तहको स्वायत्तता र विकेन्द्रीकरणमाथि सङ्घ र प्रदेशले नियन्त्रण गर्न खोजिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'हामी समाजवादी विचारबाट प्रशिक्षित राजनीतिक कार्यकर्ताहरू हौँ । हामी जनताका सेवक हौँ र सधैँभरि जनताको सेवामा समर्पित भएर लाग्नेछौँ ।'

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् बागमती प्रदेशका सभासद् **सुरेन्द्रराज गोसाईं**ले भक्तपुर नपाको नीति तथा कार्यक्रम नगरवासीहरूको हित र सिङ्गो देशका नपाको लागि मार्गनिर्देश हुने ढङ्गले अगाडि बढाउन शुभकामना दिनुभयो ।



भक्तपुर नपाका प्रकाशनहरूलाई निरन्तरता दिनुपर्ने बताउनुहुँदै उहाँले नेपालमा आर्थिक, सामाजिक र राजनीतिक परिवर्तन नहुनुमा

राजनीतिक नेतृत्व र आर्थिक व्यवस्थाको कमजोरीकै कारण हो भन्नुभयो।

बागमती प्रदेशसभाको नीति तथा कार्यक्रम कार्यान्वयन पक्ष फितलो र विश्वसनीय नरहेको बताउनुहुँदै सांसद गोसाईले प्रदेश सभामा प्रजातान्त्रिक अभ्यासको अभाव रहेको बताउनुभयो।

प्रदेशको औचित्यतामाथि प्रश्न उठ्ने काम शासक दलहरूबाटै भइरहेको बताउनुहुँदै उहाँले राजनैतिक नैतिकतामा आएको सङ्कटका कारण देशमा भ्रष्टाचार र अनियमितता व्याप्त रहेको बताउनुभयो।

त्यस्तै प्रदेशसभा सदस्य **सृजना सैंजु**ले भक्तपुरको आजको सफलतामा नेमकिपाका अग्रजहरूको योगदान स्मरणीय रहेको बताउनुहुँदै नयाँ पुस्ताको सेवाका लागि भक्तपुर नपाका जनप्रतिनिधि अझ क्रियाशील ढङ्गले अगाडि बढ्ने विश्वास व्यक्त गर्नुभयो।



भक्तपुर नपाको नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको शुभकामना दिनुहुँदै उहाँले सरकारमा गएका शासकहरूले बजेटलाई नीतिगत भ्रष्टाचार गर्ने माध्यम बनाएकै कारण देश गम्भीर आर्थिक सङ्कटउन्मुख रहेको बताउनुभयो।

नेपालमा किसानहरूको अवस्था निकै नाजुक रहेको बताउनुहुँदै सांसद सैंजुले बजेट निर्माणमा समेत नेपाल आत्मनिर्भर नभएको, ब्यापारघाटा र गलत कर नीतिले देश सङ्कटग्रस्त अवस्थामा पुगेको बताउनुभयो।

पर्यटनलाई उद्योगको रूपमा विकास गर्नेतर्फ नपाले ध्यान दिनुपर्ने बताउनुहुँदै उहाँले भक्तपुर नपाले सहकारी संस्थाहरूलाई उत्पादन प्रवर्द्धन र सेवा क्षेत्रमा समावेश गर्न सकिए श्रेयष्कर रहने बताउनुभयो।



भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुरको संस्कृति, मूल्य, मान्यता, धरोहरलाई अनुसन्धान र अन्वेषणासहित नयाँ पुस्तालाई पुस्तान्तरण गर्ने कामहरूलाई निरन्तर रूपले अगाडि बढाइरहेको बताउनुहुँदै भक्तपुर नगरलाई 'ज्ञान विज्ञानको केन्द्र' बनाउने अभियानमा हाम्रा अग्रजहरूको अथक मिहिनेत र अतुलनीय योगदान रहेको बताउनुभयो।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी **खगेन्द्रप्रसाद रिजाल**ले भक्तपुर मोडलको विकासको सफलता र निरन्तरताको कामना गर्नुहुँदै भक्तपुर नपा सुशासन अध्ययन केन्द्रको रूपमा रहेको बताउनुभयो।



'सय वर्षपछिको भक्तपुर' परिकल्पनाले मूर्त रूप लिन धेरै समय नलाग्ने बताउनुहुँदै उहाँले भक्तपुरलाई ज्ञानविज्ञान केन्द्रको रूपमा विकास गर्ने भक्तपुर नपाको उद्देश्य पूरा गर्न प्रहरी, प्रशासन भक्तपुर नपासँग समन्वय गरी काम गर्न तत्पर रहेको बताउनुभयो।



त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक **विश्वमोहन जोशी**ले चौधौँ नगरसभा पूर्ण सफलताको कामना गर्नुहुँदै शिक्षा, संस्कृति स्वास्थ्य र विभिन्न किसिमको पुरातात्त्विक सम्पदाहरू संरक्षणमा भक्तपुर नपाले पाएको सफलता जनप्रतिनिधि र नगरवासीहरूको संयुक्त प्रयासले सम्भव भएको हो भन्नुभयो।



नगरसभाको उद्घाटन कार्यक्रममा भ.न.पा. ९ का वडाध्यक्ष



**रविन्द्र ज्याख्व** र भ.न.पा.का प्रमुख प्रशासकीय अधिकृत **विजयकुमार शर्मा**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले भक्तपुर नगरभित्र मापदण्डअनुसार नियमित रूपमा भवन निर्माण गरी निर्माण सम्पन्न प्रमाणपत्र लिएका भनपा २१ जनालाई नपाको नीतिअनुसार अनुदान वितरण गर्नुभयो ।

## अनुदान प्राप्त गर्ने घर धनीहरू

| वडा | घर धनी | अनुदान रकम |
|---|---|---|
| ३ | इन्द्रकाजी शिल्पकार | रु. ७५,१३७, |
| ६ | हेलबहादुर दुवाल | रु. ४,२३,१९१, |
| ४ | उपेन्द्रभक्त तिमिला र ऋषि केशवभक्त तिमिला | रु. १,६८,७९५, |
| २ | सुरेशबहादुर कायष्ठ र सुर्वणकुमारी कायष्ठ | रु. ३,७८,५२७, |
| २ | सुजितबहादुर कायष्ठ र सुवर्णकुमारी कायष्ठ | रु. ३,३६,९६५, |
| ४ | रणबहादुर छुस्याकी | रु. १,६२,७२२, |
| २ | राजेशचन्द्र प्रधानाङ्ग | रु. २,८२,०७९, |
| ६ | कृष्णभक्त चाँगुभारी | रु. १,५०,६१९, |
| ७ | बलराम तचामो | रु. १,०४,४८६, |
| ६ | अष्टमाया मुलगुठी | रु. २,७४,२९९, |
| ६ | अर्जुन नेपाल | रु. १,९४,३१९, |
| ४ | दिलिस खाइतु | रु. २,४०,९३६ |
| १० | बलराम सहिकर्मी | रु. २,९५,८३७, |
| ५ | मैयादेवी लोहलासमेत | रु. ५,५५,३३४, |
| ५ | मोहनकेशरी सुवाल | रु. ७,१५,२२२, |
| २ | रिता दुवाल | रु. २,४२,६७४, |
| ५ | सतिशकुमार धौभडेल | रु. १,७७,२७३, |
| २ | केशव लघु र लक्ष्मीकेशरी लघु | रु. ८,४६,१४४, |
| ५ | विजुली सिबन्जार | रु. ५,८२,८२३, |
| ९ | पूर्णनारायण ज्याख्व | रु. १,५४,२७३ |
| २ | कृष्णराम दथेपुथे | रु. १,१०,७२६ |
| | **कुल अनुदान** | **रु. ६४,७२,३९०** |

## उद्घाटन समारोहमा सहभागीहरू









तस्बिर : भक्तपुर नपाको फेसबुकबाट

# भक्तपुर नगरपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम

## भक्तपुर नपाको चौधौं नगरसभामा नगर प्रमुख **सुनिल प्रजापति**द्वारा प्रस्तुत आ.व. २०८०/८१ को नीति तथा कार्यक्रमको पूर्ण पाठ




### नगर सभासद्ज्यूहरू,

नेपालको संविधानबमोजिम दोस्रो पटक भएको स्थानीय तहको निर्वाचनबाट हामी दोश्रो कार्यकालका लागि निर्वाचित भएको एक वर्ष पूरा भइ दोस्रो वर्षमा काम गर्दैछौं । निर्वाचनको बेला घोषणापत्रमार्फत जनतालाई दिएको वचन एक एक गरी पूरा गर्ने क्रममा छौं । शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, पर्यटन, खानेपानी, पर्ति र सार्वजनिक जग्गा संरक्षण तथा विकास निर्माण हाम्रा प्राथमिकताका विषयहरू हुन् । हामी जनप्रतिनिधिहरूले आफ्नो क्षमताले भ्याएसम्म संविधान र प्रचलित कानुनको परिधिभित्र रहेर जनताको सेवा गर्दैछौं ।

भक्तपुरलाई आजको अवस्थासम्म ल्याइ पुऱ्याउन नेपाल मजदुर किसान पार्टीका नेता, कार्यकर्ता, स्थानीय जनता, पूर्व जनप्रतिनिधिहरूको निकै ठूलो योगदान छ । आजको दिन उहाँहरूको योगदानको उच्च सम्मान गर्छौं । उहाँहरूले गर्नुभएको योगदानले निरन्तर जनताको सेवामा समर्पित भएर लाग्न हामीलाई प्रेरणा प्राप्त भएको छ ।

काम गर्ने सिलसिलामा हामीले असल नियतले कार्य गर्दा पनि कहिलेकाहीं मानवीय कमजोरी हुन गएको रहेछ भने त्यसलाई औंल्याइदिएमा हामीले सच्याउने अवसर पाउने छौं । हाम्रा स–साना कामहरूको समेत मिहिन ढङ्गले अध्ययन गरिरहेको हामीले बुझेका छौं ।

भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र, सांस्कृतिक नगर र जीवित सङ्ग्रहालयको रूपमा विकास गर्ने क्रम चालू छ । नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष का. नारायणमान बिजुक्छें (रोहित) द्वारा लिखित **'सय वर्षपछिको भक्तपुर'** पुस्तकले भक्तपुरको मौलिकता बचाई देशको सफा र सुन्दर नगर बनाउन तीव्रता प्रदान गऱ्यो भने **'एक घर एक स्नातक'** अभियानबाट शैक्षिक क्षेत्रमा भक्तपुरमा छोटो समयमा ठूलो परिवर्तन भयो । त्यो अभियान ख्वप विश्वविद्यालय स्थापना गरी देशभरका जनतालाई कम शुल्कमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने अवसरको निम्ति निरन्तर चालू रहनेछ र केही वर्षदेखि भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा विभिन्न विषयमा स्नातकोत्तर तहको पठनपाठन भइरहेको छ ।

हाम्रा अग्रजहरूले अगाडि बढाउनुभएको पाइलालाई पछ्याउँदै भक्तपुरलाई देशको नमुना नगर र विश्वकै हेर्नलायक पर्यटकीय गन्तव्यस्थल बनाउन हामी निरन्तर प्रयासरत रहनेछौं ।

स्वायत्तता र विकेन्द्रीकरणलाई निरन्तर जोड दिंदै नेपालको संविधान, सङ्घीयता र जनभावनाअनुसार विकास निर्माणको कामलाई अगाडि बढाउँदैछौं । सङ्घ, प्रदेश र स्थानीय तह कोही कसैको अधिनमा बस्न नपर्ने स्वतन्त्र सरकारहरू हुन् । नेपालको संविधानको भावना र मर्म पनि यही नै हो । स्थानीय तहका लागि प्रदेशले कर्मचारी नियुक्त गर्ने, स्थानीय तहले तलब खुवाएका शिक्षकहरूलाई सङ्घको नियन्त्रणमा राख्ने र केही लाखको स–साना वडास्तरीय योजनाहरू समेत सङ्घ र प्रदेशले गर्न खोज्नु सङ्घीयताको मूल्य र मान्यता विपरीत छ । सङ्घ र प्रदेशले समानीकरण अनुदानलाई बढाउँदै सशर्त बजेट घटाउँदै लानुपर्नेमा त्यसको विपरीत अनुदान घटाउँदै सशर्त बजेट बढाउँदै लानु स्थानीय तहको स्वायत्तता र विकेन्द्रीकरणमाथि सङ्घ र प्रदेशले नियन्त्रण गर्न खोज्नु हो । यो स्थिति कुनै पनि किसिमले स्थानीय तहको विकासको लागि प्रेरणा हुन सक्दैन । भक्तपुर नगरपालिकाले यसको रचनात्मक आलोचना गरी सुधार्न सम्बन्धित पक्षको ध्यानाकर्षण गर्दै आएको छ ।

हामी निर्वाचित भएदेखि हरेक विषयमा जनतासँग नियमित छलफल गरी काम गर्दैछौँ। जनताका हरेक समस्या समाधानको निम्ति हामीले सक्दो कोसिस गर्दैछौँ। हामी जनताका सेवक हौँ र सधैँभरि जनताको सेवामा समर्पित भएर लाग्नेछौँ।

कामदार वर्गको हितमा काम गर्न नेपाल मजदुर किसान पार्टीले देखाएको बाटो नै हाम्रो काम गर्ने मार्गचित्र हो। नि:स्वार्थ रूपले देश र जनताको सेवा गर्नु नै राजनीति हो भन्ने विचारबाट दीक्षित हामी जनप्रतिनिधिहरू जनताका आधारभूत समस्याहरू समाधानको निम्ति प्रयासरत छौँ।

हामी समाजवादी विचारबाट प्रशिक्षित राजनीतिक कार्यकर्ताहरू हौँ। भौतिक उत्पादन र सेवाको हरेक क्षेत्रमा राज्यको स्वामित्व बढाउँदै लानु नै समाजवादी नीति हो। आत्मनिर्भरतालाई जोड दिँदै भक्तपुर नगरपालिकाले समुदायको हितलाई ध्यानमा राखेर काम गर्दैछ। यो नै भक्तपुरको आजको विशेषता बन्दैछ।

भक्तपुर नगरपालिकाले गरेका विभिन्न पक्षबारे अध्ययन गर्न देशका विभिन्न पालिकाका जनप्रतिनिधि र कर्मचारीहरू भ्रमणमा आउने क्रम जारी छ। एउटा नगरपालिकाकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइजस्ता काम कसरी सम्भव भयो भनी जिज्ञासा राख्नुहुन्छ र आ–आफ्ना पालिकामा पनि भक्तपुर नगरले जस्तै काम गर्ने बताउनुहुन्छ। त्यसबाट भक्तपुरका जनताको आफ्नो कामप्रति जिम्मेवारी बढेको अनुभूति हुन्छ। यो स्थितिलाई अझ उचाइमा पुऱ्याउन यहाँका जनतालाई केन्द्रमा राखेर इमानदारीपूर्वक जनताको सेवा गर्ने प्रण गर्दै आ.व. २०८०।८१ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्दछौँ :

## क) शिक्षा :

१) लामो समयदेखि प्रतिक्षारत **ख्वप विश्वविद्यालय** स्थापनाको लागि संसद्बाट विधेयक पारित गराउन भक्तपुर नगरपालिकाले निरन्तर जोड दिनेछ र विश्वविद्यालय सञ्चालनको लागि विज्ञहरूको टोली गठन गरी प्रकृया अगाडि बढाइने छ।

२) भक्तपुर नगरपालिकाद्वारा **८ ओटा शैक्षिक संस्थाहरू** सञ्चालन गरी देशभरका विद्यार्थीहरूलाई कम शुल्कमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्दै आएकोमा विद्यार्थीहरूको माग र आवश्यकताअनुसार हाम्रा कलेजहरूमा स्नातक र स्नातकोत्तर तहमा नयाँ नयाँ कार्यक्रमहरू थपिँदै लगिने छ। कलेजहरूको आयोजनामा विगतका वर्षहरूमा झैँ राष्ट्रिय सम्मेलन आयोजनालाई निरन्तरता दिँदै ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको आयोजनामा **विविध विषयहरूमा राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलन**को आयोजना गरिने छ।

३) **स्थानीय पाठ्यक्रम** अध्यापन गर्ने शिक्षकहरूका लागि समय समयमा विशेष तालिमको व्यवस्था गरिनेछ र विषयवस्तुसँग सम्बन्धित सन्दर्भ सामग्रीहरू नियमित रूपमा प्रकाशित गरिने छ। स्थानीय पाठ्यक्रम **ख्वपको पहिचान**लाई सहयोग पुग्ने गरी भक्तपुरको सामाजिक र संस्कृति झल्किने **सांस्कृतिक सङ्ग्रहालय** निर्माणको लागि प्रक्रिया थालनी गरिनेछ।

४) विद्यालयहरूबीच **शैक्षिक गुणस्तरमा प्रतिस्पर्धा**को नीति लिइने छ। हाजिरीजवाफ, निबन्ध, साहित्य, चित्रकला प्रतियोगिता तथा समय समयमा शैक्षिक प्रदर्शनीहरूको आयोजना गरी सबै विद्यालयहरूको शैक्षिक गुणस्तर उठाउने गतिविधिलाई चालू राखिने छ। सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर बृद्धि गर्न संस्थागत क्षमता, जनशक्ति परिचालन र नतिजामूलक अनुगमनसहित विशेष पहल गरिने छ।

५) उच्च शिक्षा हासिल गर्ने गरिब तथा विपन्न विद्यार्थीहरूका लागि प्रदान गर्दै आएको **शैक्षिक ऋणलाई निरन्तरता** दिँदै इतिहास, भूगोल, संस्कृति, राजनीति शास्त्र, नेपालभाषा अध्ययन गर्ने विद्यार्थीहरूलाई दिइँदै आएको स्नातकदेखि विद्यावारिधिसम्म अध्ययनमा पूर्ण छात्रवृत्ति कार्यक्रमलाई चालू राखिनेछ र आगामी आ.व.देखि **अर्थशास्त्र, तर्कशास्त्र, दर्शनशास्त्र**को अध्ययन गर्ने विद्यार्थीहरूलाई पनि **पूर्ण छात्रवृत्ति**को व्यवस्था गरिनेछ।

६) नगरभित्रका मा.वि.हरूमा **विज्ञान र गणित प्रयोगशाला**हरू नभएका विद्यालयहरूमा क्रमशः निर्माण गर्दै लगिनेछ। विद्यालयहरूका परीक्षाको नतिजाका आधारमा शिक्षक र विद्यार्थीहरूलाई प्रोत्साहनको नीति लिइनेछ।

७) विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक दरबन्दी कम भएका विद्यालयहरूका लागि **स्वयम्सेवक शिक्षकहरूको व्यवस्था** गरिनेछ। साथै विद्यालयहरूमा नैतिक र व्यवहारिक शिक्षाको लागि छुट्टै अतिरिक्त विषयको अध्यापनको व्यवस्था मिलाइनेछ।

८) कलेजहरूमा अध्ययन अध्यापनको साथै अनुसन्धान क्षेत्रमा पनि जोड दिइनेछ। त्यसको लागि **प्रत्येक कलेजमा अनुसन्धान युनिट**हरूको लागि आवश्यक बजेटको विनियोजन गरिने छ।

९) **'एक विद्यालय एक सम्पदा सरसफाइ'** नीतिलाई व्यवस्थित र थप प्रभावकारी ढङ्गले अगाडि बढाइनेछ। विद्यालयहरूमा **स्काउट र खेलकुद प्रशिक्षण**को व्यवस्था क्रमशः गरिँदै लगिने छ।

१०) **जनज्योति पुस्तकालय**लाई आधुनिक र सुविधासम्पन्न पुस्तकालयको रूपमा क्रमशः विकास गरिनेछ र वडा वडामा रहेका **पुस्तकालय र वाचनालयहरूलाई** व्यवस्थित रुपमा सञ्चालनमा ल्याई युवा विद्यार्थीहरूमा पठन संस्कृतिको विकासमा जोड दिइनेछ।

११) युवा विद्यार्थीहरूलाई **लागूपदार्थ दुर्व्यसनीबाट बचाउन** त्यसबारे विज्ञहरूमार्फत प्रबोधीकरण कार्यक्रम अगाडि बढाइनेछ।

१२) नगरभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि गर्न विज्ञहरूको संयन्त्रबाट **अनुगमनको व्यवस्था** मिलाइनेछ। विद्यालयहरूलाई दिइँदै आएको अनुदान रकममा विज्ञ टोलीको सिफारिसको आधारमा वृद्धि गर्दै लगिनेछ।

१३) विद्यालयहरूमा सञ्चालित **'बाल विकास'** केन्द्रहरूको गुणस्तर वृद्धिको लागि आवश्यक व्यवस्था गरिनेछ। गृहिणी महिलाहरूका लागि **'निरन्तर शिक्षा'** सञ्चालन गरिनेछ।

१४) **अपाङ्गता** भएका विद्यार्थीहरूका लागि प्रदान गरिँदै आएको विशेष कक्षालाई थप प्रभावकारी बनाउन आवश्यक सहयोग गर्ने नीति लिइनेछ।

## ख) स्वास्थ्य :

१५) **ख्वप अस्पताल**मा भौतिक सुधारका साथै आवश्यकताअनुसार स्वास्थ्य उपकरणहरू र जनशक्तिको व्यवस्था गरी आधुनिक प्रविधिसहितको सुविधासम्पन्न अस्पतालको रूपमा विकास गरिनेछ। उक्त अस्पतालमा सिटी स्क्यानको व्यवस्थाका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ।

१६) नगरका विभिन्न स्थानमा सञ्चालित आधारभूत स्वास्थ्य केन्द्र, नगर स्वास्थ्य केन्द्र र जन स्वास्थ्य केन्द्रबाटसमेत **विशेषज्ञ चिकित्सकहरूबाट उपचार** प्रदान गरिने छ। नगरवासीहरूलाई **निःशुल्क अक्सिजन वितरण, निःशुल्क रगत**को व्यवस्था र गम्भीर रोग लागेका बिरामीहरूलाई दिँदै आएको **आर्थिक सहयोग**लाई निरन्तरता दिइनेछ।

१७) **घरदैलो नर्सिङ सेवा**लाई निरन्तरता दिइने छ र कार्यरत नर्स र स्वास्थ्य स्वयम्सेविकाहरूमार्फत नगरवासीहरूको व्यक्तिगत स्वास्थ्य विवरण तयार गरी थप प्रभावकारी बनाउँदै लगिनेछ।

१८) नागरिकहरूको नियमित स्वास्थ्य परीक्षणको लागि समय–समयमा वडा वडामा विशेषज्ञहरूसहितको स्वास्थ्य टोलीहरूमार्फत **स्वास्थ्य शिविरहरू** सञ्चालन गरी थप प्रभावकारी बनाउँदै लगिनेछ। विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइनेछ।

१९) **आयुर्वेदिक स्वास्थ्य उपचार**लाई वडा वडामा विस्तार गरिनेछ। भनपा १० बेखालमा निर्माणाधिन स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याइने छ र भनपा वडा नं ७ खँचामा स्वास्थ्य केन्द्र निर्माण कार्य अगाडि बढाइने छ।

२०) **स्वास्थ्य बीमा**मा सबै नागरिकलाई आबद्ध गराउन नगरवासीहरूलाई प्रोत्साहित गरिनेछ।

२१) भक्तपुर च्याम्हासिंहमा सञ्चालित **ख्वप तीलगंगा आँखा अस्पताल**बाट हुने सेवालाई समन्वयात्मक ढङ्गले विस्तार गर्दै लगिनेछ र **स्वासप्रश्वास पुनःस्थापना केन्द्र**लाई थप प्रभावकारी बनाइनेछ।

## ग) सम्पदा र संस्कृति :

२२) हनुमानघाट, चुपिंघाट, मंगलतीर्थ, कासाङघाट, धालाखुसीघाट लगायतका तीर्थ स्थल एवम् घाटहरूको सुधारको निम्ति **गुरु योजना** तयार गरी स्थानीय जनता, आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण र अध्ययन अनुसन्धानको क्षेत्र बनाउने प्रकृया अगाडि बढाइनेछ।

२३) भक्तपुरको कला, साहित्य, सम्पदा, वातावरण एवम् संस्कृतिको अध्ययन अनुसन्धान गर्ने **शोधकर्ताहरूका लागि अनुदान**को व्यवस्था गर्दै आएकोमा त्यसलाई निरन्तरता दिइने छ।

२४) परम्परागत सांस्कृतिक संरक्षण र प्रबर्द्धनको लागि नगरस्तरीय प्रतियोगिता सञ्चालन गरिनेछ र सांस्कृतिक प्रतियोगिताको आयोजना गर्ने सङ्घ–संस्थाहरूलाई **आर्थिक सहयोग**को व्यवस्था गरिनेछ।

२५) **परम्परागत शैलीमा घर बनाउने** घरधनीहरूलाई दिइँदै आएको आर्थिक अनुदानलाई निरन्तरता दिइनेछ। त्यसको निम्ति केही सीमा र स्तर तोकिनेछ।

२६) दरबार क्षेत्रस्थित **थन्थु दरबार** पुनःनिर्माण कार्य सुरु गरिनेछ। कला सङ्ग्रहालय रहेको लाल बैठकसहितको **न्हयकं झ्या दरबार**लाई पनि पुनःनिर्माणको लागि आवश्यक प्रकृया अगाडि बढाइनेछ।

२७) भक्तपुर दरबार क्षेत्रको ९९ चोक लगायत बसन्तपुर दरबार र भनपा वडा नं ५ स्थित जगन्नाथ क्षेत्रको **उत्खनन कार्य**लाई अगाडि बढाइनेछ। त्यसको लागि विज्ञ समूहको गठन गरिनेछ।

२८) **विद्यालयहरूमा सांस्कृतिक प्रशिक्षण**को व्यवस्था मिलाइनेछ र नगरपालिकाले त्यसको लागि प्रशिक्षकको व्यवस्था गरिनेछ।

२९) **निर्माणाधीन** छ्मा गणेश द्यःछैं, भाज्या पोखरी, हाडा छैं, लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माण सम्पन्न गरिनेछ। इखालाछी मठ पुनःनिर्माणको कामलाई निरन्तरता दिइनेछ र त्यसको लागि सम्बन्धित पक्षहरूसँग सहमतिमा आवश्यक

बजेट विनियोजन गरिने छ।

३०) सम्पदा संरक्षणलाई प्राथमिकतामा राख्दै वडा स्तरबाट हुनसक्ने सम्पदाहरू संरक्षणको लागि **वडा वडाको लागि छुट्टै बजेट**को व्यवस्था गरिनेछ।

३१) पुरानो नगर क्षेत्रभित्र **माटो जोडाइको भूकम्प प्रतिरोधी घर र सम्पदा** पुनः निर्माणलाई प्रोत्साहित गरिनेछ।

३२) सांस्कृतिक, पुरातात्त्विक र ऐतिहासिक महत्त्व बोकेका निजी घर पुनःनिर्माणमा समस्या देखिएको अवस्थामा र तत्काल नबनाइएमा सम्पदामा क्षति पुग्ने सम्भावना देखिएमा **नपाले आफ्नो लगानीमा पुनःनिर्माण** सम्पन्न गरी पछि घर धनीसँग लागत लिई घर फिर्ता गर्ने सर्तमा संरक्षणको नीति लिइनेछ।

## घ) कृषि :

३३) घरबाट निस्किने कुहिने र नकुहिने फोहोर अलग अलग सङ्कलन गरी नयाँ प्रविधिबाट कुहिने फोहोरको कम्पोष्ट मल बनाई किसानहरूलाई **कम्पोष्ट मल प्रयोग गर्न प्रोत्साहित** गरिनेछ र कौसी खेतीको तालिम वडा वडामा सघन रूपमा सञ्चालन गरिनेछ।

३४) माटोको गुणस्तरमा ह्रास आएको कारण कृषि उत्पादनमा असर परिरहेको कुरालाई ध्यान दिएर **किसानहरूलाई माटो परीक्षणको तालिम** दिइनेछ।

३५) किसानहरूले उत्पादन गरेको तरकारी बेचबिखनको लागि भनपा वडा नं. ५ स्थित भेलुखेल (पसिखेल) मा **निर्माणाधिन तरकारी बजार** सञ्चालनमा ल्याइने छ।

३६) किसानहरूले उत्पादन गरेका तरकारी, बीऊबिजन फलफूलगायतका कृषि उपज सङ्कलन तथा भण्डारण गर्न भनपा ८ लिवालीमा **निर्माणाधीन चिस्यान केन्द्र** सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ।

३७) किसानहरूलाई सिजनअनुसार कृषि बीऊ वितरण गर्दै आएकोलाई निरन्तरता दिइनेछ र किसानहरूलाई नयाँ नयाँ प्रविधिबारे कृषि विज्ञहरूमार्फत निरन्तर तालिमको व्यवस्था गरिनेछ। **नयाँ पुस्तालाई आधुनिक कृषि खेतीतर्फ आकर्षित** गर्न कृषि विद्यालय स्थापनाको लागि आवश्यक पहल गरिनेछ।

३८) कृषिसम्बन्धी विभिन्न विषयको अध्ययन अनुसन्धान गर्न नगरभित्र एक **कृषि अनुसन्धान केन्द्र** सञ्चालनको लागि आवश्यक व्यवस्था गरिनेछ।

३९) उपभोक्ताहरूलाई अस्वस्थकर मासुबाट हुने रोगबाट बचाउन नगरभित्र उपयुक्त स्थानमा एक **व्यवस्थित वधशाला**को निर्माण गरिनेछ।

४०) छाडा छोडिएका दोपाया, चौपाया र भुस्याहा कुकुर **नियन्त्रणको लागि आवश्यक व्यवस्था** गरिनेछ र पशुपन्छीबाट हुने रोगबाट बच्न आवश्यक खोपको व्यवस्था गरिनेछ।

४१) कृषि तथा पानी, दुध र अन्य खाद्यान्न **परीक्षण गर्न प्रयोगशाला**को व्यवस्था गरिनेछ।

४२) भक्तपुर नगरभित्रका **किसानहरूको सूचीकरण** गरिने छ।

## ङ) पर्यटन :

४३) आ.व. २०७६।७७ मा भक्तपुर महोत्सव गर्ने अन्तिम तयारी भइसकेको थियो तर विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ को कारण स्थगित गरिएको थियो। त्यसलाई ध्यानमा राखी सरोकारवालाहरूसँग छलफल गरी




उद्घाटन समारोहमा आमन्त्रित अतिथिहरू

समय समयमा सांस्कृतिक प्रदर्शनी, सम्पदा पदयात्रा, विभिन्न सांस्कृतिक उत्सव एवम् मेलाको आयोजना गरी **पर्यटन गतिविधि बढाउने** कार्यक्रमहरूमा जोड दिइनेछ।

४४) पर्यटन व्यवसायमा थप टेवा पुऱ्याउन **होम–स्टे र फेमिली–स्टे** कार्यक्रमलाई अगाडि बढाइनेछ।

४५) नगरका गल्ली र चोकहरूमासमेत समय समयमा **पर्यटकीय गतिविधिहरू** गरी पर्यटन प्रबर्द्धनलाई जोड दिइने छ। यस्ता गतिविधिहरूले नगरका विभिन्न ठाउँमा बस्ने नागरिकहरूको जीवनमा पर्यटनबाट प्रत्यक्ष फाइदा पुग्ने हाम्रो विश्वास छ।

४६) स्थानीय **परम्परागत उत्पादन र सीप**लाई स्थानीय जनताको आय आर्जनको श्रोतको रूपमा विकास गरिने छ।

## च) वातावरण र सरसफाइ :

४७) भक्तपुर नगरका विभिन्न ठाउँहरूमा छरपष्ट रूपमा रहेका विद्युत, विभिन्न केवुलका तारहरूले नगरको वातावरणलाई प्रदूषित बनाइरहेको छ। **पर्यटकीय नगर भक्तपुरको सुन्दरतालाई कायम राख्न** छरपष्ट रहेका तारहरू सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गरी भूमिगत बनाउने प्रकृयालाई अगाडि बढाइनेछ।

४८) नगरका प्रमुख चोक र पर्यटकीय क्षेत्रहरूमा हरियाली प्रबर्द्धनको नीति लिइनेछ र नयाँ बस्ती क्षेत्रमा घर बनाउनेलाई आफ्नो जग्गामा **कम्तीमा एउटा रुख रोप्ने** नीति अवलम्बन गरिनेछ।

४९) भक्तपुर नगरको मूल सडकमा **भारी सवारीसाधनहरू** क्रमशः निषेध गर्दै लगिनेछ र नगरको मूल सडकलाई पैदल यात्रीमैत्री बनाउँदै लगिनेछ। साथै आवास योजनाहरूमा भारी सवारीसाधनहरू निषेध गर्ने नीति लिइने छ।

५०) पुनः प्रयोग गर्न मिल्ने वस्तुहरूबाट विभिन्न सामग्रीहरू तयार गरी **पुनःप्रयोगको व्यवस्था** मिलाइनेछ। प्लाष्टिक झोलाको प्रयोगलाई कम गर्दै लगिने छ। प्लाष्टिकजन्य वस्तुहरू सडक किनार, खोला किनार र चोकलगायतका सार्वजनिक स्थलहरूमा बाल्न निषेध गरिनेछ।

५१) हनुमानघाट र सल्लाघारीको फोहोर पानी प्रशोधन केन्द्र निर्माण कार्य शीघ्र सम्पन्न गरी प्रयोगमा ल्याई **खोलाहरूमा सफा पानी बग्ने वातावरण** निर्माण गरिनेछ।

५२) नगरपालिका क्षेत्रभित्रका खुला स्थान, तीर्थस्थल, सडकको दायाँबायाँ, खोला किनारलगायतका स्थानमा उपयुक्त जातका रुखहरू रोपेर **हरियाली व्यवस्थापन** कार्य अगाडि बढाइनेछ।

## छ) खानेपानी :

५३) **परम्परागत खानेपानीको स्रोत**को रूपमा रहेको कुवा, इनार, ढुङ्गेधारा र अन्य श्रोतहरूको पहिचान गरी त्यसको सुधार र संरक्षण गरिनेछ।

५४) खानेपानीको दीर्घकालीन समाधानको लागि **मेलम्चीको पानी नगरवासीहरूको घर घरमा** पुऱ्याउन पाइपलाइन विस्तार गरी आवश्यक व्यवस्था मिलाइने छ। नयाँ पाइपलाइन विस्तार नभएसम्मको लागि केयुकेएलसँग समन्वय गरी सम्भव भएसम्म सबै ठाउँहरूमा पुरानै पाइपबाट पानी वितरण कार्यलाई अगाडि बढाइने छ। विभिन्न श्रोतबाट वितरित पानीलाई थप प्रभावकारी बनाउँदै लगिनेछ।

५५) **आकाशे पानी सङ्कलन** विधिलाई प्रोत्साहित गरिनेछ। साथै खानेपानीको नयाँ श्रोतहरूको पहिचान गरी त्यसको संरक्षण र वितरण गरिनेछ।

## ज) खेलकुद :

५६) नगरपालिकाबाट दिइँदै आएको विभिन्न **खेलहरूको प्रशिक्षणलाई निरन्तरता** दिँदै **विद्यालयहरूमा खेलकुद प्रशिक्षक**हरू पठाइ प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

५७) नियमित रूपमा सञ्चालन हुँदै आएको **अन्तर नगर खेलकुद प्रतियोगिता**लाई यस वर्ष पनि निरन्तरता दिइने छ।

५८) विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई खेलकुदमा सहभागी गराउन **अन्तर विद्यालय खेलकुद प्रतियोगिता**लाई निरन्तरता दिइनेछ।

५९) **शहीद स्मृति खेल मैदान र महेश्वरी खेल मैदान**लाई व्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गरिनेछ।

६०) टोल टोलमा स्थापना गरिएका **शारीरिक व्यायामशाला**हरूको स्तरोन्नति गरी थप प्रभावकारी बनाउँदै लगिनेछ।

६१) खेलकुद विकासलाई टेवा पुग्ने गरी खेलकुद **प्रतियोगिता आयोजना गर्ने विभिन्न सङ्घ–संस्थाहरूलाई आर्थिक सहयोग**को नीति अवलम्बन गरिने छ। वडा वडामा रहेका टीम, क्लबहरू परिचालन गर्न आवश्यक सहयोग गरिनेछ।

६२) खेलकुदका विविध विधालाई विशेष रूपमा अगाडि बढाउन **विषयगत नगर खेलकुद समितिहरू गठन** गरिने छ। यसले खेलकुद क्षेत्रको विकासलाई टेवा पुऱ्याउने हाम्रो विश्वास छ।

## झ) युवा र आत्मनिर्भरता :

६३) **युवाहरूलाई आत्मनिर्भर र स्वरोजगार बनाउन** फ्रिज, वासिङ मेसिन, मोबाइल, मोटर साइकल, पानी तान्ने पम्प जस्ता विद्युतीय मेसिनहरूको मर्मत र ड्राइभिङलगायतका सीपमूलक तालिमहरू सञ्चालन गरिनेछ। त्यसैगरी डकर्मी, सिकर्मी, लोहँकर्मी जस्ता अन्य रोजगारमुलक तालिमहरूका साथै विदेशी भाषाहरूको तालिमलाई निरन्तरता दिइने छ र हाल सञ्चालनमा रहेका सिलाइ, बुनाइ, हेयर कटिङ र कुकलगायतका तालिमहरूलाई पनि निरन्तरता दिइनेछ। यसबाट धेरै युवाहरूले आत्मनिर्भर भएर बाँच्न सक्ने क्षमताको विकास गर्ने हाम्रो विश्वास छ।

६४) युवाहरूलाई आत्मनिर्भर बनाउन सहुलियत दरमा **युवा उद्यमशील ऋण**को व्यवस्था गरिनेछ।

६५) शिक्षित युवाहरूलाई लक्षित गरी लोक सेवा, शिक्षक सेवालगायत अन्य **सेवा लक्षित प्रशिक्षण**हरूको व्यवस्था गरिनेछ।

## ञ) सहकारी :

६६) **सहकारी संस्थाहरूलाई उत्पादनमूलक क्षेत्रमा लगानी** गर्न प्रोत्साहित गर्नुका साथै सीपमूलक तालिमहरू दिएर युवाहरूलाई आत्मनिर्भर बनाउने नीति लिइनेछ।

६७) सहकारी संस्थाको **सामुदायिक विकास कोषलाई समुदायको हित**मा प्रयोग गरिने छ।

६८) सहकारी संस्थामा रहेका सर्वसाधारण जनताको **बचत रकम सुरक्षित बनाउन** अनुगमनलाई प्रभावकारी बनाइनेछ।

६९) नगरवासीहरूलाई **वित्तीय साक्षरता अभियान** सञ्चालन गरिनेछ।

## ट) विविध :

७०) भनपा वडा नं ६ स्थित देकोचामा **अरनिको सभाभवन**को निर्माण कार्यलाई नगरको गौरवको योजनाको रूपमा बहुवर्षीय योजना अन्तर्गत अगाडि बढाइनेछ। त्यसको लागि बजेट विनियोजन गरिनेछ।

७१) भनपा वडा नं. ६ मा निर्माणाधीन **आदर निकेतन**को बाँकी काम सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। यसले जेष्ठ नागरिकहरूलाई सेवा पुग्ने छ।

७२) नगरको सन्तुलित विकासको लागि ठाउँ ठाउँमा **पार्किङको व्यवस्था** मिलाइनेछ। अव्यवस्थित पार्किङको कारण भइरहेको दृष्य प्रदूषण कम हुने छ र हाल निर्माण सम्पन्न पार्किङ स्थलहरू कार्यान्वयनमा ल्याइने छ।

७३) **घरेलु उत्पादनहरू** जुजु धौ, ताइचिन च्यूरा, भादगाउँले टोपीको प्रबर्द्धनका लागि आवश्यक व्यवस्था मिलाइने छ र समय समयमा **घरेलु उत्पादन मेला**को आयोजना गरी घरेलु उत्पादनलाई टेवा पुऱ्याउने गतिविधिलाई निरन्तरता दिइने छ।

७४) नगरको बजार व्यवस्थापन, अनियमित निर्माणहरूको नियन्त्रण र आन्तरिक र बाह्य पर्यटकहरूको आवागमनलाई सहज बनाई भक्तपुरलाई एक सुरक्षित नगरको रूपमा विकास गर्न **नगर प्रहरी**को व्यवस्था गरिनेछ।

७५) देको-मिवा इतापाके **आवास योजना**का बाँकी कामहरू सम्पन्न गरी जग्गा धनी र मोहीलाई जग्गा फिर्ता गरी उक्त ठाउँलाई व्यवस्थित शहरको रूपमा विकास गरिनेछ।

७६) भनपा-१० कमल विनायकमा **बहुउद्देश्यीय भवन** निर्माण प्रकृयाको थालनी गरिने छ।

७७) सार्वजनिक, पर्ति जग्गा, पोखरी तथा **खुल्ला क्षेत्रको संरक्षण** गरी सार्वजनिक हितमा प्रयोगमा ल्याइनेछ।

७८) हनुमन्ते खोला दायाँ बायाँ **करिडोर निर्माण** कार्यलाई अगाडि बढाइनेछ।

७९) नगरभित्र **डेरामा बस्नेहरूको अभिलेख** तयार गरी सेवा सुविधाको व्यवस्था गरिनेछ।

८०) प्रत्येक नागरिकलाई देश र जनताप्रति सेवाको लागि **कर्तव्यबोधको भावना जगाउने कार्य** गरिनेछ।

८१) भक्तपुर औद्योगिक क्षेत्र भित्रको **हस्तकलालाई पुनःव्यवस्थित** सञ्चालनमा ल्याइने छ।

८२) व्यवसायीहरूलाई सहज बनाउन **स्थानीय तहमै ढक तराजुको नवीकरण**को व्यवस्थाको लागि सम्बन्धित पक्षसँग समन्वय गरी प्रकृया अगाडि बढाइने छ।

८३) नगरपालिका र वडा कार्यालयमार्फत प्रदान गरिने सेवा सुविधालाई चुस्त र प्रभावकारी बनाउन **अनलाइन विधि**मार्फत कर तिर्ने, नक्सापास प्रक्रिया अगाडि बढाइनेलगायत प्रविधिमैत्री व्यवस्था गरिनेछ।

८४) आन्तरिक आय वृद्धिको लागि **करको क्षेत्र विस्तार** गरिनेछ।

८५) कर्मचारीहरूको वृत्ति विकासका लागि आवश्यक तालिम, पुनर्ताजगी कार्यक्रम सञ्चालनसँगै **दण्ड-पुरस्कारको व्यवस्था** गरिनेछ।

८६) सम्भावित विपद्बाट नगरवासीहरूलाई सुरक्षित राख्न **विपद् प्रतिकार्य तथा विपद् व्यवस्थापन**सम्बन्धी विशेष कार्य सञ्चालन गरिनेछ।

८७) नगरभित्रका उपयुक्त पोखरीहरूलाई **पौडी पोखरीको रूपमा विकास** गरिनेछ।

८८) नयाँ सवारीसाधन खरिद गर्न चाहने नगरवासीहरूका लागि सम्बन्धित पक्षसँग समन्वय गरी **निजी पार्किङ्ग हुनुपर्ने नीति** लागू गरिनेछ।

मिति : २०८०।३।६, बुधबार

**मन्तव्य**

# बजेटको ३० प्रतिशत चालु खर्च र ७० प्रतिशत पुँजीगत खर्चमा लगाउनु आवश्यक– प्रेम सुवाल



नगर र नगरवासीको हितमा नीति–कार्यक्रम र बजेट पारित गर्न सफलता प्राप्त हुने कामना गर्दछु।

नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरूले सडक वा निर्वाचित निकाय जहाँ भए पनि देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने हो। भक्तपुरलाई सफा–स्वच्छ–सांस्कृतिक नगर बनाउने हामी सबैको साझा लक्ष्य हो। यसकारण, ख्वप विश्वविद्यालय विधेयक पारित गराउन हामी सङ्घर्ष गर्दै छौँ।

पार्टीले जनसहभागितासहित आर्थिक अनुशासन र मितव्ययी भएर उपभोक्ता समितिमार्फत पारदर्शीरूपमा विकास निर्माणको काम सम्पन्न गर्न जोड दिँदै आएको छ।

सङ्घको १७ खर्ब ५१ अर्ब २१ करोड बजेटबारे प्रतिनिधिसभामा छलफल भइरहेको छ। सांसदहरूको सुझाव नसमेटिने झन्डै दुई महिनाको बहसको औचित्य नहुने भनी चौतर्फी विरोध भइरहेको छ। हामीले सांसदहरूको सुझावअनुसार बजेट संशोधन हुनुपर्नेमा जोड दिइरहेका छौँ।

राजस्व छलि र चुहावट बढ्दो छ। एनसेलको पुँजीगत लाभकर असुली नहुनुमा तीन प्रधानमन्त्री र तीन अर्थमन्त्री संलग्न भएको सार्वजनिक भयो। नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाइएको, खराब सहकारी संस्थाका सञ्चालकहरूले बचतकर्ताको अर्बौं रुपैयाँ खाएर भागेको, शेयरको कृत्रिम उतारचढावमा प्रधानमन्त्री र अर्थमन्त्री भएकाहरूकै हात रहेको पुष्टि भइरहेको छ। मुक्तिश्री कम्पनीसँग ४ अर्ब बढी र सिनर्जी कम्पनीसँग ३ अर्ब बढी राजस्व असुली बाँकी छ। ठूलो अङ्कको राजस्व नउठेको ५ सयभन्दा बढी फाइल रहेका छन्। यसकारण, लक्ष्यअनुसार राजस्व गुमेको हो।

बजेटको ३० प्रतिशत चालु खर्च र ७० प्रतिशत पुँजीगत खर्चमा लगाउने प्रतिबद्धता जरूरी छ। अर्थमन्त्रीले आफ्नू नुवाकोटको हुँदा त्यहाँ बढी बजेट राखेको काम गलत हो। त्यस्तै देउवाजीको डडेलधुरा, दाहालजीको गोरखा र ओलीको झापामा धेरै बजेट राखिएको अर्को गलत हो।

युवालाई राहदानी बाँडेर म्यानपावर कम्पनीमार्फत वैदेशिक रोजगारीमा पठाउने सरकारको नीति खारेज गरी युवालाई स्वदेशमा रोजगारी दिनु जरूरी छ। गएको जेठ महिनामा यूएईमा घरेलु कामदार पठाउने सम्झौता गरिएको खारेज हुनुपर्दछ। घरेलु कामदारमा पठाएका महिलामाथि हिंसा बढ्दो छ। यो संवेदनशील विषयतर्फ सरकारका मन्त्रीहरू बेवास्ता गर्दै छन्।

नेपाल टेलिकमको सेवा जनतालाई सस्तोमा उपलब्ध गराउनु जरुरी छ।

देशभरि पानीको हाहाकार छ। सङ्खुवासभामा दमकलमार्फत पानी वितरण गरेको, हुम्ला र दार्चुलामा खानेपानी अभाव भएको समाचार छ। काठमाडौँ उपत्यकामा मेलम्चीको पानी थोरै भागमा वितरण भइरहेको छ। चुरे दोहनसँग तराई मरुभूमीकरण भइरहेको छ।

काठमाडौँ उपत्यका भूकम्पीय जोखिम क्षेत्रमा पर्दछ। यहाँ ध्वनि, धुवाँ, सडक जाम, फोहोरमैला बढ्दो छ। यहाँ मुटु, किडनी, क्यान्सर, फोक्सो रोग पीडित बिरामीको सङ्ख्या बढ्दो छ। बढ्दो जनसङ्ख्यासँगै यहाँ पुरानो विद्युत् तार फेर्न खर्बौं रुपैयाँ खर्च गरिँदै छ। प्रतिनिधिसभाका २७५ सदस्यमध्ये १११ जनाको काठमाडौँमा घर बास छ। जबकि काठमाडौँ उपत्यकाबाट १५ जना सदस्य निर्वाचित हुन्छन्। पूर्वसांसदहरूको कतिको काठमाडौँमा घर छ, लेखाजोखा बाँकी छ। देशको सन्तुलित विकास गरी प्रम, मन्त्री, सांसद र उच्च अधिकारीहरूलाई आ–आफ्नै निर्वाचन क्षेत्रमा बसोबास गराउने काम गर्नु जरुरी छ।

देशैभरि सार्वजनिक जग्गा, जङ्गल, कमलपोखरी, नदीको जग्गासमेत व्यक्तिको नाममा दर्ता गरिदिने अधिकारीहरूलाई कारबाही हुनु जरुरी छ।

मल अभाव, भारतीय अतिक्रमण, 'अखण्ड भारत' को नक्सा, भ्रष्टाचारको सडक र सदनमा विरोध नगर्ने पार्टीहरू देश र जनताको हितमा हुनेछैनन्। यो यथार्थबारे सबैलाई शिक्षित र सचेत गर्नु जरुरी छ।

(नेमकिपाका केन्द्रीय सचिव एवम् सांसद प्रेम सुवालले भक्तपुर नगरपालिकाको चौधौँ नगरसभाको समुद्घाटन कार्यक्रममा व्यक्त गर्नुभएको विचार)

# बजेट सरकारमा गएका शासकहरूले नीतिगत भ्रष्टाचार गर्ने माध्यम ! – सृजना सैंजू



भक्तपुर नगरपालिकाको चौधौँ नगरसभा सफलताको शुभकामना व्यक्त गर्दछु। भक्तपुर नगरपालिकाको काम र सेवाबारे चारैतिर चर्चा छ। धेरैले आशा र भरोसाका साथ यतैतिर हेरिरहेका छन्। शिक्षा, स्वास्थ्य, संस्कृति, सम्पदा तथा विकासमा मार्गदर्शनको अनुभूति गरिरहेका छन्।

आजको सफलता र उपलब्धिका लागि नेमकिपाका अग्रज पुस्ताको योगदानप्रति हामी आभारी छौँ। प्रजातन्त्र पुनःस्थापनापछिको एउटा पुस्ताले नेमकिपाको सेवा अनुभव गरिसकेको छ। उपलब्धिको लेखाजोखासँगै विगतको आत्मसमीक्षा गर्दै आउँदो पुस्ताको सेवाका निम्ति तयारी थालोस्। आजभन्दा ३३ वर्ष अघि लिइएका जनसेवाका निर्णय र पहलहरूले आजको पुस्ता लाभान्वित छ। यो नगरसभाले कमसेकम अबको ३३ वर्षलाई सोचेर नीति तथा कार्यक्रम तय गरोस्। विकासको नयाँ मोडल स्थापित गरोस्, शुभेच्छा छ। नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनको शुभकामना।

देशमा यतिबेला बजेट अधिवेशनको समय छ। जेठ १५ गते सङ्घ, असार १ गते प्रदेशहरूमा बजेट पेश गरिए। असार १० भित्र स्थानीय तहका बजेट प्रस्तुत गरिँदै छन्।

पछिल्लो ३० वर्षमा के जनताको जीवनमा परिवर्तन ल्याउने बजेटहरू ल्याइए ? बजेट एउटा निश्चित अर्थराजनीतिक सिद्धान्तको आधारशिलामा तयार गरिनुपर्छ। हामीले अनुभव गऱ्यौँ बजेट आजसम्म सरकारमा गएका शासकहरूले नीतिगत भ्रष्टाचार गर्ने माध्यम बनाए। अर्को चुनावको तयारीका लागि दलीय स्वार्थमा बजेट बनाए।

देशको विकास, जनताको सुखभन्दा निकै पर व्यक्तिगत स्वार्थमा बजेट बने। बजेट कार्यान्वयनमा नेतृत्वविहीनता, बदमासी, भ्रष्टाचार र जवाफदेहिता नहुनु पुरानै रोग हो। यही कारण आज देश गम्भीर आर्थिक सङ्कटउन्मुख छ। उत्पादन अर्थतन्त्रको मेरुदण्ड हो, बजेटले उत्पादनको वातावरण तयार गर्छ, पूर्वाधार निर्माण गर्छ। देशमा उत्पादन छैनभन्दा फरक नपर्ला। नेपालका लागि कृषि प्रमुख स्रोत हो तर जबजब किसानको खेतमा धानको फसल लाग्छ, धानको मूल्य घट्छ, जबजब नेपाल पोल्ट्रीमा आत्मनिर्भर बन्दै छ भन्ने खबर आउँछ तब बर्डफ्लु आउँछ, अण्डा बाटामा फालिन्छ। नेपाली तरकारीको मूल्य घटेर किसान बाटैमा तरकारी फाल्न बाध्य हुन्छन्। बजेट बन्दै गर्दा गोलभेडाको भाउ २ रुपैयाँ पुगेर कालिमाटीमै गोलभेडा फालियो। भएको उत्पादनबाट किसानले मूल्य पाउँदैनन्। बेमौसमको तरकारीमा अचाक्ली भाउ बढ्छ। उत्पादित वस्तुको मूल्य निर्धारणजस्तो सामान्य निर्णय किन गर्दैन ? बजारमा बिचौलियाको बिगबिगी गम्भीर समस्या बनेको छ। यस्तो समस्या समाधानका सैद्धान्तिक आधार बजेटले दिएको हुनुपर्छ। तर, छैन। नेपाल वस्तुमा मात्र आत्मनिर्भर बन्न नसकेको होइन। बजेट निर्माणमा समेत आत्मनिर्भर छैन। वैदेशिक ऋण र लगानीको अपेक्षा बिना बजेट बन्न सक्दैन। हरेक वर्ष घाटा बजेट पेश हुन्छ। यो पटक त चालु खर्चका लागि पनि ऋणले पूर्ति गरेको छ। ३ खर्बको Fiscal Deficit छ। व्यापार घाटाको त लेखाजोखा नै छैन। राज्यसँग वैदेशिक मुद्रा सञ्चिती निकै कम छ।

देशको अर्थतन्त्रको ३ खम्बा मानिएको सरकारी क्षेत्र, निजी क्षेत्र र सहकारी क्षेत्रले Economic Crisis सामना गर्दै छन्। सरकारी क्षेत्र आय ह्रास (प्रदेश बजेट २० प्रतिशतले सानो बनाइयो) या घाटाको अवस्थामा, स-साना निजी क्षेत्रहरू, राष्ट्रिय पुँजीहरू सरकारको गलत करनीतिका कारण धरासायी अवस्थामा छन् भने सहकारीहरू विस्फोट या टाटपल्टाइको अवस्थामा छन्। शिव शिखरलगायतका सहकारीले बचतकर्ताको बचत हिनामिना गरी फरार भएसँगै बचतकर्ताहरू सडकमा ओर्लिएका खबरहरू निरन्तर आइरहेका छन्। अर्थतन्त्रको आधार मानिने तीनओटै क्षेत्र सङ्कटग्रस्त रहेको अवस्थामा पनि सरकारहरूले बजेटमार्फत नीतिगत पहल गरेको देखिन्न। उल्टै अर्थतन्त्रलाई पूर्णतः भारतनिर्भर बनाउने कुकर्म रोकिएको छैन। प्राकृतिक स्रोत दोहनसँगै नेपाली बजार कब्जालाई स्वीकार्नु नेपाली अर्थतन्त्रको दुर्भाग्य हो। यो पटक त जलविद्युत्को नाममा जलसम्पदा र आयोजनामा भारतीय एकाधिकारको सम्झौतामा हस्ताक्षर गरेको देखियो। शासकहरू भ्रमपूर्ण प्रचार गर्दै छन्। विद्युत् बेचेर देश धनी बन्ने गलत प्रचार गर्दै छन्। ग्यास, पेट्रोलियम र ऊर्जाको साधन आयात रोक्नेतिर ध्यान छैन। आजको अवस्थामा नेपाल विद्युत् प्राधिकरण भन्दै छ यो वर्ष जेनतेन धान्ला अर्को वर्षदेखि बिजुली आपूर्ति गाह्रो हुनेछ। विद्युत्को माग नेपालमै बढ्दो छ, लोड धान्ने पूर्वाधार छैन। पूर्वाधार निर्माणमा देश भारतनिर्भर छ। राजनीतिक दस्ताबेज मानिने बजेटबाटै पुस्तौँपुस्तालाई परनिर्भरताको खाडलमा धकेल्दै छ। ३३ वर्षको बजेट नेपालको पुँजीवादी अर्थनीति या नवउदारवादी अर्थनीतिको

असफलताबाहेक केही बन्न नसकेको तथ्य तीतो यथार्थ हो।

देश सङ्घीय व्यवस्थामा गएपछि तीनै तहमा ६ ओटा बजेट पेश भए। बजेट निर्माण व्यवस्था या बन्दोबस्तको व्यावहारिक कार्यान्वयन गर्ने माध्यम पनि हो। तर, सङ्घीयताको मर्मविपरीत बजेट निर्माणमा पनि केन्द्रीकरण छ। खुद्रा मसिना योजनामा पनि प्रदेश र स्थानीय सरकारलाई बेवास्ता गर्दै सङ्घले नै जिम्मेवारी लिन खोज्नु सरल भाषामा सङ्घीयताविपरीत छ। राजस्व सङ्कलन र वितरण दुवै पक्षमा स्वायत्तता र विकेन्द्रीकरणबिना सङ्घीयता बाँच्न मुस्किल हुन्छ। प्रदेशहरूसँग दृष्टिकोण छैन, केन्द्रकै सिको गर्छन्। केन्द्रले पठाएको पैसाको आधारमा बजेट बनाइन्छ। आयको स्रोत पहिचान, उत्पादनमा भन्दा केन्द्रको बजेट स्थानीय तहमा हस्तान्तरण गर्नुलाई सफलता मान्दै छन्। यही कारण सङ्घीयता असफल बन्दै छ। केन्द्रले निकासी गरेको ६० प्रतिशत बजेट प्रदेशको चालु खर्चमा जान्छ। प्रदेशको आम्दानी छैन। खर्च बढी हुनु राज्यका लागि सेतो हात्तीसरि भएको छ। साथै आजको परिस्थितिले नेमकिपाका अध्यक्ष रोहितले भन्नुभएझैँ सङ्घीयता देशको दुरावस्थाको ओखती होइन, यो समाजवाद होइन, यसले समस्या हल गर्दैन भन्ने दूरदृष्टिलाई स्मरण गराउँछ। देशको यस्तो परिदृश्यमा हामीसँग आत्मनिर्भर बन्ने र आयका स्रोतहरू पहिचान गर्नुबाहेकको विकल्प छैन। स्थानीय तहमै स्रोत, उत्पादन प्रवर्द्धन र सीपको उपयोगका उपायहरू पहिचान र युवा परिचालनका कार्यक्रमहरू जरुरी छ। उत्पादन र आयआर्जनका Micro-Economic Scope हरूबारे सोच्न आवश्क छ। आजभन्दा ३० वर्षअघि व्यवस्थासँग लडेर वैदेशिक पर्यटकसँग १ डलर लिने (भक्तपुर नपाको) निर्णयले आजको यो पुस्ता लाभान्वित छ। त्यो पहलले भक्तपुरको सूक्ष्म अर्थतन्त्रमा ठूलो योगदान पुऱ्यायो। आज त्यो हाम्रो आत्मनिर्भरताको एउटा आधार बनेको छ। अबको ३० वर्षपछिको पुस्तालाई सेवा गर्ने योजना र अगुवाइ आजको आवश्यकता हो। भक्तपुर नगरपालिकाले गरेका कला, संस्कृति, सम्पदाहरूको निर्माण, पुनःनिर्माणले पर्यटनको क्षेत्रमा सकारात्मक प्रभाव पारेको छ, आन्तरिक पर्यटनको समेत केन्द्र बन्दै छ, भक्तपुर। पर्यटनलाई उद्योगको रूपमा विकास गर्न घरेलु र हस्तकला ग्रामहरूको सञ्चालनमा जोड दिनु समयको माग पनि हो। अन्यथा पर्यटकहरूबाट केही निश्चित धनाढ्य मात्र लाभान्भित हुनेछन्। रैथाने उत्पादन र युवाहरूको परिचालनलाई एउटा लय दिन सके उचित हुन्छ। जुजु धौ, पुस्टकारी, गुडपाख, नेवारी खाजा, ताइचिन चिउरा, हाकुपटासी, भादगाउँले टोपीलगायतका वस्तुहरूमा Quality Branding तिर जान ढिलो भएको चर्चा छ। शिल्पकला, हस्तकलाका स-साना मौलिक Souvenir हरू उत्पादनले भक्तपुरलाई अझ फैलन मद्दत गर्नेछ।

देशभरि सहकारी बदनाम र विस्फोट स्थितिमा हुँदा भक्तपुर शान्त देखिन्छ। यद्यपि, विकृत्तिबाट जोगिने उपायहरू जरुरी छ। परोक्षरूपले सहकारीभित्र भइरहेको हिनामिना, दुरूपयोग सतहमा आउन धेरै बेर लाग्दैन। यहाँका सहकारीहरू पनि उत्पादनमुखी र सेवामुखी बन्न नसकेको कुरा उत्तिकै सही हो। यस्तो आर्थिक सङ्कटमा कुनै होटलमा प्रतिव्यक्ति ८/९ हजार खर्चेर वार्षिक समीक्षा गर्ने सहकारीहरू पनि छन्। सहकारीको आम्दानी या जगेडा जनताकै पैसा हो, मितव्ययितामात्र अपनाइए ठूलो पुँजी निर्माण हुनसक्दछ। स्थानीय सरकारको एउटा बलियो आधार सहकारी हुनसक्दछ। सक्षम सहकारीहरूलाई उत्पादन प्रवर्धन र सेवा क्षेत्रमा लगाउन सके श्रेयस्कर हुनेछ। सहकारीको नियमन गरी अभिभावकत्व जरुरी छ।

भक्तपुर नगरपालिकाले महिला श्रमशक्ति विकासमा गरिरहेको कार्य प्रशंसनीय छ। शिक्षा र सीपमुलक तालिमसँगै महिला स्वास्थ्यका लागि गरिएका प्रयासहरू सराहनीय छन्। ख्वप अस्पतालमा प्रसूति सेवा सुरु भएको छ। यो अत्यन्त खुसीको कुरा हो। भक्तपुरमा मातृशिशु स्वास्थ्यको क्षेत्रमा यो एउटा राम्रो पाइला हो। यसका निमित्त स्थानीय सरकार, जनप्रतिनिधि र अस्पताल परिवारप्रति दिदीबहिनीहरू आभारी छन्। स्त्री रोग उपचारका नयाँ नयाँ सेवा सुविधासँगै अस्पताल आधुनिक उपकरणले सुसज्जित गर्नुपर्ने आवश्यकता छ। एउटी आमासँग प्रत्यक्ष जोडिने अर्को सेवा बालरोगसम्बन्धी राम्रो तथा स्तरीय सेवा र परामर्श हो। त्यसले बालबालिकाको उचित विकासमा मद्दत पुऱ्याउनेछ।

आजभन्दा २५ वर्षअगाडि शिशुस्याहार केन्द्रहरूको स्थापना एक किसिमको रूपान्तरण थियो। काम गरी खाने महिलाहरूका निम्ति बालबालिकाको उचित हुर्काइको निम्ति राम्रो सुरुआत थियो। आज सिंहावलोकन तथा समीक्षासँगै स्तरोन्नतिको अपेक्षा सबैले राखेका छन्। भक्तपुर ज्ञानविज्ञानको केन्द्र र समाजको बुद्धिजीवीकरण गर्ने अगुवा बनिरहँदा, ख्वप विश्वविद्यालय स्थापनाको तयारी भइरहँदा तल्लो तहको प्रारम्भिक तहको शिक्षा या हुर्काइतिर पनि उत्तिकै ध्यान पुग्न जरुरी महसुस हुन्छ।

साथै विद्यालय, कलेजहरूमा छात्रा हेल्थ अवेयरनेस कार्यक्रमहरू जरुरी छ। किशोरावस्थाका छात्राहरूलाई दिइएको स्वास्थ्य परामर्शले तिनको जीवन सहज बनाउने र एउटा जानकारीले ज्यान जोगिनेछ। स्तन क्यान्सर, Cervical Cancer जस्ता घातक रोगबाट जोगिन सक्ने हुन्छ। अहिले ९ देखि १५ र १५ देखि ४५ वर्षका छोरी या महिलाका लागि पाठेघरको मुखको क्यान्सरसँग लड्ने HPV Vaccine आयो भन्ने चर्चा छ। क्लिनिकहरू र Private Hospital बाट यो सेवा दिइँदै छ। HPV Vaccine को यथार्थबारे पनि छोरीहरू र आमाहरूलाई जानकारी दिन आवश्यक छ। यो त एउटा प्रतिनिधि उदाहरण हो।

अन्त्यमा, फेरि एकचोटि यो नगरसभा आफ्नो उद्देश्यमा सफल होस् भन्ने कामना व्यक्त गर्दछु।

(नेमकिपाका केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य सृजना सैंजूद्वारा असार ६ गते भएको भक्तपुर नगरपालिकाको चौधौँ नगर सभा समुद्घाटन कार्यक्रममा व्यक्त विचार)

# सांस्कृतिक नगर भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउन हातेमालो गर्न अनुरोध



स्थानीय सरकार सञ्चालन ऐनद्वारा निर्दिष्ट वार्षिक कम्तिमा दुई पटक नगर सभाको बैठक बस्नुपर्ने व्यवस्था अनुरूप आज भक्तपुर नगरपालिकाको १४ औँ नगर सभाको उद्घाटन कार्यक्रममा उपस्थित छौँ । उपस्थित सबैमा भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक स्वागत एवम् अभिवादन व्यक्त गर्दछु ।

सर्वप्रथम देशको निम्ति आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहन्छु । साथै भक्तपुरका जनताको जीवन रूपान्तरणमा महत्त्वपूर्ण योगदान गर्नुहुने समाजका अग्रज व्यक्तित्वहरूमा सम्मान व्यक्त गर्न चाहन्छौँ । साथै भनपालाई एक उत्कृष्ट नमुना नगरको परिचय दिलाउन मार्गनिर्देशन गर्नु हुने नेपाल मजदुर किसान पार्टीका अध्यक्षज्यू लगायत सम्पूर्ण महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

भक्तपुर नगरपालिकाले पाएको आजको सफलताको कडी भन्नु नै नेपाल मजदुर किसान पार्टीको घोषणापत्रलाई हरेक पल्ट अङ्गिकार गर्दै देश र जनताको सेवामा समर्पित भएको कारणले गर्दा नै हो भन्नेमा दुईमत नहोला । त्यसको कार्यान्वयनमा नगरपालिकाका हामी सबै जनप्रतिनिधिहरू, यहाँका कर्मचारीहरूको साथमा नगरवासीहरूसँग हातेमालो गरेर अघि बढिरहेका छौँ र बढिरहने छौँ ।

## आदरणीय भद्र महिला तथा सज्जनवृन्द,

हामीसँग भएका गौरवशाली सम्पदा र हाम्रो सभ्यतासँग जोडिएका संस्कृति, मूल्य, मान्यता, धरोहरलाई अनुसन्धान र अन्वेषणसहित नयाँ पुस्तालाई पुस्तान्तरण गर्ने कामहरूमा निरन्तर रूपले भ.न.पा. लागिरहेको छ । यसलाई हामीले सिक्काको एउटा पाटोको रूपमा लियौँ र अर्को पाटोको रूपमा समय सापेक्ष ढङ्गले भक्तपुर नगरलाई 'ज्ञान विज्ञानको केन्द्र' बनाउने अभियानमा हाम्रा अग्रजहरूको अथक मिहिनेतबाट शिक्षाको जग बसेको छ भन्दा अत्युक्ति नहोला । त्यसको निमित्त न.पा.ले वि.सं. २०५६ देखि आजको दिनसम्म देशभरिकै नागरिकहरूलाई सस्तो गुणस्तरीय शिक्षा दिन लागिपर्‍यौँ । हाल न.पा.ले विभिन्न विषयहरूका आठ ओटा कलेजहरूमा ७३ जिल्लाबाट ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन् । यसरी नेपाली जनताका छोराछोरीहरू आफ्नो भविष्यको जग बनाउन सफल भएका छन् । भक्तपुर नगर शैक्षिक केन्द्रको रूपमा अघि बढिरहेको अवस्थामा देशमा ३ सरकारको उपस्थितिमा सङ्घ सरकारले गर्नुपर्ने काम स्थानीय सरकारको रूपमा देशकै सानो नगरपालिकाले गरिरहेको र देशभर भक्तपुर नगरपालिकाको क्षमताबारे प्रचार भइसकेको अवस्थामा पनि हाम्रो देशको सङ्घीय सरकारको सङ्कुचित सोचले गर्दा भक्तपुरका जनताको आफ्नो विश्वविद्यालयमा अध्ययन गरी नवीन अध्याय सुरु गर्न र अनुसन्धान गरी देशमा भएका हरेक क्षेत्रका बारेमा वैज्ञानिक ढङ्गले अघि बढाउने योजना कार्यान्वयन गर्न नसकेतापनि भक्तपुर नगरपालिकाले अध्ययन अनुसन्धान गर्ने कामलाई स्थानीय स्तरबाटै निरन्तरता दिँदै वैज्ञानिक ढङ्गले समाजलाई अघि बढाउनका लागि आधारहरू निर्माण गर्न हाम्रा विज्ञहरूसँग छलफल भइरहेको छ । यस प्रकारले हामी हाम्रा देशका युवाहरूबाट नै देश विकास सम्भव छ र देशको विकास हुन्छ भन्ने मायन्ता राख्दै अघि बढिरहेका छौँ र बढिरहने छौँ ।

## उपस्थित दाजु भाइ तथा दिदी बहिनीहरू,

अबका दिनहरूमा हाम्रो सफा सुन्दर सुरक्षित नगरलाई नगरका हरएक पक्षको व्यवस्थित ढङ्गबाट अगाडि बढाउने अभियान यहाँहरूको साथ र सहयोगबिना अधुरो हुनेछ । यसर्थ भक्तपुर नगरपालिका सम्पूर्ण नगरवासीहरूसँग आ-आफ्नो स्थानबाट सांस्कृतिक नगर भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउन हातेमालो गर्न अनुरोध गर्दै आज सुरु हुँदै गरेको भक्तपुर नगरपालिकाको १४ औँ नगरसभाको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि, अतिथिज्यूहरू एवम् उपस्थित सम्पूर्णलाई पुनः स्वागत गर्दै बिदा हुन्छु ।

(भक्तपुर नगरपालिकाको १४ औँ नगरसभाको उद्घाटन कार्यक्रममा उपप्रमुख रजनी जोशीबाट असार ६ गते व्यक्त मन्तव्य)

# भक्तपुर नपाको चौधौँ नगरसभा

## पहिलो बैठक




भक्तपुर नगरपालिकाको चौधौँ नगरसभा को पहिलो बैठक असार ६ गते बस्यो। भक्तपुर नगरपालिकाका प्रमुख एवम् चौधौँ नगरसभाका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगरपालिकाको चौधौँ नगरसभा आजबाट सुरु भएको हो ।

नगरसभाको उद्घाटन सत्रपश्चात बसेको औपचारिक बैठकमा बोल्दै प्रमुख प्रजापतिले नेपाल मजदुर किसान पार्टीको नीति निर्देशनलाई अक्षरशः पालना गरी देश र जनताको निःस्वार्थरूपमा सेवा गर्न भक्तपुर नपाका जनप्रतिनिधि प्रतिबद्ध रहने बताउनुभयो।

बैठकले आ.व. २०८०।८१ का लागि भक्तपुर नगरपालिकाको बजेटसमेत प्रस्तुत हुने ऐतिहासिक नगरसभाको समुद्घाटन गरी जनप्रतिनिधि एवम् कर्मचारीहरूलाई मार्गनिर्देशन दिनुभएकोमा प्रमुख अतिथि नारायणमान बिजुक्छेँ (रोहित), महत्त्वपूर्ण मन्तव्य व्यक्त गर्नुभएका विशिष्ट अतिथिहरूलगायतलाई हार्दिक धन्यवादज्ञापन गर्दै धन्यवाद प्रस्ताव पारित गरेको छ।

नगरसभाको अर्को बैठक २०८० असार ८ गते शुक्रबार दिनको १ बजे बस्ने गरी बैठक स्थगित भयो।

## पहिलो बैठकबाट पारित धन्यवाद प्रस्ताव

स्थानीय तहको निर्वाचन २०७९ बाट निर्वाचित भएपछिको दोस्रो आर्थिक वर्षको महत्त्वपूर्ण एवम् भक्तपुर नगरपालिकाको नियमित चौधौँ नगरसभा मिति २०८० असार ६ गतेबाट सुरु भयो ।

नगरपालिकाद्वारा सञ्चालित ख्वप इ. कलेजको सभाकक्षमा नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले पानसमा दीप प्रज्वलन गरी नगरसभाको उद्घाटन गर्नुभयो। आजको सभामा नगर प्रमुख सुनिल प्रजापतिले आ.व. २०८०/८१ का लागि भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रम पेश गर्नुभयो।

आ.व. २०८०।८१ का लागि भक्तपुर नगरपालिकाको बजेट समेत प्रस्तुत हुने ऐतिहासिक नगरसभाको समुद्घाटन गरी जनप्रतिनिधि एवम् कर्मचारीहरूलाई मार्गनिर्देशन दिनुभएकोमा प्रमुख अतिथि श्रद्धेय अध्यक्ष का. नारायणमान बिजुक्छेँ (रोहित) ज्यूमा नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

उद्घाटन समारोहमा महत्त्वपूर्ण मन्तव्य व्यक्त गर्नुभएकोमा पार्टीका केन्द्रीय सचिव एवम् प्रतिनिधिसभा सदस्य माननीय प्रेम सुवालज्यू, बागमती प्रदेशसभा सदस्यद्वय माननीय सुरेन्द्रराज गोसाई र माननीय सृजना सैंजुज्यूप्रति नगरपालिका कृतज्ञता जाहेर गर्दछ।

त्यस्तै भक्तपुरका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालज्यू र त्रिविका सहप्राध्यापक विश्वमोहन जोशीज्यूप्रति नगरपालिका आभार व्यक्त गर्दछ।



धन्यवाद प्रस्ताव पारित गर्दै सभासदहरू

## दोस्रो बैठक

# भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रम सर्वसम्मतिबाट पारित

भक्तपुर नगरपालिकाको आ.व. २०८०।८१ को नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित गऱ्यो । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा असार ८ गते बसेको चौधौँ नगरसभाको बैठकबाट आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम पारित भएको हो ।



सभामा नगर प्रमुख प्रजापतिले नीति तथा कार्यक्रममाथि छलफलमा उठेका जिज्ञासामाथि प्रष्ट पार्नुहुँदै सभाबाट आएका सुझावहरू नगर र नगरवासीहरूको हितमा रहेको बताउनुभयो । उहाँले नीति तथा कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने बताउनुहुँदै भक्तपुरको सन्तुलित विकास गर्ने उद्देश्यले नगरका १० ओटै वडामा समानुपातिक ढङ्गले बजेट विनियोजन हुने विचार राख्नुभयो ।

नीति तथा कार्यक्रममाथि भएको छलफलमा १० जना सभासद्हरूले आ-आफ्नो धारणा राख्नुभयो । प्रस्तुत नीति तथा कार्यक्रममाथि सभासद्हरू मन्जुमैंया लाखा, हेरा ख्याजू, रामसुन्दर बासी, तारादेवी शाक्य, कृष्णसुन्दर प्रजापति, नारायणप्रसाद त्वानाबासु, सूर्यप्रसाद श्रेष्ठ, कृष्णगोपाल चौगुठी, इन्द्रबहादुर प्याथ र गोविन्द दुवालले सहकारी संस्थाको सामुदायिक विकास कोष समुदायको हितमा प्रयोग हुने विश्वास दिलाउनुपर्ने, ख्वप अस्पतालमा सिटी स्क्यानको व्यवस्थाको लागि शीघ्र पहल गर्नुपर्ने, प्लास्टिकको वैकल्पिक व्यवस्था गर्नुपर्ने, व्यायामशालाहरू व्यवस्थित गरिनुपर्ने, स्वयम्सेवक शिक्षकको व्यवस्था गर्नुपर्ने, कृषकहरूलाई कम ब्याजदरमा ऋणको व्यवस्था गर्नुपर्ने, खानेपानी समस्याको दीर्घकालीन समाधानतर्फ ध्यान दिनुपर्नेलगायतका धारणा राख्नुभयो ।

# का. शोभा प्रधानको वार्षिक स्मृतिमा मौन धारण





नगरसभाको उक्त बैठकले नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष का. नारायणमान बिजुक्छैं (रोहित) की जीवन सङ्गिनी तथा नेपाल क्रान्तिकारी महिला सङ्घकी तत्कालीन केन्द्रीय सदस्य तथा महिला आन्दोलनकी अगुवा का. शोभा प्रधानको आज असार ८ गते प्रथम वार्षिकी तिथीको अवसरमा निजको स्मृतिमा १ मिनेट मौन धारण गरी निजको स्मृतिमा श्रद्धाञ्जली अर्पन गरेको थियो ।

नगरसभाको अर्को बैठक असार १० गते आइतबार दिनको १ बजे बस्नेगरी स्थगित भयो भने सो बैठकमा भक्तपुर नगरपालिकाको आ.व. २०८०/८१ को बजेट प्रस्तुत गरिने कार्यक्रम रहेको जानकारी गराउनुभयो ।

# भक्तपुर नगरपालिकाको आ.व. २०८०/८१ को बजेट वक्तव्य

(उपप्रमुख रजनी जोशीले प्रस्तुत गर्नुभएको भक्तपुर नगरपालिकाको आ.व. २०८०/८१ को अनुमानित आय–व्यय बजेटको पूर्णपाठ)



**सभाध्यक्ष महोदय एवं नगर सभासदज्यूहरू,**

❖ भक्तपुर नगरपालिकाको चौधौँ नगरसभामा यहाँहरू सबैमा हार्दिक अभिवादन व्यक्त गर्दछु ।

❖ सर्वप्रथम, विभिन्न जनआन्दोलन र सङ्घर्षहरूमार्फत जनताको अधिकार सुनिश्चित गर्ने क्रममा जीवन उत्सर्ग गर्नुभएका प्रातः स्मरणीय शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै जनआन्दोलनहरूमा घाइते हुनुभएका, प्रवास र भूमिगत भएर राजनैतिक र सामाजिक परिवर्तनमा महत्त्वपूर्ण योगदान गर्नुभएका योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

❖ नेपाल मजदुर किसान पार्टीको तर्फबाट निर्वाचित हामी जनप्रतिनिधिहरू पार्टीको सिद्धान्त र विचारलाई आत्मसात गर्दै जनताको सेवामा समर्पणभावले लागिरहेका छौँ । नेमकिपाका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ का. नारायणमान बिजुक्छेँ (रोहित) द्वारा लिखित पुस्तक **'सय वर्षपछिको भक्तपुर'** हाम्रो मार्गनिर्देशन हो । भक्तपुरलाई आजको अवस्थासम्म पुऱ्याउन पार्टीका नेता, अग्रज कार्यकर्ता, स्थानीय जनता, पूर्वजनप्रतिनिधिहरूको महत्त्वपूर्ण योगदानप्रति हामी आभार प्रकट गर्छौँ । अग्रजहरूले देखाउनुभएको बाटोमा निःस्वार्थपूर्वक जनताको सेवामा लाग्नु हामी आफ्नो कर्तव्य ठान्छौँ ।

❖ ऐतिहासिक एवम् विश्व सम्पदामा सूचिकृत नगर भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्रसहित सफा, सुन्दर, स्वस्थ, शिक्षित, सभ्य र सुसंस्कृत नगर बनाउनुको साथै आन्तरिक एवम् बाह्य पर्यटकहरूका लागि उत्कृष्ट गन्तव्यस्थलको रूपमा

## तेस्रो बैठक

## भक्तपुर नगरपालिकाको अनुमानित बजेट रु. २ अर्ब २६ करोड ८५ लाख ९४ हजार




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको चौधौँ नगरसभाको असार १० गतेको बैठकमा उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाको आ.व. २०८०।८१ को अनुमानित आय–व्यय बजेट प्रस्तुत गर्नुभयो ।

नगरसभाको सोही बैठकमा उपप्रमुख जोशीले **'भक्तपुर नगरपालिकाको आर्थिक विधेयक २०८०'**, र **'भक्तपुर नगरपालिकाको विनियोजन विधेयक, २०८०'** सभासमक्ष प्रस्तुत गर्नुभएको थियो ।

सभाले छलफलको लागि स्वीकृत गरेको छ ।

नगरसभाको अर्को बैठक असार १२ गते दिनको १ बजे बस्ने गरी स्थगित भयो ।

अघि बढाउने हाम्रो साझा लक्ष्य हो ।

❖ स्थानीय तहको निर्वाचन २०७९ मा नेमकिपाको तर्फबाट अगाडि सारिएको प्रतिबद्धता पत्रमार्फत जनतालाई दिएको वचन पूरा गर्न शिक्षा, स्वास्थ्य, सम्पदा/संस्कृति संरक्षण, खानेपानी, सरसफाइ, पर्यटन, भौतिक पूर्वाधार निर्माण, पर्ति र सार्वजनिक जग्गा संरक्षण, सामाजिक न्याय तथा सुशासन प्रवर्द्धन, उपलब्ध स्रोत र साधनको अधिकत्तम उपयोग गरी स्थानीय युवाहरूलाई उद्यमशील तथा स्वरोजगार बनाउने लगायतका कार्यलाई प्राथमिकताका साथ नगर प्रमुखज्यूले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न यो बजेट केन्द्रित हुनेछ ।

## सभाध्यक्षज्यू,

अब म चालू आ.व. २०७९/८० को बजेट कार्यान्वयनको सङ्क्षिप्त समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१.** चालु आ.व. २०७९/८० का लागि कूल २ अर्ब १८ करोड ४२ लाख ४२ हजारको अनुमानित बजेट निर्माण गरिएको थियो । जसमध्ये नगरपालिकाको आन्तरिक आयतर्फ ४६ करोड ८१ लाख आम्दानी हुने अपेक्षा गरिएकोमा २०८० जेठ मसान्तसम्ममा ३७ करोड ७८ लाख ४ हजार ६ सय १२ रुपैयाँ ७५ पैसा यथार्थ आम्दानी भयो जुन अनुमानित आम्दानीको ८०.७१ प्रतिशत हुन आउँछ । सम्पत्ति तथा भूमिकर, घर बहाल कर, पर्यटन सेवा शुल्क, व्यवसाय करलगायतमा चालु आ.व.का लागि अनुमानित गरिएकोमा उल्लेख्य आम्दानी भएको देखिन्छ । २०८० असार मसान्तसम्ममा आन्तरिक आयतर्फ ३९ करोड ९१ लाख आम्दानी हुने संशोधित अनुमान गरिएको छ ।

**२.** बाह्य श्रोततर्फ चालु आ.व.को जेठ मसान्तसम्ममा राजश्व बाँडफाटमा ११ करोड ९१ लाख १२ हजार ८४१ रुपैयाँ अर्थात ६९.०९ प्रतिशत, सङ्घ सरकारबाट प्राप्त अनुदानमा ( वित्तीय समानीकरण, सशर्त, समपुरक र विशेष अनुदान, सामाजिक सुरक्षा भत्ता, सडक बोर्ड नेपालबाट प्राप्त रकमसमेत) ८३ करोड ८२ लाख ७४ हजार ८९५ रुपैयाँ अर्थात ७२.६२ प्रतिशत र प्रदेश सरकारबाट प्राप्त अनुदानमा (वित्तीय समानीकरण, सशर्त, समपुरक र विशेष अनुदानबाट प्राप्त रकमसमेत) ८ करोड ९ लाख ३२ हजार रुपैयाँ अर्थात १०० प्रतिशत प्राप्त भयो । त्यस्तै अन्य आयमा (स्थानीय साझेदारी कार्यक्रम र ऋणबाट प्राप्त रकमसमेत) २ करोड ६४ लाख ९४ हजार प्राप्त भयो । यस हिसाबले बाह्य श्रोततर्फ चालु आ.व.को जेठ मसान्तसम्ममा कूल १ अर्ब ६ करोड ४८ लाख १४ हजार २५६ रुपैयाँ अर्थात् ६४.६२ प्रतिशत आम्दानी भयो भने असार मसान्तसम्ममा १ अर्ब ३७ करोड आम्दानी हुने संशोधित अनुमान गरिएको छ ।

**३.** चालु आ.व. २०७९/८० मा व्ययतर्फ २०८० जेठ मसान्तसम्मको कूल चालु खर्च ९१ करोड ९५ लाख ६५ हजार ९५५ अर्थात ६३.४८ प्रतिशत भयो । असार मसान्तसम्ममा चालु खर्च बढेर १ अर्ब ९ करोड ३९ लाख ८० हजार १३१ रुपैयाँ खर्च हुने संशोधित अनुमान गरिएको छ ।

**४.** त्यस्तै पूँजीगत खर्चतर्फ २०८० जेठ मसान्तसम्ममा २७ करोड ६९ लाख ६० हजार रुपैयाँ अर्थात् ३७.६४ प्रतिशत यथार्थ खर्च भयो भने असार मसान्तसम्ममा उक्त खर्च बढेर ५५ करोड १० लाख ८३ हजार रुपैयाँ हुने संशोधित अनुमान गरिएको छ ।

**५.** चालु र पूँजीगततर्फको दुवै खर्च जोड्दा असार मसान्तसम्ममा १ अर्ब ६४ करोड ५० लाख ६३ हजार गरी कूल बजेटको ७५.३१ प्रतिशत खर्च हुने संशोधित अनुमान गरिएको छ । पूँजीगततर्फका सम्पदा पुनःनिर्माणसँग सम्बन्धित धेरैओटा योजनाहरू चालु आ.व. मा सुरु भइसकेको र आगामी आ.व.का लागि ऋमागत योजनामा पर्ने भएकोले यथार्थ खर्च अझै बढ्ने निश्चित छ ।

## सभाध्यक्ष महोदय,

यस सम्मानित नगरसभामा अब म आगामी आर्थिक वर्ष २०८०।८१ को लागि भक्तपुर नगरपालिकाको आय-व्ययको अनुमानित विवरण पेश गर्ने अनुमति चाहन्छु ।

## अ) आयतर्फ :

### क) आन्तरिक आयतर्फ :

**६.** यस नगरपालिकाको आन्तरिक आयको प्रमुख श्रोतको रूपमा रहेको पर्यटन सेवा शुल्कबाट रु. २७ करोड, जग्गा बिक्रीबाट रु. १० करोड, सम्पत्ति तथा भूमिकरबाट ३ करोड ८५ लाख, घर बहालबाट ३ करोड ७५ लाखसहितको आ.व. २०८०/८१ को लागि कुल ६० करोड रुपैयाँ आन्तरिक आय हुने अनुमान गरिएको छ । आन्तरिक आयको विस्तृत विवरण अनुसुचि-१ मा संलग्न छ ।

### ख) बाह्य आयतर्फ :

**७.** यस नगरपालिकामा सङ्घीय सरकारबाट रु. ८ करोड ८६ लाख ५१ हजार, बागमती प्रदेश सरकारबाट रु. ३ करोड ४९ लाख ७८ हजार र मालपोत तथा अन्यबाट रु. ५ करोड गरी राजश्व बाँडफाँडमा कुल रु. १७ करोड ३६ लाख २९ हजार प्राप्त हुने अनुमान छ ।

**८.** वित्तीय समानीकरण अनुदानतर्फ सङ्घीय सरकारबाट रु. २० करोड ३७ लाख र बागमती प्रदेश सरकारबाट रु. २ करोड २४ लाख १७ हजार गरी कुल रु.

२२ करोड ६१ लाख १७ हजार प्राप्त हुने अनुमान छ ।

**९.** सङ्घीय सरकारबाट विशेष अनुदानतर्फ रु. २ करोड ५० लाख र समपुरक अनुदानतर्फ रु. ५० लाख प्राप्त हुने अनुमान छ । आगामी आर्थिक वर्षका लागि बागमती प्रदेश सरकारबाट समपुरक र विशेष अनुदानमा रकम प्राप्त नभएकोमा हाम्रो विशेष ध्यानाकर्षण भएको छ । बागमती प्रदेश सरकारबाट भक्तपुर नगरपालिकालाई विभेद गरिएको हाम्रो ठम्याइ छ ।

**१०.** सशर्त अनुदानतर्फ सङ्घीय सरकारबाट रु. ४० करोड ८० लाख र बागमती प्रदेश सरकारबाट रु. २ करोड ५५ लाख ९४ हजार प्राप्त हुने अनुमान छ ।

**११.** यससँगै स्थानीय पूर्वाधार साझेदारी, ऋणलगायत विभिन्न शीर्षकबाट २६ करोड रुपैयाँ प्राप्त हुने प्रक्षेपण गरिएको छ ।

**१२.** चालु आर्थिक वर्षको अनुमानित बैंक मौज्दात १३ करोड ६२ लाख ५३ हजार ५३३ समेत गरी आगामी आ.व. २०८०/८१ का लागि यस नगरपालिकाको कूल अनुमानित बजेट २ अर्ब २६ करोड ८५ लाख ९४ हजार रुपैयाँको हुनेछ । बजेटको आयतर्फको बाह्य स्रोतको विस्तृत विवरण अनुसुचि– २ मा संलग्न छ ।

## आ) व्ययतर्फ :

**१३.** आगामी आ.व. का लागि चालु खर्चतर्फ १ अर्ब ३६ करोड ९४ लाख ९४ हजार रुपैयाँ अर्थात् ६०.३६ प्रतिशत र पूँजीगत खर्चतर्फ ८० करोड ४१ लाख रुपैयाँ ३५.४५ प्रतिशत विनियोजन गरिएको छ । यसको विस्तृत विवरण अनूसुचिमा संलग्न छ । त्यस्तै वित्तीय व्यवस्थातर्फ ९ करोड ५० लाख अर्थात् ४.१९ प्रतिशत विनियोजन गरिएको छ ।

**सभाध्यक्षज्यू,**

**आगामी आर्थिक वर्षका महत्त्वपूर्ण योजना तथा कार्यक्रमहरूबारे सङ्क्षिप्तमा पेश गर्दछु ।**

## शिक्षा :

**१४.** भक्तपुरलाई 'ज्ञानविज्ञानको केन्द्र' र उत्कृष्ट शैक्षिक गन्तव्यस्थल बनाउने उद्देश्यले शिशुस्याहार तथा बाल विकास केन्द्रहरूदेखि विश्वविद्यालय तहसम्मको सम्पूर्ण पढाइ यसै नगरमा व्यवस्था गर्ने लक्ष्यसहित यस नगरपालिकाले शिक्षा क्षेत्रको विकासलाई पहिलो प्राथमिकता दिइरहेको छ । जनताको अबको उद्देश्य ख्वप विश्वविद्यालय स्थापना हो । यसका लागि आवश्यक तयारी गर्न विज्ञहरूको एक कार्यदल गठनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

**१५.** नगरपालिकाद्वारा सञ्चालित ८ ओटा शैक्षिक संस्थाहरूमध्ये ख्वप माविमा नयाँ भवन निर्माण कार्य अगाडि बढाइएको छ भने ख्वप इन्जिनियरिङ कलेजमा बी ब्लकको नयाँ भवन निर्माणका लागि आगामी वर्ष २ करोड ५० लाख रुपैयाँ विनियोजन गरिएको छ । ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा नयाँ भवन निर्माणको लागि २ करोड रुपैयाँ विनियोजन गरिएको छ । त्यस्तै ख्वप कलेज अफ ल का लागि आवश्यक जग्गा खरिद गरिएको छ ।

**१६.** नगरपालिकाभित्र सञ्चालित सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण तथा शैक्षिक गुणस्तर वृद्धिका लागि विद्यालय अनुगमन प्राविधिक समितिको सिफारिससमेतको आधारमा नगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्नेगरी सहयोग अनुदान



प्रदान गर्न २ करोड बजेटको व्यवस्था गरिएको छ।

**१७.** नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा कार्यरत कर्मचारी तथा सहयोगीहरूका लागि निजहरूले पाउँदै आएको तलबमा यस नगरपालिकाको तर्फबाट प्रतिव्यक्ति मासिक रु. २ हजारको दरले थप पारिश्रमिकको व्यवस्था गरिएको छ।

**१८.** कलेज शिक्षासँगै अध्ययन अनुसन्धानलाई विशेष प्राथमिकता दिने उद्देश्यले अनुसन्धान केन्द्रहरूको व्यवस्थाका लागि बजेट छुट्याइएको छ।

**१९.** देशकै लागि अत्यावश्यक विषयहरू जस्तै इतिहास, भूगोल, संस्कृति, राजनीतिशास्त्र र नेपालभाषा अध्ययन गर्ने विद्यार्थीहरूलाई दिँदै आएको स्नातक तहदेखि विद्यावारिधिसम्मको अध्ययनमा दिँदै आएको पूर्ण छात्रवृत्तिलाई निरन्तरता दिँदै यस आ.व. देखि अर्थशास्त्र, तर्कशास्त्र र दर्शनशास्त्र अध्ययन गर्ने विद्यार्थीहरूलाई पनि पूर्ण छात्रवृत्तिको व्यवस्था गर्ने नीतिअनुसार आवश्यक बजेट व्यवस्था गरिएको छ।

**२०.** सभ्य समाज निर्माणका लागि नैतिक र व्यवहारिक शिक्षाको व्यवस्थापन साथै विद्यालयहरूमा स्काउट प्रशिक्षण र खेलकुद प्रशिक्षणलाई निरन्तरता दिन बजेटको व्यवस्था गरिएको छ। अपाङ्गता भएका विद्यार्थीहरूका लागि विशेष शिक्षालाई थप प्रभावकारी बनाउन यस आ.व. को बजेटमा व्यवस्था गरिएको छ।

**२१.** नगरवासी विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनमा सहयोग पुऱ्याउने उद्देश्यले यस नगरपालिकाद्वारा वितरण गर्दै आएको शैक्षिक ऋणलाई यस वर्ष पनि निरन्तरता दिन रु. २ करोड विनियोजन गरिएको छ।

**२२.** नगरपालिकाभित्र सञ्चालित विद्यालयहरूमा कक्षा ५ र ८ को आधारभूत परीक्षा र कक्षा १० को एसइई परीक्षाको तयारी परीक्षा नगरस्तरीय रूपमा सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ।

**२३.** नगरवासी जनताहरूको भावनाबमोजिम विभिन्न शैक्षिक, सांस्कृतिक तथा स्वास्थ्यसँग सम्बन्धित गतिविधि गर्न शिक्षा, स्वास्थ्य तथा संस्कृति समितिमा ३ करोड ५० लाख बजेट विनियोजन गरिएको छ।

## स्वास्थ्य :

**२४.** यस नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताललाई आधुनिक र सुविधा सम्पन्न बनाउन आगामी आर्थिक वर्षमा सीटी स्क्यान खरिदको लागि ८ करोड रुपैयाँ विनियोजन गरिएको छ।

**२५.** अस्पतालको भौतिक पूर्वाधार निर्माणको लागि थप २ करोड रुपैयाँसँगै सञ्चालन खर्चका लागि थप ३ करोड रुपैयाँको व्यवस्था गरिएको छ।

**२६.** भनपा वडा नं. १० स्थित बेखाल स्वास्थ्य सेवा केन्द्र निर्माणका लागि ३० लाख र भनपा वडा नं. ७ स्थित खँचा पोखरी स्वास्थ्य चौकी निर्माणमा ५० लाख थप विनियोजन गरिएको छ।

**२७.** ख्वप अस्पतालको अक्सिजन प्लान्टबाट नगरवासीहरूलाई निःशुल्क तथा अन्यलाई न्यून शुल्कमा अक्सिजन उपलब्ध गराउनुका साथै विभिन्न रोगको उपचार र अपरेशनको लागि नगरवासीहरूलाई आवश्यक रगत निःशुल्क प्रदान गर्ने र क्यान्सर, मृगौला रोग, मुटु, मष्तिष्क र मेरुदण्डसम्बन्धी दीर्घरोग लागेका नगरवासीहरूलाई यस नगरपालिकाको तर्फबाट उपचार सहायता अनुदान प्रदान गर्दै आएकोलाई आगामी वर्ष पनि निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरिएको छ।

**२८.** ख्वप अस्पताललगायत अन्य विशिष्ट अस्पतालहरूको प्राविधिक सहयोगमा महिलाहरूको पाठेघर परीक्षण, दमखोकी, दाँत तथा नाक कान घाँटी, आँखालगायतका रोगहरूको निःशुल्क स्वास्थ्य शिविरहरू समुदाय र विद्यालय तहमा निरन्तर सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ।

**२९.** घरदैलो नर्सिङ सेवासँगै विद्यालयहरूमा विद्यालय नर्सको व्यवस्थाको लागि आवश्यक प्रबन्ध गरिएको छ।

## सम्पदा र संस्कृति संरक्षण :

**३०.** भक्तपुरको सम्पदा र संस्कृति हाम्रो पहिचान हो। यसलाई आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षक गन्तव्यस्थलको रूपमा विकास गर्ने हेतुले यहाँका मूर्त र अमूर्त सम्पदा संरक्षण गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

**३१.** भनपा वडा नं. ३ स्थित ऐतिहासिक थन्थु दरबार पुनः निर्माणका लागि २ करोड र इन्द्रायणी द्यःछैं पुनः निर्माणको लागि २० लाख रुपैयाँ थप विनियोजन गरिएको छ। वडा नं. ४ मा रहेको लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माणका लागि ८५ लाख, इखालाछी मठ पुनःनिर्माणका लागि ५० लाख र हाडा छैं पुनःनिर्माणको लागि ३० लाख रुपैयाँ थप विनियोजन गरिएको छ।

**३२.** भनपा वडा नं. ७ मा सांस्कृतिक सङ्ग्रहालय निर्माणका लागि ५० लाख र वडा नं. २ मा कोसेली घर निर्माणका लागि ५० लाख रुपैयाँ विनियोजन गरिएको छ। वडा नं ६ स्थित छुमा गणेश द्यःछैं पुनःनिर्माणका लागि ५० लाख थप विनियोजन गरिएको छ।

**३३.** भनपा वडा नं. २ स्थित भक्तपुर क्राफ्ट सेन्टरलाई

पुनः सञ्चालनमा ल्याई हस्तकलाको अभिवृद्धि गरिने छ।

**३४.** त्यस्तै नगरपालिकाका महत्त्वपूर्ण सम्पदा क्षेत्रमा विभिन्न कारणले लामो समयदेखि निजी घरहरू जीर्णोद्धार तथा पुनःनिर्माण नगरिँदा सम्पदामाथि क्षति पुग्ने र नगरको मौलिक सौन्दर्यतामा आँच आउन सक्ने हुँदा सम्बन्धित घरधनीले घर नबनाएको अवस्थामा नगरपालिका आफैले लगानी गरी ती घरहरू बनाउन ४० लाख रुपैयाँ विनियोजन गरिएको छ। पछि सम्बन्धित घरधनीले उक्त घर फिर्ता लिन चाहेमा लागत खर्च व्यहोरेर तथा अन्य आवश्यक प्रकृया पूरा गरी फिर्ता लिन सकिने व्यवस्था मिलाइएको छ।

**३५.** नःपुखुको पर्खाल निर्माण, नारमला फल्चा, मंगल तीर्थस्थित छग देगः, सिचु फल्चा, मचो भैरव पाटी, सकुलानस्थित पालिफः फल्चा, बेखाल पोखरीको पाटीलगायत दशओटै वडाका सम्पदाहरू जीर्णोद्धार तथा पुनःनिर्माणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

**३६.** विश्व सम्पदा क्षेत्र तथा पुरानो नगर क्षेत्रमा मौलिक स्वरूपलाई कायम राख्न परम्परागत शैलीमा घर बनाउने घरधनीहरूलाई दिँदै आएको आर्थिक अनुदानलाई निरन्तरता दिने नीतिअनुरूप आगामी आर्थिक वर्षमा ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ।

## कृषि :

**३७.** भक्तपुर कृषकहरूको बाहुल्यता भएको नगर हो। किसानहरूको सूचिकरणसँगै यहाँका कृषकहरूका लागि आधुनिक कृषि खेती तालिम, उन्नत बीऊविजन र कृषि औजार व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

**३८.** कृषि उत्पादनहरूको भण्डारण एवं बजारीकरणका लागि वडा नं. ८ लिवालीमा शीत भण्डार निर्माण गर्न १ करोड रुपैयाँ, वडा नं. ५ मा तरकारी बजार निर्माण गर्न ७० लाख रुपैयाँ थप विनियोजन गरिएको छ। उन्नत बीउविजन तथा रैथाने बाली संरक्षणसहितका लागि कृषि अनुसन्धान केन्द्र स्थापना गर्न रु. २० लाख विनियोजन गरिएको छ। त्यस्तै आफ्नै प्रयोगशाला र कृषि विद्यालय स्थापना गर्न बजेटको व्यवस्था गरिएको छ।

**३९.** नगरको उपयुक्त स्थानमा सफा र व्यवस्थित वधशाला निर्माण गर्न रु. १० लाख बजेट राखिएको छ।

## खानेपानी :

**४०.** भक्तपुरको भौगोलिक अवस्थितिलाई मध्यनजर गर्दा खानेपानी नगरवासीहरूको अत्यावश्यक विषय हुँदाहुँदै नगरपालिकाको निम्ति अत्यन्तै चुनौतीको रूपमा रहेको छ। यद्यपि, नपाले खानेपानी उपलब्ध गराउन सरोकारवाला सरकारी कार्यालय तथा संस्थाहरूसँग निरन्तर समन्वय गर्दै काम गरिरहेको छ।

**४१.** नगरमा खानेपानीको पूर्वाधार निर्माण तथा आकाशे पानी सङ्कलन विधिका लागि रु. १ करोड विनियोजन गरिएको छ।

**४२.** वडा नं. १० मा डिप बोरीङ गर्न रु. २५ लाख, वडा नं. १ को सिंहख्वातेमा डिप बोरिङ गर्न रु. २० लाख र वडा नं. ९ को तुमचोमा खानेपानी पूर्वाधार निर्माण गर्न रु. २५ लाख बजेट राखिएको छ।

## वातावरण सुधार तथा फोहोरमैला व्यवस्थापन :

**४३.** यस नगरपालिकाले फोहोरमैला व्यवस्थापनका लागि आफ्नै जनशक्तिमार्फत अध्ययन अनुसन्धान गरी फोहोरबाट प्राङ्गारिक मल उत्पादन र पुनः प्रयोगका उपायहरू अवलम्बन गर्दै आएको छ। यस कार्यलाई थप प्रभावकारी बनाउन आगामी आर्थिक वर्षका लागि पूर्वाधार निर्माणमा रु. २ करोड १० लाख विनियोजन गरिएको छ।

**४४.** हनुमन्ते खोला सुधार गर्नका लागि रिटेनिङ वाल निर्माणलगायतका कार्य गर्न १ करोड रुपैयाँ विनियोजन गरिएको छ।

**४५.** ऐतिहासिक तीर्थस्थल तथा घाटहरू सुधारका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

## भौतिक पूर्वाधार निर्माण :

**४६.** भनपा वडा नं. ६ स्थित देकोचामा अरनिको सभाभवन निर्माणका लागि नगरपालिकाबाट रु. ३ करोड २० लाख र बागमती प्रदेश सरकारबाट रु. ८० लाख गरी कुल ४ करोड विनियोजन गरी बहुवर्षिय योजनाका रूपमा अघि बढाइएको छ।

**४७.** कमलविनायक बहुउद्देश्यीय भवन निर्माण कार्यका लागि रु. ४ करोड विनियोजन गरिएको छ। वडा नं ९ तौलाछेँ वाथिकुथि (लिवि)मा बहुउद्देश्यीय सामुदायिक भवन निर्माण कार्यका लागि रु. २५ लाख विनियोजन गरिएको छ।

**४८.** यस नगरपालिकाभित्र रहेका सडक कालोपत्रे, सडक पूर्वाधार निर्माणसहित सडक स्तरोन्नतिका लागि २ करोड रुपैयाँ विनियोजन गरिएको छ।

**४९.** सडक बोर्डबाट प्राप्त हुने रकमबाट सबै वडामा पूर्वाधारका योजना सञ्चालन गर्न रु. १ करोड २८ लाख विनियोजन गरिएको छ।

**५०.** प्रत्येक वडास्तरीय योजनाको मर्मत, निर्माण तथा

स्तरोन्नतिका लागि ५०/५० लाख गरी कुल ५ करोड रुपैयाँ विनियोजन गरिएको छ।

## खेलकुद पूर्वाधार :

**५१.** वडा नं. ७ मा रहेको महेश्वरी स्टेडियम निर्माणमा रु. १ करोड ५० लाख, बेखाल कभर्ड हल निर्माणमा रु. १ करोड र शहीद स्मृति खेल मैदानको विस्तृत परियोजना प्रतिवेदन निर्माणमा रु. २५ लाख विनियोजन गरिएको छ।

**५२.** नगरभित्रका उपयुक्त पोखरीहरूलाई पौडी पोखरीको रूपमा विकास गर्न रु. ५० लाख विनियोजन गरिएको छ।

**५३.** अन्तर नगर खेलकुद प्रतियोगिता तथा विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सञ्चालनका लागि आवश्यक बजेट छुट्याइएको छ।

## विविध योजना तथा कार्यक्रमहरू :

**५४.** यस नगरपालिकाभित्र रहेका पर्ति तथा सार्वजनिक जग्गा संरक्षणका लागि रु. २० लाख विनियोजन गरिएको छ ।

**५५.** भक्तपुर नगरपालिकाबाट सञ्चालित देको मिवा इटापाके आवास योजनाका लागि रु. १८ करोड विनियोजन गरिएको छ।

**५६.** यस नगरपालिकाको आफ्नै ख्वप टेलिभिजन स्टुडियो निर्माण तथा सञ्चालनका लागि रु. ७० लाख तथा एफ. एम. सञ्चालनका लागि रु. ३० लाख गरी कुल रु. १ करोड विनियोजन गरिएको छ।

**५७.** नगरपालिकाले यसै वर्षदेखि पार्किङ व्यवस्थापन गर्न शुरुवात गरेकोमा यसलाई थप व्यवस्थित गर्न पार्किङ पूर्वाधार निर्माणमा रु. ५० लाख विनियोजन गरिएको छ।

**५८.** नगरका विभिन्न स्थानमा सिसिटिभी जडान गर्दै आएकोमा दत्तात्रय-च्यामासिंह-भानेसम्म र जगाती-कमलविनायक-लान्चा फल्चासम्म सिसिटिभी प्रणाली जडान गर्न रु. २३ लाख विनियोजन गरिएको छ। भनपा ६ वडामा ज्येष्ठ नागरिकहरूका लागि आदर निकेतन भवन निर्माण गर्न थप रु. ५० लाख विनियोजन गरिएको छ।

**५९.** नगरवासी युवाहरूलाई लक्षित गरी युवा उद्यमशील ऋणको व्यवस्था गर्न रु. ५ करोड बराबरको ऋण कोषको व्यवस्था गरिएको छ।

**६०.** नगरपालिकालाई आवश्यक जग्गा खरिदका लागि १ करोड रुपैयाँ र जग्गा तथा घरभाडाका लागि ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ।

**६१.** नगरभित्रका मुख्य मुख्य सडकमा बिजुली बत्तीको व्यवस्थापन गर्न रु. २५ लाख विनियोजन गरिएको छ। प्राकृतिक विपत्तीहरूबाट हुने क्षति न्यूनीकरण गर्न तथा राहत, उद्धार र पुनःस्थापनाका लागि रु. ५० लाख छुट्याइएको छ ।

यसप्रकार आगामी आर्थिक वर्ष २०८०/८१ का लागि कुल विनियोजित बजेट २ अर्ब २६ करोड ८५ लाख ९४ हजार रहने अनुमान गरिएको छ। विनियोजित योजना तथा कार्यक्रमहरूको विस्तृत विवरण अनुसुचिमा संलग्न छ।

आगामी आ.व. का लागि यस नगरपालिकाको वडागत योजनाहरूको विवरण अनुसुचिमा संलग्न छ।

## सभाध्यक्षज्यू,

❖ श्रोतको सुनिश्चितता भएमा मात्र बजेटले अपेक्षा गरेका उपलब्धिहरू हासिल गर्न र नगरवासीहरूलाई सेवा सुविधा उपलब्ध गराउन सकिने भएकाले लक्ष्य अनुसारको राजस्व सङ्कलन हुन आवश्यक छ। अतः म यसै बजेट वक्तव्यमार्फत भक्तपुर नगरपालिकाका समस्त करदाताहरूमा समयमै तोकिएको कर रकम तिरी विकास तथा सेवा सुविधाको हकदार बन्न हार्दिक अपिल गर्दछु।

❖ नगरपालिकाको सीमित श्रोत साधनको अधिकतम उपयोग गरी बजेट तयार गर्दा नगरवासीहरूका सबै चाहना र आवश्यकताहरू एकैचोटि सम्बोधन गर्न सकिने अवस्था रहँदैन। प्राथमिकता र आवश्यकताका आधारमा श्रोत साधनको उपलब्धता र सुनिश्चिततालाई मध्यनजर गरी यो बजेट तथा कार्यक्रम तयार गरिएको हो।

❖ बजेट तर्जुमा सँगसँगै यसको सफल कार्यान्वयन अर्को महत्त्वपूर्ण पाटो हो। योजना तथा कार्यक्रमहरू समयमै प्रभावकारी रूपमा सञ्चालनमा आउन सकेमा मात्र बजेटले अपेक्षा गरेको उपलब्धि हासिल हुने भएकोले यस बजेटको समयमा नै प्रभावकारी कार्यान्वयनका लागि सम्वद्ध सबैमा म हार्दिक अनुरोध गर्दछु।

❖ प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरू, आम सञ्चार जगत, नगरवासी दाजुभाइ तथा दिदी बहिनीहरू, प्रमुख प्रशासकीय अधिकृतज्यूलगायत समग्र कर्मचारी मित्रहरूलाई धन्यवाद व्यक्त गर्दछु। भक्तपुरको विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने नेपाल सरकार, बागमती प्रदेश सरकार, सरोकारवाला सहयोगी सङ्घ संस्था एवं नगरवासीहरूमा भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर साथ र सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु। धन्यवाद !

मिति : २०८०।०३।१० गते

## चौथो बैठक

# भक्तपुर नपाको बजेटमाथि छलफल

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको चौधौँ नगरसभाको बैठक असार १२ गते पनि चालु रह्यो। उक्त बैठकमा भक्तपुर नपाको आ.व. २०८०/८१ को बजेटमाथि छलफल भयो।




बैठकमा नगर प्रमुख प्रजापतिले नगरसभा भनेको नगरवासीहरूको प्रतिनिधित्व हुने र नगरवासीको भावना छलफल हुने प्राज्ञिक थलो भएको बताउनुहुँदै वडाको विकास निर्माण सँगसँगै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयबारे छलफल गर्ने थलो पनि भएको बताउनुभयो।

समसामयिक विषयमा बोल्दै प्रमुख प्रजापतिले नागरिकता विधेयक सिङ्गो देशको सार्वभौमिकता र स्वतन्त्रतासित जोडिएको विषय भएको बताउनुहुँदै नागरिकताजस्तो संवेदनशील विषयलाई सामान्य रूपमा लिएको खण्डमा नेपालीहरूले आफ्नै देशमा शरणार्थी जीवन बिताउनुपर्ने अवस्था आउने सम्भावना रहेको बताउनुभयो।

सभाको आजको बैठकमा भक्तपुर नगरपालिकाको आ.व. २०८०/०८१ को बजेटमाथि भएको दफावार छलफलमा सभासद्हरूले भक्तपुर नगरपालिकाको आ.व. २०८०/०८१ को प्रस्तावित बजेट स्वागतयोग्य र प्रशंसनीय भएको बताउनुभयो।

छलफलमा भाग लिँदै सभासद् **रामसुन्दर बासी**ले भक्तपुरको लिबालीस्थित तःमुंज्या चोक व्यवस्थित गर्नुपर्ने, वडा नं. ८ स्थित शिशुस्याहार केन्द्र अन्य उपयुक्त ठाउँमा स्थानान्तरण गर्नुपर्ने र महेश्वरी खेलमैदान, शहीद स्मृति खेलमैदान र अरनिको सभाभवन निर्माण कार्यलाई यस आ.व.मा सुरुवात गर्नुपर्ने बताउनुभयो।

सभासद् **ज्ञानबहादुर मानन्धर**ले वडा नं. ९ स्थित सलाँ गणेश पोखरी मर्मत गर्नुपर्ने र पोखरीको बीच भागमा रहेको गणेशको मूर्ति पुनःस्थापना गर्नुपर्ने धारणा राख्नुभयो।

सभासद् **पुरुषोत्तम तमखू**ले देको मिवा इतापाके आवास योजना सम्पन्न गर्न राखिएको बजेट अपुग भएको र जगन्नाथ क्षेत्र उत्खननको लागि बजेट विनियोजन हुनुपर्ने धारणा राखनुभयो।

त्यस्तै सभासद् **कृष्णगोपाल चौगुठी**ले बाराही द्यःछेँ अगाडि रहेका मूर्तिहरू सुरक्षित राख्नुपर्ने, नगर प्रवेश गर्ने दक्षिण भेगमा मौलिक प्रवेशद्वार निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने विचार राख्नुभयो।



सभासद् **नारायणप्रसाद त्वानाबासु**ले नपालाई आवश्यक जग्गा खरिदका लागि छुट्याइएको बजेट अपुग भएको र वडा नं. ५ को वडा कार्यालय पुनःनिर्माण गर्नुपर्ने धारणा राख्नुभयो।

सभासद् **श्यामसुन्दर मातां**ले बजेट अभावका कारण देको मिवा इतापाके आयोजनाको काम हुन नसकिरहेको बताउनुहुँदै भनपा साविक वडा नं. १५ को वडा कार्यालय भवन स्वास्थ्य केन्द्रको रूपमा प्रयोगमा ल्याउनुपर्ने सुझाव राख्नुभयो।

सभासद् **हेरा ख्याजू**ले फोहोर सङ्कलन व्यवस्थित गर्न वडा वडामा बाल्टिन वितरण गर्नुपर्ने, सभासद् **जितेन्द्र मुनंकर्मी**ले विकास निर्माणको बजेट कटौती गरी खानेपानीको लागि बजेट बढाउनुपर्ने, सभासद् **गोविन्द दुवाल**ले कृषिलाई प्राथमिकतामा राखी आधुनिक कृषितर्फ किसानहरूलाई आकर्षित गर्नुपर्ने, नयाँ खानेपानीको मुहान र स्रोत पहिचान गर्नुपर्ने विचार राख्नुभयो।

सभाको विशेष समयमा सभासद्हरू सिद्धिराम अवाल, कृष्णनारायण दुमरु, हेरा ख्याजु, सूर्यप्रसाद श्रेष्ठ, राजकुमार शिल्पकार, मन्जुमैंया लाखा, कृष्णलाल किसी, इन्द्रबहादुर प्याथ, रिता फसिकव, विष्णुकेशरी दुवालले नगरको शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, खानेपानीलगायतका स्थानीय समस्याहरू र अन्य समसामयिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयहरूमा आ–आफ्नो धारणा राख्नुभयो।

सभामा उठेका जिज्ञासामाथि वातावरण समितिका संयोजक **रबिन्द्र ज्याख्व**, शिक्षा, संस्कृति स्वास्थ्य समितिका सदस्य **योगेन्द्रमान बिजुक्छेँ**, निर्माण समितिका संयोजक **उकेश कवां**ले सम्बन्धित विषयमा प्रष्ट पार्नुभयो।

नगरसभाको अर्को बैठक २०८० साल असार १५ गते शुक्रबार दिनको १ बजे बस्ने गरी स्थगित भयो।

# पाँचौं बैठक

## बजेटमाथिको दफावार छलफल चालु



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा बसेको चौधौं नगरसभाको बैठक असार १५ गते पनि चालु रह्यो ।

आजको बैठकमा भक्तपुर नगरपालिकाको आ.व. २०८०/०८१ को बजेटमाथि भएको दफावार छलफलमा सिद्धिराम अवाल, हेरा ख्याजू, रिता फसिकवा, इन्द्रबहादुर श्रेष्ठ, रामसुन्दर बासी र तारादेवी शाक्य गरी ६ जना सभासद्‌हरूले भाग लिनुभएको थियो ।

छलफलमा भाग लिँदै सभासद् **तारादेवी शाक्य**ले कमलविनायकदेखि लान्चा फल्चासम्मको सडकको दुवैतिर पेटी, सडक बत्ती र वृक्षारोपणको लागि बजेट आवश्यक भएको, सभासद् रामसुन्दर बासीले वडागत योजनाको लागि रु. ५० लाख अपुग भएको, सभासद् **इन्द्रबहादुर प्याथ**ले आ.व. २०८०/८१ को लागि कर टोलीको व्यवस्था गर्नुपर्ने, सभासद् **सिद्धिराम अवाल**ले आर्युवेदिक उपचार विधिलाई प्राथमिकतामा राख्नुपर्ने, सभासद् **हेरा ख्याजु**ले भनपा ७ स्थित सिद्धि शारदा आ.वि.को भवन पुन:निर्माण गर्नुपर्ने र सभासद् **रिता फसिकवा**ले कर सङ्कलनको लागि घुम्ती कर टोलीको व्यवस्था हुनुपर्नेलगायतका सुझाव दिनुभयो ।

सभाको अर्को बैठक २०८० असार २० गते बुधबार दिनको १ बजे बस्ने गरी स्थगित भयो ।




*विसं १९६० मा बनेको सिंहदरबार २०३० असार २५ गते भीषण आगलानीमा परेर उत्तरी, दक्षिणी र पूर्वी मोहडा ध्वस्त भएको थियो । चित्र: इन्टरनेट*

# छैठौं बैठक

## आ.व. २०८०/८१ को बजेट सर्वसम्मतिले पारित

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा असार २० गते बसेको चौधौं नगरसभाको बैठकले आर्थिक विधेयक २०८०, विनियोजन विधेयकसहित आ.व. २०८०/८१ को लागि भक्तपुर नगरपालिकाको बजेट सर्वसम्मतिले पारित गर्‍यो ।




नगरपालिकाका उपप्रमुख रजनी जोशीले असार १० गते नगरपालिकाको लागि भक्तपुर नगरपालिकाको रु. २ अर्ब २६ करोड ८५ लाख ९४ हजारको बजेट प्रस्तुत गर्नुभएको थियो ।

सभामार्फत नगर प्रमुख **प्रजापति**ले आ.व. २०८०/८१ का लागि भक्तपुर नपाको बजेटमाथि भएको छलफलमा भाग लिई आवश्यक सुझाव, जिज्ञासा र समर्थन गरी सहयोग गर्नुभएकोमा सभासद्‌हरूलाई धन्यवादज्ञापन गर्नुहुँदै लामो समयदेखि प्रतिक्षारत ख्वप विश्वविद्यालय स्थापनाको लागि संसद्‌बाट विधेयक पारित गराउन भक्तपुर नगरपालिकाले निरन्तर जोड दिने बताउनुभयो ।

उहाँले ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनको स्मरण गर्नुहुँदै सदाचारिता र मितव्ययिताबारे जनप्रतिनिधिहरू सचेत रहनुपर्ने विषयमा प्रकाश पार्नुभयो ।


बजेटमाथि भएको छलफलमा उठेका जिज्ञासाहरूमाथि प्रष्ट पार्नुहुँदै उपप्रमुख **जोशी**ले नगरका सबै वडाहरूमा शिशुस्याहार केन्द्र स्थापना र सञ्चालन गर्न आवश्यक अध्ययन भइरहेको, कृषि विकासको लागि कृषक सूचिकरण कार्य अगाडि बढिरहेको, करको दायरा समयसापेक्ष फराकिलो पार्दै लगिने, संस्थागत क्षमता विकासको लागि आवश्यक व्यवस्था गरिएको तथा नगरका विभिन्न स्थानहरूमा सीसी क्यामेरा जडान र सडक बत्ती व्यवस्था गरी शान्ति सुरक्षाको लागि आवश्यक कार्यहरू भइरहेको कुरा सभासमक्ष अवगत गराउनुभयो ।



उक्त बैठकले भक्तपुर नगरपालिकाको **काठ, ईंटा र झिँगटी खरिद अनुदानसम्बन्धी कार्यविधि २०७५** मा संशोधन प्रस्ताव र भक्तपुर नपाको **लेखा समितिको प्रतिवेदन, २०८०** सर्वसम्मतिले पारित गर्‍यो ।

सभाको अर्को बैठक असार २५ गते सोमबार दिनको १ बजे बस्ने गरी स्थगित भयो ।

## ब्लड सुगर परीक्षण



भक्तपुर नपाद्वारा सञ्चालित घरदैलो नर्सिङका नर्स तथा महिला स्वास्थ्य स्वयम्‌सेविकाहरू गोल्मढीमा असार २० गते ब्लड सुगर परीक्षण तथा अभिमुखीकरण गर्दै ।

# ‘देशघाती नागरिकता विधेयक खारेज नभएसम्म नेपाली जनताले आन्दोलनलाई जारी राख्नेछन्’

– सुनिल प्रजापति




राष्ट्रपति संविधानका संरक्षक हुन् । वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले देशघाती नागरिकता विधेयक प्रमाणित गर्नु संविधानविपरीत छ । राष्ट्रपतिले संविधानविपरीत काम गरेमा कसले कारबाही गर्छ ? प्रधानमन्त्री ‘प्रचण्ड’ भारत भ्रमणकै दिन पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणित गर्न अस्वीकार गरेको विधेयक प्रमाणित गर्नुले राष्ट्रपतिले भारतीय शासक वर्गको चाकरी गरेको प्रस्ट हुन्छ । नेपाली शासकहरू जो आए पनि भारतकै इशारामा चल्छन् भन्ने कुरा फेरि एक पटक पुष्टि भएको छ । नेपाल मजदुर किसान पार्टी हरेक आन्दोलन र विरोध कार्यक्रमलाई जनताको चेतनास्तर उठाउने राजनैतिक कक्षा सञ्चालन गर्ने अभियानको रूपमा लिन्छ । यो विरोध सभा पनि त्यसको सिलसिला हो ।

नागरिकता व्यक्ति र राज्यबीच सम्बन्ध जोड्ने दस्तावेज हो । कुनै पनि देशले आफ्ना नागरिकलाई नागरिकता प्रदान गर्नुको अर्थ त्यस देशको आर्थिक, राजनैतिक र सांस्कृतिक अधिकारका हकदार बनाउनु हो । नागरिकले पाउने अधिकार कुनै पनि विदेशीले प्राप्त गर्न सक्दैन । त्यसकारण, अरू सबै अधिकार दिए पनि राज्यले नागरिकताको मामिलामा कडाइ गर्नुपर्छ । आफ्नो देशका नागरिकले सजिलै पाउने र विदेशीलाई नागरिकता नै नदिने व्यवस्थाले मात्रै देशको सार्वभौमिकता रक्षाको निम्ति मद्दत गर्छ ।

## नागरिकता विधेयकको विरोध किन ?

मुख्यतः, नागरिकता विधेयकमा रहेका ३ ओटा बुँदाहरू राष्ट्रलाई गम्भीर असर पर्ने खालका छन् –

१) अङ्गीकृत नागरिकका सन्तानलाई वंशजको नागरिकता दिने व्यवस्था विधेयकको सबभन्दा घातक पक्ष हो । लाखौँ भारतीय नागरिकहरूले नेपाली नागरिकता पाइसकेका छन् । ती अङ्गीकृत नागरिकहरूले रोजगारी, जागिर, व्यापार गर्न, निर्वाचित वा मनोनित पदमा नियुक्त हुने अधिकार राख्छन् । नेपालको संविधानको धारा २८९ ले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, राष्ट्रियसभाका अध्यक्ष, सभामुख, सुरक्षा निकायका प्रमुखहरू, प्रधान न्यायाधीश, मुख्यमन्त्रीजस्ता पदहरूमा वंशजकै नागरिक हुनुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ । भारतीय नागरिकहरू अहिले नै उपप्रधानमन्त्री, मन्त्री र सांसद बनिसकेका छन् । अब संविधानले निषेध गरेको पदमा पुग्न नै नागरिकता ऐनमा संशोधन गर्न चाहेका हुन् । अहिलेको संशोधनले भारतको त्यो इच्छा पूरा गरिदिएको छ ।

प्रधानमन्त्री ‘प्रचण्ड’ले २०८० जेठ १७ देखि २० गतेसम्म भारत भ्रमण गर्नुभयो । लामो समयदेखि भारतले चाहेको नागरिकता विधेयक पारित गरेर खुसीको खबर भारतीय शासकहरूलाई सुनाएर फर्कनुभयो । आफ्ना मालिकलाई खुसी पार्न कतिसम्म देशघात गर्न तयार हुन्छन्, ‘प्रचण्ड’ एक उदाहरण बनेका छन् ।

२) विवाह गर्नेबित्तिकै विदेशी महिलालाई नेपाली नागरिकता दिने व्यवस्था अर्को देशहित विपरीतको प्रावधान हो । नेपाल संसारको पहिलो र दोस्रो जनसङ्ख्या बढी भएको देशको बीचमा रहेको कुरा शासकहरूले बिर्सनुहुँदैन । अहिले भारत संसारको सबभन्दा बढी जनसङ्ख्या १ अर्ब ४० करोडभन्दा बढी भएको र चीन त्यो भन्दा केही लाख कम भएको भन्ने तथ्याङ्क छ । पूर्व, पश्चिम र उत्तर तीनतिर नेपाल भारतले घेरिएको छ । ती सबैतिर खुला सिमाना छ । खुला सीमाबाट दैनिक हजारौँ नागरिकहरू बेरोकतोक आवतजावत हुन्छन् । तराईका नागरिकहरूको भारतीयहरूसँगको विवाह सामान्य हो । ती सबैलाई विवाह हुनेबित्तिकै नागरिकता दिँदै जाने हो भने नेपालमा नेपालीहरू अल्पमतमा पर्ने दिन धेरै कुर्नुपर्ने छैन ।

भारतले ७ वर्षपछि, भुटानले १५ वर्षपछि, माल्दिभ्सले १२ वर्षपछि र बङ्गलादेशले ५ वर्षपछि मात्रै नागरिकताको लागि प्रक्रिया अगाडि बढाउने व्यवस्था गरेका छन् भने नेपाली शासकहरू यति हतार हुनुपर्ने कारण के हो ?

देशभक्त नेपालीहरूले नेपाल फिजीको बाटोमा अगाडि बढ्दै छ भनेर शासकहरूलाई निरन्तर खबरदारी गर्दै आएका छन्। फिजीमा सन् १९७७ मा नागरिकता नियमावलीमा संशोधन गरी भारतीय मूलका नागरिकलाई पनि फिजीको नागरिकता दिने व्यवस्था गरियो। २० वर्षपछि अर्थात् सन् १९९७ सम्ममा संसद्मै भारतीय मूलका सांसदहरूले बहुमत प्राप्त गरे र बम, बन्दुक वा कुनै हतियारबिना जनताको मतबाटै भारतीयहरूले फिजी कब्जा गरे। हाल प्रमाणीकरण भएको नागरिकता विधेयकले नेपालमा रहेका लाखौँ भारतीय नागरिकहरूले नागरिकता पाउने नै भए। अब हाम्रो राष्ट्रपति, प्रधानमन्त्री, मुख्यमन्त्री, प्रधानसेनापतिलगायत सबै पदमा भारतीय मूलका नागरिक पुग्न बाटो खुलेको छ।

२०६३ सालमा तीन जनाले सिफारिस गरेको आधारमा नागरिकता दिने प्रावधान भित्र रहेर लाखौँ भारतीय नागरिकहरूले नेपाली नागरिकता पाए। भारतका कुख्यात अपराधीहरू अलि असरफ अन्सारी, निरन्जन होजाइ, बङ्गलादेशका असिम अन्सारीलगायत २५ जनाको नाम त्यतिबेला सार्वजनिक भएको थियो। ती सबै नेपाली नागरिकता लिएर विभिन्न देशमा आपराधिक गतिविधिमा सकृय छन्।

२०६८ सालमा डा. बाबुराम भट्टराई प्रधानमन्त्री भएको बेला तत्कालीन गृहमन्त्री विजयकुमार गच्छदारले सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई अङ्गीकृत नागरिकका सन्तानहरूलाई वंशजको नागरिकता दिन निर्देशन दिएका थिए। झापाका प्रमुख जिल्ला अधिकारीले ठाडो आदेश कार्यान्वयन गर्न नसकिने जवाफ दिएपछि उनलाई दाङ सरुवा गरेको घटना नेपाली जनताले बिर्सेका छैनन्।

**३)** गैरआवासीय नेपालीहरूलाई नेपाली नागरिकता दिने व्यवस्थाले अब नेपालीहरूको सङ्ख्या ह्वात्तै बढ्नेछ। ६०/७० लाख नेपालीहरू विदेशमा गएर काम गरिरहेका छन्। तीमध्ये धेरै जना नेपाली नागरिकता त्यागी त्यहींको नागरिकता लिएर बसिरहेका छन्। वर्तमान नागरिकता कानुनले ती सबैलाई आर्थिक, सांस्कृतिक र सामाजिक अधिकार प्रदान गर्ने भएको छ। यसले विदेशमा बसेका लाखौँ गैरआवासीय नेपालीहरूले दोहोरो नागरिकता पाउने छन् र नेपालको राजनीतिमा त्यसको ठूलो प्रभाव पर्नेछ।

वर्तमान 'प्रचण्ड' नेतृत्वको सरकारले नीति तथा कार्यक्रममा विदेशमा बसेका नेपालीहरूलाई पनि मताधिकार दिने घोषणा गरिसकेको छ। विदेशमा बसेकाहरूलाई नागरिकता दिने र मताधिकार दिने भएपछि अब नेपालको राजनीतिमा विदेशी हस्तक्षेप सशक्त रूपमा अघि बढ्नेछ। मताधिकार आफै राजनैतिक अधिकार हो। मतदाता भएको व्यक्तिले उम्मेदवार हुने अधिकार पनि राख्छ। त्यस्ता लाखौँ मानिसहरू भएपछि निश्चित सङ्ख्यामा विदेशमा बसेका मानिसहरूबाट सांसद निर्वाचित गर्नुपर्ने अवस्था आउनेछ। विदेशको प्रभावमा बसेकाहरू नेपालको राजनीतिमा हालीमुहाली हुने दिनमा नेपालीहरू विदेशबाट शासित हुनुको विकल्प हुनेछैन। समयमै नेपालीहरूले विचार गर्नु आवश्यक छ।

भारतको प्रभावमा परेका तराईका नेताहरू नागरिकता मुद्दा भजाएर २०४६ सालदेखि अहिलेसम्म धेरै उपप्रधानमन्त्री, मन्त्री, सांसद बनिसके। नागरिकता मुद्दा झन्झन् जटिल बन्दै छ। भारतीय शासकवर्ग नेपाललाई कमजोर बनाउन र सधैँ उसको नियन्त्रणमा राख्न नागरिकतालाई स्थायी मुद्दा बनाई राख्न चाहन्छ। नेपाललाई भारतले कहिल्यै स्वतन्त्र र सार्वभौम देशको रूपमा हेरेको छैन। उसले सधैँ सिक्किम जस्तै आफ्नै प्रान्तको रूपमा व्यवहार गर्दै छ।

धेरै जनसङ्ख्या भएको कारण भारतलाई खानेपानी, खाद्यान्न, लताकपडा त्यही अनुपातमा आवश्यकता पर्नेछ। त्यसको व्यवस्थापनको लागि नेपाल आफ्नो नियन्त्रणमा राख्नु उसले राम्रो विकल्प देखेको छ। नेपाल जलस्रोतमा धनी देश भएर पनि नेपाली जनताले न राम्रो बिजुली बाल्न पाएका छन् न खानेपानी र राम्रो सिँचाइको बन्दोबस्त छ। नेपालको महत्त्वपूर्ण जलस्रोतहरू जलविद्युत् परियोजनाको नाउँमा भारतको कब्जामा परिसकेको छ। चीनको कम्पनी श्री गर्जेजले पश्चिम सेती जलविद्युत् आयोजना ठेक्का पायो। तर, भारतले विदेशीले बनाएको बिजुली खरिद नगर्ने बताएपछि नेपाल सरकारले त्यो ठेक्का तोडेर भारतलाई दिन बाध्य भयो। त्योसँगै अरुण तेस्रो, चौथो र त्यसअघि नै महाकाली, गण्डक, कोसी र माथिल्लो कर्णालीजस्ता असमान सन्धिहरूमार्फत कब्जा गरिसकेको थियो।

२०४६ सालपछिका शासकहरू लेण्डुप दोर्जेका

नयाँ अवतारको रूपमा देखा पर्दै छन् । आजका शासकहरूले बुझ्नुपर्छ – लेण्डुपलाई सिक्किम विलयपूर्व तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले रातो कार्पेटले स्वागत गर्थे । जब सिक्किम हस्तान्तरण गऱ्यो त्यसपछि कुकुरलाई जस्तै व्यवहार गरेको उनले आफ्नै संस्मरणमा लेखेका छन् । नेपालका कलकारखाना कौडीको मूल्यमा भारतीय एकाधिकार पुँजीको हातमा सुम्पने र सम्पूर्ण कुरा भारत निर्भर बनाउने नयाँ लेण्डुपहरूलाई नेपाली जनताको खबरदारी छ ।

आज कृषि प्रधान देशमा चामल र तरकारी तथा फलफूल वर्षमा खर्बौं रुपैयाँको आयात गर्नुपर्ने अवस्था छ । विद्यार्थीहरू नेपालमा उच्च शिक्षा पढ्ने चाहना राख्दैनन् । चालू वर्षको १० महिनामा मात्रै उच्च शिक्षा पढ्न झन्डै ९० हजार विद्यार्थीले शिक्षा मन्त्रालयबाट 'नो अब्जेक्सन लेटर' लिएको र तिनीहरूबाट ६७ अर्बभन्दा बढी नेपाली रुपैयाँ बाहिर गएको बताइएको छ । नेपाली युवा बेच्नेहरू, किसानहरूको तरकारी खेतमै कुहाउने र विदेशबाट खाद्यान्न आयात गर्न बाध्य पार्ने नेपाली शासक दलहरू नै नेपालको स्वतन्त्र अस्तित्वको लागि खतरा हुन् ।

अमेरिकासँग एमसीसीको सम्झौता गरेर नेपाललाई सैन्य रूपमा अमेरिकाको पक्षधर बनाएको छ भने नेपाललाई अमेरिकी सेनाको परेड खेल्ने स्थल बनाउँदै छ । अमेरिकी साम्राज्यवाद हतियार व्यापारी, आतङ्कवादका नाइके र युद्धको स्रोत भएको हुँदा नेपाली जनताले उसको विरोध गर्दै आएको हो । अमेरिका जहाँ उपस्थित हुन्छ, त्यहाँ जनताले दुःख पाएकै हुन्छ । इरान, इराक, अफगानिस्तान यसका उदाहरणहरू हुन् । एमसीसी पास गर्ने र राष्ट्रघाती नागरिकता विधेयक पारित गर्ने शासक दलका नेताहरू जो लेण्डुपका नयाँ अवतारहरू हुन् तिनीहरूलाई पनि फिटिक्क चल्ने बित्तिकै सदाम हुसेन र गदाफीलाई झैँ उनकै मालिकहरूले झुण्ड्याउने वा गोली ठोकेर हत्या गर्ने दिन आउनेछ । यो नेपाली जनताको तर्फबाट हाम्रो खबरदारी हो । नागरिकता ऐन र एमसीसी सम्झौता खारेज नभएसम्म नेपाली जनताको आन्दोलन जारी रहनेछ ।

(नेपाल मजदुर किसान पार्टीको आयोजनामा नागरिकता विधेयक प्रमाणीकरण र नेपालको लुम्बिनी र कपिलवस्तु गाभेर बनाइएको भारतीय नक्साको विरोधमा २०८० जेठ २१ गते आइतबार माइतीघरदेखि सुरु भएको विरोध जुलुस तथा भएको सभामा नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्यको सार– सम्पादक)

## प्रेरणीय

### राजाको सपना

राजर्षिका रूपमा परिचित राजा जनक कुनै समयमा प्रायः भोगविलासमा लिप्त रहन्थे । एकपटक उनी मस्त निद्रामा थिए । उनले एक भयानक सपना देखे । शत्रु देशका राजाको विशाल सेनाले उनको राजधानी मिथिलामा अचानक आक्रमण गऱ्यो । युद्धमा जनकको पराजय भयो । उनलाई शत्रु सेनाले बन्दी बनायो र आफ्ना राजासामु पेस गऱ्यो ।

विजयी राजाले आदेश दिए– पराजित राजा जनक जीवन चाहन्छन् भने निर्वस्त्र भएर आफ्नो राजधानीको बीचभाग हुँदै पैदलै आफ्नो देशको सीमाबाहिर जाऊन् । अन्यथा, यिनको वध गरियोस् । जनकले पहिलो विकल्प स्वीकारे । जनक निर्वस्त्र अवस्थामा राजधानी मिथिलाबाट बाहिर निस्किए । हिँड्दाहिँड्दा थकित भएका जनक एक रुखको फेदमा बसे र आफ्नो दुरवस्था देख्दा जोडले रुन थाले ।

निद्रामा रहेका राजालाई बेचैन अवस्थामा देखेर रानीले उनलाई बिउँझाएर बेचैनीको कारण सोधिन् । जनकले हडबडाउँदै रानीलाई सपनाको सबै विवरण सुनाए । राजाले देखेको सपनाबारे सुनिसकेपछि रानीले भनिन्– महाराज, जबसम्म तपाईं स्वप्नलोकमा हुनुहुन्थ्यो, तब स्वप्नका झूटा घटना पनि तपाईँलाई वास्तविक जस्ता लागिरहेका थिए ।

अहिले आँखा खुलिसकेपछि तपाईँलाई ती घटना क्षणिक र झूटा थिए भन्ने थाहा पनि भइसक्यो । सपनामा जसरी तपाईं आफ्नो दीनहीन अवस्थाका कारण शोकाकुल भइरहनुभएको थियो, कहीं जागृत अवस्थामा पनि तपाईँको हालत त्यस्तै त छैन ? महाराज जागृत अवस्थामा तपाईं जे गर्दै हुनुहुन्छ, त्यो सबै पनि स्वप्नवत् यथार्थ नै त हो । तर, यस कुराको महसुस तपाईँलाई सय वर्षको उमेर पार गरेर आत्मजागरण प्राप्त गरेपछि मात्र हुनेछ ।

राजा जनकले रानीका कुरा सुने, स्वप्न र जागृत अवस्थाको यस भुलभुलैयामाथि विचार गरे । रानीका कुराले उनका आँखा खोलिदिए । र, उनी उसै क्षणदेखि सारा भोगविलास त्यागेर 'राजा जनक'बाट 'राजर्षि जनक विदेह' बने । भोगीबाट योगी बने ।

# कृषि क्षेत्र : बजेटमा प्राथमिकता कार्यान्वयनमा उपेक्षा

विवेक

प्रदेश सरकारहरूले आ.व. २०८०/८१ को लागि असार १ गते बजेट प्रस्तुत गरे । अधिकांश प्रदेश सरकारको बजेटमा कृषिलाई प्राथमिकतामा राखेको पाइन्छ । 'एक टोल एक सामुहिक कृषि, एक पालिका एक उत्पादन क्षेत्र नमुना कार्यक्रम' (मधेश प्रदेश), 'प्रदेश सरकारको साझेदारी बाँझो रहन्न खेतबारी' (गण्डकी प्रदेश), 'स्मार्ट कृषि कार्यक्रमलाई निरन्तरता' (लुम्बिनी), 'एक प्रदेश निर्वाचन क्षेत्र एक प्राङ्गारिक मल कारखाना' (बागमती), अर्थमन्त्रीहरूद्वारा प्रस्तुत बजेटमा कृषि सम्बन्धी नाराहरू हुन् यी । कृषिलाई प्राथमिकतामा राखेर यस अघिका सङ्घ र प्रदेश सरकारहरूले धेरै पटक बजेट ल्याए तर त्यसको कार्यान्वयन पक्ष निकै कमजोर देखियो ।

नेपाललाई कृषि क्षेत्रमा मात्रै आत्मनिर्भर बनाउन सकेको भए देशको व्यापार घाटा यति चुलिने थिएन । हरेक वर्ष कृषि उपज वस्तुहरूको आयातको आकार बढेको बढ्यै छ । चामल, गहुँ, तरकारी, फलफूल, मासु र दुग्ध जन्य पदार्थ आयातका लागि वर्षको २ खर्बभन्दा बढी रकम बाहिरिन्छ । भारतले केही महिना गहुँ नपठाउँदा नेपालका सबै मैदा कारखाना, दाना उद्योग, चाउचाउ र बिस्कुट उद्योग बन्द हुने अवस्थामा पुग्यो । कृषि प्रधान देशमा यो जतिको लाजमर्दो विषय के हुन सक्छ ?

नेपाल कृषिमा आत्मनिर्भरमात्र होइन विदेश निर्यात गरेर मनग्य आम्दानी गर्न सक्ने सम्भावना भएको मुलुक हो । हाम्रा पहाडहरूमा प्रशस्त फलफूल खेती, पशुपालन गरेर त्यसबाट फलफूल, मासु उत्पादन गरेर विदेशसमेत निर्यात गर्न सकिन्छ । त्यसको लागि सरकारले त्यहाँका किसानहरूलाई आवश्यक तालिमको व्यवस्था गरी उत्साहित गर्नुका साथै ठाउँ ठाउँमा चिस्यान केन्द्र, फलफूल र दुग्ध उद्योग तथा ऊन प्रशोधन केन्द्रहरू स्थापना गरी रोजगारी प्रबर्द्धन गर्न सकिन्छ । तर, प्रदेश सरकारहरूको बजेटमा यस्ता कार्यक्रमहरू देखिँदैन । साथै तराई र पहाडी क्षेत्रका प्रशस्त जग्गा जमीनमा धान र गहुँ खेतीको सम्भावना भएर पनि त्यो अगाडि बढ्न सकेको छैन । यसको मुख्य कारण किसानहरूमा आधुनिक कृषिबारे ज्ञान नहुनु, सिँचाइको अभाव, मलको समस्या र युवाहरू विदेशीनु हो ।

## रसायनिक मल कारखाना खोल्नुपर्ने

कृषि प्रधान देशमा एउटा रसायनिक मल कारखाना स्थापना नहुनु विडम्बनाको कुरा हो । यस अघिका सङ्घ सरकारहरूले पनि नेपालमै मल कारखाना स्थापना गर्ने बजेट वक्तव्य मार्फत घोषणा नगरेका भने होइनन् तर त्यो कहिल्यै कार्यान्वयनमा अघि बढेन । २०७४ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले मल कारखाना स्थापना गर्ने घोषणा गरेका थिए । उनले रसायनिक मल कारखाना स्थापनाको लागि निजी क्षेत्रसँग साझेदारी गर्ने प्रस्ताव अघि बढाएको चर्चा चल्यो । निजी क्षेत्रले चासो नदेखाएपछि त्यो प्रकृया अघि बढ्न सकेन । यस्तो महत्त्वपूर्ण विषयमा निजी क्षेत्रले भन्दा सरकारले नै चासो लिनुपर्ने हो ।

नेपालजस्तो कृषि प्रधान देशको दीर्घकालीन समस्या समाधानको एक मात्र उपाय रसायनिक मल कारखाना स्थापना हो । भारतले मल पठाएपछि मात्रै नेपालमा खेती गर्नुपर्ने अवस्था आउनुले हाम्रो कृषि पूर्ण रूपमा भारतनिर्भर हुन पुग्यो । भारतले आफूलाई प्रशस्त स्टक गोदाममा भए पछि मात्रै नेपालमा पठाउने गर्छ । उसले पठाउने म्याद नाघेको, बिग्रेको, कमसल मलको कारण उत्पादनमा हरेक वर्ष ह्रास आउने गरेको कृषकहरूको अनुभव छ । यो भारतले नेपाललाई आत्मनिर्भर हुन नदिन चालेको षड्यन्त्र हुन सक्छ । नेपालमै मल कारखाना स्थापना भए किसानहरूले समयमै गुणस्तरीय मल पाउनुका साथै विदेश निर्यात गरेर राम्रो आम्दानी गर्न सकिन्छ । तर, सरकारका उच्च पदाधिकारीहरू मल कारखाना स्थापना गर्न खर्बौं बजेट चाहिने त्यो अनुपातमा नेपालमा कारखाना खोल्दा घाटामा जाने डर देखाएर लगानीमा निरुत्साहित गर्दै छन् । विदेशबाट मल झिकाएर वर्षको अर्बौं रुपैयाँ कमिसन खान पल्केका विदेशी 'एजेन्ट'हरूले नेपाल सरकारलाई उल्टो बाटोमा हिँडाइरहेका छन् । उनीहरू किसानहरू ५/१० किलो मलको लागि रातको समयमा र टन्टलापुर घाममा मुर्छा पर्ने गरी लाइनमा बस्नु पर्ने जनताको पीडा बुझ्दैनन् । आ.व. २०७७/७८ मा एक वर्षमा ३ खर्ब ३२ अर्ब रुपैयाँ बराबरको कृषिजन्य पदार्थ आयात गर्नु परेको देशको यथार्थ तस्बिरप्रति उनीहरू अनभिज्ञता जनाउँछन् र अझ बढी आयात होस् भन्ने कामना गर्छन् । जति बढी आयात त्यति बढी कमिसन । नेपाल सरकारका कृषि सल्लाहकारहरू त्यस्ता देशघाती सोचका भएसम्म नेपाल कृषिमा कहिल्यै आत्मनिर्भर हुन सक्दैन ।

## सिँचाइको व्यवस्था हुनुपर्ने

नेपाल पानीमा विश्वकै दोस्रो धनी देश भएर पनि कृषिको लागि आवश्यक सिँचाइको व्यवस्था छैन। बबही, रानी जमरा, सिक्टा सिँचाइ जस्ता नहरहरू निर्माण गरी सिँचाइको व्यवस्था गर्न खोजिए पनि सिक्टा नहर कार्यान्वयन नहुँदै भत्केको कारण विवादमा आएको छ। पूर्वको मेची नदीबाट नहर बनाएर पूर्व-पश्चिम राजमार्ग जस्तै देशका तराई भाग सबै समेट्ने गरी नहर बनाएको भए सम्पूर्ण तराईका जमीन हराभरा हुने र तराई साँच्चैको अन्नको भण्डारको रूपमा रूपान्तरण गर्न सकिने सम्भावना छ। नेपालका ५० प्रतिशत जमिनमा पनि सिँचाइको बन्दोबस्त छैन। नेपालको पानी भारतको लागि कृषि र खानेपानीमा प्रयोग हुँदैछ।

अहिले प्रदेश सरकारहरूले प्रदेश भित्र जग्गा जमीन बाँझो नराख्ने, एक पालिकामा एउटा प्राङ्गारिक मल कारखाना, वडा वडामा उत्पादनको नीति लिनु नराम्रो होइन। नेपालमा राम्रा राम्रा नारा दिन कोहीभन्दा कोही कम छैन। यस्ता नाराहरू पञ्चायतकै निरन्तरता हो। मुख्य कुरा कार्यान्वयन पक्ष हो। नाराले नै विकास हुने भए पञ्चायती शासकहरूले पनि ‘विकासको मूल फुटाउने’, ‘एशियाली मापदण्डमा पुऱ्याउने’ नारा दिएकै थिए तर त्यो कहिल्यै पूरा भएन।

## क्यूबाबाट हामीले किन नसिक्ने ?

क्युवा नेपालभन्दा सानो र जनसङ्ख्यामा पनि कम भएको समाजवादी देश हो। उखु खेतीमा प्रख्यात क्युवाको मुख्य आयको श्रोत चिनी हो। सन् १९५९ मा क्रान्तिपछि अमेरिकाले चिनी खरिद गर्ने कोटा घटाएपछि तत्कालीन सोभियत सङ्घसँग उसले सम्बन्ध विस्तार गऱ्यो। उसले सोभियत सङ्घलाई चिनी बिक्री गरी आफ्नो आवश्यकता पूरा गर्न थाल्यो। क्युवाले कृषिको निम्ति चाहिने रसायनिक मल, विषादी, आधुनिक बीउसमेत सोभियत सङ्घका विभिन्न ठाउँहरूबाट लिने गर्थ्यो। सन् १९९० मा सोभियत सङ्घमा पूँजीवादको पुनःस्थापना पछि क्युवाको चिनी खरिद गर्न निकै कम गऱ्यो। क्यूवालाई सं.रा. अमेरिकाले लामो समयदेखि नाकाबन्दी गरी राखेको छ। अमेरिकाले नाकाबन्दीलाई झन झन कडा गर्दै लग्यो र आत्मसमर्पण गराउने असफल प्रयास गऱ्यो। समाजवादी क्युवामा अन्न, तरकारी, फलफूलजस्ता वस्तुहरूको अभाव भएपनि अलिकति पनि विचलित भएन बरु ‘विशेष सङ्कटकाल’ घोषणा गरी कृषिमा आत्मनिर्भरताको नीति लियो। त्यहाँको कुनै पनि जमीन बाँझो नराख्ने, आफ्नो लागि आफै उत्पादनको नीति लिएपछि उत्पादनमा क्रमशः वृद्धि हुन थाल्यो। रसायनिक मलको अभावमा त्यसको विकल्पमा प्राङ्गारिक मलको अध्ययन अनुसन्धानमा जोड दियो। ठाउँ ठाउँमा प्राङ्गारिक मल उत्पादन केन्द्रहरू, शत्रुजीव प्रणालीको विकास गरी केही वर्षभित्रै कृषि उत्पादनमा निकै धेरै विकास गऱ्यो। क्यूवा ६ दशकभन्दा लामो समयदेखि संसारकै शक्तिशाली मानिएको सं.रा. अमेरिकाले नाकाबन्दी गरे पनि आत्मनिर्भरताको कारण कसैको सामु झुक्नु परेन। आत्मनिर्भरता जति ठूलो अरू केही हुन सक्दैन भन्ने पाठ नेपालका शासकहरूले पनि क्युवाबाट सिक्न जरुरी छ।

काठमाडौँ उपत्यकाबाट उठेको फोहोर धेरै महानगर र नगरपालिकाहरूका लागि टाउको दुखाईको विषय बन्दैछ। घर घर र सडकबाट आउने फोहोरमध्ये ६५ देखि ७० प्रतिशत कुहिने रहेको सर्वेक्षणले देखाएको छ। काठमाडौँ महानगर, ललितपुर महानगरपालिकाहरूले प्राङ्गारिक मल बनाउने सघन तालिम दिएर फोहोरलाई मल बनाउने शिक्षा व्यापक किसानहरूलाई दिन सकेको खण्डमा रसायनिक मलको अभावमा खेती गर्न विवश किसानहरूलाई एउटा राम्रो विकल्प हुने र अर्गानिक खेतीले जनताको स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पर्नेछ।

बागमती प्रदेशको ‘प्रत्येक पालिकामा प्राङ्गारिक मल कारखाना खोल्ने’ नीति कार्यान्वयन हुन सके देशको अर्थतन्त्रमा र कृषि क्षेत्रमा राम्रो योगदान पुऱ्याउने आशा गर्न सकिन्छ।

## भक्तपुरको अभ्यास

भक्तपुर नगरपालिकाले नगरको फोहोर कुहिने र नकुहिने अलग अलग सङ्कलन गर्ने गर्छ। कुहिने जतिलाई कम्पोष्ट मल बनाई किसानहरूलाई बिक्री गर्दै आएको छ। प्राङ्गारिक मल प्रयोग गर्ने किसानहरू अत्यन्त उत्साहित छन्। माटोको उर्वराशक्ति बढ्ने, रसायनिक मल भनेर कुरेर बस्न नपर्ने, कृषि उत्पादन स्वस्थ्यकर हुने भएकाले तरकारी खेती गर्ने किसानहरू बढी आकर्षित भएका छन्।

अहिले भक्तपुर नगरपालिकाले कृषि विज्ञहरूको सहयोगमा वडा वडामा प्राङ्गारिक मल बनाउने र त्यसको खेतीबारे सघन रूपमा तालिम दिइरहेको छ। युवाहरू यस्तो तालिममा आकर्षित हुनु भनपाको अर्को सकारात्मक पक्ष हो।

कुहिने फोहोरलाई मल बनाउने प्रविधिको विकासले एकातिर किसानहरूलाई मलको सहज आपूर्ति भएको छ भने अर्कोतिर फोहोर व्यवस्थापनमा पनि केही हदसम्म सहज भएको छ। यसलाई वडा वडाको फोहोर आ-आफैले व्यवस्थापान गर्ने तहसम्म विकास गर्न सके फोहोर व्यवस्थापनले कृषि उत्पादनलाई टेवा पुऱ्याउनुको साथै नागरिकको रोजगारीको क्षेत्र र आर्थिक उपार्जनको एक महत्त्वपूर्ण श्रोत बन्न सक्छ।

केन्द्र, प्रदेश सरकारहरूले कृषि विज्ञहरूबाट किसानहरूलाई व्यापक तालिमहरू सञ्चालन गरी प्राङ्गारिक मल उत्पादन, खेतीमा त्यसको प्रयोग र स्वास्थ्यमा पार्ने प्रभावबारे प्रशिक्षित गर्न सके प्रभावकारी हुने विश्वास छ।

# फूलजस्तै भक्तपुर



उपेन्द्र लामिछाने



भक्तपुरको अध्ययन भ्रमणमा आएका राष्ट्रिय सभाअन्तर्गत विधायन समितिका सदस्यहरू। तस्बिरः उपेन्द्र लामिछाने/नागरिक

भक्तपुरको अध्ययन भ्रमणमा आएका राष्ट्रिय सभाअन्तर्गत विधायक समितिका एक सदस्य सांसदले बुधबार मेयर सुनिल प्रजापतिलाई सोधे–भक्तपुरले शिक्षा, स्वास्थ्य र सम्पदाका क्षेत्रमा यत्रो काम गरिरहेको छ । तपाईंहरूले यो कामका बारेमा किन मिडिया अथवा सामाजिक सञ्जालमा ल्याउनु हुन्न । सानासाना कुरा त भाइरल हुन्छन् । यहाँ त गजबको कुरा छ त ।

मेयर प्रजापति मुस्कुराए र भने–हामीले राम्रो काम गर्ने हो, जनताका लागि गर्ने हो । भक्तपुरमा गरेका कामको प्रचार हामी आफूले गर्नुपर्दैन । यहाँ आउने सबै प्रभावित बन्ने छन् । सम्भवतः बनिरहेका छन् ।

उनको कुरा सुन्दा फूलका बारेमा एउटा भनाइ याद आयो । कसैले भनेका छन्– 'उपदेशक बन्नु त फूलजस्तै । जसले केही बोल्दैन तर उसलाई हेरेर सबैले सिक्छन् ।' त्यस्तै फूलको बाटोमा फक्रँदै छ सांस्कृतिक नगरी भक्तपुर । शिक्षा, स्वास्थ्य र सम्पदाका क्षेत्रमा नगरले मारेको फड्कोले जो कोहीको मन छुने गरेको छ ।

**भक्तपुरले शिक्षा, स्वास्थ्य र सम्पदाका क्षेत्रमा यत्रो काम गरिरहेको छ । तपाईंहरूले यो कामका बारेमा किन मिडिया अथवा सामाजिक सञ्जालमा ल्याउनु हुन्न । सानासाना कुरा त भाइरल हुन्छन् । यहाँ त गजबको कुरा छ त ।**

यहाँ हरेक दिन आउने सयौं विदेशी पर्यटकसँगै हजारौं आन्तरिक पर्यटक प्रभावित बन्ने गरेका छन् । भक्तपुरले गरेका सकारात्मक कामहरूको अध्ययन भ्रमणका लागि दैनिक विभिन्न नगरपालिका तथा गाउँपालिकाका अध्यक्षहरू आउने क्रम जारी छ ।

कसैले यहाँबाट शिक्षा क्षेत्रमा मारेको फड्को अध्ययन गर्ने गरेका छन् त कसैले सम्पदा संरक्षण नगरले कसरी अरूको मुख नताकी काम गर्‍यो भनेर बुझ्न आउने गरेका छन् । कसैले यहाँको फोहोर व्यवस्थापनको तरिका अध्ययन गर्दै छन् त कसैले स्वास्थ्यका क्षेत्रमा गरेका उल्लेखनीय प्रगतिको कुरा चाख मानेर सुन्ने गरेका छन् ।

फूलजस्तै भक्तपुरका मालि बनेका छन् यसका मेयर सुनिल प्रजापति । सरल स्वभावका प्रजापतिले जनतासँगै हातेमालो गर्दै विकासका मूल फुटाएका छन् । 'हाम्रो सम्पत्ति भनेकै हाम्रा जनता हुन्,' उनले भने, 'जनताको साथले जनताका लागि हामी काम गर्दै छौं ।'

भक्तपुरमा फूल फुलाउने सुरुमा सपना देख्ने आदरणीय व्यक्ति हुन्– नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ । भक्तपुरमा नारायणमान दाइको नामले परिचित बिजुक्छेँ त्यहाँको समग्र विकासमा दत्तचित्त छन् । कतिपय नेता सत्ता र स्वार्थको राजनीतिमा एक वर्षपछिको कुरा पनि नदेख्ने गरेको समयमा उनले एक सय वर्षपछिको भक्तपुर भन्ने अवधारणा ल्याइसकेका छन् ।

**कसैले यहाँबाट शिक्षा क्षेत्रमा मारेको फड्को अध्ययन गर्ने गरेका छन् त कसैले सम्पदा संरक्षण नगरले कसरी अरूको मुख नताकी काम गर्‍यो भनेर बुझ्न आउने गरेका छन् । कसैले यहाँको फोहोर व्यवस्थापनको तरिका अध्ययन गर्दै छन् त कसैले स्वास्थ्यका क्षेत्रमा गरेका उल्लेखनीय प्रगतिको कुरा चाख मानेर सुन्ने गरेका छन् ।**

यसै मेसोमा बुधबार भक्तपुरको अध्ययन भ्रमणमा आएका राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिका माननीयहरू कसरी भक्तपुरे मोडलबाट अप्रभावित बन्न सक्थे र । खासमा राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिका सभापति जयन्तीदेवी राईको नेतृत्वमा समितिका सदस्यहरूले प्रदेश तथा स्थानीय तहको कानुन निर्माण प्रक्रिया र भक्तपुर नगरपालिकाका असल अभ्यासबारे अनुभव आदानप्रदान गर्न

आएका हुन् ।

सांसदहरूद्वारा व्यक्त जिज्ञासामाथि प्रस्ट पार्दै मेयर प्रजापतिले भक्तपुर नगरपालिकाले आवश्यक ऐन, नियम, कार्यविधि र निर्देशिका तयार गरी कार्यान्वयन गर्दै आइरहेको जानकारी गराउँदै हालसम्म २५ ओटा ऐन, ३ ओटा नियम, ६ ओटा विनियम, १३ ओटा कार्यविधि, ९ ओटा निर्देशिका र एउटा नीति गरी कुल ५६ ओटा कानुन निर्माण गरिसकेको जानकारी गराए ।

तर सांसदहरूको ध्यान कानुनसँगै विकासको भक्तपुर माडेलले पनि तान्यो । टोलीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज, ख्वप कलेज अफ ल, ख्वप अस्पताल, ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङलगायतको स्थलगत अवलोकन गरे । साथै संस्थाहरूको इतिहास, स्थापनाको उद्देश्य, त्यहाँबाट प्रवाहित सेवा सुविधा, साङ्गठनिक स्वरूप, विद्यार्थी भर्ना सङ्ख्याको आधारमा भर्ना विवरण, शिक्षक तथा कर्मचारी विवरण र कलेजहरूमा अध्ययन भइरहेको विषय तथा शुल्क संरचनाबारे विस्तृतमा जानकारी हासिल गर्नुभएको थियो ।

उनीहरू भक्तपुरको विकासबाट प्रभावित बने । नबनून् पनि किन ? विद्यालय तथा कलेज स्थापना तथा सञ्चालनमा नगरले देखाएको बुद्धिमत्ताका कारण यहाँका गल्लीगल्लीमा इन्जिनियर तयार भएका छन् । नगरका चोकचोकमा स्नातक तथा स्नातकोत्तर अध्ययन गरेका छोरीहरू भेटिन थालेका छन् ।

शिक्षालाई नागरिकको मौलिक हकका रूपमा स्थापित गर्न शिशु स्याहारदेखि कलेजसम्म सञ्चालन गरेको छ । हाल विभिन्न वडामा ७ ओटा शिशु स्याहारकेन्द्र, दुई ओटा इन्जिनियरिङ कलेजसहित ८ ओटा शैक्षिक संस्था सञ्चालन गरी न्यून शूल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ ।

**शिक्षालाई नागरिकको मौलिक हकका रूपमा स्थापित गर्न शिशु स्याहारदेखि कलेजसम्म सञ्चालन गरेको छ ।**

त्यस्तै यहाँ रोगीलाई अस्पतालमा मात्र होइन, उनीहरूको उचित स्वास्थ्यका लागि घरदैलोमै नर्सिङ सेवा पनि उपलब्ध गराएको छ । नगरपालिकाले ४ ओटा स्वास्थ्य केन्द्रहरू, १ सय शय्याको ख्वप अस्पताल, घर दैलो नर्सिङ सेवा र विभिन्न रोगसम्बन्धी स्वास्थ्य शिविर सञ्चालन गर्दै भक्तपुर नगर क्षेत्रमा २० मिनेटभित्र स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्या मिलाइरहेको छ ।

नगरको मुख्य सान सम्पदाको क्षेत्रमा त झनै उल्लेखनीय प्रगति छ । नगरले सम्पदा संरक्षणमा नगरवासीको सहयोग लिएको छ । परम्परागत सीपको ज्ञान राख्ने ज्येष्ठ नागरिकलाई समेत उचित सम्मान दिएर नयाँ पिँढीको हातमा सीप हस्तान्तरण गर्ने कार्यमा नगरपालिकाले सफलता हासिल गरेको छ । आफ्नै जिल्लामा उत्पादन भएका डकर्मी र इन्जिनियरको सहयोगमा सम्पदाको उत्कृष्ट पुनर्निर्माण हुँदै छ ।

सम्पदा क्षेत्रको अवलोकन भ्रमण गर्ने पर्यटकबाट शुल्क सङ्कलन गर्दै ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक महत्त्वका विश्व सम्पदामा सूचीकृत नगरका मौलिक सम्पदाहरूको मौलिकता जोगाउन सक्षम । स्थानीय स्रोत, साधन, सीप र प्रविधि प्रयोग गरी उपभोक्ता समितिमार्फत मितव्ययिता अपनाई पारदर्शी ढङ्गले संरक्षण सम्वर्द्धन र पुनर्निर्माण गर्न सक्षम भएको छ ।

राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिका सभापति जयन्तीदेवी राईले संविधानले निर्दिष्ट गरेको समाजवाद स्थापना गर्ने बाटोमा भक्तपुर नगरपालिकाका जनप्रतिनिधि अग्रसर भएको बताउँदै सङ्घीय लोकतान्त्रिक व्यवस्थालाई सफल तुल्याउन स्थानीय तहहरूलाई अधिकार सम्पन्न पार्नुपर्ने धारणा राखिन् ।

उनले भक्तपुर नगरपालिकाबाट सञ्चालित कलेज र ख्वप अस्पताल भ्रमण गर्ने अवसर पाएकोमा खुसी प्रकट गर्दै भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा पुनर्निर्माणलगायतका क्षेत्रमा सह्राहनीय काम गरिरहेको बताइन् ।

'भक्तपुरको विकासको मोडल प्रशंसनीय भएको र भक्तपुर अहिले सबैका लागि अध्ययन गर्ने थलोका रूपमा विकास भएको छ,' उनले भनिन्, 'भ्रष्टाचारशून्य र पारदर्शिता नै यस नगरको विशेषता देखियो ।'

**सम्पदा क्षेत्रको अवलोकन भ्रमण गर्ने पर्यटकबाट शुल्क सङ्कलन गर्दै ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक महत्त्वका विश्व सम्पदामा सूचीकृत नगरका मौलिक सम्पदाहरूको मौलिकता जोगाउन सक्षम ।**

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाको सङ्क्षिप्त जानकारीसहितको प्रस्तुतीकरण देखाउँदै नेपालको संविधानले कल्पना गरेको समाजवादउन्मुख व्यवस्था स्थापनामा भक्तपुर नगरपालिकाले जोड दिँदै आइरहेको बताए ।

उनले विकास निर्माणको काम गर्ने स्थानीय तह हुँदा हुँदै संसद् विकास कोषको व्यवस्था उचित नभएको धारणा राखे ।

कार्यक्रममा अन्य सांसदहरूले पनि भक्तपुरले गरेको कामको तारिफ गर्दै अरूहरूले पनि यसबाट सिक्नुपर्ने धारणा राखे ।

**कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाको सङ्क्षिप्त जानकारीसहितको प्रस्तुतीकरण देखाउँदै नेपालको संविधानले कल्पना गरेको समाजवादउन्मुख व्यवस्था स्थापनामा भक्तपुर नगरपालिकाले जोड दिँदै आइरहेको बताए ।**

यस्तो धारणा राख्नेमा उक्त अध्ययन भ्रमणमा समितिका माननीय उदयबहादुर बोहरा, खिमलाल देवकोटा, गंगा कुमारी बेल्बासे, तारामान स्वार, देवेन्द्र दाहाल, नारायणदत्त मिश्र, भगवती न्यौपाने, भैरवसुन्दर श्रेष्ठ, राधेश्याम पासवान, सुरेशकुमार आलेमगर तथा माननीय अनिता देवकोटा थिइन् । दिउँसो २ बजे भक्तपुर आएका उनीहरूले झन्डै ३ घन्टा उत्साहका साथ भक्तपुरको अध्ययन भ्रमणमा बिताए ।

भक्तपुर फूलजस्तै फक्रँदै छ । तर फक्रँदै गरेको भक्तपुरमा सरकारी काँडाले केही समस्या पारेको मेयरको बुझाइ छ । 'सङ्घीयता भनिएको छ तर अझै अधिकार दिन हिचकिचाइएको छ,' मेयर प्रजापतिले भने, 'सरकारको यो काँडाजस्तो व्यवहारले भक्तपुरवासी दुःखी छन् ।'

**हामीले राम्रो काम गर्ने हो, जनताका लागि गर्ने हो । भक्तपुरमा गरेका कामको प्रचार हामी आफूले गर्नुपर्दैन । हाम्रो काम हेरेर यहा आउने सबै प्रभावित बन्ने छन् अनि बनिरहेका छन् ।**

शिक्षामा आफूहरूले गरेको कार्यको सबैले सहाहना गरे पनि राज्यले नसुनेको उनले सुनाए । 'देशभरका नानीहरू आएर यहाँ अध्ययन गर्छन्, हामीले सुलभ मूल्यमा गुणस्तरीय शिक्षा दिँदै आएका छौँ,' उनले भने, 'तर, भक्तपुरको सपना ख्वप विश्वविद्यालय अझै पूरा हुन सकेको छैन ।' स्वीकृति पाए निकै सरल मूल्यमा चिकित्साशास्त्रको पनि अध्ययन गराउने लक्ष्य लिएको उनले बताए ।

## स्वागतमा पनि भव्य भक्तपुर

अध्ययन भ्रमणका क्रममा आएको टोलीको स्वागतमा पनि समृद्ध नगरले कुनै कमी गरेन । टोलीलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पुष्पगुच्छा, खादा र भादगाउँले टोपीसहित ऐतिहासिक तथा सांस्कृतिक नगर भक्तपुरमा स्वागत गरे ।

प्रमुख प्रजापतिले सांसद राईलाई मयूर झ्याल र नगरपालिकाका प्रकाशन तथा कलेजका प्रकाशनहरू उपहारस्वरूप प्रदान गरे । भक्तपुरे स्वागतबाट प्रभावित सांसदहरू कार्यक्रम सकिएर फर्कँदै गर्दा पनि फूलजस्तै मुस्कुराइरहे ।

नागरिक, १६ असार

# पाठकको पत्र

## समयमै पत्रिका पुऱ्याइयोस्

भक्तपुर नगरपालिकाले ४० साल अगाडिदेखि नियमित मासिक पत्रिका प्रकाशन गर्दै आएकोमा धन्यवाद छ प्रकाशकलाई । पत्रिका रोचक र पठनयोग्य लाग्यो । मैले पनि केही वर्षदेखि, मेयर सुनिल प्रजापतिको पालादेखि पत्रिका नियमित पढ्ने गरेको छु । 'भक्तपुर' मासिक पत्रिकामा स्तरीय लेख रचना पनि छापिन्छन् र सम्पदा, नपा गतिविधि, अन्य रोचक सामग्री पनि भेटिन्छ । देशको अरू कुनै पालिकाले यसरी नियमित पत्रिका प्रकाशन गरेको सुनेको छैन र पढेको पनि छैन । भक्तपुरले निकै प्रगति गरिरहेको पत्रिकामार्फत पढ्न पाइन्छ । गतिविधि पढ्दै जाँदा म काठमाडौँवासी भएपनि भक्तपुरमै बसिरहेको महसुस हुन्छ । नगरपालिकाले गरिरहेको गतिविधिहरू पढेर बुझ्न पाइयो ।

तर, पत्रिकामा छापिएका समसामयिक लेखहरू पत्रिका ढिलो आउँदा पुरानो भएपछि मात्र पढ्न पाइने भयो । पत्रिका ढिलो आउने गरेको छ । वैशाखको पत्रिका जेठको अन्त्य वा असारलाग्दा मात्र हेर्न पाइयो । समसामयिक लेख समयमा हेर्न नपाउँदा खल्लो लाग्यो । यति धेरै ढिलो किन होला ? काठमाडौँ त एक घण्टाको बाटो हो, महिनौँ ढिलो हुँदा त्यतिबेलासम्म लेखको मर्म अर्कै भइसकेको हुन्छ अथवा सन्दर्भ फेरिसकेको हुन्छ । समाचार बासी भइसक्छ । समयमै पत्रिका पुऱ्याउने प्रयास होस् यही अनुरोध छ मेयरज्यूमा ।

धन्यवाद !

**विकास महर्जन**
काठमाडौँ

# भक्तपुर नगरपालिकाको सय शय्याको आफ्नै अस्पताल



शान्ति तामाङ

## २० मिनेटमै सेवा, १० महिनामा करिब दुई लाख बिरामीको उपचार

भक्तपुर नगरपालिकाले सय शय्याको अस्पताल सञ्चालनमा ल्याएको छ। देशभरका सात सय ५३ स्थानीय सरकारमध्ये सय शय्याको अस्पताल सञ्चालन गर्ने भक्तपुर पहिलो स्थानीय सरकार बनेको छ।

नगरपालिकाले स्वास्थ्य सेवासमेत न्यून शुल्कमा उपलब्ध गराउँदै आएको छ। 'स्ट्यान्डर्ड बेडको एक सय रुपैयाँ शुल्क लिन्छौँ,' नगर मेयर सुनिल प्रजापतिले भने, 'अधिकांश नगरवासीले बिमा गरेका छन्। त्यही बिमाले कभरेज हुने भएकाले सेवा निःशुल्कजस्तै छ।' यस्तै, गरिब र विपन्नले उपचार गर्न नसक्ने अवस्था प्रमाणित गरे सबै स्वास्थ्य सेवा निःशुल्क हुने उनको भनाइ छ। नगरवासीलाई २० मिनेटमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यअनुसार काम भइरहेको उनले बताए।

'हामीले नगरभित्र २० मिनेटमा स्वास्थ्य केन्द्रमा पुग्ने ग्यारेन्टी गरेका छौँ। कुनै पनि नागरिकले सहज स्वास्थ्य सेवा पाउनुपर्छ भनेर प्रत्येक दिन घर-घरमा नर्स पुग्छन्। वडाका स्वास्थ्य केन्द्रमा डाक्टरसहितको सेवा उपलब्ध छ। खवप अस्पतालमार्फत यी सबै सेवा उपलब्ध हुन्छन्। वडाका डाक्टरसम्म पुगे १०-१५ मिनेटमै पनि सेवा पाइन्छ,' उनले भने। खवपः अस्पतालबाट दैनिक साढे सात सयजनाले सेवा लिइरहेका छन्। चालू आवको १० महिनामा मात्रै यहाँबाट एक लाख ७९ हजार जनाले सेवा लिइसकेका छन्। नगरपालिकाअन्तर्गत खवप अस्पतालसहित श्वासप्रश्वास पुनर्स्थापना केन्द्र, जनस्वास्थ्य सेवा केन्द्र, सहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य उपचार केन्द्र पनि सञ्चालनमा छन्। यसअघिको २५ शय्याको जनस्वास्थ्य केन्द्रलाई नगरपालिकाले सय शय्यामा स्तरोन्नति गरेको हो।



## अस्पतालमा एक सय ७३ स्वास्थ्यकर्मी तथा कर्मचारी

अस्पतालमा हाल २१ जना विशेषज्ञ चिकित्सक, २० जना मेडिकल अफिसर, ४७ जना स्टाफ नर्ससहित एक सय ७३ जना कर्मचारी कार्यरत छन्। अस्पतालले सार्वजनिक बिदा र शनिबारसमेत गरी दैनिक ११ घन्टा ओपिडी सेवा दिइरहेको छ। नगरवासीका लागि निःशुल्क अक्सिजन सेवा उपलब्ध छ। चालू आवको १० महिनामा नौ हजार आठ सय ५५ सिलिन्डर ग्यास नगरपालिकाले निःशुल्क वितरण गरेको छ भने हालसम्म करिब चार सयजनालाई निःशुल्क रगत प्रदान गरेको जनाएको छ।

> 'हामीले नगरभित्र २० मिनेटमा स्वास्थ्य केन्द्रमा पुग्ने ग्यारेन्टी गरेका छौँ । कुनै पनि नागरिकले सहज स्वास्थ्य सेवा पाउनुपर्छ भनेर प्रत्येक दिन घर-घरमा नर्स पुग्छन् । वडाका स्वास्थ्य केन्द्रमा डाक्टरसहितको सेवा उपलब्ध छ । खवप अस्पतालमार्फत यी सबै सेवा उपलब्ध हुन्छन् । वडाका डाक्टरसम्म पुगे १०-१५ मिनेटमै पनि सेवा पाइन्छ ।' - मेयर सुनिल प्रजापति

## खवपः अस्पतालमा सबै सेवा उपलब्ध

अस्पतालमा स्त्रीरोग, बालरोग, छाला, नाक-कान-घाँटी, दन्त, आँखा, हाडजोर्नी, छाती, मुटु, नसा, प्रसूति, मानसिक रोगलगायत रोगहरूको विशेषज्ञ सेवा उपलब्ध हुँदै आएको छ। गत ७ माघदेखि जटिल शल्यक्रिया र १७ वैशाखबाट प्रसूति सेवा पनि सुरु भएको छ। वडा-वडामा घरदैलो नर्सिङ सेवालाई प्रभावकारी बनाउन सम्बन्धित वडामा

नियमित आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुने गरी नर्सहरूलाई समेत नगरपालिकाले परिचालन गर्दै आएको छ।

## जनस्वास्थ्य केन्द्र अस्पतालमा रूपान्तरण

स्थानीय सरकार सञ्चालन ऐन, ०७४ ले स्थानीय तहलाई आधारभूत स्वास्थ्य र सरसफाइको अधिकारअन्तर्गत आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषणसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा नियमन, आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन, अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन, स्वास्थ्य सेवासम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापनको एकल अधिकार दिएको छ। नगरपालिकाले भने यसै वर्षदेखि सय शय्याको अस्पताल सुरु गरेको हो। सय शय्याको अस्पताल सञ्चालनको स्वीकृति पाउन भने निकै कष्ट भएको मेयर प्रजापतिले बताए।

'०७३ सालमै २५ शय्याको अस्पतालको स्वीकृति जिल्ला जनस्वास्थ्य केन्द्रले दिने व्यवस्था थियो। सोहीअनुसार जनस्वास्थ्य सेवा केन्द्र चलाइरहेका थियौँ। तर, अस्पताल भनेर सञ्चालन हुन सकिरहेको थिएन। कोरोनाका वेला धेरै मानिस केन्द्र आउन थालेका थिए। हामीले थोग्न सकेका थिएनौँ। १७ वैशाख ०७८ मा जनस्वास्थ्य केन्द्रलाई ख्वप अस्पताल भनेर नामकरण र नियमावली बनायौँ। दैनिक पाँचदेखि ६ सय बिरामी आउन थाले। चाप बढ्यो,' अस्पताल सञ्चालनबारे मेयर प्रजापतिले भने, 'हामीले नर्सिङ कलेज पनि चलाइरहेका थियौँ। त्यही वेला सय शय्याको आफ्नै अस्पताल नभएका नर्सिङ कलेज बन्द गर्ने सरकारले निर्णय गऱ्यो। त्यसपछि केन्द्र सरकार र प्रदेश सरकार धेरैतिर धायौँ। हामीसँग पूर्वाधार, जनशक्ति सबै भए पनि केन्द्र र प्रदेश सरकारले स्वीकृति दिन आनाकानी गऱ्यो। तर, हामीले पहल गर्न छाडेनौँ। अन्ततः एक सय शय्याको अस्पताल चलाउन स्वीकृति पाएका छौँ।' नगरपालिकाले २३ जेठ ०७९ मा बागमती प्रदेश सरकार स्वास्थ्य निर्देशनालयबाट अस्पताल सञ्चालन अनुमति पाएको थियो।

नयाँ पत्रिका, २०८०।२।२३

# जीवन–आचरण

## लोभ

एउटी बुढी आइमाईको भट्टी पसल थियो। पसलमा एउटा सन्त गरीबको भेषमा सधैँ पैसा नतिरी रक्सी खाने गर्थ्यो। दिनदिनै पैसा नतिरी रक्सी खाँदा पनि बुढी आइमाईले केही भन्दैन थियो। एक दिन ती सन्तले बुढी आइमाईको व्यवहारबाट आफू निकै प्रभावित भएको कुरा बताउँदै आफ्नो वास्तविक रूपमा प्रकट भए। त्यस बुढी आइमाईको इनारमा केही मन्त्र फुकेर उनी आफ्नो बाटो लागे।

भोलि पल्टदेखि त्यस इनारमा पानीको सट्टा राम्रो गुणस्तरको रक्सी आउन थाल्यो। यो देखेर त्यो बुढी आइमाईको खुशीको कुनै सीमै रहेन। बुढी आइमाई निकै धनी भए।

वर्षौं पछि त्यो सन्त फेरि त्यस बुढी आइमाईको पसलमा आए। बुढी आइमाईसँग भलाकुसारी गरे। त्यो बुढी आइमाईले कुरैकुराको बीचमा आफ्नो असन्तुष्टि बताउन थाल्यो : 'हेर्नुहोस् न महाज्ञानी, हजुरको कृपाले मसँग यस संसार कै सबैभन्दा मिठो र कडा रक्सीको इनार नै छ। तर के गर्ने ? यो इनारबाट ग्राहकहरूलाई खुवाउन मासुका परिकारहरू निस्किँदैनन् ?'

त्यस बुढी आइमाईको कुरा सुन्नासाथ सन्तले कुरा बुझिहाले। सन्त मनमनै भनिरहेथ्यो,'रक्सीले भरिपूर्ण इनार दिंदा पनि मासुको अभाव खड्किएको छ रे। आकाशको बरु सीमा होला तर लोभको कुनै सीमा रहेन।'

यति गुनगुनाउँदै त्यस सन्तले इनारमा मन्त्र फुकेर गएछ।

भोलि पल्ट बिहानै खुसी भएर त्यो बुढी आइमाई इनारमा रक्सी र मासुको मिठो परिकार निकाल्न पुग्दा उनी एकाएक झस्किए। इनार त पूरै सुक्खा थियो। अब त रक्सी र मासु होइन, एकथोपा पानी पनि बाँकी रहेन छ।

भक्तपुर नगरलाई सधैँ सफा–सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो।

# सम्पदाको मौलिकता संरक्षण र यसका आर्थिक तथा सामाजिक प्रभाव

**समिर**

विश्व मानव सभ्यताको अध्ययनको क्रममा सबै सभ्यताका आफ्ना विशेषता र मौलिकता बुझिन आउँछ। इशापूर्व २५०० वर्ष अगाडि देखिका ऐतिहासिक सम्पदाहरूको अध्ययनबाट इतिहासविद्हरूले तात्कालीन समाजको व्याख्या विश्लेषण गरेको पाइन्छ। मेसोपोतामिया सभ्यता, मोहनजदारो सभ्यता, सिन्धुघाटीको सभ्यता आदिको अध्ययनको क्रममा ती सभ्यताहरूको उत्खननको क्रममा भेटिएका अवशेषहरूको आधारमा विश्लेषण गरेको पाइन्छ। यसर्थ, मानव सभ्यता र इतिहासको अध्ययनको एउटा मुख्य आधार यससँग सम्बन्धित सम्पदा र यसका अवशेषहरू हुन् भन्न सकिन्छ।

नेपालको प्रामाणिक इतिहास भक्तपुरको चाँगुनारायण मन्दिर परिसरमा रहेको शिलालेखबाट प्रारम्भ हुन्छ। अर्थात, हालसम्म नेपालको प्रमाणित इतिहासको आधार मानदेवले स्थापना गरेको उक्त शिलालेख हो। यसैको आधारमा तात्कालीन लिच्छवि वंशको इतिहासको अध्ययन आरम्भ भएको पाइन्छ। चाँगुनारायण परिसरमा उपलब्ध वास्तु र कलाले लिच्छविकालीन सिल्प कला र वास्तु सीपको प्रतिनिधित्व गर्दछ। त्यसका आफ्नै विशेषता र महत्त्व हुन्छ। जुन इतिहास, संस्कृति र पुरातत्त्वका विद्यार्थीहरूका लागि अध्ययन र अनुसन्धानको विषय पनि हो।

कुनै पनि स्थानको ऐतिहासिक र पुरातत्त्विक सम्पदाले तात्कालीन समयमा उक्त स्थानमा उपलब्ध हुने श्रोत, साधन, कला, सीप र आर्थिक स्थितिको प्रतिनिधित्व गरेको हुन्छ। यसर्थ, काठमाडौँ उपत्यकामा निर्माण भएका मध्यकालीन धार्मिक र सांस्कृतिक सम्पदाहरूले पनि तात्कालीन समयको काठमाडौँ उपत्यकाको आर्थिक, सामाजिक र सांस्कृतिक वैभवतालाई दर्शाउँछ। ती सम्पदामा प्रयोग भएका सामग्री, सीप र कला विश्वस्तरका छन्। यसैको मूल्याङ्कन गरेर नै संयुक्त राष्ट्र सङ्घ अन्तर्गतको युनेस्कोले सन् १९७९ देखि काठमाडौँ उपत्यकाका ७ ओटा सम्पदा क्षेत्रहरूलाई विश्व सम्पदा क्षेत्रमा सूचिकृत गरिएको हो। काठमाडौँ उपत्यकाका विश्व सम्पदामा सूचिकृत सम्पदाहरू नेपालको लिच्छवि र मल्लकालीन इतिहास, धर्म, संस्कृति र पुरातत्त्वको जीवन्त नमूनाहरू हुन्।

सामान्यतया सांस्कृतिक सम्पदाहरू शास्त्रीय दर्शनसँग सम्बन्धित रहेको पाइन्छ। काठमाडौँ उपत्यकाका अधिकांश सम्पदाहरू हिन्दु र बौद्ध दर्शनसँग सम्बन्धित छन्। यहाँका सम्पदाहरूलाई बुझ्न र अध्ययन गर्न सम्बन्धित धर्म र दर्शनको आधारभूत ज्ञानको जरुरी पर्दछ। वास्तु र सम्पदा निर्माणलाई मानिसको आवश्यकता र आस्थासँग पनि जोडिएर हेरिन्छ। जस्तै मानिस बसोबास गर्नको लागि आवासीय घर निर्माण गरिन्छ भने आवतजावतको क्रममा आराम गर्न, हावाहुरी र पानीबाट जोगिन बाटोमा पाटी र सत्तलको निर्माण गरेको पाइन्छ। त्यस्तै आफ्नो धर्म, संस्कृति र संस्कार अभ्यास गर्न मठ, मन्दिर, वहावही, द्यःछैँ आदिको निर्माण भएको हुन्छ। त्यस्तै देवी देवताको स्तुति गान गर्न भजन र भजन पाटी विहार, डबली, चोक, आदिको निर्माण गरेको पाइन्छ। साथै यस्ता भजन समूहहरूमा विभिन्न सांस्कृतिक अभ्यासको लागि सांस्कृतिक समूह निर्माण हुन्छ। यसले समाजमा मूर्त र अमूर्त सम्पदाको सृजना हुन्छ। जुन कालान्तरमा कुनै स्थान विशेषको पहिचान र मौलिकता बन्छ। यस्तै काठमाडौँ उपत्यकाको कला, संस्कृति, नाचगान, बाजागाजा, मठ मन्दिर, वहावही, द्यःछैँ, सत्तल, पाटी, पौवा, ढुङ्गेधारा, इनार, चोक, डबली आदि पनि यसरी नै सृजना भएका विश्वस्तरीय सांस्कृतिक सम्पदाहरू हुन्। जुन काठमाडौँको मात्र नभइ समग्र मानव समुदायकै अमूल्य धरोहरका रूपमा स्थापित भएका छन्।

काठमाडौँ उपत्यकाका धार्मिक र सांस्कृतिक सम्पदाहरू स्थानीय नेवार समुदायको आर्थिक र सामाजिक जीवनको उपज हो। साथै यी सम्पदाहरू यहाँका स्थानीय वासिन्दाहरूको दैनिक जीवनसँग जोडिएकोले हालसम्म यी सम्पदाहरू जीवन्त पनि छन्। यी सम्पदाहरू आज पनि नित्य सदुपयोग हुँदै आएको छ। सम्पदासँग सम्बन्धित पूजा आजा, जात्रा पर्व र संस्कार ऐतिहासिक कालदेखि हालसम्म पनि उत्तिकै महत्त्वका साथ मनाउँदै आएको छ। यसर्थ यहाँका सम्पदाहरू ऐतिहासिक र पुरातात्त्विक मात्र नभई जीवन्त पनि छ।

काठमाडौँ उपत्यकाका सम्पदाहरूको वैभवतालाई अध्ययन गर्दा यसले लिच्छविकालीन र मध्यकालीन समाजको

## नेपालको प्रामाणिक इतिहासको स्रोत भक्तपुरको चाँगुनारायण मन्दिर परिसरमा रहेको मानदेवले स्थापना गरेको शिलालेख





*चाँगुनारायणको मन्दिर र पश्चिम द्वारमा रहेको अभिलेख अङ्कित मानदेवको शिलास्तम्भ ।*






*मानदेवको अभिलेखको पहिलो पाटो र अभिलेखको उतार ।*





*मानदेवको अभिलेखको दोस्रो पाटो र उतार ।*





*मानदेवको अभिलेखको तेस्रो पाटो र उतार ।*

*(अभिलेख तस्बिर सुशील श्रेष्ठ, उतार स्रोतः राष्ट्रिय अभिलेखालय, शिलापत्र फागुन ८, २०७७ बाट)*

आर्थिक, सामाजिक र व्यापारिक क्षेत्रको सम्पन्नतालाई सजिलै बुझ्न सकिन्छ । मठ मन्दिर, वहावहीमा प्रयोग भएका वास्तु र कलाले तात्कालीन उच्चस्तरीय सीपको प्रतिनिधित्व गर्दछ । यहाँका ऐतिहासिक विभिन्न सम्पदाहरूको उपयोगबारे अध्ययनले काठमाडौँ उपत्यका तात्कालीन हिन्दुस्तान र तिब्बत व्यापारको त्रान्जिटको रूपमा काठमाडौँ उपत्यका रहेको बुझिन आउँछ । इतिहासको अध्ययनले मध्यकालीन समयमा नेपाल मण्डलबाटै तिब्बतमा अन्न, गेडागुडी र मसला निर्यात हुने र तिब्बतबाट सुनचाँदी आयात हुने बुझाउँछ । यसैको सदुपयोग गरेर काठमाडौँ उपत्यकामा सुवर्णद्वार, सुवर्णझ्याल, सुवर्णशालिक र सुवर्ण गजुरहरूको निर्माण भएको देखिन्छ । काठमाडौँ उपत्यकामा यस्ता धातुजन्य खानीको उपलब्धता नभएपनि मल्लकालमा चाँदीको मुद्रा प्रचलनमा रहेको ऐतिहासिक तथ्यले तात्कालीन आर्थिक वैभवतालाई पुष्टि गर्दछ ।

नेपाल भौगर्भिक रूपले भूकम्पीय जोखीमयुक्त क्षेत्रमा अवस्थित छ । त्यसैले प्रत्येक ५० देखि १०० वर्षको बीचमा ठूल्ठूला भूकम्पहरू गएको इतिहासले पुष्टि गरेको छ । भूकम्पलगायत विभिन्न कालखण्डमा भएका अन्य विभिन्न प्राकृतिक विपत्तिहरूलाई थेग्दै काठमाडौँ उपत्यकाका सांस्कृतिक सम्पदाहरूले यहाँको सांस्कृतिक वैभवतालाई जोगाउँदै आएको छ । काठमाडौँ उपत्यकाका सम्पदाहरूमा

प्रयोग भएका भारवहन क्षमताको लागि प्रयोग हुने प्रविधि, कम्पन थेग्न प्रयोग भएका चुकुल प्रविधि, पुनः प्रयोग गर्न सकिने निर्माण सामग्री, हावापानी र वातावरणलाई ग्रहण गर्न सकिने निर्माण सामग्री र तात्कालीन वास्तु प्रविधि आदि भूकम्प र प्राकृतिक विपत्ति थेग्नको लागि प्रयोग भएका परम्परागत उत्कृष्ट सीप र प्रविधिको रूपमा लिन सकिन्छ। जुन आधुनिक इन्जिनियरिङ्ग र आर्किटेक्चरका विद्यार्थीहरूका लागि एउटा अध्ययनको विषय बनेको छ।

काठमाडौँ उपत्यकाको मूर्त र अमूर्त सम्पदा नेपालको सांस्कृतिक पर्यटनको आधारको रूपमा रहेको छ। यी सम्पदाहरू ऐतिहासिक कालमा तात्कालीन आर्थिक वैभवताबाट सिर्जना भएको हो भने वर्तमान समयमा यी सम्पदाबाट स्थानीय जनसमुदायले आय आर्जन गर्ने अवसर प्राप्त गरिरहेको छ। प्रत्यक्ष र परोक्ष रूपमा स्थानीय जनसमुदाय यी सम्पदाहरूमै आधारित भएर विभिन्न व्यवसाय सञ्चालन गर्दै आर्थिक र भौतिक प्रगति गर्दै छ। नेपालमै पहिलो पटक भक्तपुर नगरपालिकाले भक्तपुरको सम्पदा क्षेत्रहरूमा प्रत्यक्ष अवलोकनको लागि पर्यटन शुल्क सङ्कलन गरी त्यसको सदुपयोग गर्दै सांकृतिक सम्पदाहरू संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने नयाँ नीति लागू गरी नयाँ उदाहरण प्रस्तुत गऱ्यो। यसले भक्तपुर नगरपालिकाको आर्थिक क्षमता विकास भई देशकै आफ्नै ८ ओटा कलेजहरू सञ्चालन गर्ने, १०० शय्याको अस्पताल सञ्चालन गर्नेलगायत विभिन्न सामाजिक विकासका लागि उदाहरणीय काम गर्ने स्थानीय तहको रूपमा स्थापित भयो। यसको सिको हाल सबै सम्पदा क्षेत्रहरू र सो सँग सम्बन्धित स्थानीय तहहरूले गर्दैछन्। यसरी पुर्खाले सिर्जेको सम्पत्ति नयाँ पुस्ताको आर्थिक र सामाजिक विकासको आधार बनेको छ। त्यसैले यसको मौलिकता संरक्षण, सम्वर्द्धन र प्रर्वद्धन राज्य र सरकारको मात्र जिम्मेवारी नभई सबै सम्बन्धित स्थानीय समुदायको पनि हो।

नेपालका ऐतिहासिक र पुरातात्त्विक सम्पदा र वास्तु निर्माणमा विभिन्न कालखण्डमा विभिन्न किसिमका हस्तक्षेप भएको यसको अध्ययनले देखाउँछ। विशेषतः राणा प्रधानमन्त्री जंग बहादुर बेलायत भ्रमणबाट फर्किएपछि नेपालको वास्तु निर्माणमा नियो क्लासिकल (उत्तर आधुनिक) शैलीको प्रयोग भएको पाइन्छ। सुर्खी र चुना प्रयोग गरी ठूल्ठूला हल, बगैंचा, फोहरा व्यवस्था गरी दरबारहरूको निर्माण र दरबारको बाहिरी भित्तामा चुना पोतेर सजाउने राणाकालीन शैलीलाई नियो क्लासिकल (उत्तर आधुनिक) शैलीको रूपमा लिने गरिन्छ। काठामाडौँ उपत्यकाका विभिन्न सम्पदाहरूलाई विभिन्न कालखण्डमा गएका भूकम्प र प्राकृतिक विपत्तिले नोक्सान पुऱ्याउँदा पुनर्निर्माण गर्ने क्रममा मल्लकालीन दरबारहरूमा हस्तक्षेप गरी यस्तो नियो क्लासिकल प्रविधिको प्रयोग भएको पाइन्छ। भक्तपुर दरबार क्षेत्रको **न्हेयक्वं झ्यो दरबार** (राष्ट्रिय कला सङ्ग्रहालय) को पूर्व पट्टिको भागलाई पुनर्निर्माण गरी नियो क्लासिकल शैलीमा बनेको लाल बैठक, हनुमान ढोकाको गद्दी बैठक आदि यसका उदाहरणहरू हुन्।

दुर्भाग्यवश आजभोलिका नयाँ पुस्ता आफ्नो मौलिकता भन्दापनि आधुनिकताको नाममा पश्चिमेली सभ्यता र संस्कारमा बढी आकर्षित हुन थालेको छ। त्यसैले पहिरन, खानपीन र जीवन शैलीमा आफ्नो परम्परालाई त्याग्दै पश्चिमी शैलीमा नयाँ पुस्ता रमाउन थालिएका छन्। त्यस्तै निजी आवासीय भवनको निर्माण र सम्पदा निर्माणमा समेत आधुनिक निर्माण शैली र साधनलाई अधिक प्रयोग गर्न थालिएको छ। यसले हाम्रो सम्पदाको ऐतिहासिक र पुरातात्त्विक महत्त्व मात्र गुम्ने नभई मौलिकता नै हराउने जोखिम बढेको छ। यी हाम्रा पहिचानसँग जोडिएका सम्पदाहरूको मौलिकतालाई जोगाई राख्न सम्पदाहरूको पुनर्निर्माण र जीर्णोद्धार गर्ने क्रममा यसको गम्भीरता र सम्वेदनशीलता बुझी मौलिक सीप, विधि र सामग्री नै प्रयोग गरी निर्माण गर्न जरुरी हुन्छ। त्यस्तै विभिन्न कालखण्डमा मौलिकतामा हस्तक्षेप गरी निर्माण गरिएका नियो क्लासिकललगायतका अन्य आधुनिक विधि र शैलीलाई पनि पुरानै लिच्छविकालीन र मल्लकालीन वास्तु शैलीलाई पुनर्स्थापित गर्न आवश्यक छ। २०७२ सालको भूकम्पले हामीलाई पुनः एकपटक हाम्रो सम्पदामा विभिन्न कालखण्डमा भएका गैरमौलिक हस्तक्षेपहरूलाई संशोधन गरी हाम्रो मौलिक मल्लकालीन र लिच्छविकालीन नेवारी परम्परागत निर्माण शैली, विधि र साधनलाई पुनःस्थापित गर्न अवसर प्रदान गरेको छ। यो अवसरलाई सदुपयोग गर्नु सम्बन्धित सबै सरकार र निकायहरूको सामुहिक दायित्व हो। यसरी हाम्रो सम्पदाहरूको मौलिकतालाई जोगाएर संरक्षण गर्न सकिएमा नेपालको आर्थिक मेरुदण्डको रूपमा रहेको पर्यटन उद्योगको आधार संरक्षण भई सामाजिक र आर्थिक विकासमा समेत विशेष टेवा पुग्ने विगतको अभ्यासले समेत पुष्टि गरिसकेको तथ्य हो। तसर्थ सम्बन्धित सबै सरोकारवाला र जिम्मेवार पक्षहरूले काठमाडौँ उपत्यकाका मूर्त र अमूर्त सम्पदाहरू संरक्षण गर्ने क्रममा यसको मौलिकता जोगाउने विषयमा गम्भीरतापूर्वक आफ्नो जिम्मेवारी पूरा गर्नेछ।

**का. शोभा प्रधानको वार्षिक स्मृतिमा**

# आर्थिक समानता र महिलाहरू

– *शोभा प्रधान*



झन्डै ५-६ वर्ष अगाडिदेखि हाम्रो देशमा छोरीलाई पनि छोरासरह पैतृक सम्पत्ति नदिएसम्म महिलाको विकास हुन नसक्ने कुरा केही महिलाहरूले माग गरिरहेका छन्। यसैगरी सम्पत्तिको कुरालाई लिएर विभिन्न सङ्घ संस्था वा गैरसरकारी संस्थाहरूले पाँचतारे होटलमा सेमिनार, गोष्ठी तथा छलफल कार्यक्रम गरी छोरीलाई पैतृक सम्पत्तिको अधिकारलाई नै जोड दिने काम गरिरहेका छन्।

देशको जनसङ्ख्यामा आधा भाग ओगटेका महिलामध्ये अत्यन्त कम प्रतिशतमात्र शिक्षित महिला छन्। गरिबी, बेरोजगार र अशिक्षाले गर्दा कैयौँ छोरीचेलीहरू विदेशमा बेचिन बाध्य छन्। देशको यस्तो परिस्थितिमा पनि केही पुँजीवादी महिलाहरू छोरासरह सम्पत्ति माग्दै भेला र जुलुस गरी गरिब अशिक्षित महिलाहरूको आँखामा छारो हाल्ने काम गरिरहेका छन्। नारी अधिकारको नारा बोकी हिँड्ने केही पुँजीवादी महिलाहरूले देशका कामदार र गरिब महिलाहरूको बारेमा कहिल्यै सोचेका छैनन्।

एक छाक खान र एकसरो लाउन पनि अर्काको घरमा काम गरेर आफ्नो गुजारा गर्नुपर्ने ती गरिबहरूले छोरासरह सम्पत्ति कहाँबाट पाउछन् ? देशको सम्पत्तिको अत्यन्त ठूलो भाग केही धनी र शोषकहरूले कब्जा गरेका छन्। अत्यन्त बहुमत जनतासँग अत्यन्त थोरैमात्र सम्पत्ति छ। त्यसकारण, सरकारले निःशुल्क तथा अनिवार्य शिक्षा र रोजगारको बन्दोवस्त गरेको खण्डमा मात्र ती कामदार र गरिबहरूका छोराछोरीहरूको विकास हुन्छ। आफूले पाल्न नसकेर अर्काको घरमा कामका लागि पठाउन बाध्य भएका आमाबाबुले न छोरालाई सम्पत्ति दिन सक्छन्, न त छोरीलाई नै। त्यसैले अहिलेलाई अत्यन्त बहुमत कामदार र गरिब महिलाहरूको विकास गर्ने नै हो भने सम्पत्तिभन्दा शिक्षा र रोजगारमा जोड दिनु आवश्यक छ।

पुँजीवादी व्यवस्थामा पुँजी, धन वा सम्पत्तिकै बढी महत्त्व हुन्छ। यसको अर्थ पुँजीपति वर्ग वा धनीहरूकै शासन चल्छ। यसकारण, सम्पत्तिहीन कामदार वर्ग व्यक्तिगत सम्पत्तिको ठाउँमा सामूहिक सम्पत्तिको पक्षमा छ। सम्पत्ति वा उत्पादनका साधनहरूमा व्यक्तिगत स्वामित्व भएसम्म पुँजीवादी विकृतिहरू समाप्त हुँदैनन्। समाजमा सम्पत्तिको कारण अनेक आर्थिक विकृतिहरू भइरहेका छन् भन्ने कुरा हामीले दैनिकरूपले सुनेका, देखेका र अखबारहरूमा पढेका छौँ। यही सम्पत्तिकै कारण कैयौँ छोरीचेलीहरू विवाहपश्चात् लोग्ने, सासू-ससुरा र आफन्तबाट मारिएका छन्। दाइजो कम ल्याएको निहुँमा तराईतिर र काठमाडौँमा पनि बरोबर घरेलु हिंसाका घटना भइरहेका छन्। कैयौँ छोरीचेलीहरू त्यही सम्पत्तिको कारण अकालमा ज्यान गुमाइरहेका छन्। यस्ता विकृतिहरू हटाउन पनि सम्पत्तिभन्दा शिक्षा र रोजगारलाई नै महत्त्व दिनु आवश्यक देखिन्छ।

संसद्को २० औँ अधिवेशनमा देउवा सरकारले पैतृक सम्पत्तिमाथि छोरीको अधिकारको विषयलाई केही परिवर्तन गरी जन्मेदेखि छोरीले सम्पत्ति पाउने तर विवाहपछि त्यो सम्पत्ति माइतीमै छोड्नुपर्ने विधेयक प्रस्तुत गरेको थियो। त्यो विधेयक पारित भएकोले हाम्रो देशमा अर्को समस्या खडा हुने निश्चित छ। उदाहरणको निम्ति एक महिलाले आफू कानुनीरूपले विवाह नगरेको तथा कुमारी नै रहेको उल्लेख गर्दै पैतृक सम्पत्तिमाथि आफ्नो अधिकारको दाबी गरी सर्वोच्च अदालतमा मुद्दा दायर गरेकी थिइन्। यसै मुद्दामा सर्वोच्चले वैधानिकरूपले विवाह नगरेसम्म कुनै महिलाबाट बच्चा जन्मेपनि ऊ कुमारी नै हुन्छे भन्ने फैसला गऱ्यो। यसै फैसलालाई नजिर बनाई अहिले पनि विवाहपश्चात् सम्पत्ति माइतीमै छोड्नुपर्ने हुनाले महिलाहरू बच्चा भए पनि आफू कानुनीरूपले विवाह नगरेको दाबी गरी सम्पत्तिको हकदार बनि नै रहने सम्भावना छ। यसले देशको प्रचलित मूल्य र मान्यता समाप्त हुँदै जानेछ। देशमा सम्पत्तिसम्बन्धी मुद्दा मामिला अझ बढ्दै जाने देखिन्छ।

सम्पत्ति हुँदैमा छोरीको जीवन राम्रो हुन्छ भन्ने होइन किनभने लोग्ने र परिवार खराब हुँदा महिला शिक्षित नभएका कारण फकाई फुलाई कागजमा सही गराई वा अनेक जालझेल गरेर धनी आमाबुबाका छोरीहरू भएको सम्पत्ति र दाइजोबाट पनि वञ्चित भएका छन्। आफूले

माइतीको प्रशस्त सम्पत्ति लगेर पनि अशिक्षाको कारण कैयौँ महिलाको पाटीको बास भएको धेरै उदाहरण छन् । यस्तो घटनाप्रति पुँजीवादी महिलाहरूको ध्यान गएको देखिँदैन । त्यसैले यस्तो घटनालाई मनन गरी महिलालाई पहिले शिक्षा र रोजगारमा जोड दिनु आवश्यक देखिन्छ ।

पुँजीवादी समाज वर्गमा विभाजित छ । वर्गमा विभाजन भएको हुँदा पुँजीपति वर्गले गरिब दुःखीहरूलाई शोषण गरेकै हुन्छ । यसैले पुँजीवादीहरूले गरिब दुःखीको विषयमा सोच्दैनन् । बहुसङ्ख्यक गरिब भएको हाम्रो समाजमा पैतृक सम्पत्तिमाथि छोरासरह छोरीले सम्पत्ति पाउने भइहाले पनि देशको १०–२० प्रतिशत महिलाले मात्र सम्पत्तिको सुखभोग गर्न पाउने छन्; अन्य बाँकी ८०–९० प्रतिशत महिलामा त्यस सम्पत्ति वितरण हुनेछैन । गरिबीको रेखामुनि बाँच्न बाध्य यी महिलालाई त्यो सम्पत्तिको के अर्थ लाग्यो ? बरू कामदार र गरिब महिलालाई शिक्षाको उज्यालो ज्योति दिन सकेमा देशका अत्यन्त बहुमत महिला शिक्षित भई आफ्नो खुट्टामा उभिन सक्ने हुन्छन् । अनिमात्र कामदार र गरिब महिलाहरूले प्रजातन्त्रबारे बुझ्न पाउनेछन् नत्र कामदार र गरिब महिलाहरूको निम्ति 'प्रजातन्त्रको फल आँखा तरी मर' भनेजस्तै हुन्छ ।

अहिले देशमा प्रजातन्त्र छ । तर, पुँजीवादी प्रजातन्त्र र पञ्चायती व्यवस्थामा आर्थिक दृष्टिले केही फरक छैन । पञ्चायतकालमा पनि देशको सम्पत्तिको ठूलो भाग सामन्त, जग्गाधनी र पुँजीपति वर्गहरूको हातमा थियो भने यो पुँजीवादी प्रजातन्त्रमा पनि शोषक वर्ग, ठूल्ठूला कर्मचारी, ठूला व्यापारी, उद्योगपति, कालाबजारिया, तस्कर र भ्रष्टाचारीहरूको हातमा नियन्त्रित छ । छोरीलाई सम्पत्तिको अर्थ हुनेखाने वर्गकै छोरी, बुहारी र श्रीमतीहरूले पाउने हुन् । गरिब वा कामदार छोरी–बुहारीले पाउने छैनन् ।

यस अर्थमा छोरीलाई पैतृक सम्पत्ति अत्यन्त बहुमत महिलाहरूको निम्ति 'कागलाई बेल पाक्यो हर्ष न विस्मात' भने झैँ हुन्छ ।

देशमा प्रजातन्त्र स्थापना भएको १२ वर्ष बितिसक्दा पनि गरिब र दुःखी जनताको लागि कुनै किसिमको आर्थिक सुधार भएको छैन । झन् यिनै गरिब, दुःखी र असहायहरूलाई अगाडि देखाएर विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ–संस्थाहरूले प्रशस्त फाइदा उठाइरहेका छन् । सामन्त र पुँजीपति वर्गका छोरीहरूले पनि सम्पत्ति पाउँदा सम्पत्तिमा हदबन्दीबाट छुट पाउने तथा कर घट्ने समेत प्रस्ट छ ।

वर्गीयरूपले विभाजित यस्तो व्यवस्थामा तल्लो वर्गको हित हुँदैन । तल्लो वर्ग वा अत्यन्त बहुमत जनताको हित समाजवादी व्यवस्थामा मात्र सम्भव छ । समाजवादी व्यवस्थामा उत्पादनका साधनहरू सामाजिकीकरण हुन्छ; योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोवस्त हुन्छ; पुरूष र महिला सबैले व्यक्तित्व विकास गर्ने समान अवसर पाउँछन् । धनी र गरिबबीचको भेद मेटिँदै जान्छ । शोषण समाप्त हुँदै जान्छ; महिला र पुरूषको बीचमा आर्थिक, सामाजिक र राजनैतिक रूपले पनि समानता प्राप्त हुँदै जान्छ । त्यसैले, पुँजीवादी व्यवस्थाको विरोधमा समाजवादको लागि सम्पूर्ण कामदार तथा गरिब महिलाहरूले सङ्घर्ष गर्नुपर्छ । साँचो अर्थमा समाजवादी व्यवस्थामा मात्र महिलाहरू सामन्तवादी र पुँजीवादी शोषणबाट मुक्त हुनेछन् ।

समाजवादी समाज स्थापना गर्न सम्पत्तिवाल महिलाहरू सङ्घर्षमा उत्रने छैनन् । उत्पादनका साधन वा सम्पत्तिमा सामूहिक स्वामित्व कायम होला, सारा जनतामा तिनीहरूको सम्पत्ति बाँडिएला भनी तिनीहरू डराउँछन् । यसकारण, आर्थिक समानताको लागि महिला किसानहरूले पनि मोहीयानी हक प्राप्त गर्न र समान ज्यालाको निम्ति सङ्घर्षमा एक हुनु आवश्यक छ । मुठ्ठीभर धनी महिलाहरूको हितमा होइन अत्यन्त बहुमत कामदार महिलाहरूको निम्ति सङ्घर्ष गरौँ ! आर्थिक समानताको सिद्धान्तबारे महिलाहरूलाई शिक्षित गर्ने काम गर्दै जाऔँ !

('केटीहरू' अङ्क–५, २०५८)

**'स्मृतिमा कामरेड शोभा'** बाट


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

## प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाबाट कुहिने फोहरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०।– का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# Five years on from the earthquake in Bhaktapur, Nepal, heritage-led recovery is uniting community



Vanicka Arora



Bhaktapur Durbar Square in January 2020. Vanicka Arora, Author provided

Since the Gorkha earthquake killed almost 9,000 people in April 2015, Nepal has been on a slow and arduous route to recovery. Nepal's vibrant cultural heritage of monuments, religious places, crafts, festivals and traditional practices has been key to this process.

Heritage reconstruction in Nepal has been prioritised in the UNESCO World Heritage Site of Kathmandu Valley and received vast amounts of international assistance. But this reconstruction has also become the source of growing tensions between global institutions, national politics and local aspirations. Bhaktapur city is home to one of seven monument zones of the valley. It has been undertaking a novel form of locally led recovery, focusing on built heritage to restore its tourist potential and – more importantly – rebuild community life and the resilience of residents.



The chariot assembly in progress for Bisket Jatra in Taumadhi Square, April 2019. Vanicka Arora, Author provided

## Heritage in recovery

Bhaktapur is 13km from Kathmandu with a population of 82,000. The city has a long history stretching back to the 12th century as a prominent seat of power for the Malla Dynasty.

The central Durbar Square, an ensemble of palaces, temples and rest-houses, showcases centuries of history, architecture and craftsmanship. Declared a World Heritage Site in 1979, Bhaktapur is often referred to as a city of "living heritage", with over 130 heritage sites and an annual calender of festivals, processions and crafts.

Bhaktapur suffered extensively in the earthquake, with over 300 deaths and 2,000 wounded. Over 30,000 houses and 116 monuments were significantly damaged.

For residents, heritage reconstruction is a prominent, tangible sign of post-earthquake recovery, offering a renewed sense of local pride. Sites being reconstructed are not simply monuments for tourists to visit, but essential places for public life: temples for worship and rest-houses for community gatherings.

The president of one of the local user committees, Ram Hari Kora, tells me why he volunteers for heritage reconstruction: "All these monuments are properties left by our ancestors. They have cultural significance as well."

Continuing to celebrate festivals has



The reconstruction of Vatsala Durga Temple in Bhaktapur Durbar Square nearing completion in February 2020. Vanicka Arora, Author provided

become the city's way of returning to normalcy. The annual August festival of Gai Jatra commemorates the dead through a week-long series of rituals and processions through the city.

Images of deceased family members are part of the processions, accompanied by riotous and energetic dances, traditional costumes and masks.

In 2015, the festival offered locals the opportunity to share in collective grief.

## Global heritage, local action

Five years on, close to 80% of the restoration and reconstruction work in Bhaktapur has been completed. Local consumer committees handle finances and planning of individual projects. Funds are supplemented with donations of cash and building materials from residents, and locals volunteer to work on reconstruction sites themselves. Bhaktapur resident Deepesh Raj Sharma recalls how, in the aftermath of the earthquake, residents rallied together to catalogue and store important fragments of several temples that had fallen down to ensure their safety.

"Protecting our heritage and the wealth of our ancestors is part of our duty towards the community," he says.

In stark contrast to its neighbours Kathmandu and Patan, Bhaktapur maintains a high degree of autonomy in reconstruction. Less than 10% of heritage sites in Bhaktapur have been directly assigned to the Department of Archaeology of Nepal. The city famously declined over US$10 million (A$16 million) in foreign funding from the German Development Bank in 2018 over disagreements about the way reconstruction projects would be commissioned and implemented.

Several local approaches conflict with international guidelines on heritage protection, which has led to critiques by conservation experts. The use of new materials and techniques and the lack of detailed documentation and research are ongoing concerns.

But most locals I interviewed are satisfied with the steady progress that is visible within the city. Many have a distinct sense of ownership of their city's heritage recovery.

Literature student Samriddhi Prajapati tells me: "Ongoing reconstruction of heritage makes me proud, because this way we can preserve our culture and encourage tourism side by side."

## Not all heritage, not all people

Unfortunately, not all Bhaktapur's heritage buildings have received the same care.

While public and community heritage has received sustained attention and funding, many private houses have disappeared into piles of rubble. Houses that survived have been languishing.

Housing needs to follow strict bylaws to qualify for funding incentives, leading to



Many houses over 150 years old are still standing in Bhaktapur, while others were destroyed by the earthquake. Newer construction systems and materials replace the old building stock. Vanicka Arora, Author provided

conflicts slowing down reconstruction. Concerns for safety and efficiency also override heritage, so almost all new houses are built using modern construction materials. The city's ageing housing stock is being abandoned or replaced.

Heritage is not a priority for all of Bhaktapur's residents, particularly its poorest and most marginalised communities, which have more immediate concerns about housing, food and employment. For them, recovery is a distant dream and heritage is a luxury.

But Bhaktapur's heritage recovery process leverages its past for its future, building disaster resilience and fostering social and cultural ties while rebuilding local and national identity.

As tourist guide Sahana Chitrakar tells me: "People can see their reflection in heritage, they can see their parents and grandparents, so they want to keep it for the future".

Arora-PhD Candidate at Institute for Culture and Society, Western Sydney University

THE CONVERSATION , April 24,2020

# भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

## पर्यटक सेवा शुल्क सम्बन्धी सूचना

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु १५००।- नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमशः वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।- नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शुल्क रु १५००।- को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु १८००।- (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# चुरेको दोहन देशघाती कदम




विष्णुभक्त राजचल

नेपालको दक्षिणमा सबैभन्दा होचो र फराकिलो पहाडी श्रेणी छ, जसलाई चुरे भन्ने गरिन्छ। यो पहाड श्रेणी नेपालमा मात्र नभई पाकिस्तानको बलुचिस्तानको इन्दु नदीदेखि पन्जाव, भारत हुँदै पूर्वमा बर्मासम्म पनि ठाउँ ठाउँमा टुटफूट भई अल्लगिएर, लोपभएर, टेढिएर र मोडिएर २४०० किलोमिटर फैलिएको छ। यो पर्वत श्रेणीलाई कहीं शिवालिक, कहीं बाह्य हिमाल, कहीं पाद पर्वत भन्ने गरिन्छ। चुरे पहाडले नेपालको कूल भूभाग १,४७,५१६ वर्ग किमीको १२ दशमलव ७८ प्रतिशत अर्थात् १८,८५२ वर्ग किलोमिटर क्षेत्रफल समेतेको छ। नेपालको पूर्व सिमाना इलामदेखि पश्चिम कञ्चनपुरसम्म १२० मिटरदेखि १९७२ मिटर अग्लो उचाइमा रहेको छ। अधिक वर्षा, कमजोर संरचनाको यो चुरे पर्वत पूर्ण रूपमा नखाँदिएका खुकुलो बलौटे ढुङ्गा, कंकड, कङ्ग्लोमरेट, क्वार्टज, बालुवा, अभ्रख आदि मिलेर बनेको छ।

चुरे पर्वत श्रेणीमा माटोभित्र धेरै गहिराइसम्म जरा फैलिएर रहने रुखहरू भएको उपोष्ण सदावहार एवं पतभ्कड जङ्गल रहेको पाइन्छ। नेपालमा भएका ११८ पारिस्थितीय प्रणालीमध्ये १६ ओटा यस चुरे क्षेत्रमा पर्छ। यस क्षेत्रमा २८१ प्रजातिका रूख, १८६ प्रजातिका भ्काडी बुट्यान र ३२२ प्रजातिका भ्कारपात रहेको जनाइएको छ। नेपालमा पाइने १९१८ प्रजातिका वन्यजन्तु मध्ये १३०८ प्रजातिका जन्तु यस चुरेक्षेत्रमा रहेको उल्लेख छ।

१५६० प्रजातिका बिरुवाहरू पाइने र ५२ प्रतिशत भू-भाग वनक्षेत्रले ढाकेको हुँदा यो चुरे क्षेत्र जैविक विविधताको दृष्टिकोणले धनी भौगोलिक क्षेत्रको रूपमा परिचित एवं संवेदनशील क्षेत्र मान्दै आएको छ। यस क्षेत्रका ६५ प्रजातिका स्तनधारी वन्यजन्तुमध्ये ८ ओटा आईयूसिएन ९क्षत्रऋल-प्रकृति संरक्षणको अन्तर्राष्ट्रिय सङ्गठन) सूचीको सङ्कटापन्न समूह र ६ ओटा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण क्षेत्र सूचीमा समावेस छ। यस्तै १६४ ओटा नदीप्रणाली बहने गर्छ। यस क्षेत्रमा आश्रित एक करोड ४७ लाखभन्दा बढी जनसङ्ख्याको लागि खानेपानी चुरैकै कारणले सम्भव भएको उल्लेख गरिएको छ। यदि चुरे पहाडी क्षेत्र नभएकोभए तराई मधेसमा खानेपानीको सङ्कट अकल्पनीय हुनेछ। चुरेकै कारण पानीको पुन:भरणले मधेस कृषियोग्य जमिन भएको हो। यदि चुरेक्षेत्र विनास भएमा 'अन्नको भण्डार' भनिएको मधेस मरुभूमीकरण भएर देश नै भोकमरीको चपेटामा पर्न सक्ने बलियो सम्भावना देखिन्छ। चुरेबिना मधेसको परिकल्पना नै गर्न सकिन्दैन, मधेसको अस्तित्व रहने छैन। जसरी हिमाल नरहे नेपालका पहाड र उपत्यकाहरू बन्जरमा परिणत हुने थियो।

विश्वको सबैभन्दा कलिलो र कान्छो पर्वत, कमसल माटोद्वारा निर्मित भएपनि मानवशास्त्र तथा समाजशास्त्रको दृष्टिकोणमा चुरे क्षेत्र यहाँका आदिवासी वासिन्दाहरूको पहिचान, जीवनशैली र जीवन व्यवहारसँग घनिष्ट सम्बन्ध रहिआएको छ। यहाँका माटो, ढुङ्गा, नदी, खोला, रूख, बिरुवा, भ्कारपात, आदि सम्पूर्ण जैविक विविधता मानव जीवनकै अभिन्न अङ्ग हुन्। चुरे क्षेत्रको



इलामदेखि कञ्चनपुरसम्मको चुरे पर्वत श्रेणी र प्रमुख नदीहरू

प्रकृति त्यस क्षेत्र र त्यसको तल्लो तटीय क्षेत्रका मानवको जीवनधारा सँगाल्ने संस्कृति नै बनेको छ ।

आजभन्दा पाँच छ दशक अघिसम्म चुरे बेसी क्षेत्रमा चौबिसै घण्टा स्वचालित रूपमा पानी निस्किरहने स्थान देखिन्थ्यो । पहिले यस चुरे क्षेत्रमा गर्मी ओसिलो हावापानी हुन्थ्यो । यस क्षेत्रलाई औलोको प्रकोप, 'लु' लाग्ने भएकोले मानव बस्ती प्रतिकूल मानिन्थ्यो । मानव बसोवास थिएन वा साह्रै कम थियो । पूर्व पश्चिम राजमार्ग निर्माण पश्चात राजमार्गले जनजीवनमा हेरफेर ल्यायो । गरिब, भूमिहीन, दलित, सिमान्तकृत समुदायका मानिसहरू तराईबाट चुरेका डाँडातर्फ उक्लिन थाले । पहाडबाट ओइरिएकाहरू पनि राजमार्गको छेउछाउमा आएर बस्न थाले । भारतको आसाममा नेपाली माथि दमन हुँदा त्यहाँबाट पलायन भएकाहरू पनि चुरेका छेउछाउमा बसे । दक्षिणको सीमापारबाट आएका नवनागरिक पनि यही क्षेत्रमा बस्न थाले । यसरी चुरेमा सघन मानव बस्ती विकास भयो ।

यही सघन बस्तीका कारण विस्तारै चुरे वनक्षेत्र दोहन हुन थाल्यो । आजकल यहाँका धेरै वनक्षेत्र फडानी भएको र व्यापारिक मार्ग निर्माण हुनाले चुरे पहाडद्वारा लपेटेका साना ठूला उपत्यका मात्र नभई पहाडी वनक्षेत्र समेत शहर बजारको रूपमा बिकास हुँदै गइरहेको छ ।

नेपालको ३७ जिल्लामा फैलिएको ८८५ कि.मी. लामो, ५-२० कि.मी. चौडा करीब २४०० मिटरसम्मको उच्चाइको यो चुरे पर्वत क्षेत्र अहिले आएर विनासको स्थितिमा पुगेको छ ।

अस्थिर, खुकुलो र विसङ्गठित चट्टानद्वारा निर्मित यो चुरे पर्वत क्षेत्र वर्षायाममा ठाउँठाउँमा अत्याधिक भूक्षय तथा पहिरोको चपेटामा पर्दै गएको छ । मुलुकको १२ दशमलव ७८ प्रतिशत भूभाग ओगटेको चुरे क्षेत्रको विनास आफैमा मात्र सीमित नभई तराईको उर्वरा फाँटसमेत सङ्कटग्रस्त अवस्थामा गुज्रँदै गइरहेको छ । उदाहरणको लागि मकवानपुर जिल्लाको कूल भूभाग ७६,१३१ हेक्टर भूमीको ४८ दशमलव ७५ प्रतिशत क्षेत्रफल चुरेले ओगटेकोमा २०० भन्दा बढी विगाहा उर्वर भूमी बगरमा परिणत भइसकेको र सयौँ परिवार सुकुमबासी बन्दै गएको जिल्ला समन्वय समितिले ठहर गरेको छ । कूल भूमीको ३० दशमलव ७३ प्रतिशत जमिन खहरे र वाढी पहिरोबाट सधैँ जोखिममा रहेको छ भने जिल्लाको ६३ प्रतिशत जमिन अर्थात ५१०० हेक्टर भूक्षयको जोखिममा रहेको भूसंरक्षण कार्यालयले जनाएको छ । यस्तै अरू जिल्लाहरूको अवस्था पनि योभन्दा सुरक्षित रहेको देखिँदैन । वैध-अवैध रूपमा स्थापना भएका क्रसर उद्योगलाई ढुङ्गा खानी खोदनमा सरकारले दिएका विवेकहीन अनुमतिका कारण रोडा, ढुङ्गा, बालुवा निकालेर त्यसको खुलेयाम वा चोरी निकासी गरेर त्यसबाट अत्याधिक लाभ लिने मानवीय क्रियाकलापले गर्दा अहिले चुरे क्षेत्र अस्तव्यस्त बन्दै गएका छन् । जथाभावी रूपले भइरहेका चुरे दोहनलाई स्थानीय सरकार, प्रादेशिका या सङ्घीय सरकारले समेत रोक्न सकेको देखिँदैन । यसमा सरकारी उच्च पदस्थ व्यक्तिहरू, ठूलाबडा नेताहरू, मन्त्रीहरू समेत प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न भएर तस्कर माफिया र ठेकेदारहरूलाई संरक्षण गरिरहेको कुरा व्यवहारले देखाएको छ । वेलाबखतमा जिल्ला जिल्लाका प्रशासनहरूले चुरे दोहन रोक्न सूचना जारी गर्दै कडा निर्देशन दिएपनि उच्चपदस्थ नेताहरूद्वारा संरक्षण प्राप्त सङ्गठित जमातले सञ्चालित वैध अवैध व्यवसायहरूलाई कारबाही गरेर रोक्न वा छुटाउन सकेका छैनन् । यदि त्यस चुरेक्षेत्रमा हुने गरेका दोहनलाई कडाइका साथ रोक्न सकेन भने तराईको उर्वर फाँट कुनै दिन मरुभूमिमा परिणत हुन धेरै समय कुर्नुपर्ने छैन ।

चुरेको खुकुलो जमिनबाट वर्षाको पानी भित्र छिरेर भित्रभित्रै बगेको पानी भावर प्रदेशमा भएका चिम्ट्याइलो माटोले छेकी रोकेपछि बल्ल तराईको जमिनमा माथिसम्म पानी आउने र खानेपानी तथा सिँचाइसमेतको समस्या समाधान हुने गर्छ । चुरे पर्वत नष्ट भएमा तराई फाँटमा वर्षा हुनमा समेत वाधा हुनुका साथै जमिन मुनिको पानीको तह गहिरिँदै गएर माटोमा आर्द्रता घटेर उब्जनी घटेर जाने गर्छ । यस प्रकारले प्राकृतिक रूपमा संवेदनशील क्षेत्र अहिले मानवीय विनासकारी गतिविधिको कारण उक्त क्षेत्रबाट बहने पानी प्रदूषित एवं धमिलो हुँदै गएको र जमिन मुनिको पानीको सतह घट्दै गइरहेका छन् । वर्षाको पानी जमिनका छिद्रबाट भित्र छिर्न नसक्दा भूमिगत पानीको भण्डारमा कमी आएको छ । चुरेबाट आउने पानीलाई अल्मल्याउने स्रोत साधन केही पनि नभई माटो मात्र बाँकी रहेको हुँदा अस्तव्यस्त चूरे क्षेत्रबाट वर्षा याममा वर्षाको पानी भलको रूपमा बेगले बगी खोलाको चौडाइ निकै फराकिलो हुँदै गइरहेको छ ।

चुरे क्षेत्र संरक्षण गर्न २०६७/०६८ साल देखि चुरे राष्ट्रपति कार्यक्रमले संरक्षणको कार्यमा केही अग्रसरता लिएको थियो । २०७४ जेष्ठ ४ गते चुरे क्षेत्रको संरक्षण निम्ति **'चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई'** भन्ने नारासहित नेपाल सरकारले २०७२ सालको मूल्यमा दुई खर्ब ४९ अर्ब ७० करोड १ लाख ९६ हजार लगानी आवश्यक पर्ने अनुमानसहित २० वर्षे गुरुयोजना ल्याएको थियो । यो योजनालाई चार भागमा खण्डीकरण गरी कार्य थालनीसमेत गरेको थियो । तर जति उपलब्धि हुनुपर्ने हो सो सफल हुन सकेको छैन ।

चुरे क्षेत्रका जलवायु परिवर्तन तथा जल उत्पन्न प्रकोप जोखिम प्रभाव न्यूनीकरण गर्दै आएको कुरा ठूला बडा नेता एवं शासकवर्गलाई थाहा भएपनि स्वार्थमा लिप्त भएर चुपचाप बस्नु तराई र चुरे क्षेत्रमा बसोवास गर्ने ५१ प्रतिशत जनताको लागि अहितकारी हुँदै गएको छ । ५१ प्रतिशत






'घर डढाइ खरानीको व्यापार गर्ने' जस्तो ढुङ्गा, गिटी, बालुवा उत्खनन र भारतमा निकासी गरी व्यापार घाटा न्यूनीकरण गर्ने वैध-अवैध 'उद्योगहरू'

जनताको जिउने आधार पानी र उर्वर भूमी नै हो र यसको प्रमुख स्रोत नै चुरे हो। तराईका निम्ति पानी रिचार्ज हुने स्थान नै यो क्षेत्र हो। तर विडम्बना यो छ कि प्रत्येक वर्ष १.७ प्रतिशतका दरले चुरेको वन विनास एवं दैनिक हजारौँ टीप गिटी, बालुवा, ढुङ्गा चोरी निकासी भइरहको छ। शासकवर्गमा सुशासन युक्त राज्य सञ्चालन गर्ने क्षमता ह्रास हुने वेला, राज्य कमजोर हुने वेला, व्यवस्था परिवर्तनको निम्ति आन्दोलन हुने बेला सबैभन्दा बढी प्राकृतिक स्रोत माथि अतिक्रमण हुने गरेको देखिन्छ। चुरे विनासमा सङ्घीयताले त झन आगोमा घ्यू थप्ने काम गरिरहेको छ। शासक वर्गको यस्तो प्रवृति र जनद्रोही क्रियाकलापले चुरेप्रति उनीहरूको बद्नियत स्पष्ट हुन्छ।

यही चुरे क्षेत्रमा दोश्रो ठूलो अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण, रेलवे तथा मेट्रो विकास आयोजना, पूर्वपश्चिम राजमार्गको विस्तार, काठमाडौँ तराई मधेस द्रुतमार्ग, सुदूर-पश्चिम प्रदेशको राजधानी गोदावरीमा बनाउने निर्णय, मदन भण्डारी राजमार्ग निर्माण जस्ता अनेकौँ भौतिक संरचना कार्यले चुरे संरक्षणप्रति नेपाल सरकार नै विनासको मार्ग अपनाइरहेको प्रस्ट देखिन्छ।

'प्रचण्ड' नेतृत्वको सरकारका अर्थमन्त्रीले २०८०/०८१ को बजेट प्रस्तुत गर्दा खनिज ढुङ्गा, गिटी, बालुवा उत्खनन र भारतमा निकासी गरी व्यापार घाटा न्यूनीकरण गर्ने घोषणा गरेर फेरि एकपटक विकासको नाममा नेपालको प्राकृतिक स्रोत साधन दोहन गरी भारतलाई रिझाउने जाल रचेको छ। एकातिर सरकारले चुरे क्षेत्र संरक्षण गर्ने नाममा अनेकौँ आकर्षक योजना ल्याउने अर्को तर्फ बजेटमा चुरेको गिटी-ढुङ्गा दोहन गर्ने बन्दोवस्त गर्नु दोहोरो चरित्र देखाएकै हो। यस्तै अस्पस्ट नीति निर्माण कै फाइदा उठाएर माफियाहरूले फाइदा लिने गरेका छन्।

बजेटको यो व्यवस्थालाई आत्मघाती, राष्ट्रिय भूगोलको ब्यापार, चुरेमाथि मृत्युदण्डको हैकम आदि अभिव्यक्तिसहित जनस्तरबाट व्यापक विरोध भइरहेको छ। यस्तो देशघाती नीति अविलम्ब फिर्ता हुनु जरुरी छ। आशा गरौँ सरकारले त्यस्तो नीति परिवर्तन गरेर चुरे भावरलाई संरक्षण गर्न उपयुक्त कदम चाल्ने छ।

स्विट्जरल्याण्ड, थाइल्याण्ड, मलेसिया, इन्डोनेसिया र फिलिपिन्सजस्ता देशले वातावरण संरक्षणलाई प्राथमिकता र दिगोपन दिएरै आर्थिक विकासको एजेन्डा बनाएका छन्। यस्तै नेपालमा पनि भएका पहाड, पर्वत, नदी, खोला, बनजङ्गल, ताल तलैया हिमनदी आदि अपार प्राकृतिक सम्पदाका भण्डारलाई मौजुदा जनशक्ति प्रयोग गरी संरक्षण गर्नु अपरिहार्य छ। ती स्थानहरूमा भएका पानी, गिटी, ढुङ्गा, रूख, झारपात, जडिबुटी, खनीज साधनलाई स्वदेशी जनताकै लागि प्राथमिकता दिएर आर्थिक विकासको एजेन्डा बनाउने प्रयत्न गर्नुपर्ने आवश्यक छ। यसको लागि सङ्घीयताको मूल मर्मलाई उपयुक्त ढङ्गले कार्यान्वयन गर्नुपर्छ। स्थानीय समुदायलाई संरक्षक र व्यवस्थापकमा प्रोत्साहित गर्नुपर्छ। स्थानीय सरकारलाई आफ्नो ठाउँको भू उपयोग सम्बन्धी योजना बनाई कार्यन्वयन गर्न गराउन उत्साहित गर्नु पर्छ।

# चुरे दोहन गर्न सरकार किन प्रतिबद्ध ?!

चुरे सिरानको सर्रे खोलामा करिब एक महिनादेखि एक्साभेटर प्रयोग गरी उत्खनन तीव्र पारिएको छ। २०७८ सालमा यसै खोलामा उत्खनन हुँदा रोक्न पुगेका शिवशङ्कर महतो अहिले खोला बग्ने सिरहाको **धनगढीमाई नगरपालिकाका मेयर** छन्। अहिले उनैले चुरे संरक्षित क्षेत्रका खोला उपकरणको माध्यमबाट उत्खनन गर्न छुट दिएका छन्।

**२०७८ जेठ २१ गते सर्रे खोला उत्खनन बन्द गर्नुपर्ने भन्दै माइन्युटमा पहिलो नम्बरमै हस्ताक्षर गर्ने महतो मेयर भएपछि चुरे र चुरे संरक्षित क्षेत्रमा उत्खनन गर्न स्वीकृति दिने पनि पहिलो मेयर हुन्।** प्रत्यक्षदर्शी योगेशकुमार सिंहका अनुसार सिरहाको धनगढीमाई नगरपालिकास्थित सर्रे खोला र उत्तर (चुरेतिर) चट्टान फोडेर दोहन भइरहेको छ। 'यो क्षेत्र सरकारले २०७१ सालमै घोषणा गरेको चुरे संरक्षित हो,' उनले भने, 'यहाँबाट ढुङ्गा, गिटी, बालुवालगायत उत्खनन गरिनु गैरकानुनी हो।' एक्साभेटरमार्फत भइरहेको उत्खननले यो भेग खण्डहरमा परिणत भइरहेको उनले बताए।

धनगढीमाई नगरपालिकाले सर्रे खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा निकासी गरेबापत आफूलाई ३७ लाख ७५ हजार रूपैयाँ बुझाउने गरी माँ सखडा भगवती निर्माण सेवासँग सम्झौता गरेको त्यसका प्रोपाइटर अनिरूद्ध साहले बताए।

उनले भने, 'मैले आफैले खोलाबाट माल (नदीजन्य पदार्थ) उठाउन नसकेर खानी मिसन कन्स्ट्रक्सनलाई सहमति दिएको छु। यो फर्म यहींका क्रसरवालाले चलाउँदै आएका छन्। उसैले माल उठाउँछ पैसा तिर्छ।'

साहले भने, **'नगरपालिकाले व्यवहार मिलाएर काम गर्नुस् भनेपछि हामीले हिम्मत गरेका हौँ। नत्र त खोलामा उपकरण लगाएर उत्खनन कहाँ गर्न पाइन्छ र! कानुन सबै ठाउँमा चल्दैन नि!'**

डिभिजन वन कार्यालय लहानका प्रमुख शैलेन्द्रकुमार मिश्र भन्छन्, 'सर्रे चुरे सिरानबाट बगिरहेको खोला हो तर यो मेरो कमाण्ड क्षेत्रभित्र पर्दैन। चुरे संरक्षित क्षेत्रभित्रको खोला उपकरण लगाएर उत्खनन गर्न पाइँदैन। नगरप्रमुख प्रोटोकलमा मभन्दा माथि भएकाले उहाँले लगाएको ठेक्कामा बोल्न सक्दिनँ। **कानुनतः उपकरण प्रयोग गरी उत्खनन गर्न नपाइने नै हो** तर मैले पनि व्यावहारिक कुरा बुझिदिएर चुप बसेको हुँ।'

सिरहाका प्रमुख जिल्ला अधिकारी भोजराज खतिवडाका अनुसार बेथिति भए ठेक्का लगाउने नगरपालिकाले नै अनुगमन गर्ने हो। उनले भने, 'मैले यसमा केही गर्न सक्दिनँ। नगरपालिकाले सहयोग मागे दिने हो। **वैध, अवैध त मैले हेर्ने होइन**, नगरपालिकाले हेर्ने हो।'

सरंक्षणकर्मी धनगढीमाई नगरपालिका १३ का ज्ञानेन्द्र राम असुरक्षित छन्। सर्रे खोलामा भइरहेको अवैध उत्खननको विरोधमा उत्रिएका उनलाई **दोहनकारीको समूहले घरमै पुगेर धम्क्याएको छ।** रामले आफूलाई आँखा, कान र मुख बन्द गरेर बस्न धम्की दिइएको बताए। चुरे संरक्षित क्षेत्र र प्रकृतिमाथि भइरहेको बेहिसाब दोहन रोक्न भगत महतो कोइरीसहित सिरहा र धनुषाका केही व्यक्तिले कमला बचाऊ अभियान समिति गठन गरेर पर्यावरण संरक्षण अभियान चलाउँदै आएका छन्।

**प्रतिनिधिसभामा नेमकिपाका सांसद प्रेम सुवाल**

- तराई मरूभूमीकरणलाई रोक्नको निम्ति चुरे दोहन रोक्नु पर्छ। बजेटमा चुरे दोहन गरी गिटी, ढुङ्गा, बालुवा उत्खनन गर्ने कार्यक्रम राख्नु गलत हो।
- चुरे क्षेत्रको ढुङ्गा, गिटी, बालुवा दोहनमा प्रधानमन्त्री, अर्थमन्त्री, गृहमन्त्रीकै हात रहेको हुँदा सीडीओहरूले यसमा केही गर्न सक्दैनौँ भनिरहेका त होइनन्? चुरे संरक्षणको लागि मन्त्रिपरिषद्को बैठक चुरेमा बस्नुपर्ने होइन र?

अनियन्त्रित नदी दोहनको विरोध गर्दा २०७६ पुस २५ गते धनुषाको मिथिला नगरपालिका-५ श्रीपुरका ओमप्रकाश महतो (दिलीप) ले ज्यानै गुमाउनुपर्‍यो। गाउँकै औरही खोलाको डिलमा सञ्चालित चुरियामाई बालुवा प्रशोधन केन्द्र (क्रसर) ले खोलामा एक्साभेटर लगाएर दोहन तीव्र पारेपछि दिलीप विरोधमा उत्रिएका थिए। **प्रशासन, प्रहरी र नगरपालिकाले दोहनकारीलाई साथ दिइरहँदा दिलीप विरोधमा उभिए।** दोहनकारीले उनलाई लोभ्याउने प्रयास गरे तर सफल भएनन्। **दोहनकारीको आँखामा गडेका दिलीपलाई टिपरले किचेर मारियो।** दिलीपको 'हत्या' पछि केही समय बन्द रहेको चुरियामाई बालुवा

प्रशोधन केन्द्र (क्रसर) पुनः सञ्चालनमा आइसकेको छ। औरही खोलामा दोहन पनि पुनः सुरू भइसकेको छ।

चुरेको अत्यधिक दोहनबाट वातावरण तथा जनजीवनमा परेको असर देखेर तत्कालीन राष्ट्रपति रामवरण यादवले चुरे दोहन रोक्ने कार्यक्रम ल्याउन सरकारलाई आग्रह गरे। प्रधानमन्त्री सुशील कोइराला नेतृत्वको तत्कालीन सरकारका वनमन्त्री महेश आचार्यको अगुवाइमा राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समिति गठन भयो। यसले पूर्वदेखि पश्चिमसम्म फैलिएको चुरे क्षेत्रको अनधिकृत दोहन रोक्न विभिन्न मापदण्ड निर्धारण गर्‍यो। चुरे क्षेत्रबाट ढुङ्गा-गिटी उत्खनन गर्न बन्देज र निकासीमा रोक लगायो। क्रसर उद्योगलाई चुरेको फेदी, मानवबस्ती, नदी, राष्ट्रिय राजमार्ग, विद्युत् प्रसारण लाइनबाट पाँच सय मिटरदेखि दुई किलोमिटरसम्म टाढा सार्ने गरी मापदण्ड लागु गर्‍यो।

यो मापदण्डले क्रसरलाई चुरेबाट तल त झार्‍यो। तर पछिल्लो समय यी क्रसरहरू नदी किनारमा कब्जा जमाएर सञ्चालन भइरहेका छन्। नदी किनारमा क्रसर राख्दा ढुङ्गा-गिटी खोस्रन सजिलो हुन्छ। कम लागतमै धेरै कमाइ गर्न सकिन्छ। (२८ जेठ २०८०, नागरिक)

२०७१ असारदेखि बाहिर निर्यात बन्द भएको चुरे क्षेत्रको ढुङ्गा-गिटी यसपालि सङ्घीय सरकारले खुला गर्ने योजना बनाएको छ। सरकारले 'चुरे' नै भनेर उल्लेख त गरेको छैन तर नेपालको ढुङ्गा, गिटी निर्यात गर्ने उल्लेख गरेको सरकारको लक्ष्य भनेकै 'चुरे बिक्री' भएको चुरे विज्ञहरूको बुझाइ छ।

चुरे विज्ञ डा. **विजय सिंह** भन्छन्, 'अब बजेटमा उल्लेख भएको यो विषय प्रमाणीकरण भयो भने चुरेको विनाश हुन्छ भन्ने ठूलो डर बाँकी नै छ।' तर, यो विषयले अहिलेसम्म पनि संसद्‌मा चलेको बजेटमाथिको छलफलमा स्थान पाएको छैन। ऐन बनाएरै चुरे बिक्रीको योजना बनाएको सरकारले यसलाई मूलतः आर्थिक व्यवस्था सुधारको निम्ति भनेको छ। तर, चुरे बिक्री हुने अवस्था आए ६१ प्रतिशत नागरिकको उठिबास लाग्ने खतरातर्फ भने सरकार गम्भीर बन्न नसकेको चुरे विज्ञहरूको तर्क छ।


सङ्घीय सरकारजस्तै **लुम्बिनी प्रदेश सरकारको नियत पनि चुरे सखाप पार्नमै केन्द्रित** देखिएको छ। प्रदेश सरकारले बुटवलस्थित एक 'चुरे-डाँडो' नै खन्ने योजना बनाएको थियो। **तत्कालीन मुख्यमन्त्री शङ्कर पोखेल**को पालामा बुटवल-पाल्पा जोड्ने सडकमा पर्ने वसन्तपुर डाँडालाई खनेर बिक्री गर्ने निर्णय भइसकेको थियो।

लमहीको यो चुरे उधिन्ने नियत मात्रै होइन, देउखुरीका अधिकांश स्थानीय तहहरूले खोलेका ठेक्कामा मनपरी उत्खनन चलिरहेकै हुन्छ। देउखुरीको लमही नगरपालिका, राप्ती गाउँपालिका, गढवा गाउँपालिका र राजपुर गाउँपालिकाको मुख्य आयस्रोतको रूपमा रहेको चुरेको राप्ती नदी दोहनको उच्च मारमा परेको छ। (२६ जेठ २०८०, नागरिक)

'मजदुर' दैनिक, जेठ ३० गतेबाट

## बासिबियाँलो





बायाँ चित्रमा १० ओटा र दायाँ चित्रमा ५ ओटा फरक पत्ता लगाई रङ्गाउनुहोस्।

# वास्तुशास्त्रमा गृहनिर्माण विधि



ओम धौभडेल

संस्कृत शब्द वस्तुबाट अर्को संस्कृत शब्द वास्तुको उत्पत्ति भएको हो । वास्तुको खास अर्थ घर वा मन्दिरको आधार, भवन, निवास वा बासस्थान भन्ने लाग्छ । यसै सन्दर्भमा **छान्दोग्य उपनिषद**मा वास्तु विद्यालाई देवजनको विधा भनिएको छ । गरुड पुराणमा आवास, बास, वेष्म, पुर, ग्राम, वणिकपथ, प्रासाद, देवालय र मठलाई वास्तु मानेको छ । त्यस्तै कौटिल्य अर्थशास्त्रले घर, जग्गा, बगैंचा, बाँध, पोखरी, ताल आदिलाई वास्तुको संज्ञा दिएको छ । यता वास्तु शास्त्र **मानसार शिल्प**ले जुनसुकै हिन्दु नगर पवित्र र धार्मिक उद्देश्यले बनेको हुन्छ, जहाँ चारैतिर र मध्यभागमा समेत देवदेवीको बसोबास भएको हुन्छ र नगरभरिका निजी वास्तुदेखि अन्य सम्पूर्ण मठमन्दिर, मण्डप, दरबार आदि सबै वास्तु शास्त्र सम्मत हुन्थ्यो भनी उल्लेख गरेको छ । वास्तु शब्दको मूल धातु वस् को अर्थ पनि रहनु, बस्नु, हुनु नै भएको सन्दर्भमा वास्तुको अर्थ अझ स्पष्ट हुन्छ । अनि यस्तै भवन, घर, दरबार, मठ मन्दिर आदि निर्माण गर्ने कला वा विधि नै वास्तुकला हो भन्ने थाहा हुन्छ । यस्तै विविध वास्तुहरूको निर्माणको तरिका, त्यसबाट पाउने शुभअशुभ फल, गुण, दोष तथा निवारणलगायतका उपायहरूको शास्त्रीय ब्याख्या गरिएको शास्त्रलाई वास्तुशास्त्र भनिन्छ ।

मानव सभ्यताको विकास क्रममा जब हाम्रा पुर्खाहरू फिरन्ते जीवन त्यागेर स्थायी रूपमा बसोबास गर्न जाने, साथै आगोको उपादेयता जाने, त्यसबाट पोलेको इँटा बनाउन जान्नुको साथै मानव सभ्यताकै प्रथम सभ्यता मानिएको सिन्धु घाटीको मोहनजोडाडो र हडप्पा जस्ता नगरहरू इशापूर्व २३०० तिर निर्माण भएको इतिहासले बताउँछ । तर त्यो भन्दा १०००-१५०० वर्ष अगाडि नै यस महाद्वीपमा चारैतिर सुरक्षात्मक खापा, पर्खाल, गढ, र बलिया ढोकाहरू भएको नगर निर्माण भैसकेको तथ्य केही समय अघि पाकिस्तानको कोटडिजि भन्ने ठाउँमा गरिएको उत्खननबाट पुष्टि भैसकेको छ । यसको आधारमा आज भन्दा पाँच हजार वर्ष अगाडि नै वास्तुमा आधारित नगरहरूले स्थान पाइसकेको पुष्टि हुन्छ । विश्वकै प्राचीन ग्रन्थ **ऋग्वेद**मा नगरहरू वास्तुमय भएका सङ्केतहरू भेटिन्छ । तत्कालीन समयमा देवताहरू, राजाहरू बस्ने मन्दिर तथा प्रासादहरूमा हजारओटा खम्बा तथा हजारओटा ढोकाहरू हुन्थ्ये भनी लेखेको पाइन्छ । हामीले रामायण, महाभारत जस्ता धार्मिक ग्रन्थहरूमा मात्र देवताहरूको नगर समेत वास्तुकलाले भरिपूर्ण हुन्छ भन्ने कथा पढ्दै सुन्दै आएकोमा वास्तवमा यहाँनेर वास्तुशास्त्र एउटा त्यस्तो महत्त्वपूर्ण विद्या भएको छ, जसलाई प्राचीन ऋषिमुनीहरूले शिक्षाको रूपमा पढ्ने पढाउने गर्दथे । रामायण, महाभारत लगायत बौध्द साहित्यहरू जस्तै बुध्दचरित, ललितविस्तर आदिमा पनि वास्तुको भरपुर प्रयोग भएको पाइन्छ । वास्तुबारे विभिन्न कालखण्डमा लेखिएका हजारौँ वास्तु ग्रन्थहरू, वेदांग, पुराण, ज्योतिषशास्त्र, तन्त्रशास्त्र, आगमग्रन्थलगायत प्रायः अभिलेखहरूमा उल्लेख भएको पाइन्छ ।

हाम्रा पूर्वजहरूले वास्तुविधाका ६४००० ओटा भेदहरू विकास गर्ने क्रममा एउटा निजी वास्तु अर्थात घर बनाउँदा हरेक कुरामा फाप अफाप, शुभ अशुभ हेर्ने परम्परा बसालेको पाइन्छ । हाम्रा वैधानिक परम्परामा व्यवहारमा आउने प्रत्येक कार्यलाई धर्म संस्कृतिसँगै सामञ्जस्य गरी सारपूर्ण बनाउने क्रममा वास्तुकर्मलाई पनि धार्मिक विधानअनुसार लागु गर्ने परिपाटी बसालेको पाइन्छ । त्यही भएर हाम्रा पुर्खाहरूले जे जति वास्तु निर्माण गरे, त्यसभित्र दिव्य भावना लुकेको पाउँछौं । वास्तु शास्त्र वैदिक कालदेखि नै वेदमा आधारित हुँदै निरन्तर चलिआएको शास्त्र हो । वेदमा रहेका विविध अध्यायमा ज्योतिषी विधामा मानिसको गर्भाधानदेखि कृत्यकर्म संस्कार सम्मलाई स्थान दिएको हुन्छ । सोही ज्योतिष विधामा मानिसको लागि नभई नहुने घरबारे पनि उल्लेख छ गृहस्थी जीवनमा आफ्नो घर कस्तो हुनुपर्छ, कस्तो घरको कस्तो फल हुन्छ उल्लेख गरिएको हुन्छ । वास्तु शास्त्र ज्योतिष शास्त्र अन्तर्गत पर्ने भएर यहाँ मान (नाप) को ठूलो महत्त्व हुन्छ । जुन ६ किसिमका नाप प्रमुख हुन्छ गुन, मान, प्रमान, परिमान, लम्बमान, उन्मान र उपमान बाट चिनिन्छ । जसलाई नाप्न हातको साथमा औँलाको उपयोग गर्दछ । यसै सन्दर्भमा कुनै पनि वास्तु बनाउनु पूर्व निर्माण कार्य योग्य छ छैन जँचाउने चलन छ । त्यसो त कुनै पनि वास्तु निर्माण पूर्व नै निर्माण कार्यको

लागि रेखाङ्कन गरिसके पछि नै त्यहाँ गृहमाजुले बास गरिसकेको हुन्छ भन्ने जन विश्वास छ। गृहमाजु अथवा गृहमाताको लागि वास्तु अर्थात एउटा घर वा मन्दिरलाई आठ भाग लगाइन्छ। ती आठ भागमा क्रमशः गरुड, धुम (बाघ), सिंह, स्वान(कुकुर), नाग, मुषक (मुसो), गज(हात्ती) र ध्वाछें (फयाउरो) हुन्छ। वास्तु शास्त्रमा यी प्रत्येकको आ आफ्नै लक्षण हुन्छ। प्रत्येकले वास्तुको एक एक दिशाको प्रतिनिधित्व गरको हुन्छ। उदाहरणको लागि कुनै पनि वास्तुको पूर्वभागमा सदैव इन्द्रराजदी तथा ब्रम्हायणी देवी विराजमान भएको हुन्छ। वास्तुको पूर्वतिर सधैँ गरुडले पनि बास गरेको हुन्छ भन्ने मान्यता छ। विशेष गरी आफूले बनाउन लागेको वास्तुको लम्बाइ र चौडाइ गुणेर आएको योगफललाई आठले भाग लगाउँदा शेष १ बाँकी रहनु गरुडको लक्षण हो। मन्दिर देवगृह बनाउँदा वास्तुको लक्षण गरुड हुनुपर्ने वास्तुमा उल्लेख छ। बिजोर अङ्कमा लम्बाइ र चौडाइ बराबर भएको वास्तुको शेष १ हुने हुँदा बिजोर अङ्कको वर्गाकार वास्तुलाई यहाँ जोड दिएको पाइन्छ। विशेष गरी मन्दिर देवगृहमा ध्वजा (झन्डा) राखिने कारणले यसलाई ध्वज लक्षण पनि भनिन्छ र आएको १ शेषलाई ध्वजादी आय भनिन्छ। त्यसैगरी एउटा वास्तुको आग्नेय कोणमा अग्नि देवताको साथमा कौमारी देवी रहेको हुन्छ। लम्बाइ र चौडाइ गुणेर आएको योगफललाई ८ ले भाग लगाउँदा आएको शेष २ नै धुम (बाघ) लक्षण हो। यस्तो वास्तुमा रहँदा सदैव चिन्ता आकुल ब्याकुल हुने हुँदा विभिन्न रोगले बास गर्छ भन्ने विश्वास छ। यस्तो वास्तुमा रहँदा परिवारजनको सङ्ख्या घट्दै जान्छ भन्ने गर्दछ, जुन राम्रो मानिन्दैन। एउटा वास्तुको दक्षिण दिशामा सदैव यमराजादी र बाराही देवी रहेकी हुन्छ। वास्तुको कुल योगफललाई ८ ले भाग लगाउँदा शेष ३ आएमा त्यो सिंह लक्षण मानिन्छ। जुन दक्षिण दिशाकै प्रतिनिधित्व गर्दछ। सिंह लक्षणयुक्त वास्तुमा सदैव साहसी व्यक्तिको लागि उपयुक्त हुने हुँदा यस्ता वास्तु सेनापति, सेना जस्ता क्षत्रीयको लागि उपयुक्त मानिन्छ। यता वास्तुको नैऋत्य कोणमा सदैव राक्षस देवता र बैष्णवी देवी अधिपति हुन्छ। वास्तुको लम्बाइ चौडाइ गुणेर आएको योगफललाई ८ ले भाग लगाउँदा आएको शेष ४ नै स्वान अथवा कुकुर लक्षण हो। यस्ता लक्षणको वास्तुमा सधैँ कलह झगडा मात्र हुन्छ। कुकुरजस्तो झगडा प्रवृत्तिले गर्दा वास्तुको लागि यो लक्षण उपयुक्त मानिन्दैन। त्यस्तै पश्चिम दिशामा सधैँ बरुण, नागराजाको साथमा इन्द्रायणी देवी रहेको हुन्छ। जसका मालिक गाह अर्थात नाग हुन्छ। वास्तुको योगफललाई ८ ले भाग लगाउँदा आएको शेष ५ नै नाग हो। यस्तो लक्षणको वास्तुले सम्पत्ति तथा धन वृद्धि गर्छ। विशेष गरी आफ्नो वास्तुमा सेतो नागले बास गरेको होस् भन्ने सबैको अभिप्राय पनि यही हो । वास्तुको वायव्य कोणमा वायु देवताको साथमा चामुण्डा देवी रहेको हुन्छ। जहाँ मुषक लक्षण हुन्छ। वास्तुको योगफललाई ८ ले भाग लगाउँदा आएका ६ शेष नै मुषक अर्थात मुसो लक्षण हो। मुसाले नाना कष्ट दिने हुँदा गृहस्थी जीवनको लागि यस्ता वास्तु उपयुक्त मानिन्दैन। घरको उत्तर दिशामा कुवेर देवता र माहेश्वरी विराजमान भएको हुन्छ। घरको लम्बाइ र चौडाइ गुणन गर्दा आएको योगफललाई ८ ले भाग लगाउँदा शेष ७ बाँकी भएमा त्यो गज (हात्ती) लक्षणले युक्त वास्तु मानिन्छ। यस्तो वास्तुमा रहँदा आयुवृद्धि, पुत्र लाभ तथा सम्पत्तिवान भइन्छ। तसर्थ सौभाग्य कुलको मात्र गज लक्षणले युक्त वास्तुमा रहन पाउँछ। वास्तुको इशान दिशामा महादेव, चन्द्र सूर्य र माहालक्ष्मी देवी राज भएको हुन्छ। घरको योगफललाई ८ ले भाग लगाउँदा शेष ८ रहे यो लक्षणलाई ध्वाछें (फ्याउरो) मानिन्छ। जुसले वास्तुको इशान कोणको प्रतिनिधित्व गर्छ। यस्तो लक्षणले युक्त वास्तुमा रहँदा कुनै ठूलो दुर्घटना भएर परिवारजन कै विनाश हुने सम्भावना हुन्छ।



वास्तु चक्र



गुह्य देवता



दिशासहितको वास्तु

चित्र स्रोतःथ्या साफु

यसरी शास्त्रीय नियमअनुसार बन्ने घरहरूको ब्यवहारिक आदि माथि निर्णय र तत्सम्बधी शास्त्रीय अनुशासन समेतको ख्याल गरिसकेपछि वास्तुभूमिको समीकरण आदि कृत्य सम्पन्न गर्नुपर्दछ। यस क्रममा जगको शुभाशुभ, घर बनाउने महिनाको शुभाशुभ, घरको तला उठाउने शुभाशुभ, वास्तुचक्र वा राशिचक्र, घरको जगको नक्सा जस्ता घर बनाउन योग्य विभिन्न कुराहरूलाई विचार पुऱ्याउनु पर्दछ। त्यसै क्रममा घर बनाउन पूजा गर्नेक्रममा वास्तुकलाको प्रणेता मानिएको विश्वकर्मालाई लोकको हित गर्ने, सबै विध्न नास गर्ने देवताको रूपमा पूजा गरिन्छ। जहाँ वास्तुलक्षणको फल स्तुति गरिन्छ। हाम्रा पुर्खाहरूले घरलाई सुत्ने, खाने, आराम गर्ने, हावापानी, घाम, जङ्गली जनावर, चोर आदिबाट सुरक्षा गर्ने ठाउँको रूपमा मात्र लिएको नभई एक पवित्र धार्मिक एवं सांस्कृतिक मूल्य मान्यताले भरिएको एक पवित्र मन्दिरको रूपमा समेत लिएको देखिन्छ। त्यही भएर हाम्रा पूर्वजहरूले घरभित्र जथाभावी फोहोर गर्ने नहुने, दिसापिसाव घरबाहिर गर्नुपर्ने, हरेक पूजा पर्वमा घरलाई पहिले पूजा गर्नुपर्ने, घरको सबैभन्दा माथि पट्टि रहेको निदाललाई देवता मान्ने, घरको मूलढोकामा पूजा गर्ने जस्ता कार्यहरूलाई प्राथमिकता दिँदै आएको हुनुपर्दछ। अनि यस्ता शुभकार्यहरूको फल पाउन आफ्नै घरमा विवाह, ब्रतबन्ध, जन्मदिन जस्ता शुभकार्यहरू गर्नुपर्ने शास्त्रमा उल्लेख छ।

यसरी सम्पूर्ण कार्य फाप अफाप वास्तु लक्षणलाई मनन गरिसकेपछि शुभ मुहूर्तमा जग शिलान्यास गरिन्छ। जहाँ वास्तु शान्तिका लागि स्मार्तकर्म र आगमोक्त जस्ता यज्ञ हवनहरू गर्नुपर्छ। त्यस बाहेक घर निर्माणका लागि पूर्वार्द्धकहरू सम्पन्न भएपछि वास्तु पूजा हुन्छ। त्यसपछि चार सुरमा चारओटा खाडलहरू खनिन्छ जसलाई **अवट** भनिन्छ। यी चारओटा अवटहरूमा विधानशास्त्र अनुसार घ्यू होम गर्नुपर्दछ। त्यसमा एक एक ओटा बलिया शीला राखी त्यसमाथि खम्बा उठाइन्छ र मुख्य खम्बामा एकमाना चामल, जनै, सुपारी भेटी राखी बलिपूजा गरी छोपी राखिन्छ।

त्यस्तै घर निर्माण क्रममा अर्को प्रकारले पनि जग हाल्ने परम्परा छ। धवल गृहको रूपमा निर्माण गरिने यस्तो घरको जगमा अवट खनिसकेपछि त्यसमा पूर्ववत होम गरी अवटैपिच्छे ठूला, चेप्टा, बलियो, शिलान्यास गर्ने गरिन्छ। यसरी वैदिक मन्त्रका साथ वास्तुपूजा गरिसकेपछि भूमिस्थित वास्तु देवताको रूपमा प्रसिद्ध नागलाई सन्तुष्ट राख्ने प्रयत्न गर्नुपर्छ। विशेष गरी हाम्रो वास्तु शास्त्रले बासुकी नाग वा तक्षक नागको पूजा गरेको हुन्छ। त्यही भएर एउटा मान्यता के छ भने हाम्रो प्रत्येक घरमा नागको बास भएको हुन्छ र नागले हामीलाई चट्याङ्ग बज्र जस्ता भयहरूबाट सुरक्षा गरिरहेको हुन्छ।

यता शिलान्यासको क्रममा घरलाई आगम मर्यादाको समेत ख्याल गरी वास्तु विधान अनुसार आराध्यदेव माथि पीठ, पन्चदेवता प्रतिष्ठित गरिन्छ। यस क्रममा आग्नेय, नैऋत्य, वायव्य, ईशान र मध्य भागमा क्रमशः नन्दा, भद्रा, जया, रिक्ता र पूर्णा नामका पन्चशिलाहरू उठाई त्यसमा निशानाको रूपमा क्रमशः कमल, सिंहासन, तोरण, कछुवा, चतुर्भुज विष्णुको चिन्ह लेखिन्छ र यी पाँचओटा शिलाहरूलाई क्रमशः ब्रम्हा, विष्णु, रुद्र, ईश्वर र सदाशिव भनी पन्च देवताको रूपमा समेत लिएको पाइन्छ। त्यस शिलामाथि क्रमशः पद्म, महापद्म, शंख, मकर, सागर नामका कलशहरू खडा गरिन्छ। कलशमाथि बन्दादी शिला र त्यसमाथिबाट गाऱ्हो उठाउने काम हुन्छ। यसरी गृहनिर्माण कार्य आरम्भ गरी आधा घर तयार भैसकेपछि पुनः केही शास्त्रीय कर्महरू गरी गृह निर्माण पूरा भएपछि मात्र नवगृह प्रवेश गरिन्छ। घर पूर्ण भैसकेपछि गजुरध्वज, महाध्वज, पताकाहरू जडान गरिन्छ। यसरी वास्तुहरूको आगम विधि अनुसार गजुर ध्वज, महाध्वज, द्वारका तोरणहरू राख्ने विधि अनुसार गजुर ध्वज, महाध्वज, द्वारका तोरणहरू राख्ने विधान फरक फरक भएको पाइन्छ। त्यसो त साधारण घरमा गजुर राख्ने चलन छैन। जहाँ महाध्वज पताकाहरू मात्र राख्ने गरिन्छ। तर शास्त्र अनुसार निजी वास्तुमा समेत जोर सङ्ख्यामा गजुर राख्नुपर्छ। यसरी पूर्ण भैसकेको घरमा प्रवेश गर्नुपूर्व बलिसहित संघार पूजा गर्नुपर्छ। अफ्न काठमाडौँ उपत्यकालगायतको वरिपरिको नेवार बस्तीमा घर पूर्ण भैसकेपछि छानाबाट पानीका धाराका साथ विशेष प्रकारले बनाएको योमरी गुडाउने चलन छ।

मानिसको जीवनमा नभई नहुने एक आधारभूत तत्त्व मध्येको एक घर निर्माण गर्दा हाम्रा पुर्खाहरूले हरेक कुरामा ध्यान दिएका हुन्थे भन्ने तथ्य तत्कालीन समयमै सृजना भैसकेका वास्तुविधाले जनाउँछ। वास्तुविधा अर्थात घर निर्माण विधिलाई ज्योतिष शास्त्र अन्तर्गत राखी त्यसबाट घर लगायत अन्य भौतिक सम्पदाहरू समेत यथेष्ट निर्माण भएको पाउँछौँ।

यसरी एउटा घर बनाउने क्रममा हाम्रा पुर्खाहरूले अपनाई आएको वास्तु शास्त्रकै परिमार्जित रूपमा आजको वैज्ञानिक युगमा नक्सा बनाउने, माटो परीक्षण गर्ने देखि

कुन दिशामा कुन कोठा बनाउने, भऱ्याङ्ग, कौसी, आदि सम्पूर्ण कुराहरूको ख्याल राखेको पाउँछौं। यसै क्रममा हामी निर्धक्कसँग के भन्न सक्छौं भने आजभन्दा हजारौं वर्ष पहिले हाम्रा पुर्खाहरूले पूर्वीय मतमा रही विकास गरिसकेको वास्तुशास्त्रकै मूलमन्त्र पाएर आज पश्चिमी देशहरूले यति छोटो समयमा आर्किटेक्चर इन्जिनियरिङ्ग क्षेत्रमा सफलता हासिल गर्न सकेका हुन्। तसर्थ हामी हाम्रो वास्तुशास्त्रलाई पाखण्डी, अनावश्यक, अन्धविश्वासी, पुरातन शैली भनी चट्ट छोड्न सक्दैनौं। त्यही वास्तुकला शास्त्रका आधारित भएर ठडिएका असङ्ख्य देव देवालय, मठमन्दिर, गुम्बा, चैत्य, बहावही दरबार जस्ता सम्पदाहरू आज पनि हाम्रो साम ठडिरहेका छन्। हामीले हाम्रो वास्तुशास्त्रलाई कसरी बिर्सन सक्छौं ? नेपाल जस्तो आफ्नै मौलिक संस्कृति धर्म परिवेश भएको देशमा प्राविधिक, कालिगडहरूले विज्ञान र संस्कृतिलाई एकै साथ आत्मसात गरी अघि बढ्न सकेको खण्डमा पुनः एक पटक हाम्रो संस्कृति, सांस्कृतिक अवधारणाले विश्वमा शिर उठाउने मौका पाउनेछ। यसतर्फ गहन विचारशील हुनु आवश्यक छ।

**सन्दर्भ सामग्रीहरू**


१. नेपाली वास्तु र वास्तुग्रन्थको सङ्क्षिप्त परिचय, तारानन्द मिश्र, प्राचीन नेपाल, अङ्क १५९, २०६२ असार

२. मानसार शिल्प, प्रफुल कुमार आचार्य, इलाहावाद, १९२७

३. वास्तुशास्त्र र राष्ट्रिय अभिलेखालयको वास्तु सङ्कलन, राजु रिमाल, अभिलेख, अङ्क २९, २०६८

४. वास्तुशास्त्रीय ग्रन्थहरूको सङ्क्षिप्त अध्ययन, प्रधान सम्पादक – प्रकाश दर्नाल, राष्ट्रिय अभिलेखालय, २०६९

५. वास्तु, बुद्धिसागर पराजुली, प्राचीन नेपाल, सङ्ख्या १, २०२४ पुनः मुद्रित २०५६


**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरू सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ।**



# शिक्षासेवी शोभा प्रधानको स्मृतिमा

– न्हुछेरत्न बुद्धाचार्य

प्राचीन ऐतिहासिक नगर भक्तपुरका
एक चेतनशील शिक्षिका
अपार महिमाले भरिपूर्ण योगदान दिने
कर्तब्यनिष्ठ र मिलनसार व्यक्तित्वका !

जीवनको हरेक मोडमा रत्तिभर नथाकी
ज्ञानको ज्योति छर्न जीवन अर्पण गर्ने
नारी जागरणको लागि निरन्तर पाइला चाल्ने
प्रतिभाशाली, स्वाभिमानी, शिक्षासेवी, शोभा प्रधान !

तिमीले दिएको ज्ञानको सुवास फैलिरहेछ
फूलवारी रूपी जन–जनको बस्तीमा
तिम्रो शिक्षा सेवा, तिम्रो समाज सेवा
मातृभूमिका लागि दियो बनेको छ।


तिम्रो लगनशीलता, तिम्रो इमानदारी
नवयुग आह्वानको प्रगति सूचक हो
जीवनभर ज्ञानको प्रज्ञा प्रज्ज्वलन
निःस्वार्थ सामाजिक सेवाको लागि।

तिम्रो न्यायपूर्ण आवाजका शब्दहरू
जनमानसमा सधैं सम्झिरहने छन्
तिम्रा हरेक जनसेवाका कार्यकलापहरू
अमरदीप भएर चम्किरहने छ !

तिम्रो महान् सेवा हामी सम्झिरहेका छौं
जनमानसले तिम्रो गुणगान सधैं गरिरहने छ
जगतलाई सुन्दर शान्त पार्ने तिम्रो पथमा
भविष्य कर्णधारहरू अघि बढिरहने छन्

(शिक्षासेवी शोभा प्रधानको वार्षिक पुण्यतिथिमा रचित)

(निवृत शिक्षक)




# स्वाङ्जाङ्को भारत यात्रा (३)

-xbfg ;fgsf]hLjg kl/ro_

- चङ चेङ्ग / अनुवादक : लिलि र वाङ वेनलियाङ

## भारतमा अध्ययन

हेइलिङ पर्वत पार गरेर स्वाङजाङ उत्तरी भारत पुगे । त्यतिबेला भारत एकीकृत भइसकेको थिएन । भौगोलिक रूपमा भारत मध्य, पूर्व, दक्षिण, पश्चिम र उत्तरी भागमा विभाजित थियो । तिनलाई एकमुष्ठ पञ्च भारत नामाकरण गरिएको थियो । भारतमा बौद्ध दर्शन अन्तिम पटक उचाइमा पुगेको कालखण्ड थियो त्यो ।

स्वाङजाङ चीनबाट भारत पुग्ने प्रथम भिक्षु वा यात्रु थिएनन् । तर, पाँचै ओटा भारतको यात्रा गर्ने प्रथम यात्रु भने उनी पक्कै थिए । उनी सबभन्दा पहिला उत्तरी भारत प्रवेश गरे । त्यसपछि मध्य भारत र पूर्वी भारत पुगे । त्यहाँबाट उनी पूर्वी तटीय क्षेत्र हुँदै दक्षिणी भारत पुगे । अनि पुनः पश्चिम भारत पुगे र अन्ततः मध्य भारतमा फर्के । यात्राको क्रममा स्वाङजाङले साना र ठूला गरी ७० भन्दा बढी मुलुकमा पाइला टेके । उनले विभिन्न देशमा रहेका बौद्ध बिहारहरूको भ्रमण गरे । कलात्मक भित्तेचित्र लेखिएका गुफाहरूमा पुगे । यात्रामा उनले बौद्ध विचारधाराको गहिरो अध्ययन गरे । जुन देशमा उनी पुगे, ती देशका कला र परम्पराको अध्ययन गरे । यात्राको क्रममा उनले धेरै अनुभव र जानकारी हासिल गरे । कतिबेला खतरनाक र जीवन नै जोखिममा पार्ने अनुभव पनि हासिल गरे । तर, जस्तोसुकै आरोह अवरोह आइलागे पनि बौद्ध दर्शनको भूमिमा उनले धेरै सुखद् आश्चर्यहरू अनुभव गरे र महत्त्वपूर्ण उपलब्धि हासिल गरे ।

स्वाङजाङ उत्तर भारतमा प्रवेश गरे र आजको अफगानिस्तानको पूर्वतिर पर्ने केही भूभाग पनि छिचोले । चाँडै उनी प्रसिद्ध बौद्ध सहर फोदिङ्गु सहर (अफगानिस्तानको जलालाबादबाट दक्षिण) मा पुगे । त्यहाँको मन्दिरमा शाक्यमूनिको खप्परको हड्डी सुरक्षित राखिएको थियो ।


गान्धारा बौद्ध कलामा बुद्धको प्रतिमा

त्यहाँबाट नजिकै (अफगानिस्तानको जलालाबादबाट दक्षिणपश्चिम) एउटा द्विप सहर थियो । त्यो सहरको बाहिरतिर एउटा गुफा थियो । त्यो गुफामा शाक्यमुनिले ड्रागनलाई पराजित गरेको र त्यहाँको ढुङ्गे पर्खालमा बुद्धको छाया बाँकी रहेको बताइन्थ्यो । त्यहाँको विषयमा जानकारी पाए पछि स्वाङजाङले गुफासम्म पुग्न पथप्रदर्शक खोजे । त्यहाँ जान उनले एक जना पाको मान्छे भेटाए । गुफा जाने बाटोमा मानिस उति हिँड्दैनथे । बाटोमा उनीहरूले हातमा तरबार बोकेका पाँच जना डाँका भेटे । उनीहरूले स्वाङजाङ बुद्धको प्रार्थना गर्न आएको थाहा पाए, तब उनीहरू पनि उत्सुकतावश स्वाङजाङकै पछि लागे । गुफा पुग्दासम्म त्यसभित्र केही नदेखिने गरी अँध्यारो खसिसकेको थियो । सँगै आएका पाको मान्छेको सल्लाहअनुसार स्वाङजाङले पूर्वी ढुङ्गे पर्खालसामु सयौं पटक प्रार्थना गरे । अचानक ढुङ्गे पर्खालमा एउटा छायाँ देखियो । छायाँले पाइजामा लगाएजस्तो देखिन्थ्यो । त्यो मुख्य छायाँबाहेक त्यहाँ अरू पनि मधुरा छायाँहरू थिए । त्यो देखेर उनीहरू चकित परे । उनीहरूसँग गएका पाँच जना डाँकाहरूलाई पनि त्यो दृश्यले प्रभावित बनायो । पाँचै जना डाँकाहरूले तत्काल आ–आफ्ना हतियार त्यागेर बौद्ध दर्शन अङ्गाले ।

आधुनिक विद्वान्हरूका अनुसार खासमा गुफाभित्र देखिने बुद्धको छायाँ त्यहाँको विशेष अवस्थाको कारण प्रकाशको प्रतिबिम्ब थियो । स्वाङजाङ र उनीसँगै गएका अरू मानिसले देखेको छायाँ वास्तवमा उनीहरू स्वयम्को छायाँ थियो । स्वाङजाङलाई उत्तिबेला यो वास्तविकता थाहा थिएन । धार्मिक भावनाको कारण त्यहाँको छायाँ उनलाई बुद्धकै जस्तो लागेको हुनुपर्छ ।

त्यहाँबाट स्वाङजाङ दक्षिणपूर्वी दिशामा ५ सय ली (२५० किलोमिटर) लामो यात्रा गरे। अनि उनी गान्धार देश पुगे। गान्धार देश हालको पाकिस्तानमा काबुल नदीको निकास क्षेत्र हो। त्यो देशमा जतातते फूलको सुगन्ध फैलिएको थियो। गान्धारमा कुनै बेला बौद्ध दर्शनको निकै विकास भएको थियो। त्यहाँ प्राचीन ग्रीसेली शैली र भारतीय शैली सम्मिश्रण गरी प्रसिद्ध बौद्ध कलाको विकास गरिएको थियो। स्वाङजाङ त्यहाँ पुग्दासम्म भने बौद्ध दर्शनको त्यो उचाइ खस्किसकेको थियो। तथापि, धेरै सङ्ख्यामा बहुमूल्य बौद्ध प्रतिमा बाँकी थिए। गान्धार देशको राजधानी पुरुषपुरा थियो। त्यो हालको पाकिस्तानको पेशावर सहर हो। स्वाङजाङले विशेष सम्मानका साथ उल्लेख गरेका धेरै बौद्ध गुरुहरू जस्तै महायान सम्प्रदायको लागि महत्त्वपूर्ण सिद्धान्तकार **बन्धु असङ्घ** र **बसुबन्धु** (झन्डै चौथौ वा पाँचौँ शताब्दी) को जन्म यही सहरमा भएको थियो।



गान्धारा कलामा कठिन ध्यानस्थ शाक्यमुनि

## गान्धारा कला

प्राचीन भारतको उत्तरपश्चिममा पर्ने गान्धारामा चौथो शताब्दीताका गान्धारा कलाको विकास भएको हो। मेसोदोनियाका राजा अलेक्सान्द्रले त्यतिबेला भारतमाथि कब्जा जमाइसकेका थिए। हिन्द नदी र काबुल नदी वरपर यो कला चर्चित थियो। त्यसमा मुख्यतः बुद्धलाई केन्द्रमा राखेर दरबार र मन्दिरहरू, बौद्ध ग्रन्थ र चित्रकला आदिको चित्रण हुन्थ्यो। भारतको परम्परागत कलाको आधारमा गान्धारा कलाले ग्रीस, पर्सिया, रोमका कलात्मक अभिव्यक्तिलाई समेटिएको हुनाले यो नयाँ शैलीको कला थियो। गान्धारा कलाको प्रभाव भारत, मध्य एसिया, चीन र जापानसम्म फैलिएको थियो।

पछि स्वाङजाङले पाकिस्तानका केही ठाउँको भ्रमण गरे। तर, ती ठाउँमा बुद्ध दर्शन विगतमा जस्तै लोकप्रिय थिएन। बौद्ध गुम्बा र भिक्षुहरूको सङ्ख्या उल्लेख्य रूपमा घटिसकेको थियो। त्यही समयमा उनले उत्तर भारतको कास्मिरा सहर (कास्मिर) बौद्ध दर्शनको केन्द्र भएको सुने। उनी त्यतै लम्किने निधो गरे। कास्मिरा चारैतिर अग्ला पहाडले घेरिएको थियो। त्यहाँ पुग्न स्वाङजाङले झन्डै १ हजार ली (५ सय किलोमिटर) लामो कठिन चट्टानी बाटो छिचोल्नु परेको थियो। कास्मिराका राजा बौद्धमार्गी थिए। उनले स्वाङजाङलाई स्वागत गर्न आफ्नो भाइलाई सीमासम्म पठाएका थिए। केही दिनपश्चात उनीहरू त्यो देशको पछि मात्र राजधानी (हालको कास्मिरको श्रीनगर सहर) पुगेका थिए। राजाले हात्तीमा सवार भएर स्वाङजाङलाई आफ्नो देशमा स्वागत गरेका थिए। राजा आफै अघि सरेर उनीमाथि पुष्पवर्षा गरेका थिए। राजाले आफूसँगै हात्ती सवार गर्न आग्रह गरेका थिए। त्यहाँका बजारहरू भव्य थिए। जतातते बौद्ध गुम्बा र मन्दिरहरू देखिन्थे।

स्वाङजाङ धेरै टाढाबाट बौद्ध ग्रन्थको खोजीमा निस्केको थाहा पाए पछि राजाले बौद्ध ग्रन्थ सार्न मद्दत गर्ने बीस जना छायाकारहरूको व्यवस्था गरेका थिए। अनि झन्डै ७० वर्ष पुगेका विद्वान् **सेङचेङ**लाई आमन्त्रण गरेर ती ग्रन्थको व्याख्या गर्न लगाएका थिए। उमेरले बुढो र शारीरिक रूपमा कमजोर भएर पनि सेङचेङ बिहानदेखि रातिसम्म हार्दिकतापूर्वक प्रवचन दिन्थे। स्वाङजाङले कठिन मिहिनेत गरे। अनि तुरुन्तै विस्तृत रूपमा विषयवस्तुको मूल आन्तर्यमा निपुणता हासिल गरे। सेङचेङ स्वाङजाङलाई निकै महत्त्व दिन्थे। उनले अरूलाई भन्थे, *'तिनी चिनियाँ भिक्षु प्रतिभासम्पन्न छन्। तिमीहरू कसैको उनीसँग तुलना पनि हुन सक्दैन। उनी वशुबन्धु भाइहरूको परम्परा धान्न सक्षम छन्। विडम्बना उनी निकै टाढा विदेशी भूमिमा जन्मे। कसो हाम्रा पुर्खाको बिँडो ठाम्न उनी अगाडि नै यहाँ आएनन्।'* केही नाम चलेका भिक्षुहरू यो कुरामा सहमत हुन सकेनन्। उनीहरूले स्वाङजाङसँग जटिलभन्दा जटिल प्रश्नहरू सोधे। ती सबै प्रश्नको जवाफ स्वाङजाङले प्रस्ट शब्दमा दिए। तब सबै भिक्षु उनको विलक्षणतामा सहमत भए र निकै लज्जित अनुभव गरे।



तुनह्वाङ मोकाओ गुफाभित्र भित्तेचित्र नं २१७। यो चित्रमा बुद्ध बाँचेको चरम सुखको क्षण चित्रण गरिएको छ।

स्वाङजाङ कास्मिरामा झन्डै दुई वर्ष बसे । त्यहाँ बसेर उनले बौद्ध दर्शनको ज्ञान र संस्कृत भाषामा उल्लेखनीय उपलब्धि हासिल गरे । उनी स्थानीय भाषामा पनि अभ्यस्त भए । पञ्च भारतको भ्रमण गर्न र बौद्ध ग्रन्थको अनुवाद गर्न त्यहाँको बसाईमा उनले बलियो आधार बनाए ।

झन्डै ६२९ सालमा स्वाङजाङ कास्मिराबाट बिदा भए । अनि लामो यात्रा पार गरेर टाक्का (पाकिस्तानको पञ्जाब) पुगे । जङ्गल पार गर्ने क्रममा स्वाङजाङ र उनको साथमा हिँडेको टोलीको ५० जनाभन्दा बढी सङ्ख्यामा आएका डाँकाहरूसँग भेट भयो । डाँकाहरूले उनीहरूले बोकेका सबै सरसामान लुटे र एउटा सुख्खा पोखरीमा लगेर हत्या गर्ने योजना बनाए । तर, स्वाङजाङ र एक जना युवक भिक्षु बठ्याइँपूर्वक त्यहाँबाट भाग्न सफल भए । उनीहरूका दु:ख सुने पछि खेतमा हलो जोत्दै गरेको एक जना किसानले शङ्ख फुकेर ८० जनाभन्दा बढी गाउँलेहरूलाई एकनिमेषमै भेला गरे । गाउँलेहरू हातमा मुङ्ग्रा बोकेर तत्कालै त्यहाँ जम्मा भए । हातमा मुङ्ग्रा बोकेका गाउँलेहरूका डफ्फा देखेर डाँकाहरू डराएर भागे । अनि स्वाङजाङका साथीहरूको पनि ज्यान जोगियो । तथापि उनीहरू दु:खी थिए किनभने उनीहरूले बोकेका सबै सामान लुटिएको थियो । स्वाङजाङ भने मुसुमुसु हाँसिरहेका थिए । उनी कति पनि तनावमा थिएनन् । उनले अरू सहयात्रीहरूलाई हौस्याउँदै भने, *'सबभन्दा अमूल्य कुरा जीवन हो । हामी बाँचेका छौँ । हामीले चिन्ता लिनुपर्ने कुनै कारण छ र ?'*

अर्को दिन उनीहरू टाक्काको पूर्वमा एउटा ठूलो सहरमा पुगे । एक जना सन्यासी ब्राह्मणले उनको त्यहाँ हार्दिकतापूर्वक स्वागत गरे । ब्राह्मणले बौद्ध दर्शनमा विश्वास गर्ने त्यो सहरका बासिन्दाले स्वाङजाङको लागि खाना तयार पारेको जानकारी दिए । जब त्यहाँको स्थानीय डाँका दलका नेताले आफ्ना मान्छेले त्यस्ता आदरणीय व्यक्तिमाथि डकैती गरेको सुने, उनले आफ्ना मान्छे पठाएर पश्चातापस्वरुप स्वाङजाङसमक्ष कपासको कपडाका थान टक्र्याउन आदेश दिए । डाँका दलका मान्छेहरूले उनीसमक्ष तीन सयभन्दा बढी कपडाका थान टक्र्याए । साथै, खाना र पेय पदार्थ पनि टक्र्याए । स्वाङजाङले त्यही मौकामा उनीहरूलाई खराब बाटो त्याग्न र असल बाटोमा लाग्न आग्रह गरे । डाँकाहरू उनको उपदेश मान्न तयार भए । स्वाङजाङको यस्तो प्रभाव देखेर ब्राह्मण चकित परे । यस्तो घटना त्यो सहरमा त्यसअघि कहिल्यै नभएको उनले सुनाए । स्वाङजाङले आफूले पाएको कपासको कपडा सबै सहयात्रीहरू र ब्राह्मणलाई बाँडे । अनि एक महिनाको लागि बौद्ध ग्रन्थको अध्ययन गर्न बुढो मान्छेको पछि लागे ।

यसप्रकार स्वाङजाङले मध्य भारत पुग्नुअघि लामो यात्रा र गहिरो अध्ययन गरे । त्यो ६३१ वर्ष थियो । स्वाङजाङ तीस वर्षका थिए । उनले चीन छोडेको पाँच वर्ष बितिसकेको थियो । धेरै देशहरू पार गरेर उनी मध्य भारतको कान्यकुब्ज पुगे । त्यो देशको राजधानी सङ्किशा (अहिलेको भारतको उत्तर प्रदेश राज्यको कन्नौज) थियो ।

## शिलादित्य

शिलादित्य उत्तर भारतको कान्य-कुब्जका राजा थिए । उनी ६०६ सालमा गद्दी आसिन भएका थिए । उनका शासनमा कान्य-कुब्ज ज्यादै शक्तिशाली देश थियो । राजधानी सङ्किशालाई केन्द्र बनाएर उनले उत्तर भारतलाई एकीकृत गरेका थिए । गुप्त वंश (लगभग ३२०-५४०) पछि भारतमा उनले नै अर्को केन्द्रीय शासन सत्ता स्थापना गरेका थिए । उनी भारतीय शास्त्रीय संस्कृतिका महत्त्वपूर्ण प्रबर्द्धक थिए । उनी धेरै कवि तथा लेखकहरूलाई सहयोग गर्थे । उनी साहित्य र कलाप्रेमी थिए । उनले विभिन्न सम्प्रदायबीच धार्मिक र प्राज्ञिक सम्बन्धलाई प्रोत्साहन गर्थे । स्वाङजाङ भारत भ्रमणमा छँदा राजा शिलादित्यले ठूलो हार्दिकताका साथ भव्य स्वागत गरेका थिए ।

कान्यकुब्ज सिङ्गो भारतको राजनीतिक र सांस्कृतिक केन्द्र थियो । सङ्किशाको पश्चिममा भारतको सबभन्दा लामो नदी गङ्गा बहन्थ्यो । त्यहाँको जनसङ्ख्या ठूलो थियो । त्यहाँ धेरै भव्य भवन र बगैँचाहरू थिए । मानिसहरू तुलनात्मक रूपमा उच्च तहसम्म पढेलेखेका थिए । उनीहरू समृद्ध जीवन बाँच्थे । त्यतिबेला त्यो देशमा राजा शिलादित्य (५८९-६४७) को शासन थियो । तिनताक उनी आफ्नो जीवनकै सफलताको उत्कर्षमा थिए । उनी बुद्धिमान र वचनबद्ध स्वभावका थिए । उनले देशमा पूर्ण व्यवस्थाका साथ शासन गरेका थिए । सङ्किशालाई केन्द्रमा राखेर उनले छिमेकी देशमाथि पनि कब्जा जमाएका थिए । पञ्च भारतका धेरै राज्यले उनका आदेश शिरोपर गर्थे । शिलादित्य सुरुमा शिवका भक्त थिए । पछि बौद्धमार्गी बने । उनले धेरै बौद्ध मन्दिर र भवन बनाए । धेरै भिक्षुलाई उनले सहयोग

गर्थे । प्रत्येक पाँच वर्षमा उनले ‘युची बैठक’ भनिने विशेष बैठकको अध्यक्षता गर्थे । कुनै भेदभाव नभएको त्यो धार्मिक बैठकमा सबै धर्म र सम्प्रदायका मानिस भाग लिन्थे । बैठकमा विभिन्न सम्प्रदायका मानिसहरूबीच प्राज्ञिक छलफल र विचार आदानप्रदान गर्न प्रोत्साहित गरिन्थ्यो । राजा शिलादित्य पनि साहित्य र कलाप्रेमी थिए । उनले पनि धेरै नाटक लेखेका थिए । आज पनि ती नाटकहरूको परम्परा चलेकै छ ।




तुनह्वाङको भित्तेचित्र अमिताभको पवित्र भूमि । यसमा बौद्धको आदर्श राज्यको चित्रण गरिएको छ ।

कान्यकुब्जमा स्वाङजाङ पुग्दा शिलादित्य लडाईंमा आफ्नो सेनाको नेतृत्व गरिरहेका थिए । त्यसकारण उनीसँग स्वाङजाङको भेट भएन । स्वाङजाङ केही समयको लागि त्यहाँ बसे र त्यो देशबारे सूचना सङ्कलन गरे । उनका सूचना शिलादित्यकालीन भारतबारे अध्ययन गर्न अरू अध्येताको लागि भरपर्दो सामग्री बने ।

स्वाङजाङले सङ्किशाबाट अगाडि आफ्नो यात्रा जारी राखे । एक समय उनी र उनका सहयात्रीहरूले एउटा ठूलो जहाजबाट गङ्गा नदी हुँदै पूर्वतिर जानु परेको थियो । उनको टोलीमा त्यो समय ८० भन्दा बढी मानिस सामेल थिए । यसरी यात्रा गर्ने क्रममा अचानक डाँकाहरू सवार दर्जनौं स-साना डुङ्गा जङ्गलबाट नदी किनारामा देखिए र स्वाङजाङको टोलीलाई रोके । डाँकाहरूले उनीहरूको जहाजलाई किनारामा लगे र त्यसमा भएका भएभरका यात्रुका सबै कुरा लुटे । ती डाँकाहरू एक जना देवीका भक्त थिए । हरेक वर्षको ग्रीष्मयाममा उनीहरूले देवीलाई खुशी बनाउन एक जना रूपवान मानिसको बलि दिने गर्थे । यस पटक उनीहरूले बलि दिन स्वाङजाङलाई छाने र उनलाई मार्नतिर लागे । मृत्यु पछि पुनः जन्म लिएर बौद्ध ग्रन्थ खोज्ने, योगाचारा-भूमि-शास्त्र पढ्ने आफ्नो इच्छा पूरा गर्न पाइयोस् भनी मारिने क्षण बौद्ध ग्रन्थ पढ्न अनुमति दिन उनले सौम्यभावमा बिन्ती गरे । उनको यस्तो कुराले ती डाँकाको मन पग्लियो । तत्क्षण ठूलो आँधीबेहरी चल्यो । नदी किनाराको बालुवा हावामा उड्यो । रुखहरू ढले । शान्त गङ्गा नदीमा ठूलठूला छाल उठे । छालले गङ्गामा तैरिरहेका डुङ्गाहरू उल्टिए । यो सब देखेर डाँकाहरू डराए । उनीहरूले जब स्वाङजाङ चीनबाट बौद्ध ग्रन्थको खोजीमा निस्केको बौद्ध भिक्षु भएको थाहा पाए, देवीको इच्छाकै कारण स्वाङजाङ नमारिएको ठहर गरे । डाँकाहरूले स्वाङजाङसमक्ष माफी मागेर रिहा गरे । स्वाङजाङबाट प्रशिक्षित भए पछि डाँकाहरूले हातहतियार सबै त्यागे । अनि लुटपाट गरिएका सबै सामान फिर्ता गरे । सँगै उनीहरू सबै जना बौद्धमार्गी बने । यसप्रकार डाँकाहरूको हातबाट मारिनबाट स्वाङजाङ जोगिए । यो घटना जताततै प्रचार भयो र स्वाङजाङप्रतिको आदरभाव अझ चौतर्फी फैलियो ।

यस्ता खतरा छिचोलिसकेपछि स्वाङजाङले आफ्नो यात्रा रोकेनन् । चाँडै नै उनी शाक्यमुनिको जन्म



नालन्दा बिहारको भग्नावशेष

भएको कपिलवस्तु पुगे । कपिलवस्तु कुन ठाउँमा पर्छ भन्ने विषयमा फरक फरक भनाइ छन् । कसैले यो ठाउँ नेपालको दक्षिणी भूभागमा पर्छ भन्छन् भने कोही भारतको उत्तर प्रदेश राज्यमा पर्छ भन्छन् । स्वाङजाङले कपिलवस्तुमा धेरै घर र मन्दिर भत्किएका, परित्यक्त अवस्थामा र कतै त ध्वस्त भएको अवस्थामा देखे । त्यहाँ झन्डै कोही पनि मानिस भेटिएन । त्यहाँ उनी ज्यादै पिरोलिए । मन अमिलो पारेर उनी अर्को पवित्र भूमि नालन्दा बिहार पुगे ।

चाङआनबाट हिंडेको पाँच वर्षपश्चात स्वाङजाङ

अन्ततः भारतको सर्वश्रेष्ठ अध्ययनथलो नालन्दा बिहारमा पुगे । त्यो ठाउँ मगध (हालको भारतको बिहार, पटना र गया) मा पर्थ्यो । स्वाङजाङ त्यहाँ पुग्नुअघि नै उनको कीर्ति त्यहाँ फैलिसकेको थियो । नालन्दा बिहारको नजिक आइपुगेको खबर पाए पछि बिहारले उनको स्वागतमा चार जना दूत खटायो । उनको भव्य समारोहबीच स्वागत भयो । २ सय भिक्षु र एक हजारभन्दा बढी सर्वसाधारण मानिसले बौद्ध पूजा सामग्री र सुगन्धित फूल बोकेर सम्राट ताङका विशिष्ट पाहुनालाई भव्य स्वागत गरे ।

त्यहाँ बौद्ध दर्शन जताततै फैलिरहेको कुराले स्वाङजाङलाई निकै खुशी बनाएको थियो । आख्यान कृति **'पश्चिमको यात्रा'** मा ताङसेनको गन्तव्य ठूलो लेयिन मन्दिर (चट्याङ मन्दिर) थियो । बौद्ध ग्रन्थअनुसार त्यो मन्दिरमा शाक्यमुनि बुद्ध बसेका थिए । नालन्दा बिहारको अभिलेखको आधारमा त्यस्तो वर्णन गरिएको हुनसक्छ । नालन्दा बिहार विशाल र भव्य थियो । भारतका राजाहरूले त्यो बिहार बनाउन लगाएका थिए । त्यो बिहार कुनै चारकुने सहर जस्तो थियो । बिहारका प्रमुख भवन तीनतले थिए । त्यसका भित्ताहरू साँच्चैका जस्ता प्रतिमाले भरिएका थिए र ती प्रत्येक प्रतिमा ज्यादै मिहिन रूपमा कुँदिएका थिए । त्यसका छाना, तोरण र भुइँमा बलियो र टिकाउ विशेष सामग्री प्रयोग गरिएको थियो । बिहार आवास क्षेत्र र शैक्षिक क्षेत्र गरी दुई भागमा विभाजित थियो । कक्षा हुने क्षेत्रमा धेरै बौद्ध मन्दिरहरू थिए । ती मन्दिरमा सुन्दरतम बुट्टाहरू कुँदिएका थिए । ती सबै कला विभिन्न बौद्ध कथामा आधारित थिए ।

नालन्दा बिहारमा पुस्तकको विशाल सङ्कलन थियो । सबभन्दा उत्कर्षमा पुगेको समयमा त्यहाँ पुस्तकको सङ्ख्या ९० लाखसम्म पुगेको थियो । त्यहाँ अध्ययनरत बौद्धमार्गी र अन्य शिक्षार्थीको सङ्ख्या १० हजारभन्दा बढी थियो । बौद्ध शैक्षिक केन्द्र भए पनि त्यहाँका विद्वान गुरुहरूले विभिन्न विषयमा प्रवचन दिन्थे । त्यहाँ बौद्ध शास्त्र, नक्षत्र, गणित र औषधि विज्ञानबारे दैनिक एक सयभन्दा बढी प्रवचन हुन्थे । बौद्ध दर्शन र अन्य विज्ञानका भारतकै उत्कृष्ट विद्वान्हरूको घर थियो नालन्दा बिहार । राजाले छिमेकका एक सयभन्दा बढी सहरका जनतासमक्ष नालन्दा बिहारलाई मद्दत गर्न आदेश दिएका थिए । ती हरेक सहरमा दुई सय घरधुरी थिए । त्यसकारण त्यो बिहारमा बस्ने विद्वान्हरूलाई खाना, लुगाफाटा वा बस्नको कुनै चिन्ता थिएन ।



तुनह्वाङको गुफाभित्रको भित्तेचित्रमा विभिन्न देशका व्यापारी।

स्वाङजाङको बिहारको सबभन्दा प्रमुख व्यक्ति, सर्वोच्च प्राज्ञिक अधिकारी **शिलाभद्र**सँग भेट भयो । त्यतिबेला शिलाभद्र एक सय वर्षभन्दा बढी उमेरका थिए भनिन्छ । बिहारमा अध्ययनरत दस हजार शिष्यहरूमध्ये एक हजारभन्दा बढी त २० भागको बौद्ध शास्त्रमा निपुण थिए । ५ सयभन्दा बढी शिष्यहरू ३० भागको बौद्ध शास्त्रमा पोख्त थिए । अनि दस जना विद्वान्हरू ५० भागको बौद्ध शास्त्रमा विज्ञ थिए । शिलाभद्र भने सबै बौद्ध ग्रन्थमा ज्ञाता थिए ।

स्वाङजाङले आफ्ना नियमानुसार शिलाभद्रलाई सबभन्दा उच्च आदर व्यक्त गरे । शिलाभद्रले स्वाङजाङलाई कहाँबाट आएको भनी सोधे । अनि बिहारमा आउनुको अभ्यान्तर पनि सोधे । जवाफमा स्वाङजाङले भने, *'म चीनबाट आएको हुँ । म हजुरको छत्रछायामा योगाचारा-भूमि-शास्त्र अध्ययन गर्न चाहन्छु ।'* यो कुरा सुनेर शिलाभद्र ज्यादै प्रसन्न भए । खुशीले उनका आँखा हर्षाश्रुले भरिए । गुरुका भतिजो पनि विशिष्ट व्यक्ति थिए । उनी ७० वर्ष

उमेरका थिए । उनले तीन वर्षअघि शिलाभद्रलाई एउटा रोगले निकै च्यापेको र रोग सहन नसकेर उनले आत्महत्या गर्न खोजेको बताए । त्यही बेला सपनामा बौद्धिसत्वले उनलाई *'एक जना चिनियाँ भिक्षु योगाचारा-भूमि-शास्त्र अध्ययन गर्न आउनेछन् र त्यसका ज्ञान दुर्गम बस्तीहरूसम्म फैलाउनेछन्, त्यत्तिञ्जेल पर्खिन'* आग्रह गरेका थिए । त्यसकारण असह्य पीडा सहेर पनि शिलाभद्र कुरेर बसेका थिए । स्वाङजाङको भ्रमणले उनको सपना सत्य सावित भएको थियो । त्यसकारण शिलाभद्र ज्यादै प्रसन्न थिए । स्वाङजाङलाई शिलाभद्रको पछि लगाउने बौद्धिसत्वकै योजना हुनुपर्छ भन्ने अरू धेरैको विश्वास थियो ।

स्वाङजाङले नालन्दा बिहारमा आफ्नो अध्ययन अघि बढाए । ठूलो सङ्ख्यामा पुस्तकको सङ्कलन भएकोले उनलाई अध्ययन गर्न सहज भयो । त्यहाँको प्राज्ञिक वातावरण



भारतको बिहारस्थित बारागाउँमा स्थापित स्वाङजाङ स्मृति भवनको सिलिङमा चित्र।

उत्कृष्ट थियो र अनुशासन निकै कडा थियो । अरू भिक्षुहरूले जस्तै स्वाङजाङले पनि विभिन्न विषयको अध्ययन गरे । उनले त्यहाँ आफ्नो समय कति पनि खेर पठाउन चाहेनन् ।

विदेशी विद्यार्थी र शिलाभद्रले उच्च मूल्याङ्कन गरेका विद्यार्थी भएकाले स्वाङजाङलाई बिहारमा विशेष खालको व्यवहार गरिन्थ्यो । उनको लागि राम्रो कोठा र विशेष खानाको व्यवस्था गरिएको थियो । उनको लागि खानामा निकै स्वादिष्ट विशेष खालको भात पाक्थ्यो । त्यस्तो भातको चामल मगधमा मात्र फल्थ्यो । उतिबेला भारतका राजा र विशिष्ट भिक्षुहरूले मात्र त्यस्तो खाना खान्थे । अरू भिक्षुहरूले चिन्ता चासो लिनुपर्ने धेरै कुरामा उनले कुनै चिन्ता वा चासो लिनुपर्थेन । उनकै लागि भनी दुई जना नोकरको पनि व्यवस्था गरिएको थियो । उनी हात्तीमा शयर गर्ने सक्थे । उनी शयर गर्ने हात्तीमा विशेष खालको आरामदायी आसन बनाइएको हुन्थ्यो । बिहारमा दस जना जति मात्र भिक्षुहरूले त्यस्तो सुख सुविधा भोग्न पाएका थिए ।

नालन्दामा बस्न थाले पछि स्वाङजाङले वरपरका विभिन्न बौद्ध तीर्थस्थलहरूको भ्रमण गरे । उनी राजगिर र ग्रिद्धकुटा पुगे । ती ठाउँमा शाक्यमुनि बुद्ध स्वयम्ले अध्ययन गरेका थिए र बौद्ध ग्रन्थबारे प्रदक्षिणा दिएका थिए । स्वाङजाङले एउटा पहाडको टुप्पामा दयान (विशाल जङ्गली हंस मन्दिर) नामको मन्दिर पनि देखे । पहिला त्यहाँका भिक्षुहरूले मासु खान अनुमति पाएको हिनायान सम्प्रदाय मान्थे । एक दिन त्यो मन्दिरका भिक्षुहरूले खानको निम्ति केही पाएनन् । खानाको प्रबन्ध गर्ने भिक्षुले ख्याल ठट्टामा आकाशमा उडिरहेका विशाल जङ्गली हंसको बथानतिर हेर्दै भने,'बोधिसत्व, हजुरलाई थाहा छ, खानको लागि हामीसँग केही पनि छैन ।' उनको कुरा टुङ्गिन पनि नपाई एउटा हाँस आकाशबाट भुइँमा खस्यो र मऱ्यो । लज्जित र त्रसित भिक्षुहरूले बोधिसत्व आफैले उनीहरूका कुरा सुनेर त्यो हाँसलाई बलिदान दिएको भन्ठाने । त्यो दिनबाट उनीहरूले महायानबाट हिनायानमा रूपान्तरण हुने निधो गरे र कहिल्यै मासु खाएनन् । उनीहरूले हाँसलाई जमिनमूनि गाडे र दयान मन्दिर स्थापना गरे । यो कथाले स्वाङजाङलाई प्रभावित बनायो ।

स्वाङजाङ नालन्दा बिहार फर्के पछि शिलाभद्रले उनकै लागि मात्र योगाचारा-भूमि-शास्त्रबारे प्रवचन दिए । योगाचारा-भूमि-शास्त्र महायानको सबभन्दा आधिकारिक ग्रन्थ हो । यही ग्रन्थ विस्तृत रूपमा अध्ययन गर्न स्वाङजाङ लामो यात्रा छिचोलेर भारत पुगेका थिए । त्यो शास्त्र




स्वाङजाङ स्मृति भवनअघि स्वाङजाङको प्रतिमा

जटिल खालको र बुझ्न कठिन थियो। निकै लामो त्यसमा जम्माजम्मी ४० हजारभन्दा बढी अध्याय थिए। हरेक अध्यायमा चार ओटा पूर्ण अर्थ सहितका वाक्य थिए। पछि स्वाङजाङले ती सबै अध्यायको चिनियाँ भाषामा अनुवाद गरे। चिनियाँ भाषामा सबै गरेर १ सयभन्दा बढी भागमा त्यो ग्रन्थ तयार भयो। त्यसबेला ग्रन्थको अध्ययन गर्दा गुरुले अनुच्छेदका अनुच्छेद वाचन गर्थे र शिष्यले कतै नबुझेको भए त्यहाँ रोकिएर प्रष्टसँग नबुझ्दासम्म गुरुले व्याख्या गर्थे। सिङ्गो ग्रन्थ छिचोल्न शिलाभद्रलाई एक वर्षभन्दा लामो समय लागेको थियो। बुझ्ने राम्रो क्षमता भएको र प्रतिभाशाली स्वाङजाङलाई समेत त्यो ग्रन्थ बुझ्न र ज्ञाता बन्न तीन पटक सुन्नु परेको थियो। योगाचारा-भूमि-शास्त्रसँगै स्वाङजाङले अन्य शास्त्र र ज्ञान पनि हासिल गरे।

नालन्दा बिहारमा स्वाङजाङले पाँच वर्ष बिताए। विदेशमा अध्ययन पूरा भए पछि उनी ५० ओटा ग्रन्थमा निपुण दस जना भिक्षुमध्ये एक जना बने।

झन्डै ५-६ सय वर्ष पछि नालन्दा बिहार युद्धको कारण ध्वस्त भयो। उन्नाइसौँ शताब्दीको मध्यतिर त्यो बिहारका भग्नावशेष पत्ता लाग्यो। सन् १९५० को दसकमा चिनियाँ सरकारको आर्थिक सहायतामा नालन्दा बिहार रहेको ठाउँ नजिकै स्वाङजाङ स्मृतिभवन बनाउन नक्सा बनायो। चीन-भारतबीच सांस्कृतिक सम्बन्धको इतिहासमा सबभन्दा बढी चर्चा हुने प्रसङ्गको स्मरणमा त्यो भवन बनाइएको थियो। **(क्रमशः)**

**नेपाली अनुवाद : नीरज**


# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

## ई-लाइब्रेरीको सदस्यता शुल्कसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयको स्तरोन्नति गरी मिति २०८०/२/६ देखि ई-लाइब्रेरी सञ्चालन गरिएको व्यहोरा सर्वविदितै छ। उक्त ई-लाइब्रेरीमा सर्वसाधारणलाई सदस्य बन्न उत्साहित गर्ने उद्देश्यका साथ वार्षिक सदस्यता शुल्क रु. १२००।– (अक्षरेपि, एक हजार दुई सय रुपैयाँ मात्र) निर्धारण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। समयमै ई-लाइब्रेरीको सदस्य हुनुभई आ–आफ्नो अध्ययन अनुसन्धान कार्यको लागि आवश्यक सूचना, तथ्य, तथ्याङ्क र विवरण प्राप्त गरी लाभ लिनुहुन सम्पूर्णमा अनुरोध गरिन्छ।

# जनप्रतिनिधिको अनुभव

मन्जुमाया लाखा

*(जनप्रतिनिधि र स्थानीयवासी बाटोमा भेट हुन्छ र कुराकानी सुरू हुन्छ ।)*

जनप्रतिनिधि – नमस्ते दाइ, के छ ? तपाइँको हालखबर ?

स्थानीय वडावासी – ठिक्कै छ, अनि तपाइँको नि ?

जनप्रतिनिधि – ठिक्कै छु, दाइ ।

वडावासी १ – ओहो ! जनप्रतिनिधिज्यू, मैले तपाइँलाई भोट दिएको, तपाइँले मेरो एउटा काम पनि नगरिदिने ?

जनप्रतिनिधि – हैन, कस्तो काम ? हामी तपाइँहरूकै सेवा र सहयोगको लागि बसिरहेका छौँ । आउनुहोस्, वडा कार्यालयमा हामीले सकेको सेवा गरिदिन्छौँ ।

वडावासी १ – म अफिस जानुपर्ने मान्छे । वडा कार्यालय बिहान आउन नभ्याउने, साँझ अफिसबाट फर्कँदा वडा कार्यालय बन्द भइसकेको हुन्छ । त्यसैले मेरो आमाको ज्येष्ठ नागरिकको भत्ता लिने उमेर भो, यसो फारामसाराम भर्ने र के-के गर्नुपर्ने हो गरिदिनुस् न ।

जनप्रतिनिधि – हेर्नुस् दाइ, यसको लागि पहिले ज्येष्ठ नागरिकको परिचयपत्र बनाउनुपर्‍यो । यसको लागि ज्येष्ठ नागरिकको दुई प्रति फोटो, एक प्रति नागरिकताको फोटोकपी (आवश्यक कागजात) सहित सम्बन्धित व्यक्ति वडा कार्यालयमा आउनुपर्‍यो । एउटा फाराम भरेर प्रक्रिया पूरा गर्नुपर्‍यो । आगामी आर्थिक वर्षदेखि ज्येष्ठ नागरिक भत्ता आउँछ र लिन पाउनुहुन्छ । तपाइँसँगै आमालाई पनि ल्याउनु भए अझ राम्रो हुन्छ । नभए आवश्यक कागजातसहित आमालाई पठाइदिनुस् काम हुन्छ ।

*(बाटोमा फेरि अर्को एक वडावासीको भेट हुन्छ ।)*

जनप्रतिनिधि – दाइ नमस्ते ! कतातिर हो ?

वडावासी २ – नमस्ते,

जनप्रतिनिधि – के भो ? दाइ

वडावासी २ – हेर्नुस् न । विवाह दर्ता गरौँ भनेको । वडा कार्यालय गएको कामै बनेन ।

जनप्रतिनिधि – किन ? तपाइँको विवाह भएको त धेरै वर्ष भयो, अहिले मात्र किन नि विवाह दर्ता गर्न लाग्नुभएको ?

वडावासी २ – पहिले काम परेन । अहिले एउटा कामको लागि चाहियो, वडा कार्यालय दुई दिन गइसकेँ । केही भएन । भन्ने बेलामा जनताको सेवा गर्ने रे । खै किन हो कामै गरिदिएन ।

जनप्रतिनिधि – यस्तो होइन दाइ, कहिलेकाहीँ वडामा सेवाग्राहीको सङ्ख्या अधिक हुन्छ, कहिले हाम्रो आफ्नो आवश्यक कागजात नपुगेर नगरेको होला । कहिलेकाहीँ दर्ता गर्नुपर्ने सम्बन्धित परिवारका सदस्यहरू समयमा नै उपस्थित नहुँदा समस्या हुन्छ । नभए वडा कार्यालयबाट तपाइँहरूलाई समस्यामा पार्ने काम हुँदैन । बरु स्थानीय पञ्जीकरण प्रणालीअनुसार हामीले समयमै जन्म र मृत्यु दर्ता, विवाह दर्ता, बसाइँसराइको प्रक्रिया पूरा गर्नुपर्छ । यसैले जन्म, मृत्युदर्ता (व्यक्तिगत घटना) ३५ दिनभित्र समयमै गर्दा निःशुल्क हुन्छ भने ३५ दिनपछि गर्दा आवश्यक जरिवाना तिर्नुपर्ने हुन्छ । त्यसैले समयमै गर्दा राम्रो हुन्छ । कुनै पनि काम सही समयमा हुनु राम्रो हुन्छ । घटना दर्ता प्रक्रियाले वडामा सत्यतथ्य तथ्याङ्क थाहा हुन्छ । जसले गर्दा वडाका सेवासुविधालगायत कुनै पनि काम गर्न सही तथ्याङ्कले सहयोग पुग्ने भएकोले यो हामी सबै नागरिकको दायित्व हो

*(अर्को दिन बाटोमा जाँदै गर्दा पाटीमा दुई जना ज्येष्ठ नागरिकहरू बसेर कुराकानी गर्दै हुनुहुन्छ ।)*

जनप्रतिनिधि – नमस्ते । बज्यैहरू सञ्चै हुनुहुन्छ ? तपाइँहरू त सँगै बसिराख्नुभएछ त ?

ज्येष्ठ नागरिक (दुवैले सँगै) – के गर्नु त ? घरमा बसी राखुँ बिरामी होला जस्तो छ । त्यही भएर यसो पाटीमा बसेर दुःख सुखका कुराहरू गर्‍यो भने दिन पनि बित्छ, साथी पनि हुन्छ भनेर ।

जनप्रतिनिधि – बज्यै, तपाइँलाई अलि सन्चो छैन जस्तो छ, ज्वरो आयो कि ? के भयो ?

ज्येष्ठ नागरिक – यस्तो खासै होइन । लामो सुस्केरा हालेर खोइ, के भनुँ ?

जनप्रतिनिधि – के भयो बज्यै, सञ्चो भएन भने जँचाउनु पर्‍यो, घरमा छोरा बुहारी हुनुहुन्न ।

ज्येष्ठ नागरिक – खोइ, सन्चो छ भनौँ कि छैन भनौँ, सुगर प्रेसरको औषधि खाइरहेकी छु । अस्ति बाटोमा लड्यो । जचाउँदा त प्रेसर बढी भयो रे । के सञ्चो, के बिसन्चो । भनौँ भने घरको कुरा सबैलाई सुनाउँदै हिँड्यो भन्छ नभने पिरले शान्ति छैन, बुढाबुढीको दुःख कसले बुझ्ने खै ?

जनप्रतिनिधि – के भयो बज्यै, किन त्यस्तो भन्नुभएको

तपाईँले ?

ज्येष्ठ नागरिक – खै के भनौँ, भूकम्पले घर भत्क्यो। दुःख सुख गरी बनाइराखेको बस्ने ठाउँ भएन। छोराहरूले घर बनाउनुपऱ्यो भनेपछि बुढोले आफ्नो नामको घर जग्गा सबै छोराहरूलाई नामसारी गरिदिनुभयो। दायाँबायाँ छिमेकीहरूले घर बनाए। हामीले बनाउन सकेनौँ, दमको रोगी श्रीमान् बित्नुभयो। छोराहरूले आ–आफ्नो घर बनाए। म बुढीलाई आफ्नो घरमा नराख्ने भन्छन्। हरे शिव ! मेरो कर्म के देख्नु परेको हो भन्दै रुन थालिन्।

जनप्रतिनिधि – ल बज्यै नरुनुस्। हामी भनिदिन्छौँ तपाईँको छोराबुहारीलाई। वडा कार्यालयमा बोलाउँछौँ उहाँहरूलाई, अनि छलफल गरौँला।

ज्येष्ठ नागरिक – पर्दैन नानी। फेरि मलाई उनीहरूको इज्जत बेइज्जत हुने गरी हिँड्यो भनी भन्छन्, भो कुरा नगरौँ। त्यसै त बुहारीले दिनभरि बाहिर बस्छन्, काम केही गर्नु छैन, नानाथरी कुरा गरेर बस्यो भन्छिन्। केही कुरा गऱ्यो भने हप्काउँछिन्। बिहान बेलुका दुई छाक खाना पनि नपकाए त्यतिकै बस्छिन् भनेर सुनाउँछिन्। मेरो अगाडि कोही बस्दैनन्। राति पनि खाना खाएपछि उनीहरू सुटुक्क कोठामा जान्छन् टी.भी. हेरेर बस्छन्। छोरीहरू कहिलेकाहीँ आउँछन्। आएको देखी सहनन्, बोल्दैनन् पनि। छोरालाई भनुँ नकराउनु आमा चुप लागेर बस्, सबैको घरमा यस्तै हो, आफूले सकेको काम गरेर के हुन्छ ? भन्छ।

हामीले दुःख गरी कमाइराखेको घर जग्गा आज उनीहरूको भो रे। के छ र तिम्रो ?, के दिएको छ हामीलाई, सबै घरव्यवहार चलाउनुपर्छ भनी सुनाइरहन्छ के गर्नु। मैले नबोली चुप लागेर सुन्नुपर्छ। कहिलेकाहीँ खाना नपकाए खान पनि बोलाउँदैन। उनीहरूमात्र खाएर जान्छन्। घरमा पालिराखेको कुकुरलाई बेलामा नुहाइदिन्छ तर मेरो लुगा धोई दिँदैन उनीहरूको मात्र धुन्छ। छोरालाई भन्दा सकेको आफै धोउ नसके राखिराख भन्छ, मीठो खानेकुरा खाने भनेको त परको कुरा हो। मसँग व्यवहार पनि राम्ररी गर्दैन। बरु यसरी बाहिर बस्यो भने मन आनन्द हुन्छ। दुःख सुखको कुरा गर्दा त्यही भएर सधैँ बाहिर आउँछौँ हामी।

जनप्रतिनिधि – *(उहाँको कुरा सुनेर मन भकानिएर आयो। आँखा रसायो।)* नरुनुस् बज्यै। हामी वडामा छलफल गरौँला। हरेक समस्याको समाधान हुन्छ। हामी सम्झाउँछौँ।

नौ महिना गर्भमा राखी जन्माएर दस धारा दूध खुवाई आफूले खाइनखाई दुःखसुख गरी हुर्काइ बढाइराखेको सन्तानले आफ्नो आमाबुबा बुढाबुढी भएको बेलामा माया, साथ र सहयोग गर्नुपर्छ। यस्ता व्यवहारहरू हेर्दा कुनचाहिँ आमाबुबाको मन नदुख्ला ? हिजो ज्येष्ठ आमाबुबाले दुःख मिहिनेत गरी कमाइराखेको सम्पत्ति र जग्गा आज मेरो हो भनी आमाबुबालाई दुर्व्यवहार गर्नु कदापि उचित होइन। हरेक छोरा–छोरीहरूले आज मैले यस्तो दुर्व्यवहार गर्दा भोलि मलाई पनि यस्तै व्यवहार हुन्छ भनी किन सोच्न सकेन। अर्को महिलामाथि किन यस्तो दुर्व्यवहार ? किन एउटी बुहारीले सासूलाई आमाको व्यवहार गर्न सकिन। यहाँ जस्तै मेरो माइतमा पनि बुहारी र भाउजूहरू हुनुहुन्छ, मैले यहाँ राम्रो व्यवहार गरे उहाँहरूले पनि राम्रो व्यवहार गर्नुहुन्छ भन्ने भावना किन विकास हुन सकेन ? ज्येष्ठ नागरिकलाई सम्मान र माया दिनु हरेक छोराछोरीको कर्तव्य होइन र ? आज हाम्रो समाजमा यस्ता कैयौँ घटनाहरू छन्। ज्येष्ठ नागरिक शारीरिक र मानसिक यातना भोग्न बाध्य छन्, राजनैतिक व्यवस्था फेरियो, आर्थिक अवस्थामा सुधार भयो, सामाजिक र सांस्कृतिक परिवर्तन हुँदै छ तर नैतिक व्यवहारमा कमी देखियो। अतः ज्येष्ठ नागरिकप्रति गरिने व्यवहारमा परिवर्तनको खाँचो छ , उहाँहरूलाई माया, सद्भाव र सम्मानको खाँचो छ।

आज हामी शिक्षित त भयौँ। तर, हामीले सभ्य व्यवहार गर्न सकेनौँ। समाजमा देखावटी व्यवहार र क्रियाकलाप बढी देखियो। हामीले ज्येष्ठ नागरिकप्रति उचित व्यवहार र माया दिन सकेनौँ; ज्येष्ठ नागरिक (आमाबुबा) को महत्त्व बुझ्न सकेनौँ। उचित स्याहार, व्यवहारले उहाँहरूको दीर्घ जीवनमा असर पर्छ। आमा बुबाको साथ र आशीर्वादलाई हामीले महत्त्व दिएनौँ। आज हरेक घर, परिवार र टोलटोलमा ज्येष्ठ नागरिकप्रतिको दायित्व र कर्तव्यबारे छलफल हुनु आवश्यक छ। ज्येष्ठ नागरिकलाई उचित व्यवहार र माया गरौँ। साथ र सद्भाव देखाऔँ।

## हाम्रा मौलिक सामग्री



*अमखोरा र ताहाफ (१९ औँ शताब्दी) सोमा (१८ औँ शताब्दी)*

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी


# ग्लोबल वार्मिङ्ग

नाति कवां

ग्लोबल वार्मिङ्ग भनेको पृथ्वीको सम्पूर्ण वातावरण नियमित रूपमा गर्मी हुने प्रकृयालाई (Global Warming) वैश्चिक तापमान वृद्धि भनिन्छ। यो विश्वतापमान पृथ्वीमा निरन्तर वृद्धि भइरहेको छ। यो सबैले अनुभव गरिरहेको छ। विश्वतापमान वृद्धिमा Green House-(हरित गृह) को ठूलो हात हुन्छ। हरित गृह भनेको ग्यास हो। यो विभिन्न ग्यासहरू मिलेर बनेको हुन्छ। हरितगृहमा पाइने ग्यासहरूमा कार्वोनडाइ अक्साइड, मिथेन आदि हुन्। हरितगृह कै कारणले विश्वतापमान वृद्धि भइरहेको हुन्छ।

## हरितगृह प्रभाव तथा विश्वतापमान वृद्धि

जब सूर्यको किरण वायुमण्डलमा प्रवेश गर्छ तब पृथ्वीको सतहले प्रकाशको ताप (शक्ति) लिन्छ र उत्सर्जन गर्छ। त्यौ नै तापशक्ति हो। सूर्यबाट आइरहेको विकिरण मध्ये करिब ३१ प्रतिशत परावर्तित भएर आकाशमै पठाउने काम पृथ्वीको वायुमण्डलले गर्दछ। अरू २० प्रतिशत वायुमण्डलले नै लिन्छ र बाँकी भएको ४९ प्रतिशत विकिरण पृथ्वीले ग्रहण गरेर लिन्छ। पृथ्वीले लिएको विकिरण कतिपय जमीनले त कतिपय समुद्रले ग्रहण गरेर लिएको हुन्छ। जहाँ तापमा परिणत गरेको हुन्छ। त्यस्ले गर्दा पृथ्वीको सतह तात्छ र त्यो तापले सतहमाथिको हावा तताउँछ। केही ग्यासहरू पृथ्वीको वायुमण्डल भित्र सर्छ जस्तो कि कार्वनडाइ अक्साइड, मिथेन र जलवाष्प हो। हामीले लुगा धोएर घाममा सुकाउँछौं। त्यसवेला लुगाको पानी घामले तताएर वाफ बनाएर छोडे जस्तै पृथ्वीको सतहले ताप छोड्छ। यसरी पृथ्वीको सतहबाट ताप बाहिर निस्किरहेको हुन्छ। यसले हाम्रो पृथ्वीको वायुमण्डल तातो बनाउनमा सहयोग गर्दछ। यसो हुँदा वायुमण्डलमा भएको ताप र विकिरण पृथ्वीको सतह मै फर्किने गर्दछ। त्यही ग्यासहरूलाई हरित गृह ग्यासहरू भनिन्छ। किनभने ती ग्यासहरूले तापलाई थुनेर (Trapping) राखेको हुन्छ। यसरी सूर्यबाट आएको ताप बाहिर जान नदिई पृथ्वीको वायुमण्डलमा नै थुनेर राखेको कारण अदभूत घटना हुन्छ। पृथ्वीको बाहिरी भागमा तापक्रम बढ्छ त्यसलाई नै हरित गृहको प्रभाव भनिन्छ। यदि यो हरितगृहबिना हामी रहने हो भने जीवन चीसोमा बाँच्नुपर्ने हुन्छ।




वैश्चिक तापमान वृद्धि ग्रीनहाउसका ग्यासहरूले गर्दा पृथ्वीको सतहमा तापक्रम बढेर भएको हो। कार्वोनडाइ अक्साइड, मिथेन, नाइट्रो अक्साइड र जलवाष्पले परावर्तित ताप थुनिराखेको हुन्छ भने अर्कोतिर पृथ्वीबाट छुटेर बाहिरी (Space) आकाशमा फैलिन्छ।

## हरितगृहको धारणा

हामीले वनस्पति उद्यानमा विभिन्न किसिमका बोटविरुवाहरू देखेका छौँ। ती बोट विरुवाहरू उमारिराखेको ठाउँलाई नै हरितगृह हो भन्ने हाम्रो सोच हो। तर धेरै जसो हरितगृहहरू पारदर्शी प्लाष्टिकबाट मोडिएर विशेष संरचनाले बनाएको हुन्छ। जब सूर्यबाट विकिरण भित्र छिर्छ तब ग्रीन हाउसको पारदर्शी पर्खालले विकिरण फ्याँक्छ। यसले हरितगृहको भित्रको जमीन तात्छ। जमिनको सतहले केही मात्रामा थर्मल इनर्जी (कोइला वा तेल) बाट निस्कने ताप निकाल्छ। यस्ले हरितगृहको माथिल्लो हावाको सतह तताउँछ। तातो हावा हरितगृह माथि जान्छ। जब तातो हावा माथि जान्छ त्यस ठाउँमा चिसो हावाले ठाउँ लिन्छ। त्यो चिसो हावा पनि तात्छ र माथि उठ्छ। यो चक्रले गर्दा हरितगृह भित्रको हावा बाहिरी वायुमण्डलको भन्दा तातो हुन्छ। यसकारण हरितगृह भित्र चिसो हावापानी भएको ठाउँमा पनि विरुवाहरू उमार्न उपयोगी भएको हुन्छ।

## विश्व तापमान वृद्धि

विश्वको तापक्रम बढ्नुमा विशेष गरेर मानिसको कृयाकलाप हो। मानिसहरूले आफ्नो स्वार्थ अनुकुल वस्तुहरूको उपयोग गर्ने गर्दछ। ती प्रयोग गरेका वस्तुहरूबाट नै विश्वमा तापक्रम वृद्धि भएको हुन्छ। मानिसले प्रकृति माथि हस्तक्षेप गऱ्यो। मानिसले विकासको नाउँमा प्राकृतिक वस्तुहरू धेरै दोहन गऱ्यो। आफूलाई चाहिने वस्तुहरू निमार्ण गर्न धेरै जैविक शक्तिहरू प्रयोग गर्न थाल्यो। यी विभिन्न

कृयाकलापबाट तापक्रम वृद्धि भएको हो। भनिन्छ प्रत्येक वर्ष विश्वभरि १° सेल्सीयस तापक्रम वृद्धि भएर आएको छ। मानिसले आफ्नो आवश्यकता पूरा गर्न धेरै घरहरू निर्माण गऱ्यो। त्यसबाट तापक्रम वृद्धि हुनमा सहयोग पुगेको छ। मानिसले स्थापना गरेको उद्योगहरूमा थर्मल इनर्जी अर्थात जैविक शक्तिको प्रयोग गर्छन। मोटर, मोटर साइकल, हवाइजहाजजस्ता यन्त्रहरू सञ्चालन गर्न डिजेल, पेट्रोल, मट्टितेल धेरै प्रयोग गर्न थाल्यो। विद्युतको उत्पादनमा पनि कोइला, ग्यास तेलको प्रयोग गर्न थाल्यो। त्यसबाट विश्वमा तापक्रम वृद्धि भएको हो। जैविक शक्तिको प्रयोगले वायुमण्डलमा कार्वोनडाइ अक्साइड, मिथेन, नाइट्रेड अक्साइड, हाइड्रोल्कोरो कार्वन, सल्फर अक्साइड आदि ग्याससहरू उत्पादन गर्ने गर्दछ। यो ग्यासहरू केही हदसम्म बोट विरुवाले पनि सोसेर लिन्छ। बाँकी भएको ग्यास पृथ्वीको वायुमण्डलमै रहिरहन्छ।


अलेसान्द्रो बोल्टा

मिथेन ग्यासलाई CH4 पनि भनिन्छ। यो ग्यास गन्हाउने ग्यास हो। यो ग्यास जमिन मुनि र समुद्र मुनि पाइन्छ। यो ग्यासको खोजबीन सबभन्दा पहिले १९७६ मा इटाली र स्विजरलाण्डका वैज्ञानिक अलेसान्द्रो बोल्टा (Alessandro Giuseppe Antonio Anastasio Volta -1745-1827) ले एउटा जङ्गलको दलदलमा अनुसन्धान गरेको थियो र पत्ता लगाएको थियो। मिथेन ग्यासको नाम "मिथेन" भनेर जर्मनीको रसायण विज्ञ विल्होम वान हाफ मैनले १८६६ अगष्टमा नाम दिएको हो। यो ग्यासको प्रयोग आगो उत्पादन गर्नको लागि प्रयोग गर्दछ। यो ओभन, पानीहिटर, ब्याट्री र अटो मोवाइलहरूमा प्रयोग गर्ने गर्दछ।

कार्वोनडाइ अक्साइड र मिथेनले ग्लोवल वार्मिङमा कस्तो भूमिका खेलेको छ त ? जब सूर्योदय हुन्छ तब सूर्यको किरणको तापले पृथ्वीको जमिन तताई दिन्छ। सूर्यास्त पछि पृथ्वीले दिउँसो प्राप्त गरेको ताप छोड्छ। त्यो ताप माथि जान्छ। यसरी माथि गएको तापलाई मिथेन ग्यासले रोकेर पृथ्वी मै फर्काई दिन्छ। पृथ्वीमा तापक्रम घट्न पाउँदैन र तापक्रम बढि नै भइरहन्छ। यही प्रकृयाको कारण पृथ्वीमा तापक्रम वृद्धि हुँदै जान्छ। यसकारण भनिन्छ प्रति वर्ष १° सेल्सीयस तापक्रम वृद्धि भइरहेको छ।

## वैश्विक तापक्रम वृद्धिको कारण

१) वन जङ्गलको विनाशले गर्दा कार्वनडाइ अक्साइडको मात्रा बढ्न थाल्छ। किनभने कार्वनडाइ अक्साइड प्रकाश संश्लेषणमा उपयोग हुन पाउँदैन। त्यसकारण धेरैभन्दा धेरै वृक्षरोपन र खेती गर्न लगाउनु पर्छ। रुख बिरुवाहरूले मात्र कार्वनडाइ अक्साइड लिने होइन हामीले खेतीपातीमा उब्जाएको बालीनालीहरूले पनि कार्वनडाइ अक्साइड प्रकाश संश्लेषणमा उपयोगी भएर सहयोग गर्ने गर्दछ।

२) जैविक इन्धनको प्रयोग अधिक मात्रामा हुनाले पनि विश्वतापमान वृद्धिमा सहयोग गरिरहेको हुन्छ। जैविक इन्धन भन्नाले कोइला, पेट्रोल, डिजल जस्ता इन्धनहरू हुन्। यी इन्धनहरूको प्रयोगले कार्वोनडाइ अक्साइड, कार्वोन मोनो अक्साइड वायुमण्डलमा वृद्धि हुन जान्छ। कार्वोनडाइ अक्साइड र मिथेन ग्यासको मिश्रण बाट हरितगृह बन्द छ। यो हरितगृहले नै संसारमा तापक्रम बढ्ने हो। त्यसकारण यो जैविक इन्धनको प्रयोगमा सक्दो कमी या रोक लगाउनु पर्दछ।

३) विकासको क्रमसँगसँगै मानिसले आफ्नो जीवनलाई सुखी बनाइराख्नको लागि विभिन्न किसिमको आधुनिक यन्त्रहरू प्रयोग गर्ने गर्दछन्। उदाहरणको लागि रेफ्रीजरेटर, ग्यास चूल्हो, फ्रिज, एसि (न्यानो चिसो गर्ने यन्त्र) तथा फोनको उपयोग गर्दै आएका छन्। यी वस्तुहरूको प्रयोगले ल्कोरोल्फोरा कार्वनयुक्त भएर वायुमण्डलमा जम्मा हुन्छ। यसले पृथ्वीको सम्पर्कबाट तातो भएको हावा माथि जानबाट रोक लगाउँछ। पृथ्वी नजिक तापमान बढ्न थाल्छ। यसरी आधुनिक यन्त्रहरूको प्रयोगले पनि विश्वतापमान वृद्धि हुने गर्दछ।

४) विभिन्न प्रकारको जैविक प्रकृयाहरूका कारण पनि विश्वतापमान वृद्धि हुन्छ। जस्तै विभिन्न जीवजन्तुहरू विभिन्न कारणले मृत्यु हुन्छ। ती मरेका जीवजन्तुका सिनोहरू कुहिन्छ। ती कुहेको जीवाशेषको फोहोरबाट निस्कने धूलो, धूवाँ, गन्धबाट रासायनिक प्रकृयाले कार्वनडाइ अक्साइड बनाउँछ र ग्लोबल वार्मिङ्ग भएको हुन्छ।

५) खेतमा प्रयोग हुने रासायनिक मल, पेट्रोल र डिजेलबाट चल्ने वाहनहरू र यन्त्रहरूले नाइट्रोडाइ अक्साइड ग्यास बन्दछ। यो ग्यासले वातावरणमा असर पर्दछ र वैश्विक तापमान वृद्धि हुन्छ।

## वैश्विक तापक्रमबाट हुने नोक्सानहरू

१) निरन्तर रूपमा पृथ्वीमा तापक्रम बढेर पानी बढिभन्दा बढि वाष्पिकरण भएर जान्छ। पिउने पानीको श्रोतहरू सुक्न थाल्छ। पुरानो मुहानहरू सुक्न थाल्छ। संसारभरि पिउने पानीमा हाहाकार हुन्छ।

२) पृथ्वीको तापक्रम बढेपछि ध्रुवीय क्षेत्रमा जम्मा

भइरहेको हिउँ पग्लन शुरु गर्छ। समुद्रमा पानीको सतह बढ्न थाल्छ। समुद्रमा पानीको सतह बढेपछि समुद्र छेउछाउको जमिन डुब्ने खतरा बढ्छ। समुद्र किनारको बस्तीलाई खतरा बढ्न थाल्छ। पानीमा नुनको मात्रा बढ्छ र खाने पानीको अभाव हुन्छ। सुनामी आउँछ। रुख विरुवाहरू विनाश हुन्छ। जीवजन्तुहरूको अकाल मृत्यु हुन्छ। सुख्खा हुन्छ। असामयिक वर्षा हुन्छ।

४) पानी र वायु प्रदूषण छिटो छिटो हुन थाल्छ।

५) हावापानीमा परिवर्तन ल्याउँछ। यसको कारण बन जङ्गलमा अकस्मात आगलागी हुन्छ। अष्ट्रेलियामा आएको OLSA तुफान, क्यालिफोर्निया, सानफ्रान्सीस्को र मियामीमा आएको चक्रवाती आँधी, अमेरिकामा आएको हिम आँधी र चीनमा आएको बालुवाको आँधी आदि हरितगृहको कारणले भएको हो। त्यसकारण हावापानीलाई परिवर्तन गर्ने मुख्य तत्त्व हरितगृह हो।

हरितगृह भनेकै कार्बोनडाइ अक्साइड, मिथेन, क्लोरोल्फोरो कार्वन, नाइट्रो अक्साइड, ओजन हुन्। यी ग्यासहरूले नै विश्वतापमान वृद्धि गर्छ। Global Warming Potential (GWP) लिन सम्भव भए सम्म लिन्छ र लिने क्षमताभन्दा बढि भए पछि पृथ्वीमा तापक्रम बढ्छ। ग्लोबल वार्मिङ्गलाई Killer Heat Wave (ज्यानमारा तातो हावा) पनि भनिन्छ। यो सन् २०२३ अप्रिलबाट शुरु भएको मानिन्छ। यस तातो हावाले गर्दा जलथलनभमा करोडौँ प्राणीको ज्यान जाने अनुमान गरिएको छ।

### विश्वतापक्रम वृद्धिबाट बच्ने उपायहरू

१) जैविक इन्धनको प्रयोगमा रोक लगाउनु,

२) जैविक मलको प्रयोगलाई बढावा दिएर रासायनिक मलको प्रयोगमा रोक लगाउनु,

३) सौर्य उर्जा, वायोग्यास, जलविद्युत हावाबाट उत्पादित विद्युतलाई प्रयोग गर्नमा प्रोत्साहन गर्ने। आजकल विभिन्न इन्धन मध्ये हरित हाइड्रोजन प्रयोगमा प्रोत्साहन दिएर प्राविधिक ज्ञान दिई हरित हाइड्रोजन उत्पादनमा वृद्धि गर्नमा सहयोग गर्ने।

४) धेरैभन्दा धेरै रुख विरुवा रोप्ने वन जङ्गल संरक्षण गर्ने। जनसङ्ख्या वृद्धि नियन्त्रण गर्ने।

५) खेती योग्य जग्गामा खेतीपाती गर्न लगाउने। जग्गा प्लटिङ गर्न रोक लगाउने।

सम्पूर्ण देशले यी कुराहरू लागु गर्न सके वैश्विक तापक्रम वृद्धि रोक्न सकिन्छ।


# भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

## कर छुटको उपयोग गर्नेसम्बन्धी भक्तपुर नगरपालिकाको सूचना

यस भक्तपुर नगरपालिकाले प्रदान गरेको तपसिलअनुसारको छुटको उपयोग गरी कर दस्तुर बुझाउनहुन सम्बन्धित सबैमा नगरपालिका हार्दिक अनुरोध गर्दछ।

१) २०८० असार मसान्तभित्र सम्पत्ति कर (घरजग्गा कर) बुझाएमा आवासीय घरको हकमा २०७५।०७६ सम्मको घरजग्गा करको बक्यौतामा ५० प्रतिशत छुट प्रदान गरिएको।

२) बहाल करको दर १० प्रतिशत भए पनि २०८० असार मसान्तभित्र बुझाएमा आवासीय प्रयोजनको लागि बहालमा दिइएको घरजग्गाको हकमा ५ प्रतिशत मात्र बहाल कर बुझाए पुग्ने गरी बक्यौतासहितको बहाल करमा छुट प्रदान गरिएको।

***पुनश्च :*** *प्रत्येक वर्ष आफूले बुझाउनुपर्ने व्यवसाय कर, सफाइ शुल्क, बहाल कर र सम्पत्ति तथा भूमिकर समयमै बुझाएमा नगरपालिकाबाट सिफारिसलगायत सेवा सुविधा लिन सजिलो तथा चाँडो हुने व्यहोरासमेत जानकारी गराइन्छ।*

# मोहनी सिन्हः



डा. वीरेन्द्रप्रसाद कायस्थ

तन्त्रपूजामा मोहनी साधना गर्ने चलन अत्यन्त पुरानो हो। यो नेपाल मण्डलमा अत्यन्त व्यापक रूपमा चलेको छ। मोहनी अर्थात् दशैंको महाअष्टमी वा महानवमी पूजाको दिनमा तान्त्रिक विधिअनुसार मोहनी सिन्हः (कालो टीका) तयार गरिन्छ। तन्त्रपूजामा मोहनी विशेष अनुष्ठान गरी तयार गरिन्छ। एउटा माटाको पालामा (सलिँचा) तेल राखी कपडाको बत्ती बाल्ने र त्यसलाई अर्को सलिँचाले छोपेर मोहनी सिन्हः तयार गरिन्छ। तन्त्रका विविध विधिविधानले विभिन्न क्रिया, साधना र आराधना गरेर बत्ती बाली मोहनी थाप्ने काम हुन्छ। दीक्षित साधकहरूले मोहनी साधना गर्दा पालामा विभिन्न रूपाकृतिहरू वा गणसहित मूलदेवता नै निस्किन्छन्। यो रूपाकृतिहरू निश्चित भने हुँदैन। रूप र आकृति हेरेर पछि हुने काम कुराहरूको आकलन गर्न सकिन्छ।

मोहनी सिन्ह (टीका) कसैले दुई आँखीभौंको बीचमा लगाउँछन् भने कसैले कपाल छुने गरी निधारको माथिल्लो भागमा लगाउँछन्। देवीदेवताको आराधना गरी यो टीका लगाउँदा अरूले प्रयोग गरेको मारण, मोहन, वशीकरण, स्तम्भन, विद्वेषण, उच्चाटन आदिले छुन सक्दैन भन्ने मान्यता रही आएको छ।



नेवार समाजमा मोहनी (दशैं) को मुख्य विशेषता भनेकै मोहनी सिन्हः हो। अर्थात् चाडको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेको मोहनी सिन्हः हो, जसको नामबाटै हामी यो चाडलाई मोहनी भन्छौं। पूजा सकिएपछि घरमूलीले सबै सदस्यलाई यो टीका लगाइदिएपछि त्यसको काम सकिन्छ।

### मोहनी सिन्हः (कालो टीका) फल




मोहनी सिन्हः जति कालो रङ्गो भयो त्यति नै त्यो वर्ष धनलाभ, मान सम्मान पाउने भन्ने मान्यता छ। धुवाँ समान भए परिवारमा कलह र कार्यमा वाधा अड्चन आउने बताइन्छ। केही रक्त वर्णले रोगव्याधी वा शत्रु भएको सम्भावना दर्शाउँछ। यदि आधा कालो आधा धुवाँ समान रङ्ग आएमा त्यसवर्ष पहिले काम बन्ने र पछि गएर काममा हानि हुने गर्छ। मोहनी सिन्हःकालो जति बढी हुन्छ त्यो वर्ष धनधान्य वृद्धिको सूचक हो र शुभकारी मान्ने गरिन्छ। जसले साधकको अभिष्ट सिद्धिको सङ्केत गरिन्छ। यदि पालाको कुनै भागमा कालो बसेन भने त्यो वर्ष जन, धनको क्षय हुन्छ। अकाल मृत्यु हुने वा निर्धनता हुने हुन्छ।

BHAKTAPUR [MONTHLY] मासिक
भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ।

# खेलाडी सम्मान



श्यामकृष्ण खत्री

भक्तपुर नपाले प्रत्येक वर्ष जिल्लाभरिका खेलाडीहरू मध्ये सर्वोत्कृष्ट खेलाडी सम्मान, प्रशिक्षक सम्मान र रेफ्रीहरूलाई सम्मान गर्दै आइरहेको छ । यस वर्ष २०८० साल जेठको १५ गते गणतन्त्र दिवस पारेर नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छें ज्यूको प्रमुख आतिथ्यमा २०७६।०७७ देखि २०७८।७९ सम्मका १३८ जना खेलाडी, रेफ्री, निर्णायकहरूलाई सम्मान गरियो ।



सम्मान कार्यक्रम गर्नुको उद्देश्य जिल्लाभित्रका राष्ट्रिय तथा अन्तराष्ट्रिय रेफ्री निर्णायकहरूलाई सबै खेलाडीहरूले चिन्न सकून्, प्रमुख अतिथि, अतिथिलगायत खेलकुदक्षेत्रका बुद्धिजीवीहरूको मन्तव्यबाट राष्ट्र तथा अन्तराष्ट्रिय घटनाहरू बुझ्न सकोस् भन्ने हो । नगरपालिकाले गर्दै आएका खेलकुद गतिविधिहरू बुझेर आ-आफ्नो ठाउँमा गतिविधिहरू गर्न सकोस् भन्ने नै उद्देश्य हो ।

आवश्यकताअनुसार वडा-वडाका खेलकुद समिति सञ्चालन गर्न सकिरहेको छैन । त्यसले गर्दा खेलाडीहरू पनि उत्पादन गर्न असहज भइरहेको छ । जबसम्म वडा र नगरका खेलाडी, खेलप्रेमी, प्रशिक्षकलगायत सम्बन्धित खेल सङ्घ, बुद्धिजीवीहरूले नयाँ पुस्ता तयार गर्न सक्रिय बन्ने र बनाउने सकारात्मक सोचलाई व्यवहारमा ल्याउन सक्दैनन् तबसम्म खेलकुद विकास गर्न असहज हुनेछ । यसरी नै विद्यालय र कलेजहरूमा खेलकुदका अतिरिक्त क्रियाकलाप भएन भने त्यसको शैक्षिक स्तर पनि अगाडि बढ्न सक्दैन । जसरी शैक्षिक सङ्घ संस्थाहरूमा प्राध्यापकको आवश्यकता पर्दछ, प्रयोगशालाको आवश्यकता पर्दछ ठिक त्यसरी नै हरेक शैक्षिक संस्थाहरूमा खेलकुद र अतिरिक्त कृयाकलापको आवश्यकता हुन्छ ।

खेलकुद क्षेत्रमा नयाँ नयाँ प्रविधिहरूको विकास सँगसँगै सहायक (आधारभूत) खेलहरूको विकास भइरहेको छ । जस्तै कब्बडीको सर्कल कब्बडी, भलिबलको विच भलिबल, फुटबलको फुटसल आदि विकास भइरहेको छ ।

नगरभित्रका वडा-वडामा गठित नगरपालिकामा दर्ता भएका ५४ ओटा खेलकुद समितिको महत्त्व अझ बढ्दै गइरहेको छ । नयाँ-नयाँ खेलसँगै नयाँ नयाँ खेलाडीहरू तयार गरी आ-आफ्नो वडाको वस्तुस्थितिअनुसार खेलकुद समितिलाई खेलकुद विकास गर्ने थलोको रूपमा लिनु आवश्यक छ ।

खेलकुद समिति कसैको घरको कोठामा मात्र नभइकन वडाका युवा, विद्यार्थीहरूलाई समेत्ने, खेलाडीहरूको चाहनाअनुसार सिक्ने, सिकाउने वातावरण बनाउन वडा-वडाका टिम क्लबहरू सक्रिय हुनु आवश्यक छ । खेलकुद समितिहरू आफैमा एउटा सिस्टममा चल्नुपर्छ र यसको निरन्तरता आवश्यक छ । खेलकुद समिति विगतमा जस्तै व्यवस्थित रूपमा सञ्चालन गर्नु आवश्यक छ ।



नगरभित्रका अधिकांश खेलकुद समितिहरू व्यवस्थित रूपमा सञ्चालन हुन नसकेको गुनासो छ । त्यस विषयमा भक्तपुर नगरपालिका युवा तथा खेलकुद समितिको बैठकमा छलफल पनि भएको छ ।

ग्रासरुटका खेलाडीहरूलाई प्रशिक्षण दिने, खेल र शारीरिक व्यायाम विषय विज्ञहरूसँग छलफल गर्ने, परम्परागत खेलहरू लोप भएका र लोप हुन लागेका खेलहरूलाई सुरक्षित गरिराख्ने र वडा खेलकुद समिति सक्रिय बनाई सम्पर्क बढाउन खेलकुद गतिविधिलाई युवा तथा खेलकुद समिति सक्रिय छ ।

भक्तपुर नगरपालिकाले २०७४ पछि वडा कार्यालय अन्तरगत १० ओटै वडाहरूमा वडा-वडामा रहेका अन्य खेलकुद समितिहरूसँग समन्वय गरेर वडाका युवाहरूलाई समेत्न सकोस् भन्ने भावना राखी वडा खेलकुद समितिहरू गठन गरिएको हो।

खेलकुद क्षेत्रबाट पनि सांस्कृतिक नगर, शिक्षित नगर, सभ्य, सुसंस्कृत नगरको रूपमा परिचित गर्न सकिन्छ। शैक्षिक गन्तव्य, ज्ञान विज्ञानको केन्द्र नगर भक्तपुर भन्ने चिनाउन नगरभित्रका वुद्धिजीवी, शिक्षाप्रेमी, संस्कृतिविद्हरूको योगदान रहिआएको छ भने नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरू घोषणापत्रलाई मार्ग निर्देशकका रूपमा काम गर्दै आइरहेका छन्।

भक्तपुर नगरपालिकाले खेलकुद गतिविधिलाई निरन्तरता दिइ आएको छ भने हरेक वर्ष प्रतियोगिताहरू पनि गर्दै आइरहेको छ। आधुनिकसँगै पुराना खेलाडीहरूबाट नयाँ खेलाडी तयार गरी नयाँ खेलाडीहरूमा हरेक खेलको प्रतिभा परिमार्जित नीति नियम, नयाँ नयाँ खेलहरूका टेक्नीकहरू सिकी नयाँ पुस्तालाई खेलकुदमा आकर्षित गर्ने उद्देश्य राखेको छ।

नेपाल मजदुर किसान पार्टीको चुनावी घोषणापत्र अनुसार प्रत्येक वर्ष, वर्षको खेलाडी प्रशिक्षक, निर्णायक सम्मान कार्यक्रम गर्दै आएको छ। खेलकुदलाई मौलिक हकको रूपमा संविधानमा लेख्नुपर्छ भन्ने संविधान निर्माणको समयमा नेपाल मजदुर किसान पार्टीका सांसदहरूले राख्दै आएको हो। मौलिक हकको रूपमा संविधानमा राख्न सके नेपाली जनताले निःशुल्क खेलकुद खेल्न पाउने, शारीरिक व्यायाम गर्न पाउने, सबै खेलाडीहरूले आफ्नो प्रतिभा प्रष्फुटन गर्न पाउने, मेरो र तेरो खेलाडी नहुने, सबै खेलाडीहरूलाई सम्मान हुने थियो।

खेलकुद परिषद्मा बस्ने राजा महाराजाहरू कयौंले खेलकुद गतिविधि आफ्नो स्वार्थका लागि मात्र गरेको पाइन्छ। राष्ट्रिय स्तरका सरकारी प्रशिक्षकहरू प्रयोग गरेर आफूले भनेको ठाउँमा प्रशिक्षण दिन लगाउने, आफूले भनेको अध्यक्ष बनाउने, आ-आफ्नो लागि मात्र खेलकुद भएको थियो। सर्वसाधारण काम गरी खाने वर्गका जनताका छोरा छोरी (खेलाडी) हरूका निम्ति राष्ट्रिय खेलकुद परिषद् नभएको सरह भएको हामीले पत्रपत्रिकाबाट थाहा पाउने गरेका थियौँ। यसमा सुधार आवश्यक छ तर राष्ट्रिय खेलकुद परिषद् खेलाडीहरूको बन्न सकेन, परिषद् भित्र आफै लाउने, आफै खाने सोचका भएको चर्चा आज पनि सुनिन्छ। त्यहाँ स्वस्थ खेलाडीबिना राष्ट्र राम्रो हुँदैन भन्ने सोचको नेतृत्व आवश्यक छ।

अभिभावकको समूचित ध्यान आ-आफ्ना खेलाडी छोरा छोरीहरूप्रति नजाँदा भक्तपुर नगरपालिकाद्वारा प्रशिक्षण दिइरहेको प्रशिक्षण केन्द्रहरूमा खेलको गुणस्तर बढ्न नसकेको खेलकुद विज्ञहरूको भनाइ रहेको छ। कतिपय प्रशिक्षणबाट उत्पादन भएका खेलाडीहरू आफूले उत्पादन गर्न नसके पनि आफ्नो पद र इज्जतका लागि खेलाडीहरूलाई प्रशिक्षकहरूले तेरो र मेरो भन्ने भावनाले गर्दा पनि योग्य खेलाडीहरू अप्ठेरोमा परेको खेलाडीहरू बताउँछन्।

नगरभित्रका खेलाडीहरूको गुणस्तर बढाउन तेरो र मेरो भन्दा पनि समग्र हाम्रो भन्ने भावना र समाज परिवर्तनमा खेलकुद विशेषज्ञ, अभिभावक, खेलको नेतृत्व लिएका अग्रजहरूले चासो राख्नु आवश्यक छ। जबसम्म आलिमा बसेर माछाको मात्र भाग लिने (डेन्चा च्वय् च्वङ डा भाग कायगु) सोचका व्यक्तिहरू नेतृत्वमा हुन्छ खेलकुद विकास गर्न नसक्ने खेलाडीहरू बताउँछन्।

अभिभावकहरूले पनि जबसम्म आफ्ना नानीहरूलाई प्रशिक्षण केन्द्रमा पठाएर आफ्नो जिम्मेवारी सकिएको अनुभुति गर्छन् तबसम्म आ-आफ्ना नानी (खेलाडी) हरू खेलकुदमा कम्जोर हुने खेलकुद विज्ञहरू बताउँछन्।

प्रशिक्षण केन्द्रको वातावरण, प्रशिक्षक, प्रशिक्षार्थी, अभिभावक घरको चारै ओटा खम्बा बलियो हुनु आवश्यक छ। चार ओटा मध्ये एउटा मात्र कम्जोर भयो भने खेलको प्रगति हुने छैन। चार ओटै खम्बा आ-आफ्नो दायित्व र जिम्मेवारी इमानदारीपूर्वक पालना गर्ने हो भने राम्रा राम्रा खेलाडी उत्पादन हुनेछन्।

खेलको पहुँच सर्वसाधारणसम्म पुऱ्याउनको निम्ति ठाउँ ठाउँमा सार्वजनिक खेलमैदान, कभर्ड हलको आवश्यकता छ। पहिले विद्यालय कलेजहरूबाट पनि खेलकुदको विकास भएको थियो तर अचेल कतिपय ठूलठूला स्कुल कलेजहरूले भर्ना अभियान र विज्ञापनको लागि मात्र खेलकुद राखेको खेलकुद विज्ञहरूको भनाइ रहेको छ।

भक्तपुर नगरपालिकाले राम्रो पूर्वाधारहरू विकास गर्ने प्रयास गरिरहेको छ। नगर भित्रका अधिकांश खेलाडीहरू आफ्नो मिहिनेत, परिश्रमको आधारमा अगाडि बढिरहेका छन्, खेलकुदबाट भक्तपुरलाई चिनाइरहेका र उजिल्याइरहेका छन्।

नगरपालिकाले लिवाली कभर्ड हलमा धेरै खेलको लागि प्रयोग गर्दै आएको छ भने बेखाल कभर्ड हललाई राष्ट्रिय तथा अन्तराष्ट्रिय कभर्ड हलको रूपमा तयार गर्दैछ। भक्तपुरका खेलाडीहरूले भक्तपुरको समस्या बुझेका छन्। भक्तपुरको सुनाम हुने काम गर्दै छन्।

*(भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक)*

# राजीब चिकबन्जार : टेबल टेनिस खेलाडी तथा प्रशिक्षक

राजकुमार लघु

राजीब चिकबन्जार एक उदयमान तथा आशालाग्दा टेबल टेनिस खेलाडी तथा प्रशिक्षक हुन्। उनको जन्म २०५० साल कार्तिक १९ गते चासुखेल गोल्मढी टोलमा भएको थियो। उनका माताको नाम रामशोभा चिकबन्जार र पिताको नाम रामेश्वर चिकंबन्जार हो। उनको माध्यमिक शिक्षा कमलविनायक लान्चा फल्चास्थित न्यातापोल ई.सेकेण्डरी स्कूलबाट भएको थियो। उनले उच्च माध्यमिक शिक्षा सैनिक माविबाट लिएका थिए। उनले भक्तपुर क्याम्पसबाट राजनैतिक शास्त्रमा स्नातक गरेका छन्। हाल उनी त्रिभुवन विश्वविद्यालयमा राजनैतिक शास्त्र लिई स्नातकोत्तर अध्ययनरत छन्।



राजीबले न्यातापोल ई. सेकेण्डरी स्कूलका टेबल टेनिस खेलका प्रशिक्षक इन्द्रभक्त पंचबाट विद्यालय तहबाटै यस खेलको प्रशिक्षण लिएका थिए। राजीबले २०६२ सालमा कक्षा ६ देखि नै खेल्न थाले। भक्तपुर जिल्ला टेबल टेनिस सङ्घबाट नियमित आयोजित अन्तरविद्यालय टेबल टेनिस प्रतियोगितामा उनले उत्कृष्ट प्रदर्शन गरे। भक्तपुर जिल्ला टेबल टेनिस सङ्घद्वारा आयोजित रनिङ शील्ड टेबल टेनिस प्रतियोगितामा तीन वर्ष लगातार उत्कृष्ट खेलेर र जितेर टीम इभेन्ट्ससहित न्यातापोल ई स्कूललाई तीन पटक स्वर्ण पदक दिलाए र जिल्लाब्यापी रनिङ शील्डको उपाधिमाथि कब्जा जमाएको यो पङ्क्तिकार पनि साक्षी छ। हुने विरुवाको चिल्लो पात भने झैँ खेलाडी राजीब विद्यालयस्तरको प्रतियोगितामा चम्किए। २०६४ साल असोजमा भएको चेग्वेभारा स्पोर्ट क्लवद्वारा आयोजित भक्तपुर जिल्लाव्यापी स्कूल, शिक्षक खुल्ला अन्तर स्कूल टेवल टेनिस प्रतियोगितमा Boy's double, Boy's single, Mens open / Team Events गरी चारओटै विधामा उनले ४ ओटै स्वर्ण पदक जिती सर्वोत्कृष्ट खेलाडी भए। उनको प्रमुख रुची खेल खेल्नु र खेलको माध्यमबाट राष्ट्रको नाम स्वदेश र विदेशमा चम्काउनु रहेको छ। उनी साहित्य पढन र गीत सङ्गीत सुन्न पनि मन पराउँछन्।



राजीब चिकंबन्जार टेबल टेनिसमा यो भन्दा राम्रो स्तरको खेल खेलेर नेपालको प्रतिनिधित्व गरी साफ चयाम्पियनशीप, एशियन खेल तथा विभिन्नस्तरका विश्वस्तरीय खेलकुद प्रतियोगिता खेलेर पदक हात पारी नेपालको नाम स्वर्ण अक्षर लेखाउने चाहना ब्यक्त गर्छन्। उनी गितार बाजा पनि बजाउँछन् तर समय अभावको कारण गितारतिर समय दिन नभ्याएको बताउँछन्।

टेबल टेनिस खेलाडी तथा प्रशिक्षक राजीबले २०७५ सालदेखि २०७८ सालसम्म तीन वर्ष भक्तपुर देकोचास्थित जेन्युइन सेकेण्डरी स्कूलमा टेबल टेनिस खेलको प्रशिक्षण दिए। उनले भेलुखेलस्थित प्रोक्सीमा इन्टरनेशनल स्कूल र कमलविनायकको रोम्बोस इ. सेकेण्डरी स्कूलमा पनि प्रशिक्षण दिई यस खेलको विकासमा टेवा दिएका छन्। हाल उनी अन्तर्राष्ट्रिय टेबल टेनिस खेलाडी तथा प्रशिक्षक मुना बासुकलासँगै बासु मावि कभर्डहलमा खेलाडीहरूलाई प्रशिक्षण दिइरहेका छन्।

राजीब चिकबन्जार विभागीय टोली सशस्त्र प्रहरीमा खेलाडीको रूपमा आवद्ध छन् । उनी भक्तपुर नगरपालिका १० नं. वडा खेलकुद समितिमा पनि आबद्ध छन् ।

राजीबले सन् २०१७ मा अखिल नेपाल टेबल टेनिस सङ्घद्वारा अक्टोबर १३ देखि १७ तारिखसम्म आयोजित ITTF-PTT - 1 Level coaching courses पनि लिएका छन् । उनी नेपाल ओलम्पिक कमितिद्वारा काठमाडौँमा सन् २०२२ अक्टोबर २२ देखि ३० सम्म आयोजित एक हप्ते Techinical course for coaches उत्तीर्ण गरेका प्रशिक्षक हुन् । राजीबले सन् २०२२ ITTF Level-2 Coaching Course अन्तरगत ITTF Level-2 coaching course र training Camp बसेर प्रशिक्षक प्रशिक्षण उत्तीर्ण गरेका छन् । उनी टेबल टेनिस सिक्ने र सिकाउने दुई ओटै कलामा अभ्यासरत छन् । उनी राष्ट्रिय टेबल टेनिस प्रशिक्षण हल काठमाडौँ लैनचौरमा प्रशिक्षण लिन जान्छन् । यी पङ्क्ति लेख्दा उनी एशियन खेलको निम्ति तेश्रो स्थानमा प्रारम्भिक छनौट भई हाल लैनचौर कभर्ड हलमा क्लोज क्याम्पमा बसेर प्रशिक्षण लिइरहेका छन् ।

टेबल टेनिस खेलाडी राजीबले सन् २०२३ जनवरी ३१ देखि फेब्रुअरी ४ सम्म ललितपुर जिल्ला टेबल टेनिस सङ्घद्वारा आयोजित पाचौँ सम्झना कप अन्तराष्ट्रिय टेबल टेनिस प्रतियोगितामा प्रतिस्पर्धा गरेका छन् । उनले सन् २०२० अक्टोबर १ देखि ८ तारिखसम्म आयोजित तेश्रो सम्झना कप खुल्ला टेबल टेनिस प्रतियोगितामा तेश्रोस्थान प्राप्त गरेका थिए । सन् २०२३ जनवरी ३१ देखि फेब्रुअरी ४ सम्म ललितपुर जिल्ला टेबल टेनिस सङ्घद्वारा आयोजित पाचौँ सम्झना कप अन्तराष्ट्रिय टेबल टेनिस प्रतियोगितामा प्रतिस्पर्धा गरेका छन् ।

राजीबले अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि खेलेका छन् । उनले 3rd International table tennis champion ship २०२० फेब्रुअरीमा प्रतिस्पर्धा गरेका थिए । त्यस प्रतियोगितामा उनी भक्तपुर बहुमुखी क्याम्पसबाट

## राजीबको खेल सहभागिता

| प्रतियोगिता | आयोजक | इभेन्टस | प्राप्त स्थान |
|---|---|---|---|
| जिल्लास्तरीय टेबल टेनिस प्रतियोगिता २०६४ | चेग्वेभारा स्पोर्टस क्लव | ४ ओटा इभेन्टस | ४ ओटा विधामा स्वर्ण पदक |
| दोश्रो मादल कप टेबल टेनिस प्रतियोगिता | नेपाल क्रान्तिकारी युवा संघ २०६४ | पुरुष एकल | स्वर्ण |
| अन्तर विद्यालय टेबल टेनिस प्रतियोगिता २०६४ | भक्तपुर जिल्ला टेबल टेनिस संघ | पुरुष एकल, पुरुष डबल, टीम इभेन्टस, खुल्ला पुरुष एकल | ४ विधामा ४ स्वर्ण |
| भक्तपुर जिल्ला विद्यालयस्तरीय टेटे प्रतियोगिता २०६५ | बासु माविको ४६ औंवार्षिक उत्सव | पुरुष एकल, पुरुष डबल, टीम इभेन्टस, खुल्ला पुरुष एकल | ४ विधामा ४ स्वर्ण |
| अन्तर विद्यालय टेबल टेनिस प्रतियोगिता २०७७ | भक्तपुर जिल्ला टेबल टेनिस संघ | पुरुष एकल, पुरुष डबल, टीम इभेन्टस, खुल्ला पुरुष एकल | ३ स्वर्ण एक काश्य |
| United running shield first nation wide inter school TT championship | | व्वाइज १२ वर्षमुनि | तेश्रो |
| All nepal open cash prize inter school and college TT championship | Youth sports Group | १४ वर्षमुनि व्वाइज | प्रथम |
| 12th late Hare Ram joshi open TT 2074 | ललितपुर जिल्ला टेटेसंघ | मेन्स सिंगल | दोश्रो |
| पाचौं राष्टिय खेलकुद २०६५ | राखेप | पुरुष एकल | भक्तपुर जिल्लाबाट छनौट |
| सातौं राष्ट्रिय खेलकुद २०७३ | राखेप | टीम इभेन्टस | तृतीय |
| आठौं राष्ट्रिय खेलकुद २०७५ | राखेप | टीम इभेन्टस | तृतीय |
| 1st APM Nepal Open TT 2021 | | मिक्स डबल | तेश्रो |

प्रतिस्पर्धा गरी मेन्स सिङ्गलमा तेश्रो भएका थिए ।

खेलाडी तथा प्रशिक्षक राजीबले एपीएफबाट 4th internatinal table tenis championship 2022 मा प्रतिस्पर्धा गरेका थिए । उनले 5th international TT championship 2023 मा पनि सहभागिता जनाए ।

टेबल टेनिस खेलाडी राजीब चिकबन्जार आफ्नो प्रेरणाश्रोतको रूपमा आफ्नै आमा बुबा तथा आदरणीय गुरु अन्तर्राष्ट्रिय टेबल टेनिस खेलाडी मुना बासुकला र पूर्व नेपाल च्याम्पियन शिव सुन्दर गोठे तथा प्रशिक्षक इन्द्रभक्त पंचलाई लिन्छन् ।



कोचिङ्ग तालिमको प्रमाणपत्र ग्रहण गर्दै राजीब

टेबल टेनिस खेलाडी राजीब चिकबन्जारलाई सबैभन्दा मनपर्ने खेलाडी चीनका मा लोङ्ग (Ma long) हुन् । मा लोङ्ग सन् २०१५, २०१७ र २०१९ मा वर्ल्ड च्याम्पियन बनेर चीनको नाम टेवल टेनिस खेलको संसारमा थप चम्काए । राजीबका अनुसार सन् २०२३ मा मा लोङ्गले दक्षिण अफ्रिकामा सम्पन्न विश्व टेवल टेनिस च्याम्पियनशीपमा तेश्रो स्थान प्राप्त गरेका थिए ।

टेबल टेनिस खेल किन खेल्ने भन्ने जिज्ञासामा टेवल टेनिस प्रशिक्षक तथा खेलाडी राजीब भन्छन्, यो खेल स्वास्थ्यको लागि शारीरिक तथा मानसिक विकासको लागि खेल्नु पर्छ ।

यस खेल खेल्नुका फाइदाबारे उनी यसरी आफ्नो कुरा राख्छन्– यस खेलमा उमेर हद छैन । जुनसुकै उमेर समूहकाले पनि खेल्न सक्छन् । यस खेलमा विभिन्न क्याटगोरीको बन्दोबस्त छ । Boys/Ladies इभेन्टस छ । जस्तो टीम इभेन्टस, भेन्ट्रान्स ѕ्ह मयगदभि यउभल, धयबल यउभल जस्ता विधाहरू प्रतिस्पर्धामा खेलाइन्छन् । यो खेल भुइँमा, पाटी वा जुनसुकै ठाउँमा खेल्न सक्छन् ।

टेबल टेनिस खेलका समस्याहरू भए बताउन अनुरोध गर्दा टेबल टेनिस खेलाडी तथा प्रशिक्षक राजीब चिकबन्जार भन्छन्, सम्बन्धित सङ्घ संस्थाले टेबल टेनिस खेलमा क्रेज ल्याउनु पर्ने हो तर पहल भइरहेको छैन । निर्माणाधीन बेखाल टेबल टेनिस कभर्ड हल छिटै निर्माण सम्पन्न गरी प्रशिक्षण चालु गर्नुपर्छ । टेबल टेनिस हल अभावमा खेलाडीहरू भौंतारिरहेका छन् ।

टेबल टेनिस खेलको अविस्मरणीय क्षणबारे स्मरण गर्न अनुरोध गर्दा राजीब भन्छन्, २०६४ सालमा न्यातापोल सेकेण्डरी स्कूलबाट सहभागी भई चार ओटा विधामा ४ स्वर्ण जितेको क्षण अविस्मरणीय छ ।

नयाँ पुस्ताका खेलाडीहरूलाई के कस्तो सल्लाह सुझाव छ भन्ने जिज्ञासामा राजिव चिकंबन्जार यो सन्देश प्रवाह गर्न चाहन्छ– टेबल टेनिस खेल चाखलाग्दो खेल हो । यो खेल जति खेल्यो त्यति नै सिक्दै जान्छन् । बलको फिलिङ्ग बुझ्दै जान्छ । खेल खेल्न चाहनेले पछिसम्म निरन्तर खेल्न सक्छ । खेलले मानसिक, बौद्धिक र शारीरिक विकास हुन्छ । तर, अध्ययन र खेललाई सँगसँगै लान सक्नुपर्छ । जुनसुकै खेलमा अनुशासन अति महत्त्वपूर्ण तत्त्व हो । प्रशिक्षक वा गुरुले दिएको ज्ञान र सल्लाह सुझावलाई पूर्ण रूपमा मनन गर्नुपर्छ ।



भक्तपुर नपाबाट वर्षका उत्कृष्ट खेलाडीबाट सम्मानित हुदै (बसिरहेकामा बायाँबाट पहिलो)

खेलकुदको लागि भावि योजना के छ भन्ने प्रश्नमा खेलाडी तथा प्रशिक्षक राजीब भन्छन्, टोल टोलमा पुनः टेबल टेनिस खेलको शुरुवात गर्नु र भक्तपुरबाट धेरै राष्ट्रिय खेलाडी उत्पादनको लागि योगदान गर्नु रहेको छ । धेरैभन्दा धेरै प्रतियोगिता आयोजना र खेलाडीहरूलाई व्यवसायिक प्रयोजनका लागि वातावरण बनाउन हरेक वर्ष राष्ट्रियस्तरको राष्ट्रव्यापी खुल्ला प्रतियोगिता आयोजना गर्ने र एउटा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने भावि योजना रहेको बताउँछन् । साथै देशको खेलकुद गतिविधि र अन्तर्राष्ट्रिय खेलकुदको ज्ञान र वर्कशप हरेक विद्यालयमा मासिक रूपमा अनिवार्य गर्नु रहेको छ ।

## तस्बिरमा केही गतिविधि







भक्तपुर नपाको आगामी आर्थिक वर्षको लागि नीति तथा कार्यक्रम तर्जुमा र बजेट तयारीको क्रममा राय सुझाव सङ्कलनको लागि विभिन्न मितिमा भएका किसान, मजदुर, महिला, युवा विद्यार्थीलगायतका भेलाहरू



भक्तपुर नपाबाट नपाका जनप्रतिनिधि र किसान सूचीकरणका गणकहरूबीच सूचीकरणबारे अभिमुखीकरण कार्यक्रम। (जेठ २६ गते)

## तस्विरमा केही गतिविधि



भक्तपुर नपाबाट सबै वडाहरूमा विभिन्न मितिमा प्राङ्गारिक कृषि खेती तालिम दिइयो । तस्विर वडा नं. ९ को ।



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट वडा नं. २ इताछेँस्थित नारमल्ला फल्चाको शिलान्यास । (जेठ २५ गते)



राष्ट्रव्यापी अन्तरस्थानीय तह (यु १८) मेयर कप पुरुष बास्केटबल प्रतियोगितामा भक्तपुर नपाबाट सहभागी खेलाडीहरूलाई ट्याक सुट र गेम टिसर्ट हस्तान्तरण । (असार १ गते)



भक्तपुर नपाबाट सञ्चालित ई-लाइब्रेरी सुविधासहितको जनज्योति पुस्तकालयको अध्ययन कक्ष ।

## तस्बिरमा केही गतिविधि

### परम्परागत शैलीमा घर निर्माण गर्नेलाई अनुदान

भक्तपुर नपाको चौधौं नगरसभा समुद्घाटनको अवसरमा कार्यक्रमका प्रमुख अतिथि नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले भक्तपुर नगरभित्र मापदण्डअनुसार नियमित रूपमा भवन निर्माण गरी निर्माण सम्पन्न प्रमाणपत्र लिएका २१ जना घर धनीलाई नपाको नीतिअनुसार रु. ७५ हजारदेखि रु.८ लाख ४६ हजारसम्म गरी जम्मा रु. ६४,७२,३९०।- अनुदान वितरण गर्नुभयो । अनुदान प्राप्त गर्नेहरूमध्ये केहीको तस्बिर यहाँ दिइएको छ ।

(असार ६ गते)









तस्विरमा केही गतिविधि



मौलिक शैलीमा घर निर्माण गर्ने घर धनीहरूलाई अनुदान



# समालोचनाया सिद्धान्त



## (समालोचनाया सिद्धान्त-१६)

– प्रो. माणिकलाल श्रेष्ठ

## कल्पना – थुकिया विभिन्न अर्थ

साहित्य व कलाकृतिया समालोचना यायेबेले 'कल्पना' शब्द आपालं प्रयोग जू। प्राचीन साहित्ये समालोचना याइबेले 'कल्पना' शब्द न्हिथना मतः, उलि जक मखु काव्ये कल्पनाया महत्वया विवेचना जुया च्वंगु नं खने मदु। अथे जूगुलिं संस्कृत समालोचनाय् कल्पनाया विश्लेषण विवेचना छुं खने मदु। यूरोपया समालोचना साहित्ये भिंन्हय्गूगु शताब्दीनिसें कल्पनाया महत्वया खँ पिहाँ वल, तर अभ्न नं कल्पनायात अपो महत्व मबिउनि। ख जा थ्वयासिकं न्ह्यो भिंखुगुगु शताब्दीया अन्तपाखे हे विलायतया दकले तःधंम्ह कवि **शेक्सपियरं** थः थम्हं तप्यंक मखुसां छम्ह पात्रयात नुवाका कविता विषये थथे धया तल–

*'मसिउ मसिउगु वस्तुया प्रकार कल्पनां पिकाइबेले कविया कलमं उकियात आकार बिइ, अले छुं मदुगु फसे बस्ती स्वँना नं नां छुना बिइ।'* थुकथं थःगु हे संसारया सिर्जना कविं याना बिइ, अथे याइगु शक्ति कल्पना शक्ति खः।

शेक्सपियरं व मेमेपिं कविपिंसं थथे कल्पनाया खँ न्ह्यथने धुंकूगु व कल्पना थःथः कविताय् छ्यले धुंकूसा कल्पना छु खः धयागु खँ व कल्पनायात कविताया समालोचनाया आधार यायेगु पाखे मनूतय् कुतः मजूनि। यूरोपया रोमान्टिक कवि व समालोचकपिंसं हे कल्पनायात च्वछाया बिउगु खः। भिंच्यागूगु शताब्दीया बिलायतया रोमान्टिक कवि **विलियम ब्लेकं** (William Blake (1757-1827) नं कविताया आत्मा कल्पना हे खः धयागु विचार काल कविताया प्रेरणावादी सिद्धान्त अर्थात कविया दुनेया प्रेरणां कविता व धयागु विचार ब्लेकया खः। **'पाइपिङ डाउन दि वाय्लीज् वाइल्ड'** धयागु कविताय् ब्लेकं थःगु छगू अनुभव कना तःगु दु। छन्हु सुं मनू मदुगु गाले (उपत्यकाय्) बय् पुपुं वना च्वंबेले कवि सुपाचय् मचा छम्ह खन। मचां कवियात फैचिया बाखं पुया न्यंकि धाल, कविं व हे लय् पुया क्यन। अले मचां आ व हे म्ये छको हाला न्यंकि धाल, कवि हाल। अनंलि व मचां आम म्ये मेपिं मचातय् निम्तिं च्वया बिउ धका धया सुपाचय् तुं लुकुं बित। कविं व हे च्वत। ब्लेकया थ्व कविताय् रहस्यवाद व प्रतीकवाद दु, भ्नीथाय् राणाकालया छायावादी कविताय् थें। ब्लेकया थ्व कविताय् कविता बारे कविया विचार दु। मचा 'च्वय्या प्रेरणा खः', फैचा 'सृष्टिया प्रतीक'। च्वय्या प्रेरणा कया कविं सिर्जना याइगु हे कविता खः, अले हानं पुइगु संगीत व हालेगु संगीत थें तुं च्वयातःगु संगीत कविता खः धयागु विचार थ्व कविताय् ब्लेकं कना तःगु खः।



विलियम ब्लेक



कलरीज

शेक्सपियर व ब्लेकं थःगु कविताय् जक कल्पनाया महत्व थथे न्ह्यथन, कल्पनायात महत्व बिया। अभ्न उकियात हे आधार याना समालोचना यायेगु ज्या न्हापालाक्क छुना बिउम्ह भिंच्यागूगु शताब्दीया समालोचक **एडिसन्** खः। उबेलेनिसें समालोचनाय् कल्पनायात महत्व बिइगु चलन वल।

लिपा **वर्डस्वर्थ** व **कलरीजं** ला कल्पना सम्बन्धी सिद्धान्त हे बिया वन । कलरीजं कल्पनाया गुगु व्याख्या बिया थकल *(थुकियात छगू अलग हे अध्याय (अध्याय १८) स विवेचना यानागु दु),* समालोचनाया सिद्धान्तय् कलरीजया दकले त धंगु देन थ्व खः, अले थुकिं याना कलरीजया नां विश्वे दकले नांजापिं समालोचक *(अंग्रेजी समालोचना व पश्चिमी समालोचना साहित्ये जक मखु विश्वया ततःधंपिं समालोचकमध्ये हे कलरीजया नां दु । कलरीज छम्ह कवियासिकं समालोचकया नामं प्रसिद्ध । भिंगुंगूगु शताब्दीया विलायतया ला दकले तःधंम्ह समालोचक कलरीज । सेन्ट्सबरिं विश्वया दकले तःधंपिं समालोचक स्वम्ह 'अरिस्टोटल, लन्जिनस् व कलरीज' खः धयातल । आर्थर सीमन्सं कलरीजया 'बायोग्राफीया लिरारिया' यात 'अंग्रेजी समालोचना साहित्ये दकले तःधंगु सफू' धया तःगु दु)* मध्ये छम्ह जुल । 'फायन्सी' व 'इमाजिनेशन' निगु शब्द भिन्हय्गूगु शताब्दीइ प्रयोग जूबेले निगूया अर्थ मपा, अझ छगूया थासे मेगु तये नं जिउ । निगूया नं अर्थ कल्पना खः, कलरीजं निगूया भेद क्यना बिउगु खः । लिपा **जोन रस्किनं** 'इमाजिनेशन' या नं तःगु प्रकारया भेद क्यना बिल ।

कल्पनाया महत्व व कलरीजया कल्पना सिद्धान्त ला अलग अलग हे अध्याये विवेचना याये । थन आ 'कल्पना' शब्द झीसं साहित्यिक व समालोचनात्मक लेखे छु छु अर्थे प्रयोग याना धका वाला स्वये । अंग्रेजी भाषाय् ला 'इमाजिनेशन्' शब्द खुगू अर्थे प्रयोग जु धका **आई. ए. रिचार्डसं** क्यना तःगु दु । झीसं छको नं बिचा याये ।

कवि **रुद्रबहादुरया 'वृद्ध पान्थ'**

*('वृद्ध पान्थ' कविताया निझो थन उद्धृत याये :*

*'चःतिं प्यागु जाकि म्हिचा कृतज्ञतां तिल रे*
*मेघाच्छन्न व बदने ह्वलसा त्वल रे'*

*थ्व निझोले छपा किपा हे चित्रण जुगु दु । बुढाम्ह त्यान्चाम्ह पथिक खिउँसे च्वंबेले वना च्वन, कपालं चःति वो, आकास नं खिउँसे च्वं, पान्थया ख्वा नं खिउँ, जाकि म्हिचा छपो दु । उबेले लाक्क आकासे ह्वलसा त्वल, बुढाया ख्वाले जः खल ।)* कविता ब्वनेबेले थ्व कविताय् कल्पना च्वन्ह्या धका झीसं धया । थन कल्पनाया मतलब दृष्य आकृति अर्थात छुं छगू चित्र झीगु न्ह्योने हयेगु खः । छम्ह चित्रकारं ब्रुशं वा कलमं किपा च्वइथें कविं थःगु कलमं किपा च्वये फु । थ्व कल्पना-शक्ति वा तसबीर न्ह्योने हयेगु कल्पना कवियाके जक मखु, गद्य-लेखकयाके नं दये फु ।

हानं उपमा, मेटाफर आदि



फत्तेबहादुर सिंह

अलंकारयात नं झीसं कल्पना धया । छुं छता वस्तु वर्णन यायेबेले व जोगु मेगु वस्तुया उदाहरण विइगु कल्पना खः । उपमाया सामान्य उदाहरण झी न्हिंन्हिंया भाषाय् नं दु । लँय् तस्सकं ध्याचः दु, चुलु धायेत 'न्या (ङा) या म्हाय् पला तये थें' धायेगु, तस्सकं तान्नो धायेत 'मिइ दुहाँ वने थें' धायेगु, अथे हे 'मुलुं सू थें', 'क्वालखं लुइ थें' आदि फुक्क सामान्य उपमा खः । उपमा थें तुं निगूया तुलना, तर भचा तप्यंक मखु, यायेगु मेटाफर *(थुकियात नं उपमा हे धायेगु चलन दु ।)* थ्व झीगु सामान्य खँ ल्हायेगुली उलि खने मदुसां नेपाल भाषाया साहित्ये विशेष याना कविताय् तस्सकं प्रयोग जु, शायद थौंकन्हे मेमेगु भाषाया कविताय्सिकं नेपाल भाषाय् मेटाफर अपो खने दु । न्ह्यागु नं छगू कविता न्ह्योने हयेबेले गोगू मछि मेटाफर अन दये धुंकी । छगू उदाहरण काये –

**फत्तेबहादुर सिंह** (सन् १९०२-१९८३)या 'गय् याय्' (गथे याये) कविताया प्यंगू स्टान्जा ब्वनेबेले 'समय खुसी', 'जीवन-द्यां', 'पीर व्यथाया गा' स्वंगू मेटाफर वो । अझ **भगवती प्रसादया** 'सीगु' ब्वनेबेले झन झो झो पतिकं मेटाफर दु ।

*('जीवन-पथया लँजुवा-आयु*
*रोग-लुफिं हाना दल थौं रे'*

*भगवती प्रसादजुया 'सीगु' नांया कविताया च्वय्च्वंगु थ्व निझोले 'जीवन पथ', 'लँजुवा- आयु' व 'रोग-लुफि' स्वंगू मेटाफर दु ।)*

उपमा, मेटाफर ला सामान्य भाषाय् नं दु, तर कविताय् थुकिया विशेष महत्व दु, एकदम भिन्न भिन्न थें जोगु वस्तुया समानता क्यना छगू सूत्रे थुकिं चिना बिइ । थथे उपमा, मेटाफर, अत्युक्ति आदि अनेक अलंकारं छायेपा छुं बस्तु बांलक कनेगु शक्तियात नं झीसं 'कल्पना शक्ति' धया ।

प्याखं साहित्य व नाटक-साहित्ये पात्रया चित्रण याइबेले पात्रया नुगः थ्यंक दुहाँ वना नुगःया खँ गुलि क्यने फत उलि बांलाइ । पात्रया पिने पिनेया वर्णन यायेगु खालि वसः बयान याये थें जक जुइ, धाथें हे मनूया चित्रण वया नुगः चित्रण याये फःसा जक जुइ । तःधंम्ह नाटककारं थः पात्रया नुगः म्हसिइके फु । नाटककारयाके

मनोविज्ञान-विशेषज्ञया गुण दयेमा। पात्रया नुगःया सजीव-चित्रण बिया तःपिं उपन्यासकार व नाटककारपिन्त फ्नीसं कल्पना-शक्ति गाक्क दुपिं धया। थथे धायेवेले ला कल्पनाया अर्थ ला करपिनि मन बांलाक थुइका बांलाक क्यना बिइगु शक्ति, अर्थात छगू कथंया 'सहानुभूति' जुल। थुकियात नं फ्नीसं कल्पना धका धया।

मेगु छगू अर्थे नं फ्नीसं कल्पना शब्द प्रयोग याना। उदाहरण छगू कायेे। फ्नीसं सुं छम्ह मनूयाके मौलिकता मदु धाये मासा 'व मनू खालि बिउगु ज्या जक याये सः, थम्हं स्वया छुं याये मफु, कल्पना वयाके मदु' – थथे धायेबेले छुं लुइकेगु खंकेगु शक्ति कल्पना खः। थुकथं बिचा यायेबेले कल्पना धयागु लेखक, कवि, कलाकारयाके जक दइगु शक्ति मखु। छुं न्हूगु खँ सिइकीम्ह वा न्हूगु लुइकीम्ह, न्हूगु दयेकीम्ह दार्शनिक, वैज्ञानिकयाके नं कल्पना दु। थ्व कल्पना छ्यला वैज्ञानिकं न्हूगु बस्तु लुइकी वा दयेकी, लेखक कलाकारं सम्बन्ध हे मदुगु बस्तुयात छथाय् हया बिइ। थथे स्वापू मदुगु बस्तुयात कवियां कल्पनां छधी याना बिइ। तर थ्व शक्ति व्यवस्थित जुइमा, अर्थात सिर्जना यायेत, निगु बस्तुयात स्वाना बिया छुं काव्यात्मक अर्थ बिइत। नत्र छुं व्यवस्था मदुगु योयोथे निता असम्बन्धित बस्तु छथाय् हया बिइगु शक्ति 'कल्पना' मखु। थ्वजोगुयात कल्पना धायेगु जूसा वँय्याके दकले अपो कल्पना दइ (***शेक्सपियरं कवि व वँय्या छता समानता दु धया दिल, व खः निम्हसिकें सामान्य मनू नाप पांगु कल्पना दइ।***

*अथे हे कवि **ड्राइडेनं** थःगु छगू आलोचना कविताय् धयादीकथं तगो न्हयपुम्ह विद्वान व वँय्या कल्पना भतिचा जो ला।)*

हानं छुं हे स्वापू मदुगु मखु कि सामान्य मनुखं स्वापू मखनीगु, तर छुं स्वापू दुगु बस्तुया समानता खंकेगु शक्तियात नं फ्नीसं कल्पना हे धया। साधारण मनुखं मखंगु निगू भिन्न बस्तुया दथुइ स्वापू कविं खनी, व निगू बस्तु स्वाना बिइ। ल्यासेम्ह लुसिया हिसिइ ल्वहँ कापिइ हवया च्वंगु स्वां व याकचा थिना च्वंगु नगुया हिसिनाप स्वाइम्ह **वर्ड्स्वर्थ**, खिउँक वा फय् वये त्यंबेलेया हाकु सुपाँय्यात स्येनाइ (दैत्यल्यासे) या छ्यँले थँपियातःगु सँ खनीम्ह **शेली**, असारं ध्याचः जुइबेले यँया सडके ल्हा ब्वयेकु ब्वयेकु न्यासि वने मागुयात 'तेन्जिङ जुया न्यासि वनेगु' धाइम्ह **बालकृष्ण सम**, आयु फुना थःसीगु व चिकं फुना मत सीगु अले हानं काल वया थः प्वाक्क सीगु व फय् वया मत फ्वाक्क सीगु उत्थें खनीम्ह **सिद्धिचरण**, मनू सिनावं वनीगुयात 'समय-खुसीं चुइकः यनीगु' खनीम्ह **फत्तेबहादुर सिंह**, समुद्रया लः हा जुया वंगु सुपाँय्यात थःछँ वंम्ह मिसानाप तुलना याइम्ह **चित्तधर 'हृदय'** फुक्कसिनं कल्पना – शक्ति छ्यला च्वंगु खः।

अले अंग्रेजी साहित्यया समालोचक **सामुएल टायलर कलरीजं** गुगु कथं व्याख्या याना दिल उगु कल्पनायात नं फ्नीसं कल्पना धया। 'स्वाना बिइगु जादु-शक्ति, गुगुयात फ्नीसं कल्पना-शक्ति धया, उकिं एकदम पागु अफ्न अःखःगु गुणयात समन्वय वा सन्तुलन हया बिइ।' थ्व शक्तियात कलरीजं कल्पना धाल। **एरिस्टोटलं** त्रासदिइ दया व भय निता विपरीत आवेगं विरेचन हइ धयातःगुयात नं धौंकन्हे समालो-चकपिसं कलरीजया कल्पना-सिद्धान्तकथं निगू विपरीत गुण, दया व भयया सन्तुलनं वइगु आनन्द धका व्याख्या या। कलरीजया व्याख्या मेगु अध्याये पूवंक हे विश्लेषण याये।

थ्व ला जुल 'इमाजिनेशन' शब्दं क्यंगु कल्पनाया खुगू प्रकारया अर्थ। समालोचना-साहित्ये, विशेष याना पश्चिमी समालोचनाय्, कल्पना शब्दया प्रयोग थ्व खुगू अर्थे जू। सामान्य खँल्हा-बल्हाय् ला कल्पना मेमेगु अर्थे नं प्रयोग जू। धाथेंयागु मखु हेकथंयागु धायेत नं फ्नीसं 'वास्तविक मखु कल्पना जक' धका धया, अथे हे भ्रान्ति धायेत नं फ्नीसं कल्पना धया, अफ्न मतिइ छु छु तुना तयागु खःउकियात नं फ्नीसं मनया 'कल्पना' धका 'कल्पना' शब्द प्रयोग याना। तर समालोचना-साहित्ये फ्नीसं 'कल्पना' शब्द प्रयोग यायेगु छुं अवास्तविक बस्तु, भ्रान्ति, सपना छुं नं अर्थे मखु। 'कल्पना' या अर्थ छगू बस्तु मखु छगू गुण छगू शक्ति खः, लेखक कलाकारया छगू शक्ति गुगुलिं छुं सिर्जना याइ। **(कथहं)**


# 'भक्तपुर'

## मासिकलाई


हाम्रो गौरवपूर्ण ऐतिहासिक, सांस्कृतिक सम्पदाबारे र समसामयिक लेखरचना दिई सहयोग गर्नुहोस्। सम्बन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइने छ।

लेखकहरूले स्रोत सामग्री र सम्पर्क नं. नछुटाउनु होला।

**रचना पठाउने ठेगानाः**

- भक्तपुर नपा भवन (कोठा नं.२०७)
- email:bhaktapurmasik@gmail.com

# नवयुवकसँग अपिल



## 'प्रिन्स' क्रोपाट्किन

## वकिल

मानी लिउँ, तिमीले कानुनको परीक्षामा सफलता प्राप्त गऱ्यौ र वकालतको पेशा सुरू गर्दैछौ। सम्भवतः तिमीलाई आफ्नो भविष्यको कार्यक्रमबारे भ्रमपूर्ण धारणाहरू हुनसक्छ। म मान्दछु कि तिमी एक उत्तम विचार भएको मानिस हौ र परोपकारको महत्त्व पनि राम्रो बुझ्छौ। सायद तिमी सोच्छौ होला 'म जीवनभर सबै प्रकारका अन्यायको निरन्तर र बल पूर्वक विरोध गरिरहन्छु। आफ्नो सम्पूर्ण योग्यता कानुनको विजय निम्ति खर्च गर्छु। जनता सामु सर्वोच्च न्यायको आदर्श उपस्थित गर्छु। के कुनै पेशा यो भन्दा उत्तम हुन सक्ला ?' यसरी तिमी आफ्नो र आफूले मनपराएको पेशामाथि विश्वास राख्दै जीवन क्षेत्रमा प्रवेश गर्नेछौ।

ठीक छ, अब हामी अदालतको प्रतिवेदनका पानाहरू पल्टाएर वास्तविक स्थिति के छ त्यस कुराको जाँच गर्नेछौँ।

अदालत सामु एक धनी जमिनदार आउँछ। ऊ छाप्रोमा रहने किसानले बाली दिन नसकेको कारण जमीनबाट बेदखल गराउन चाहन्छ। कानुनको दृष्टिमा मुद्दामा कुनै प्रकारको समस्या छैन, किनभने जब गरीब किसानले बाली बुझाउन सक्दैन तब उसले जमीनबाट आफ्नो अधिकार छोड्नु पर्छ। तर, यस मामलामा हामीले वास्तविक घटनाको जाँच गऱ्यौँ भने तथ्य अर्कै पत्ता लाग्ने छ। जमिनदार आफ्नो आम्दानी ऐश-आराममा खुला हातले खर्च गरिरहेछ र किसानलाई जीवनभर प्रत्येक दिन कडा मिहिनेत गर्नुपर्छ। जमिनदारले आफ्नो जमीनमा कुनै उन्नति नगरे पनि ५० वर्षपछि त्यस्को मूल्य पहिलेभन्दा कम्तिमा तीनगुना बढ्नेछ। जमीनको मूल्य बढ्नुका कारणहरूमा नयाँ रेलमार्ग बनिनु, नजिकैबाट कुनै राजमार्ग खोलिनु, धाप सुकाएर सुक्खा जमीन बनाइनु या त्यसलाई खेतीयोग्य बनाउनु आदि हुन्। तर जुन किसानले धाप सुकाए या खेती योग्य बनाए त्यसलाई कुनै फाइदा भएन। ऊ बरवाद भयो, साहूहरूको फन्दामा फसेर ऋणमा डुब्यो र अब जमीनको बालीसम्म पनि तिर्न सकेन। कानुन सधैँ सम्पत्ति भएकाको पक्षमा रहन्छ। त्यसको अर्थ स्पष्ट छ र त्यसअनुसार जमिनदार न्यायमा छ, तर तिमीमा 'न्याय को भाव' अझै कानूनी कथाले ढाकिएको छैन। तिमी यस मामलामा के गर्छौ ? के तिमी चाहन्छौ कि किसानलाई निकालेर सडकमा फालिदिइयोस्, किनभने कानुनले यही भनेकोछ। अथवा, तिमी यस कुरामा जोडदिन्छौ कि जमीनबाट बढेको कुनैपनि आम्दानी जमिनदारले किसानलाई फिर्ता दिनुपर्छ, किनभने त्यो किसानको मिहिनेतको फल हो र यही न्याय पनि हो। तिमी कुनचाहीं पक्ष स्वीकार गर्छौ ? कानुनको अनुकूल तर न्यायको विरूद्ध या न्यायको अनुकूल तर कानूनको विरुद्ध ?


अथवा, जब कुनै कारखानाका मालिकविरुद्ध मजदुरहरूले बिनासूचना हडताल गऱ्यो भने तिमी कसको पक्ष लिन्छौ ? तिमी कानुनको पक्ष लिनुको अर्थ मालिकको पक्ष लिनु हो। त्यस्ता मालिकको पक्ष जसले कुनै गडबडीको मौका छोपेर थुप्रै नाफा कमाएको छ। हुन सक्छ, तिमीले कानुनलाई छोडेर मजदुरहरूको पक्ष लिनेछौ। जसलाई ८ या १२ आनाभन्दा बढी ज्याला दिइएन र जसको स्वास्नी-बच्चा भोकले मरिसकेको छ। के तिमी त्यस शब्दजालले भरिएको कानुनी बन्दोवस्तको पक्ष लिन्छौ जसले 'प्रतिज्ञाको स्वाधीनता' को समर्थन गर्छ, अथवा तिमी सत्य न्यायको पक्ष लिन्छौ र एक भरेको पेट र मात्र प्राण धान्नकोलागि कुनैपनि काम गर्ने व्यक्तिको बीच भएको अर्थात् शक्ति सम्पन्न र कमजोरको माझ भएको प्रतिज्ञा पत्रलाई कुनै अवस्थामा पनि प्रतिज्ञा पत्र भन्न सकिन्न भन्छौ ?

अर्को एउटा मुद्दा हेरौँ। कुनै ठूलो शहरमा एक व्यक्ति बजारमा घुमिरहेको छ। ऊ कुनै पसलबाट २ माना पिठो चोरेर भाग्यो। पक्राउ परेपछि थाहा पाइयो कि ऊ एक असल कालिगड रहेछ तर काम नपाएकोले काम खोज्दै छ, र उसका बालबच्चा ४ दिनदेखि भोकै छन्। पसलेसँग दया गरेर छोडिदेओस् भनेर अनुरोध गरियो तर पसलेले कानुनको दुहाई दियो। पसलेले मुद्दा चलायो र ६ महिनाको जेल सजाय भयो, किनभने कानुनविद्हरूले त्यस्तै लेखेर गएका छन्। त्यसबेला के तिम्रो अन्तरात्मामा समाजप्रति विद्रोहको भावना उठ्दैन, जब तिम्री प्रत्येक दिन जसो यस्तै फैसला भएको देखिरहन्छौ ?

अथवा, तिमी त्यस मानिस जसको पालन-पोषण खराब ढङ्गले भएको छ र केटाकेटी देखिनै गलत ढङ्गको काममा लगाइएको छ, जसले आजसम्म सहानुभूतिको एक शब्द सुन्न पाएको छैन र अन्तमा जम्माजम्मी एक रुपैयाँको लोभमा परेर छिमेकीको हत्या गर्ने, को विरूद्ध कानुनी कारबाही चलाउनु उचित भन्छौ ? के तिमी उसलाई फाँसी दिइयोस् या अझ कडा सजाय २० वर्षको कैद गरियोस् भन्छौ ? तर, तिमीलाई राम्रो थाहा छ कि त्यो अपराधीको सट्टा एक पागल मानिस हो, र कुनै पनि स्थितिमा त्यसको अपराधको लागि हाम्रो सम्पूर्ण समाज दोषी छ।

के तिमी दाबी गर्छौ कि यो कपडा बुन्ने मजदुरहरू जसले घोर निराशाले वशीभूत भएर मिलमा 'गडबडी' गऱ्यो भने कैद गरिनु पर्छ ? अथवा त्यो विद्रोही जसले मोर्चामा स्वाधीनताको झन्डा गाड्यो, त्यसलाई गोलीले उडाइनुपर्छ ? होइन, हजार पटक होइन। यदि तिमीले विद्यालय र महाविद्यालयमा पढाइएका कुरालाई दोहोऱ्याउनुको सट्टा आफ्नो बुद्धि- विवेकले काम लियौ भने, कानुनको विश्लेषण र अनुसन्धान गऱ्यौ भने कानुनको दुरुह र शब्दजाल रहित सार बुझ्नेछौ, तिमीले शक्ति सम्पन्न भएकाको अधिकार समर्थन गराइएको कुरा पनि स्पष्ट बुझ्ने छौ। मनुष्य जातिको प्राचीन र रक्तसिञ्चित इतिहासमा पाइने अत्याचारलाई पवित्र भन्न लगाइएको गाँठी कुरो पनि बुझ्छौ। यी कुराका रहस्य बुझेपछि कानुनप्रति तिमीलाई वैराग्य हुनेछ। तिमीलाई पुस्तकमा लेखिएका कानुनको सेवक बनिरहँदा आफ्नो अन्तरात्माको कानुनको विरोध गर्नुपर्ने लाग्ने छ। यस्तो दुविधाको स्थिति सधैँ रहिरहन सक्दैन। अन्तमा, दुईमध्ये एक बाटो रोज्ने छौ- आफ्नो अन्तरात्मालाई दबाएर धोखेबाज र कपटी बन्नेछौ अथवा परम्परागत मार्ग छोडेर सबै प्रकारका आर्थिक र राजनैतिक- अन्यायरहित समाज स्थापनाकोलागि हामीसँग मिलेर काम गर्नेछौ। यदि हामीतिर लाग्यौ भने तिम्रो गणना 'परिवर्तनवादीहरू' को पङ्क्तिमा हुनेछ।

*(नवयुवकहरूसँग दुई कुराबाट) अनु. : श्रेष्ठ)*




## नेपाल सरकारको

# वैधानिक कानून २००४ (३)

## प्रस्तावना

आगे नेपाल भरमुलुकका भाइभारदार साहुमहाजन रैयत दुनियाँ गैह्रके यथोचित उप्रान्त संवत् १९०३ सालदेखि श्री ५ महाराजाधिराजहरूबाट समय २ मा पाला पालाका श्री ३ महाराजहरूलाई बक्सेको भरमुलुकको शासनसंबन्धी अख्त्यारको पंजापत्रवमोजिम हामीबाट मुलुकको हाल हुकुम पाई काम चलाई आएकोमा श्री पशुपतिनाथसुरक्षित यो पुण्यभूमि नेपाललाई सामाजिक, आर्थिक, राजनैतिक, सबै सुधारद्वारा संसारका अग्रगामी राष्ट्रहरूको उन्नतिको दाँजोमा पुऱ्याउने हाम्रो गाढा इच्छा भएका हुनाले,

र परंपरादेखि चलिआएको आफ्नो संस्कृतिको अनुकूल पंचायतप्रणाली र अरू सोही प्रकारका संस्थाको पुनरुत्थानद्वारा हाम्रा प्यारा प्रजालाई राजप्रणालीका हरेक अङ्गमा झन् झन् बढी मात्रामा सम्मिलित गराई मुलुक र दुनियाँका उत्तरोत्तर वृद्धि गराउने हाम्रो इदमित्थ नीति भएकोले, र यस किसिमको वृद्धिक्रमशः यथासमय मात्र हुनसक्ने औ नयाँ अख्तियारी अनुसार काम गर्नेहरूको सहयोग र नयाँ अविभारा चलाईएको कुशलताबाट थप अधिकारको निर्णय हुनुपर्ने भएकाले, र हामीबाट यस कुरामा तुरुन्त कदम बढाइबक्सने बखत आयो भन्ने ठहराइबक्सेकोले, स्वस्तिश्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाह गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावली विराजमान मानोन्नत ओजस्वी राजन्य प्रोज्ज्वल नेपालतारा ॐराम अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणाबाहु महाधिपतिनाम सदा समरविजयिनाम् मुकुट ।

## भाग २

### मौलिक हकहरू

४. लोकनीति र सदाचारका सिद्धान्तहरूको बर्खिलाप नगरी र मौलिक हकहरूका विषयमा हाल प्रचलित र नयाँ बन्ने ऐन र नियमहरूको विरोध नगरी व्यक्तिगत स्वतन्त्रता, वाकस्वतन्त्रता, प्रकाशनस्वतन्त्रता, सभा वा संघस्वतन्त्रता, धार्मिकस्वतन्त्रता, ऐनकानुनी पूर्ण समानता, छिटो र सुलभाथ पाइने इन्साफ मुलुकभर, अनिवार्य निःशुल्क प्रारम्भिक शिक्षा, उमेर पुगेका सबैले वोट गर्न पाउने समान हक, व्यक्तिगत सम्पत्तिसंरक्षण का हकहरू दिने काम भएको छ ।

५. शारीरिक, मानसिक र आर्थिक क्षमतानुसार मुलुकको सुरक्षा र कल्याणको निमित्त शारीरिक र मानसिक परिश्रम गर्नमा तत्पर रहने, सरकारलाई दिनुपर्ने कर रकम दिने, लोकहित हुने काममा सहायता दिने, श्री ५ महाराजाधिराज र श्री ३ महाराजहरूमा सच्चा राजभक्तिका साथ साथ नेपालराज्य र नेपालराज्यका विधानपद्धतिमा इमानदारीसाथ सद्भाव राख्ने काम प्रत्येक नागरिकको कर्तव्य हुनाले सो बमोजिम सबैले गर्नुपर्नेछ ।

## भाग ३

### कार्यकारिणी सभा

६. यस कानूनमा लेखिएबमोजिम नेपालको शासन अधिकार श्री ३ महाराजमा रहेको हुनाले शासनसम्बन्धी सबै काम मौसुफबाटै वा आफनू अधीनका कर्मचारीहरूद्वारा संचालन हुनेछ ।

७. **(क)** मुलुकको शासन अधिकार संचालन गर्ने काममा श्री ३ महाराजलाई मद्दत र सरसल्लाह दिनानिमित्त व्यवस्थापक सम्मेलनका सदस्यहरूबाट एउटा मंत्रिमण्डल मुकरर हुनेछ ।

**(ख)** सो मंत्रिमण्डलमा ५ जनामा नघटाई श्री ३ महाराजबाट बखत २ मा तोकिबक्सेबमोजिम सदस्यहरू रहने छन् । सो सदस्यहरूमध्ये कमसेकम २ जना व्यवस्थापकसम्मेलनका निर्वाचित सदस्यहरूबाट मुकर्रर हुनेछन्

**(ग)** व्यवस्थापक सम्मेलनमा ओहदाका हैसियतले सदस्य हुने पंचायतहरूका सभापति र उपसभापतिहरू पनि निर्वाचित सदस्यहरूसरह मानिने छन् ।

८. **(क)** मंत्रिमण्डलको बैठकमा श्री ३ महाराज वा मौसुफको अनुपस्थितिमा मुखत्यारबाट सभापतिको आसन ग्रहण गरिबक्सने छ । मंत्रिमण्डलका सबै सदस्यहरू श्री ३ महाराजबाट यस विषयमा बनाइबक्सेको नियममा रही श्री

३ महाराजप्रति उत्तरदायी हुनेछन् ।

**(ख)** श्री ३ महाराजबाट मंत्रिमण्डलका सदस्यहरूलाई विभिन्न विभागको कामको बाँडफाँड र त्यससम्बन्धी स्थानको क्रमसमेत मुकर्रर गरिबक्सने छ ।

**९. (क)** श्री ३ महाराजबाट नियुक्त भएपछि मन्त्रिमण्डलका सदस्यहरूले तोकिएको धर्म भाकी चार वर्षसम्म काम चलाउनेछन् ।

**(ख)** सो समयभन्दा अगाडि मंत्रिमण्डलका सदस्यहरूमध्ये कसैले :-

(१) आफ्नु कामको अविभाराको राजिनामा लेखी श्री ३ महाराजमा चढाए भने, वा

(२) श्री ३ महाराजको तजवीजमा विश्वासपात्र ठहरिएन भने, वा

(३) उनीहरूले कुनै किसिमको बेकाइदा गरेको स्वीकार गरे वा सो गरेको मंत्रि मण्डलको गोप्य वोटले ठहरायो भने मात्र आफ्नू कामबाट झिकिने छन् ।

**(ग)** तर (१) र (२) दफाबमोजिम झिकिएका सदस्यहरू आफ्नो म्याद भित्रसम्म व्यवस्थापक सभामा भने बस्न पाउनेछन् ।

**१०.** श्री ३ महाराजबाट समय २ मा निश्चित गरिबक्सेमुताविक मंत्रीहरूले तलप र भत्ता पाउनेछन् ।

**११. (क)** मंत्रिमण्डलबाट मुलुकको सबै काममा रेखदेख पुऱ्याइनेछ, तर व्यवस्थापक सभाको हदबाहिरका विषयहरूमा विशेष ध्यान दिनेछ । सबै शासन विभागको नीति कायम गरी यसलाई दरकार हुने अनजामी आमदानी खर्चको फाँट निरीक्षण गरी सरकारतर्फबाट व्यवस्थापक सभामा रहने कानूनका मसौदा छलफलहरू र हरेक शासन विभागमा सहयोग र संगठन कायम गर्नेछ ।

**(ख)** हरेक विभागका मंत्रीहरूले यो ऐनका हदभित्र र मंत्रिमण्डलले कायम गरेका नीतिभित्र रही आफ्नो विभागको शासन चलाउन आफ्नै तजवीजले काम गर्नेछन् र आफ्ना विभागहरूलाई चाहिने आम्दानी खर्चको फाँटवारी कायम गरी मन्त्रिमण्डलमा पेस गर्नेछन् । सो काम गरेकोमा मंत्रिमण्डलप्रति जवाफदेही हुनुपर्नेछ औ श्री ३ महाराजबाट चाहिवक्सेका सबै कागजातहरू पेस गर्नु पर्नेछ ।

**१२. (क)** कानूनी विषयमा समय २ मा सरकारलाई आवश्यक परेको राय सल्लाह पेस गर्नलाई एउटा प्रधान कानूनी सल्लाहकार श्री ३ महाराजबाट नियुक्त हुनेछ ।

**(ख)** प्रधान कानूनी सलाहकारको हरएक अड्डा अदालतमा गई सरकारतर्फबाट छलफल गर्ने अधिकार रहने छ ।

**(ग)** उसको वहाली र तलव भत्ता श्री ३ महाराजको तजवीजबाट हुनेछ ।

**१३.** सरकारका शासन नीति कायम हुँदा व्यवस्थापक सभाको रायसमेत पेस भई काम कार्वाई चलोस भनी विभिन्न विभागलाई सहायता र सरसल्लाह दिनानिमित्त व्यवस्थापक सभाका सदस्यहरूबाट शासनसमितिहरू खडा गराइबक्सनेछ ।

**१४. (क)** व्यवस्थापक सभाले पाएको अखत्यारीभित्रका र अरू विभागहरूमा समेत श्री ३ महाराजको तजवीजबाट यी समितिहरू रहनेछन् ।

**(ख)** यसको लागि व्यवस्थापक सभाबाट सदस्यहरू छान्नाका लागि राष्ट्रसभाबाट एक समिति श्री ३ महाराजबाट नियुक्त गरिबक्सिने छ ।

**(ग)** हरेक शासनसमितिमा कमसेकम ४ सदस्यहरू रहनेछन् र जुन विभागको निमित्त समिति खडा गरिएकोछ सोही विभागको मंत्री त्यस शासनसमितिको सभापति हुनेछ ।

**(घ)** आफूलाई तोकिएका विषयहरूको शासन नीति, काम कार्वाई यी समितिहरूले संचालन गर्नेछन् । तर दैनिक कार्यक्रम बहाली वर्खासी र रोलमा भने विभाग मंत्रीको पूरा अधिकार रहने छ ।

**१५.** यी समितिका कार्यक्रम र नियमहरू सरकारबाट बन्ने छन् ।

# भाग ४

### व्यवस्थापक सभा

## (क) पंचायती सभा

**१६.** सरकारबाट बनेका नियमानुसार योग्य ठहरिएका उमेर पुगेका जनताको वोटद्वारा ५ देखि १५ निर्वाचित सदस्यहरूको एक 'ग्राम पंचायत' हरेक ग्राम वा ग्रामसमूहमा रहने छ । यिनीहरूले आफ्नै प्रधान पंच चुन्ने छन् ।

**१७.** हरेक शहर वा बजारको नागरिक क्षेत्रमा पनि यस्तै किसिमबाट १० देखि ५० निर्वाचित सदस्यहरूको एक 'नगर पंचायत' रहने छ ।

१८. हरेक ग्राम पंचायत र नगर पंचायतका सभापतिहरूले आपसबाट र आवश्यक परेमा आफ्ना सदस्यहरूबाट १५ देखि २० सदस्य छान्ने छन् र नियममा उल्लेख गरिएका विशेष प्रतिनिधिसमेत भै तिनीहरुको समूहबाट सरकारले तोकिदिएका स्थानहरूमा एक एक 'जिल्ला पंचायत' रहने छ । यिनीहरूले पनि आफ्नै प्रधान पंच चुन्ने छन् ।

**(क्रमशः)**

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## बैठक सङ्ख्या- २७

## मिति २०८० जेठ २ गते, मंगलबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री रञ्जना त्वाती | ऐ |
| १८. नि.प्र. प्रशासकीय अधिकृत श्री रामगोविन्द श्रेष्ठ | ऐ |

## निर्णयहरू

### जनप्रतिनिधि बहालीको एक वर्ष

भक्तपुर नगरपालिकामा 'जनप्रतिनिधि बहाल भएको एक वर्ष' कार्यक्रम नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ श्री नारायणमान बिजुक्छेंज्यूको प्रमुख आतिथ्यमा मिति २०८०।२।६ गते, शनिबार ख्वप इन्जिनियरिङ्ग कलेज, लिवाली, भक्तपुरमा गर्ने निर्णय गरियो ।

### समितिको निर्णय अनुमोदन

यस नगरपालिकाको देहायका समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो–

**युवा तथा खेलकुद समिति**

**मिति २०८०।२।१ गते**

१. कीर्तिपुर नगरपालिकाको आयोजनामा मिति २०८० जेठ २५ गतेदेखि हुने प्रथम उपत्यकाव्यापी अन्तर स्थानीय तह (१८ वर्ष मुनिका) **उपमेयर कप बालिका भलिबल प्रतियोगिता २०८०** मा यस भक्तपुर नगरपालिका टीम सहभागी हुने र उक्त प्रतियोगितामा सहभागी हुनको लागि खेलाडी छनौट गर्न भक्तपुर नगरभित्रका खेलाडीहरूलाई छनौट गर्न २०८० बैशाख १० गतेभित्र नाम दर्ता गर्न पत्रिकामा सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाको आयोजनामा २०८० सालको नयाँ वर्षको अवसरमा २०७६/०७७, २०७८ र ०७९ सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्न सफल **वर्षको उत्कृष्ट पुरुष तथा महिला खेलाडीहरू**लाई बधाई, अन्तर्राष्ट्रिय खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री, निर्णायकहरूलाई र प्रशिक्षक प्रशिक्षण कार्यमा उत्तीर्ण प्रशिक्षकहरूलाई सम्मान कार्यक्रम मिति २०८० जेठ २५ गते गर्ने निर्णय गरियो ।

**कृषि समिति**

**मिति २०८०।२।१ गते**

१. किसान सूचीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ अनुसार किसान सूचीकरण कार्यक्रम सहजीकरण तथा व्यवस्थापनको लागि निम्न ५ सदस्यीय **किसान सूचीकरण** कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति गठन गरियो :

   अध्यक्ष : रजनी जोशी, उपप्रमुख, भ.न.पा.
   सदस्य : राजकृष्ण गोरा, कृषि समिति संयोजक
   सदस्य : गोविन्द दुवाल, ६ नं. वडा सदस्य
   सदस्य सचिव : कृषि स्नातक प्राविधिक

२. कृषि समितिका सदस्य श्री इन्द्रबहादुर प्याठ र सदस्य श्री न्हुछेराम कोजुले क्रमशः रु. एक/एक लाख पेश्की लिई मिति २०७९।६।३० गतेदेखि २०७९।७।६ गतेसम्म र मिति २०८०।१।८ र ९ गतेका दिन सामुदायिक कुकुरहरूलाई

बन्ध्याकरण तथा रेबिज विरुद्धको खोप सञ्चालन कार्यक्रम सम्पन्न गर्दा जम्मा रु.२,००,०००।- (अक्षेरूपी दुई लाख) मध्ये खर्च रु.१,९९,५१३।- (अक्षेरूपी एक लाख उन्नासय हजार पाँच सय तेह्र रूपैयाँ मात्र खर्च भई बाँकी रु.४८७।- (अक्षेरूपी रु.चार सय सत्तासी) मात्र न.पा.मा दाखिला गरी **पेश्की फछ्र्यौट** गर्ने निर्णय गरियो ।

## आर्थिक तथा लेखा समिति

**मिति २०८०।२।२ गते**

यस न.पा. अन्तर्गतका सहकारीहरूलाई सहकारीमा हुने **जोखिम व्यवस्थापन सम्बन्धी तालिम** मिति २०८० जेठ १७ गते प्रशिक्षक जिल्ला बचत तथा ऋण सहकारी सङ्घका अध्यक्ष श्री कृष्ण गोविन्द लाखाजुबाट सञ्चालन गर्ने निर्णय गरियो ।

## अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरण सम्बन्धी अस्थायी समन्वय समिति

**मिति २०८०।१।२५ गते**

भ.न.पा. क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरूबाट यस समितिमा प्राप्त आवेदन अनुसार चिकित्सक समेतको टोलीबाट परीक्षण पश्चात् 'ख' वर्ग अति अशक्त अपाङ्गता भएका (४) जना, 'ग' वर्ग मध्यम अपाङ्गता भएका (३) जना गरी जम्मा ७ (सात) जनालाई **अपाङ्गताको परिचय पत्र दिने** निर्णय गरियो ।

## निर्माण समिति

**मिति २०८०।०२।०२ गते**

| क्र.सं. | योजनाको विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि.ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई./रि.ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण कार्य, नपली | १ | सङ्घीय सरकार सशर्त अनुदान | ३,९५३,०३८।९० | | | | | | | | |
| २ | महेश्वरी खेल मैदान परिसर पीच मर्मत कार्य | ७ | सडक कालोपत्रे | ८८९,६६०।४१ | १,०३५,९९७२९ | | | | | | | |
| ३ | दरबार क्षेत्रमा रहेको पर्यटक शौचालय मर्मत कार्य | ३ | मर्मत | २९०,०९४।७६ | | | | | | | | |
| ४ | चोछैं महादेव चोकमा पर्खाल मर्मत कार्य | ६ | मर्मत | ७४,७९२।०६ | | | | | | | | |
| ५ | शिशुस्याहार तथा बालविकास केन्द्र, भनपा-१ मा ट्रस निर्माण कार्य | १ | पार्किङ तथा टहरा निर्माण | ३५९,८१२।०३ | | | | | | | | |
| ६ | श्रीजनानगर स्थित हनुमन्ते खोलामा ढुङ्गाको पर्खाल निर्माण कार्य | १ | मर्मत | २०६,७४५।५१ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | सिद्ध पोखरीको पश्चिम दिशामा रहेको बाटोमा ग्राभेलिङ्ग कार्य | १ | मर्मत | ६२८,७६४।५६ | | | | | | | | |
| ८ | लान्चा फल्चादेखि तुमचो जाने बाटो र नगरकोट सडकबाट वागीश्वरी कलेज जाने बाटोमा सडक बत्ती जडान कार्य | १० | मर्मत | १४२,९२४।१९ | | | | | | | | |
| उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | ख्वप टेलिभिजन भवन परिसरको बाटोमा ढुङ्गा छपाइ कार्य | ८ | ख्वप टेलिभिजन | ९३४,९१०।५६ | | | उ.स.अ. : श्री सत्यप्रसाद प्रजापति<br>अ.स.स. : श्री राम प्रजापति | | | | | |
| २ | लिबाली बसपार्क स्थित ख्वप अस्पतालको उत्तरतर्फको बाटो ढलान कार्य | ८ | कालोपत्रे | ५५२,७९२।९० | | | उ.स.अ. : श्री हरिभक्त धुकुछु<br>अ.स.स. : श्री जगतराम धुख्वा | | | | | |
| ३ | गपली ढुङ्गेधारादेखि बाराही पुलसम्म सडक पीच तथा पेटी निर्माण | ४ | सडक कालोपत्रे | २,१९२,३७८।६३ | | | उ.स.अ. : श्री बलराम सुवाल<br>अ.स.स. : श्री उपेन्द्र सुवाल | | | | | |
| ४ | हाडा छैं पुन:निर्माण कार्य (दोस्रो चरण) | ४ | नपा | ८,७९५,९३१।३९ | | | उ.स.अ. : श्री कृष्णगोविन्द दुवाल<br>अ.स.स. : श्री उपेन्द्र सुवाल | | | | | |
| रि.ल.ई. स्वीकृति/पेश्की फछ्र्यौट/ भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | कमलविनायक प्लानिंग अन्डरग्राउन्ड खानेपानी ट्यांकी निर्माण कार्य | १० | बागमती प्रदेश सशर्त अनुदान | ३,३५९,५९९।०४ | | ८००,०००।०० | फाँटवारी : १५,४३,६२९।८<br>समर्थित खूद खर्च : १५,४३,५१५।४२ | ७४३,५१५।४२ | १,५४३,५१५।४२ | आंशिक सम्पन्न | पुण्यराम लवजु | |
| २ | कमलविनायक बहुउद्देश्यीय भवन निर्माणका लागि ढल निकास तथा रिटेनिंग वाल निर्माण कार्य | १० | नपा | ४,११८,७४८।७१ | | १,३५०,०००।०० | १,६०५,४०३।९० | २५५,४०३।९० | २,१६०,२६७।५९ | आंशिक सम्पन्न | माधव प्रसाद सुवाल | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | कमलविनायक आवास क्षेत्रमा पीच | १० | बागमती प्रदेश सशर्त अनुदान | ५,३५१,११८।५७ | | १,६५०,०००।०० | २,६८०,१३७।६० | १,०३०,१३७।६० | २,८१४,३००।६३ | आंशिक सम्पन्न | पुण्यराम बासी | |
| ४ | फोहोरमैला प्रशोधन केन्द्रमा छाना तथा गटर निर्माण कार्य | ८ | फोहोरमैला प्रशोधन केन्द्रमा पूर्वाधार निर्माण | ८४५,८८८।८८ | १,११९,४७६।०९ | २७५,०००।०० | ४१५,४०६।९० | १४०,४०६।९० | ७०२,७२१।६६ | सम्पन्न | दिपक जाकिबन्जार | रू.८,५१२।७७ नपाको बैंक खातामा दाखिला |
| | | | | | | ३००,०००।०० | २९१,४८७।२३ | | ३४४,२१८।४९ | | | |
| | | | | | | जम्मा | ७०६,८९४।१३ | १४०,४०६।९० | १,०४६,९४०।१५ | | | |
| ५ | लायकुस्थित पर्यटक शौचालय भवन मर्मत कार्य ( तल्लो तलामा रहेको पसल कवल विभाजन तथा पानी चुहिने समस्या सुधार) | ३ | मर्मत | ९९,७६४।०४ | | ३०,०००।०० | ८९,३८०।५४ | ५९,३८०।५४ | १००,५४८।५५ | सम्पन्न | राज कुमार शिल्पकार | अमानत बाट कार्य सम्पन्न |
| ६ | जगाती कृषि सिंचाई कार्य (दोस्रो चरण) | ८ | योजनाको बाँकी भुक्तानी | १,१४३,२८६।०४ | १,४१९,७९२।१२ | ३५०,०००।०० | ७१०,१४१।५२ | ३१०,१४१।५२ | ८८१,४५०।६७ | सम्पन्न | कृष्णभक्त सैंजू | |
| | | | | | | २००,०००।०० | २८९,१३४।५२ | ८९,१३४।५२ | ४९३,०८३।०७ | | | |
| | | | | | | जम्मा: ५५०,०००।०० | ९९९,२७६।०४ | ३९९,२७६।०४ | १,३७४,५३३।७४ | | | |
| ७ | ताहामला गल्ली ईंटा छपाइ बाटो मर्मत | ९ | सडक बोर्ड नेपाल | १,२९५,०२९।४८ | | ३००,०००।०० | ९९५,४६३।३९ | ६९५,४६३।३९ | १,१६८,५२२।४१ | सम्पन्न | रामचन्द्र कोजु | |
| ८ | बेखाल पोखरीको दक्षिण पश्चिम तर्फको पाटी पुन:निर्माण | १० | नपा | ३,९००,६२७।६९ | | १,३००,०००।०० | १,३१२,९५१।०३ | १२,९५१।०३ | १,५८०,७९२।६० | आंशिक सम्पन्न | रामभक्त अवाल | |
| ९ | गोलमढी गणेश मन्दिर तथा सो क्षेत्रमा फ्लोड लाइट जडान कार्य | ७ | मर्मत | ७४,४०३।६९ | ५५,७०१।६२ | २४,०००।०० | ४९,३१८।८५ | २५,३१८।८५ | ५४,२६७।०० | सम्पन्न | रञ्जना त्वाती | |
| १० | घलातेदेखि याकती मार्गसम्म इन्टरलकिंग ब्लक छपाइ बाटो मर्मत | ३ | सडक बोर्ड नेपाल | १,१८७,१९६।६६ | | ३००,०००।०० | ९९९,२२४।९५ | ६९९,२२४।९५ | १,११०,६०५।९० | सम्पन्न | सुशिल श्यामा | |
| ११ | गणेश मन्दिरदेखि इचाडोलसम्म ढुङ्गा छपाइ बाटो मर्मत | १ | सडक बोर्ड नेपाल | १,१९४,३१६।६६ | | ३००,०००।०० | १,००७,७०९।०० | ७०७,७०९।०० | १,१४०,०६९।२३ | सम्पन्न | तुल्सीमाया सुवाल | |
| १२ | इटाछें बाटोको छेउमा ढुङ्गा छपाइ | २ | सडक बोर्ड नेपाल | १,१९१,४२६।६१ | | ३००,०००।०० | ९८३,५३३।३६ | ६८३,५३३।३६ | १,१६३,६५९।६८ | सम्पन्न | पुण्यराम देशेमरू | |

**विविध**

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजना र शहरी विकास आयोजना अन्तर्गत नगर विकास कोषबीच मिति २०७७।१२।२ गते भएको सम्झौता शर्त बमोजिम नै आयोजना क्षेत्रको साविक १५(ङ), १५(च), १५(ज), १०(क) र ५(क) क्षेत्रमा निर्माण कार्य गर्न रु.६५,००,००,०००।– (अक्षेरूपी पैंसठ्ठी करोड) ऋण स्वीकृत गरी आवश्यकता अनुसार **ऋण सापटी** लिन नयाँ सम्झौता गर्ने निर्णय गरियो ।

ख. यस नगरपालिकाको थंथु दरबार पुनः निर्माण गर्नको लागि देहाय अनुसारको महानुभावहरू रहने गरी थंथु दरबार पुनः निर्माण **निर्देशक समिति गठन** गर्ने निर्णय गरियो–

संयोजक : श्री सुनिल प्रजापति, प्रमुख, भ.न.पा.
सदस्य : श्री रजनी जोशी, उपप्रमुख, भ.न.पा.
सदस्य : श्री उकेश कवां, वडा अध्यक्ष, भ.न.पा. ७
सदस्य : श्री रविन्द्र ज्याख्व, वडा अध्यक्ष, भ.न.पा. ९
सदस्य : श्री राजकृष्ण गोरा, वडा अध्यक्ष, भ.न.पा. ३
सदस्य : प्रमुख जिल्ला अधिकारी, जि.प्र.का.,भक्तपुर
सदस्य : श्री प्रमुख प्रशासकीय अधिकृत, भ.न.पा.
सदस्य : श्री प्रहरी उपरीक्षक जिल्ला प्रहरी कार्यालय, भक्तपुर
सदस्य : श्री स्मारक संरक्षण तथा दरबार हेरचाह अड्डा कार्यालय प्रमुख, भक्तपुर
सदस्य : श्री तलेजु आर्मी
सदस्य : श्री सुदर्शन राज तिवारी
सदस्य : श्री प्रेमनाथ मास्के
सदस्य : श्री सुनिल दुवाल, प्रा. ख्वप कलेज अफ इन्जिनियरिङ्ग
सदस्य : श्री राम गोविन्द श्रेष्ठ, सम्पदा शाखा प्रमुख
सदस्य सचिव : श्री विजयराम कोजु
सदस्य : डा. पुरुषोत्तम लोचन श्रेष्ठ
सदस्य : ई. सरोज वैद्य

ग. नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु.१३,२००।– बाल कृष्ण खाजा घरलाई **भुक्तानी दिने** निर्णय गरियो ।

घ. मिति २०८०।१।१५ गते भक्तपुर नगरपालिकामा काठमाडौँ उपत्यकाका नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरू आउनु हुँदा खाजा व्यवस्था गराए वापत रु.१४,९१६।– सूर्यविनायक पार्टी भेनुलाई **भुक्तानी दिने** निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित अफसेट प्रेसमा बिदाको दिन नपाको आवश्यक छपाइ गर्दा खाना उपलब्ध गराए वापत रु.१२८०।– लक्ष्मण सुवाललाई **भुक्तानी दिने** निर्णय गरियो ।

च. भक्तपुर नगरपालिकाद्वारा आयोजित 'वाकुपति चाँगु नारायण मन्दिरमा तामाको छानामा सुनको जलप २०८०' पुस्तक सार्वजनिकीकरण कार्यक्रमको लागि आवश्यक मेच र पाल उपलब्ध गराए वापत रु.३१,५६०।– भक्तपुर टेण्ट हाउसलाई **भुक्तानी दिने** निर्णय गरियो ।

## बैठक सङ्ख्या- २८

## मिति २०८० जेठ ५ गते, शुक्रबार

## निर्णयहरू

**प्रगति विवरण स्वीकृत**

भक्तपुर नगरपालिकामा 'जनप्रतिनिधि बहाल भएको एक वर्ष' कार्यक्रममा प्रस्तुत गरिने एक वर्ष अवधिमा सम्पन्न गरेका मुख्य मुख्य कार्य प्रगति विवरण कार्यपालिका बैठकबाट **स्वीकृत** गरियो ।

**विविध**

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. भक्तपुर नगरपालिका नगर शिक्षा समितिको मिति २०८० वैशाख १३ गते बसेको बैठकको निम्न निर्णय अनुमोदन गर्ने निर्णय गरियो–

१. यस नगरपालिका क्षेत्रमा सञ्चालित सम्पूर्ण विद्यालयहरूमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न, शिक्षँकहरूलाई प्रोत्साहित एवम् उत्प्रेरित तथा प्राविधिक सहयोग गर्न नगर शिक्षँ समितिका सदस्य तथा नगर स्तरीय परीक्षा समिति अध्यक्ष एवम् भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँको संयोजकत्वमा तपसिल बमोजिमको एक **विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समिति गठन** गर्ने निर्णय गरियो–

**विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समिति**

संयोजक : योगेन्द्रमान बिजुक्छेँ (नगर शिक्षा समिति सदस्य, नगर स्तरीय परीक्षा समिति अध्यक्ष, वडा अध्यक्ष भनपा ५)
सदस्य : ज्ञान सागर प्रजापति
सदस्य : राजेन्द्र प्रसाद श्रेष्ठ
सदस्य : देविना जोशी
सदस्य : रोशनराज तुईतुई
सदस्य सचिव : शाखा प्रमुख, नगर शिक्षा शाखा, भनपा

## भक्तपुर नगरपालिका गतिविधि

### वडा नं. ३ मा बजेट निर्माणको लागि राय सुझाव सङ्कलन कार्यक्रम



भक्तपुर नगरपालिका वडा नं. ३ को आयोजनामा आ.व. २०८०।८१ को नीति तथा कार्यक्रम एवम् बजेट निर्माणको लागि राय सुझाव सङ्कलन तथा छलफल कार्यक्रम जेठ २० गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरको व्यवस्थित विकासको लागि वडा र नगरस्तरीय योजना छनोटको सिलसिलामा भक्तपुर नपाले सुझाव सङ्कलन कार्यलाई निरन्तरता दिँदै आएको बताउनुहुँदै नगरवासीहरूको रचनात्मक र प्रगतिशील सुझावलाई अङ्गीकार गरी भक्तपुर नगरपालिका अगाडि बढ्ने बताउनुभयो ।

भक्तपुरको शैक्षिक रूपान्तरण, सरसफाइमा नमुना र विकास निर्माणमा अग्रसरताले आज भक्तपुर ज्ञानविज्ञानको केन्द्र र पर्यटकीय उत्कृष्ट गन्तव्यस्थलको रूपमा अगाडि बढिरहेको बताउनुहुँदै उहाँले देशलाई कृषिमा आत्मनिर्भर बनाउनेतर्फ सरकारले ध्यान दिन जरुरी रहेको बताउनुभयो ।

नागरिकता विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भएसँगै नेपाल अब फिजीकरणको बाटोमा पुगेको बताउनुहुँदै उहाँले विकास निर्माणको लागि सांसदहरूलाई ५ करोड बाँड्ने योजना उचित नभएकोले सांसद विकास कोष खारेज गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाबाट सञ्चालित शैक्षिक संस्था र ख्वप अस्पतालले सस्तोमा गुणस्तरीय सेवा पुऱ्याउँदै आएको बताउनुहुँदै उहाँले जनताको असीमित आवश्यकता पूरा गर्न भक्तपुर नपाले जनतामैत्री योजनाहरू अगाडि सारिने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले वडास्तरीय रूपमा सञ्चालित योजनाहरूको विवरण प्रस्तुत गर्नुहुँदै स्थानीय जनताको माग सम्बोधन गर्ने उद्देश्यले यो कार्यक्रमको आयोजना भएको बताउनुभयो । जनताको माग र आवश्यकताअनुसारको योजनाहरू छनोट हुने बताउनुहुँदै उहाँले वडाका हरेक गतिविधिमा वडावासीहरूको सक्रिय सहभागिताको पनि अपेक्षा गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ३ का वडा सदस्य सुनिता अवाल, राजकुमार शिल्पकार र कृष्णगोपाल चौगुठीले पनि वडाका विविध पक्षबारे आफ्नो धारणा राख्नुभएको थियो ।

उक्त कार्यक्रममा महेन्द्र विद्याश्रमका प्रअ महेन्द्र मास्के, स्थानीय रामकृष्ण त्वायना, समाजसेवी रामसुन्दर खाताखोलगायतले आ.व. २०८०।८१ मा जनतामो मागअनुसारका योजनाहरू छनोट हुने आशा व्यक्त गर्दै विभिन्न सुझाव राखेका थिए ।

### प्राङ्गारिक कृषि खेती तालिम



भक्तपुर नगरपालिका वडा नं. ९ को आयोजनामा चारदिने प्राङ्गारिक कृषि खेती तालिम जेठ २० गतेबाट सुरु गरेको छ ।

तालिमको उद्घाटन गर्दै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले देशलाई आत्मनिर्भर बनाउन कृषि क्षेत्रको विकास हुनु आवश्यक भएको बताउनुभयो ।

समाजवादी देशको कृषि अर्थतन्त्रबाट नेपालले धेरै सिक्न र अवलम्बन गर्न सकिने बताउनुहुँदै उहाँले यस किसिमको तालिम सञ्चालनले प्राङ्गारिक खेती प्रवर्द्धन हुनुका साथै प्राङ्गारिक मल उत्पादनमा समेत मद्दत पुग्ने बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरलाई सुन्दर र आकर्षक

बनाउन धेरै योजनाहरू अगाडि सारिरहेको बताउनुहुँदै जनताको मागअनुसार नगरपालिकाले विभिन्न सीपमूलक तालिम सञ्चालन गर्नुका साथै स्वास्थ्य शिविरहरू पनि सञ्चालन गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले युवा कृषकहरूलाई कृषिमा आकर्षण गर्ने उद्देश्यले भक्तपुर नपाले यस आर्थिक वर्षमा १० ओटै वडामा प्राङ्गारिक कृषि खेती तालिम सञ्चालन गरेको बताउनुहुँदै हरेक क्षेत्रमा परनिर्भर हुँदै जाँदा देशको अर्थतन्त्र झन् झन् कमजोर हुँदै गएको बताउनुभयो ।

कार्यक्रममा कृषि समितिका सचिव गंगाराम ज्याख्व, प्रशिक्षक रमिन्द्र सुवाल, कार्यपालिका सदस्य छोरीमैया सुजखु र इन्द्रबहादुर प्याथले पनि बोल्नुभएको थियो ।

## तालिमका प्रशिक्षार्थीहरू खुमलटार र गोदावरीमा



भक्तपुर नगरपालिका वडा नं. २ वडा कार्यालयद्वारा आयोजित चार दिने वडागत प्राङ्गारिक कृषि प्रवर्द्धन तालिमको अन्तिम दिन जेठ १९ गते तालिममा सहभागी प्रशिक्षार्थीहरूलाई कृषि अनुसन्धान परिषद् खुमलटार र गोदावरीका विभिन्न प्रयोगशालाहरूमा अवलोकन भ्रमण गराइयो ।

अवलोकनको क्रममा प्राविधिक **प्रगुण सैंजू**ले माटो परीक्षण विधिबारे जानकारी दिनुहुँदै नेपालको कृषि उत्पादन वृद्धिका लागि माटो परीक्षणको महत्त्वबारे चर्चा गर्नुभयो । बाली रोग अनुसन्धान केन्द्रका प्राविधिक **चेतना मानन्धर**ले विभिन्न बालीरोगबारे जानकारी गराउनुहुँदै रोगको पहिचान, कारण र समाधानबारे बताउनुभयो ।

बागबानी अनुसन्धानका प्राविधिक **रोशन पक्का**ले नगदेबालीमा भइरहेको अनुसन्धानबारे जानकारी दिनुभयो ।

पुष्प विकास केन्द्रका **बासु साउद**ले व्यवसायिक पुष्प खेतीबारे जानकारी दिनुभयो ।

## विश्व वातावरण दिवसमा च्वङा गणेश मन्दिर परिसरमा वृक्षारोपण




भक्तपुर नगरपालिकाको आयोजनामा विश्व वातावरण दिवसको अवसरमा भक्तपुर नगरपालिका वडा नं. १ स्थित च्वङा गणेश मन्दिर परिसरमा वृक्षारोपण कार्यक्रम जेठ २२ गते सम्पन्न भयो ।

वृक्षारोपण कार्यक्रम पश्चात भएको कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले गर्मीयामसँगै खानेपानी मुहान सुकिरहेको अवस्थामा नगरपालिकाले खानेपानीको अभावलाई कम गर्न विभिन्न ठाउँमा डिप बोरिङ गर्दै ट्यांकरमार्फत खानेपानी वितरणमा जोड दिँदै आएको बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले नगरको सुन्दरता कायम राख्न नगरको मूल सडकमा ढुङ्गा छपाइ, सम्पदा क्षेत्रमा रात्रीकालीन बत्ती व्यवस्थापनलगायतका कार्य गर्दै आएको बताउनुहुँदै भक्तपुरलाई विश्वकै हेर्नलायक सहरको रूपमा विकास गर्ने उद्देश्यले काम गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले वातावरण दिवसको नारा समय सान्दर्भिक र मार्मिक रहेको बताउनुहुँदै भक्तपुर नगरमा श्वासप्रश्वासका रोगीहरूको सङ्ख्या बढिरहेको अवस्थामा वातावरणप्रति सबैजना सजग र सचेत हुनुपर्ने बताउनुभयो ।

वर्तमान समयमा पानीको अभाव भइरहेको र सरकारको अकर्मण्यताको कारणले खानेपानी वितरण सहज नभएको बताउनुहुँदै उहाँले खानेपानी अभाव कम गर्न घर घरमा आकाशेपानी सङ्कलन गर्नुपर्ने कुरामा विशेष जोड दिनुभयो ।

भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले हरियाली विकास गरेमा मात्र मानिस स्वस्थ हुने बताउनुहुँदै ओजोन तह पातलिँदै गैरहेकोले वातावरण जोगाउन पहल गर्नुपर्ने बताउनुभयो ।

त्यस्तै वडा नं. १ का वडा अध्यक्ष **श्यामकृष्ण**

**खत्री**ले च्वङा गणेश परिसर धार्मिक हिसावले महत्त्वपूर्ण स्थल रहेको बताउनुहुँदै यो क्षेत्रको हरियाली व्यवस्थापन, संरक्षण र सम्बर्द्धनमा बन कार्यालयसँग समन्वय गरी कार्य अगाडि बढेको पनि बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **विजयकुमार शर्मा**ले कलकारखानाबाट प्रदूषण गर्नेलाई बढी करको दायरामा ल्याउनुपर्ने बताउनुभयो।

वातावरण समितिका सयोजक एवम् ९ नं. वडाका वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले मानव समाजको विकास गर्ने क्रममा पृथ्वीलाई जोगाउनु मानिसको प्रमुख कर्तव्य रहेको बताउनुभयो। पृथ्वीको दोहन भैरहेको अवस्थामा मानिसले आफ्ना आवश्यकता पुरा गर्ने क्रममा अत्यधिक स्रोत साधन प्रयोग गरिँदै आएकोले प्राकृतिक स्रोतसाधन घट्दै गइरहेको बताउनुभयो।



स्वागत मन्तव्य दिनुहुँदै वडा नं. ५ का वडा अध्यक्ष **योगेन्द्रमान बिजुक्छें**ले मानिस वातावरणप्रति सचेत हुनुपर्ने र वातावरण संरक्षण र सम्बर्द्धन गर्न विज्ञहरूसँग हातेमालो गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा २ नं. वडाका वडा सदस्य **मन्जु लाखाजु**ले पनि बोल्नुभएको थियो।

वृक्षारोपण कार्यक्रममा च्वङा गणेश परिसरको उत्तरतर्फ सल्लाका बिरुवाहरू रोपिएको थियो। वृक्षारोपण कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी, विद्यालयका शिक्षक विद्यार्थी, स्थानीय समुदायको उपस्थिति रहेको थियो।

## नगर प्रमुख प्रजापतिद्वारा फोटो प्रदर्शनी अवलोकन

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गणतन्त्र दिवसको अवसर पारेर राष्ट्रिय समाचार समिति (रासस) को आयोजनामा भएको नेपालको संस्कृति र सम्पदासँग सम्बन्धित तस्बिर प्रदर्शनीको जेठ २२ गते अवलोकन गर्नुभएको



छ।

रासस भवनमा आयोजित उक्त फोटो प्रदर्शनी अवलोकनपश्चात नगर प्रमुख **प्रजापति**ले देशका विभिन्न क्षेत्रका जनताले मनाउने जात्रा, पर्व, संस्कृति समेटिएको फोटो प्रदर्शनीले विविधतायुक्त नेपालको प्रतिविम्बित गरेको बताउनुभयो।

कुनै एक सम्पदा वा संस्कृति लोप हुनु भनेको देशको सम्पत्ति समाप्त हुनु हो भन्नुहुँदै उहाँले देशको सम्पदा र संस्कृतिलाई महत्त्व दिएर राष्ट्रिय समाचार समितिले आयोजना गरेको फोटो प्रदर्शनीबाट देशको संस्कृति संरक्षणमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो।

सोही क्रममा राससका कार्यकारी अध्यक्ष **धर्मेन्द्र झा**ले रासस नेपालको पुरानो समाचार संस्था भएको बताउनुहुँदै नेपालमा गणतन्त्र स्थापनापछि राससमा छापिएका नेपालका सम्पदा र संस्कृतिसँग सम्बन्धित फोटोहरू समेटिएर राससले फोटो प्रदर्शनीको आयोजना गरेको बताउनुभयो। उहाँले राससको सङ्गठन स्वरूप र सेवाबारे विस्तृतमा अवगत गराउनुहुँदै राससको सेवा भनेको समाचार सम्प्रेषण भएको र यसले समाचार सेवा उत्पादन, प्रशोधन र वितरण गर्ने काम गर्दै आएको बताउनुभयो। हाल राससले नेपाली तथा अङ्ग्रेजी भाषामा राष्ट्रिय र अन्तर्राष्ट्रिय समाचार सेवा उपलब्ध गराउनुका साथै फोटो सेवा र श्रब्यदृश्य सेवा पनि सुरुआत



गरेको बताउनुभयो।

फोटो प्रदर्शनीमा संस्कृति र सम्पदा सम्बन्धी ७८ ओटा फोटोहरू प्रदर्शनमा राखिएको सोही क्रममा उहाँले बताउनुभयो।

अवलोकनमा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वको पनि उपस्थिति रहेको थियो।

नगर प्रमुख प्रजापतिले अध्यक्ष झालाई नपाका महत्त्वपूर्ण प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो भने अध्यक्ष झाले प्रमुख प्रजापतिलाई राससको तर्फबाट मायाको चिनो प्रदान गर्नुभएको थियो।

## प्राङ्गारिक कृषि खेती तालिमको समापन तथा प्रमाणपत्र वितरण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको



प्रमुख आतिथ्यमा भक्तपुर नपा वडा नं. ७ को आयोजनामा भएको ४ दिने प्राङ्गारिक कृषि खेती तालिमको समापन तथा सहभागी प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण कार्यक्रम जेठ २२ गते एक कार्यक्रमबीच सम्पन्न भयो।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले भक्तपुरको १० ओटै वडाहरूमा प्राङ्गारिक कृषि खेती तालिम सञ्चालनले नगरका किसानहरू लाभान्वित भएको बताउनुहुँदै जनताको माग र आवश्यकताअनुसार भक्तपुर नपाले योजना छनोट र नीति निर्माणमा जोड दिँदै आएको बताउनुभयो।

उहाँले कम्पोष्ट मलको प्रयोगले स्वास्थ्यलाई कुनै हानि नहुने हुँदा प्राङ्गारिक मल प्रयोगलाई व्यापकता दिँदै लानुपर्ने बताउनुहुँदै समाज निर्माणमा सबैको एकता आवश्यक हुने बताउनुभयो। जनताको रायसुझावलाई अङ्गीकार गर्दै भक्तपुर नपा जनतासँगसँगै अगाडि बढिरहेको बताउनुहुँदै उहाँले सङ्कटलाई अवसरको रूपमा प्रयोग गर्नुपर्ने र असफलता नै सफलताको सूत्र भएको बताउनुभयो।

समाजवादी देश क्युवामा कृषि विकास र अर्थतन्त्रले त्यसको विकासमा तीव्रता ल्याएको बताउनुहुँदै देशलाई आत्मनिर्भर बनाउन जनता आफै जागरुक हुन जरुरी रहेको बताउनुभयो।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले नगरलाई आत्मनिर्भर बनाउने उद्देश्यले कृषिसम्बन्धी विभिन्न तालिम उपयोगी हुने बताउनुहुँदै नयाँ पुस्तालाई कृषिमा आकर्षण गर्ने उद्देश्यले भक्तपुर नपाले विभिन्न कृषिसम्बन्धी तालिमलाई अगाडि ल्याएको बताउनुभयो।

भनपा कृषि समितिका अध्यक्ष एवम् भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष **राजकृष्ण गोरा**ले तालिम सञ्चालनको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै किसानलाई सचेत पार्न सके प्राङ्गारिक कृषि खेती निकै फलदायी हुने बताउनुभयो।

चार दिने तालिमका प्रशिक्षक **प्रबिन सिन्ताकल**ले कृषियोग्य जमिनमा रासायनिक मलको अत्यधिक प्रयोगले माटोको उर्वराशक्ति कमजोर हुँदै गएको बताउनुहुँदै प्राङ्गारिक कृषि खेती प्रवर्द्धन गर्न तालिमले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

कार्यक्रममा पूर्व वडाध्यक्ष **कृष्णगोविन्द खाइजु**, ७ नं. वडा कृषि समितिका संयोजक **हेरा ख्याजु**, कोषाध्यक्ष **शुभद्रा दुमरु** र प्रशिक्षार्थीको तर्फबाट **रुकेट खायमली**ले पनि बोल्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले सहभागी प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र र कम्पोष्ट बिन वितरण गर्नुभएको थियो।

## स्थानीय महिलाहरूसँग राय-सुझाव सङ्कलन



भक्तपुर नपाको आगामी आर्थिक वर्षको लागि नीति तथा कार्यक्रम तर्जुमा र बजेट तयारीको क्रममा जेठ २४ गते भनपा सभाकक्षमा महिला भेला गरेको छ। उपस्थित महिलाहरूले विभिन्न सुझाव दिएका थिए।

## कृषक प्रतिनिधिहरूसँग राय–सुझाव सङ्कलन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नपाको आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम र बजेट तर्जुमाको लागि कृषक प्रतिनिधिहरूसँग राय–सुझाव सङ्कलन कार्यक्रम जेठ २५ गते भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले जनताका असीमित आवश्यकताहरू सीमित स्रोतसाधनबाट सम्बोधन गर्नु नै बजेटको विशेषता भएको बताउनुहुँदै भक्तपुर नपाले कृषकहरूको हितमा आवश्यक नीतिहरू बनाउन नगरवासीहरूसँग निरन्तर छलफलमार्फत राय–सुझाव सङ्कलन गर्दै आइरहेको बताउनुभयो ।

छलफलबाट प्राप्त राय–सुझावमध्ये प्राथमिकताको आधारमा योजना छनोट हुने बताउनुहुँदै उहाँले भक्तपुर नपाले कम जग्गामा बढी उत्पादन हुने नीति अवलम्बन गर्न कृषकहरूलाई तालिम र प्राविधिक सहयोगमा जोड दिँदै आएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रशासकीय अधिकृत **विजयकुमार शर्मा**ले नगरवासीहरूको उत्साहजनक सहभागिता रहेको बताउनुहुँदै भक्तपुर नपाबाट सञ्चालित तालिमहरूको अनुगमनलाई तीव्रता दिइने बताउनुभयो ।

कार्यक्रममा उपस्थित कृषक प्रतिनिधिहरूले नगरभित्र चिस्यान केन्द्रको स्थापनालाई जोड दिनुपर्ने, माटो परीक्षणको व्यवस्थापन, कृषि अध्ययन अनुसन्धानको विकास गर्नुपर्ने, प्राङ्गारिक मलको प्रयोग बढाउन कृषकहरूलाई सचेत पार्नुपर्ने, सिँचाइको उचित व्यवस्थापन, मूल बीउ संरक्षण गर्नुपर्ने, घरघरमा कम्पोष्ट बीन अनिवार्य गर्नुपर्ने, सरकारबाट आउने अनुदान कृषकहरूलाई सहज उपलब्ध गराउने वातावरण सिर्जना गर्नुपर्ने, कृषि फार्म दर्तामा सहजीकरण, कृषियोग्य जमिनमा भौतिक संरचना निर्माणमा रोक लगाउनुपर्ने, डुबानबाट जोगिन आधुनिक करिडोर निर्माणमा जोड दिनुपर्ने, आधुनिक तरकारी बजारको व्यवस्थापन, खुल्ला क्षेत्रमा हरियाली प्रवर्द्धनको नीति अवलम्बन गर्नुपर्नेलगायतका सुझावहरू राखेका थिए ।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले भनपा वडा नं. ८ लिबालीमा चिस्यान केन्द्र निर्माणाधीन अवस्थामा रहेको बताउनुहुँदै नपाले किसानहरूलाई उन्नत जातका बीऊ विजन उपलब्ध गराउँदै आइरहेको बताउनुभयो ।

## नारमल्ला फल्चा शिलान्यास




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. २ इताछेँस्थित नारमल्ला फल्चाको जेठ २५ गते एक कार्यक्रमबीच शिलान्यास गर्नुभयो ।

कार्यक्रममा उहाँले भक्तपुर देशकै सानो नगरपालिका भएर पनि सबैको लागि उदाहरणीय काम गर्दै आएको बताउनुहुँदै भक्तपुरलाई शिक्षा, स्वास्थ्यको केन्द्रको रूपमा विकास गर्ने उद्देश्यअनुसार नपाले काम गर्दै आएको बताउनुभयो ।

शिक्षामा पछाडि परेको समाज सबै क्षेत्रमा पछाडि पर्ने बताउनुहुँदै भक्तपुर नपाले सञ्चालन गरेका कलेजहरूमा देशभरिका विद्यार्थीहरूले सस्तोमा गुणस्तरीय शिक्षा हासिल गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले लोपोन्मुख सम्पदाहरूलाई संरक्षण गर्दै लोप भइसकेको सम्पदाहरूको प्राप्त प्रमाणहरूको



आधारमा उत्खनन गरी संरक्षित राख्ने काममा जोड दिँदै आएको उहाँले बताउनुभयो ।

त्यस्तै भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले वडाका विकास निर्माणका गतिविधिबारे अवगत गराउनुहुँदै जनताको माग र आवश्यकताअनुसारका योजनाहरूलाई प्राथमिकताको आधारमा अगाडि बढाउँदै जाने बताउनुभयो । भनपा वडा नं. २ ले आ.व. २०७९।८० मा ११ ओटा सम्पदाहरू निर्माण सम्पन्न गरिसकेको बताउनुहुँदै उहाँले जनताको गुनासो सम्बोधन गर्न क्रियाशीलका साथ अगाडि बढिरहेको बताउनुभयो ।

कार्यक्रममा भनपा २ का पार्टी इन्चार्ज राजन जति, वडा सदस्यद्वय श्यामसुन्दर मातां र मन्जुमैयाँ लाखाजु र नारमल्ला फल्चा पुनःनिर्माण उपभोक्ता समितिका अध्यक्ष गणेशभक्त खर्बुजाले पनि बोल्नुभएको थियो ।

## युवा विद्यार्थीहरूसँग बजेट निर्माणको लागि राय–सुझाव सङ्कलन



भक्तपुर नपाको आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम र बजेट तर्जुमाको लागि जेठ २६ गते भक्तपुरका युवा विद्यार्थीहरूसँग राय–सुझाव सङ्कलन गरेको छ । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भएको कार्यक्रममा युवा विद्यार्थीका प्रतिनिधिहरूले बुँदागत रूपमा रचनात्मक राय–सुझाव दिएका छन् ।

कार्यक्रममा प्रमुख **प्रजापति**ले बेरोजगार समस्या समाधान गर्न नगरपालिकाले युवा लक्षित कार्यक्रम अन्तर्गत विभिन्न तालिमहरू दिँदै आइरहेको बताउनुभयो ।

पठन संस्कृतिको विकास गर्न वडा वडामा रहेका पुस्तकालयहरूलाई आर्थिक सहयोग समेत दिँदै आइरहेको बताउनुहुँदै नीति तथा कार्यक्रम र बजेट तर्जुमाको लागि गरिने भेलाबाट नीति तथा कार्यक्रम थप परिमार्जित हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रशासकीय अधिकृत **विजयकुमार शर्मा**ले पर्यटकहरूलाई थप आकर्षित गर्नको लागि आर्थिक गतिविधिमा संलग्न गराउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा उपस्थित युवा विद्यार्थीहरूले परम्परागत सीपहरूलाई व्यवसायिकरण गर्नुपर्ने, नगरस्तरीय पुस्तकालयलाई जीवन्तता दिन बजेट छुट्याउनुपर्ने, भक्तपुर नपाबाट सञ्चालित ख्वप सर्कलका शैक्षिक संस्थाहरूमा एमफिल, पीएचडी अध्ययनको वातावरण सिर्जना गर्नुपर्ने, अनलाइनमार्फत भुक्तानीको व्यवस्था गर्नुपर्ने, ढुङ्गेधाराहरूलाई जीवन्तता दिनुपर्ने, महेश्वरी खेलमैदान स्तरोन्नति गर्नुपर्ने, खेलाडीहरूलाई प्रोत्साहन गर्नुपर्ने, आन्तरिक पर्यटकहरूको लागि शौचालय व्यवस्था गर्नुपर्ने, ख्वप अस्पताललाई अपाङ्गमैत्री बनाउनुपर्नेलगायतका सुझावहरू राखेका थिए ।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

## पार्टी प्यालेस र भ्वय् छैं व्यवस्थापन समितिका प्रतिनिधिहरूसँग छलफल

भक्तपुर नगरपालिका वातावरण समितिको आयोजनमा पार्टी प्यालेस र भ्वय् छैं व्यवस्थापन समितिका प्रतिनिधिहरूसँग छलफल कार्यक्रम नगर प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सभाकक्षमा जेठ २६ गते भयो ।

प्रमुख अतिथि भक्तपुर नपा प्रमुख **सुनिल प्रजापति**ले व्यवसाय सञ्चालन गर्दा शुद्ध नाफाको रूपमा काम गरे सम्मानपूर्वक ब्यापार गर्न सक्ने बताउनुभयो ।

उहाँले भक्तपुर नगरमा शिक्षा स्वास्थ्य अवलोकन गर्न आउनेहरू  पार्टी प्यालेस पनि अध्ययन अवलोकन गर्न आउने गरी व्यवस्थापन गर्नुपर्ने बताउनुभयो । उहाँले भक्तपुरलाई विभिन्न निकायहरूबाट अध्ययन गरेपछि मात्र भक्तपुर राम्रो भनेर विभिन्न पत्रपत्रिकामा आएको बताउनुहुँदै सबै पार्टी प्यालेसहरूले स्थानीय मौलिक बाजागाजा र गीतसङ्गीत प्रबर्द्धन हुने गरी मनोरञ्जन दिन सके पश्चिमेली झिलिमिलिबाट बचाई समाजलाई राम्रो बाटोमा लान सक्ने बताउनुभयो ।

कार्यक्रममा वातावरण समितिका संयोजक **रबिन्द्र**



**ज्याखव**ले हरेक भोजको गतिविधि घरमा नगरी पार्टी प्यालेसहरूमा सर्दै गएको बताउनुहुँदै पार्टी प्यालेसले हरियाली र बगैंचा, पार्किङको व्यवस्था र ध्वनि प्रदूषणबाट मुक्त व्यवस्थापन र सिसि क्यामराको व्यवस्थापनमा ध्यान दिनुपर्ने बताउनुभयो। उहाँले स्वस्थ्यकर भोजन, मिसावट नभएको शुद्ध परिकार आदि अनुगमन भएपछि मात्र सुधार गर्ने भन्दा पहिला नै सुधार गरिराख्नु पर्ने बताउनुभयो।

कार्यक्रममा वातावरण समितिका सदस्य योगेन्द्रमान बिजुक्छेँले मूर्त अमूर्तसम्पदामा भोज अमूर्त सम्पदा भएकोले व्यवस्थापनमा ध्यान दिनुपर्ने बताउनुभयो।

कार्यक्रममा भेलामा सहभागीहरू सिद्धिवीर कर्माचार्य, लक्ष्मीप्रसाद ढकुछु, रत्नप्रसाद प्रजापति, तुला सितिखु, जितेन्द्र खायमलीले आ-आफ्नो सुझाव दिएका थिए।

## किसान सूचीकरणबारे अभिमुखीकरण




भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नपाका जनप्रतिनिधि र किसान सूचीकरणका गणकहरूबीच जेठ २६ गते किसान सूचीकरणबारे अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कृषि पेशा तथा व्यवसायमा संलग्न किसानहरूलाई नेपाल सरकारबाट उपलब्ध हुने अनुदान र सहायता प्रदान गर्ने उद्देश्यले किसान सूचीकरण व्यवस्थापन प्रणाली कार्यक्रम अगाडि सारिएको बताउनुभयो।

उहाँले गणकहरूले त्रुटिरहित ढङ्गले तथ्याङ्क सङ्कलन गर्नुपर्नेमा जोड दिनुहुँदै वास्तविक किसानहरू यस प्रणाली समाविष्ट हुने गरी संवेदनशील ढङ्गले काम गर्न प्रेरित गर्नुभयो।

त्यस्तै भक्तपुर नपाका उपप्रमुख एवम् किसान सूचीकरण समन्वय समितिका संयोजक **रजनी जोशी**ले कार्यक्रमको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै किसान सूचीकरण किसानको अधिकारसँग जोडिएको हुँदा गणकहरूले जनप्रतिनिधिहरूको सुझाव र साथमा रही काम गर्न मार्गनिर्देश गर्नुभयो।

उक्त कार्यक्रममा समितिका सदस्य सचिव **रवि ख्याजू**ले कार्यक्रमको परिचय, कार्य सञ्चालन विधि र किसान सूचीकरण प्रणालीबारे प्रस्तुतीकरण दिनुभएको थियो। कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **विजयकुमार शर्मा**, समितिका सदस्यद्वय **गोविन्द दुवाल** र **राजकृष्ण गोरा**ले पनि बोल्नुभएको थियो।

## प्राङ्गारिक कृषि खेती प्रवर्द्धन गरौं




भक्तपुर नपा वडा नं. ६ को आयोजनामा ४ दिने प्राङ्गारिक कृषि खेती तालिम जेठ २९ गतेबाट सुरु भएको छ। तालिमको भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो।

कार्यक्रममा उहाँले प्राङ्गारिक कृषि खेती प्रवर्द्धन गर्ने उद्देश्यले भक्तपुर नपाले १० ओटै वडाहरूमा तालिम सञ्चालन गरेको बताउनुहुँदै तालिमको सही सदुपयोग गर्न प्रशिक्षार्थीहरूलाई प्रेरित गर्नुभयो।

कृषिको समुचित विकास नभएसम्म मुलुकको विकास असम्भव नभएको बताउनुहुँदै उहाँले नेपालमा कृषि व्यवसायको उचित विकासको लागि सरकारबाटै आवश्यक पहल हुनु जरुरी रहेको बताउनुभयो।

कृषि क्षेत्र झन् झन् कमजोर हुँदै जाँदा खाद्य सङ्कटले विकराल रूप लिने अवस्था रहेको बताउनुहुँदै उहाँले व्यावसायिक खेतीमा विषादी र रासायनिक मलखादको अत्यधिक प्रयोग र असन्तुलित प्रयोगका कारण माटोको उर्वराशक्ति घट्दै गएको र वातावरणमा समेत नकारात्मक असर पुऱ्याइरहेको उहाँले बताउनुभयो।

समाजवादी देश चीन, क्युवा, उत्तर कोरिया आदिले कृषि क्षेत्रमा गरेको विकास र आधुनिक कृषि प्रणालीबारे अवगत गराउनुहुँदै प्रमुख प्रजापतिले देशलाई परनिर्भरताबाट जोगाउन कृषि पेशालाई परिस्कृत गर्दै अगाडि बढाउनु आजको

आवश्यकता भएको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**ले रसायनिक मलको विकल्पबारे सोच्नुपर्ने बताउनुहुँदै विषादीरहित खाद्यान्न उत्पादन गर्नेतर्फ किसानहरू अग्रसर हुनसके देश र समाज अगाडि बढ्ने बताउनुभयो ।

उक्त कार्यक्रममा कार्यपालिका सदस्य **रोशनमैंया सुवाल**, वडा सदस्य **गोविन्द दुवाल**, समाजसेवी **गोपीकृष्ण चाँगुभारी**, प्रशिक्षक **प्रकाश गुरुङ** र वडा सदस्य **सिद्धिराम अवाल**ले पनि बोल्नुभएको थियो ।

## थन्थु दरबार पुन:निर्माणबारे छलफल



भक्तपुर नगरपालिकाका प्रमुख एवम् थन्थु दरबार पुन:निर्माण निर्देशक समितिका संयोजक सुनिल प्रजापतिको अध्यक्षतामा जेठ ३२ गते बैठक बस्यो ।

बैठकमा नगर प्रमुख **प्रजापति**ले २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त धेरै महत्त्वपूर्ण सम्पदाहरू पुन:निर्माण तथा जीर्णोद्धार सम्पन्न भइसकेको बताउँदै भक्तपुर नपाले यो वर्ष भक्तपुर नपाको पुरानो नगरपालिका भवन रहेको थन्थु दरबार पुन:निर्माण कार्य अगाडि बढाउने योजनाअनुरूप बहुवर्षीय योजनाको रूपमा समावेश गरिएको बताउनुभयो ।

थन्थु दरबार उत्खननका क्रममा भेटिएका ऐतिहासिक तथा पुरातात्त्विक वस्तुहरूको दस्तावेजीकरणमा विशेष ध्यान दिनुपर्ने बताउनुहुँदै उहाँले थन्थु दरबारलाई पुरानै मौलिक शैलीमा पुन:निर्माण गर्न समिति प्रतिबद्ध रहेको बताउनुभयो ।

बैठकले २०७२ सालको भूकम्पबाट भत्किएको भक्तपुर नगरपालिकाको पुरानो भवन रहेको दरबार क्षेत्रस्थित ऐतिहासिक थन्थु दरबार पुन:निर्माण गर्ने कार्य स्वीकृत नक्सा डिजाइनअनुसार अगाडि बढाउने निर्णय गऱ्यो ।

पुन:निर्माणको क्रममा भेटिने ऐतिहासिक एवं पुरातात्त्विक महत्त्वका संवेदनशील सामग्रीहरूको अभिलेख भक्तपुर नगरपालिका, जिल्ला प्रशासन कार्यालय, भक्तपुर र पुरातत्त्व विभाग, दरबार हेरचाह तथा स्मारक संरक्षण कार्यालय, भक्तपुरमा सुरक्षित राख्ने निर्णय गऱ्यो ।

उक्त बैठकले थन्थु दरबार पुन:निर्माणको क्रममा आवश्यक सुरक्षाको बन्दोबस्त जिल्ला प्रशासन कार्यालय, भक्तपुरमार्फत गर्ने निर्णय गऱ्यो ।

बैठकमा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**, स्मारक संरक्षण तथा दरबार हेरचाह केन्द्र भक्तपुरका प्रमुख **अरुणा नकर्मी**, इतिहासविद् **पुरुषोत्तमलोचन श्रेष्ठ**, प्राध्यापक **प्रेमनाथ मास्के**, इ. **सरोज वैद्य**लगायतले थन्थु दरबारको इतिहास, महत्त्व र योगदानबारे आ–आफ्नो विचार प्रस्तुत गर्नुभयो ।

सोही क्रममा थन्थु दरबार पुन:निर्माणका आयोजना प्रमुख **विजयराम कोजु**ले थन्थु दरबारको अहिलेसम्मको अवस्था र आगामी योजनाबारे प्रस्तुतीकरण देखाउनुभएको थियो ।

थन्थु दरबार पुन:निर्माण निर्देशक समितिमा भक्तपुर नपाका जनप्रतिनिधि, जिल्ला प्रहरी कार्यालय, नेपाली सेना, संस्कृतिविद्लगायतको प्रतिनिधित्व रहेको छ ।

## खेलाडीहरूलाई ट्र्याक सुट वितरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले काठमाडौंमा सञ्चालन हुने राष्ट्रव्यापी अन्तरस्थानीय तह ( यु १८) मेयर कप पुरुष बास्केटबल प्रतियोगितामा भक्तपुर नगरपालिकाबाट सहभागी खेलाडीहरूलाई ट्र्याक सुट र गेम टिसर्ट १/१ सेट असार १ गते हस्तान्तरण गर्नुभएको छ ।

कीर्तिपुर नगरपालिकाको आयोजनामा २०८० असार २ गतेबाट सुरु हुने उक्त प्रतियोगितामा भक्तपुर नगरपालिकाको तर्फबाट खेलाडीहरू इजोन कोजु, रिन्चेन डोर्जे डोङ, सुजल खड्का, सुबिन बस्नेत, प्रसुन मल्ल, स्वपनील दिष्टि, गुन्जन ताल्चाभडेल, स्वर्नीम दिष्टि, सफर बासु, रोनिस भुजु, सोहम प्रधानांग र असिम त्वानाबासु सहभागी हुने भक्तपुर नपा युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले जानकारी दिनुभयो ।

## प्रमाणपत्र वितरण



भक्तपुर नगरपालिका प्रमुख सुनिल प्रजापतिले वडा नं. ३ को आयोजनामा भएको ४ दिने प्राङ्गारिक कृषि खेती तालिमका सहभागीहरूलाई असार २ गते प्रमाणपत्र वितरण गर्नुभयो ।

## चिनियाँ कम्युनिष्ट पार्टीका विदेश विभागका उपनिर्देशक श्यु मिन भक्तपुर भ्रमणमा

नेपाल भ्रमणमा रहनुभएका चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय विदेश विभागको प्रथम ब्युरोका उपनिर्देशक स्यु मिनलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरपालिकाको तर्फबाट असार २ गते भक्तपुर दरबार क्षेत्रमा स्वागत गर्नुभयो ।






प्रमुख प्रजापतिले उपनिर्देशक मिनलाई भक्तपुरको ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरु भक्तपुर दरबार क्षेत्र र टौमढीको अवलोकन गराउनुभएको थियो ।

तत्पश्चात उपनिर्देशक श्यु मिनले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको समेत स्थलगत अवलोकन गर्नुभएको थियो ।

## एकीकृत पाठ्यक्रमबारे पुनर्ताजगी तालिम

भक्तपुर नगरपालिकाको आयोजनामा कक्षा १-३ को एकीकृत पाठ्यक्रमबारे दुईदिने पुनर्ताजगी तालिम असार १४ बाट सुरू भएको छ ।




कार्यक्रमको उद्घाटन सत्रमा नगर प्रमुख **सुनिल प्रजापति**ले तालिमका राम्रा शिष्य नै विद्यालयका राम्रा शिक्षक हुने र त्यस्तै शिक्षकले मात्रै देशको लागि असल र योग्य जनशक्ति उत्पादनमा योगदान पुऱ्याउनसक्ने विचार व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाले देशकै निम्ति कलेजहरू उदाहरणीय रूपमा सञ्चालन गरिरहेकोमा अब विद्यालयको जगलाई विशेष ध्यान दिएको चर्चा गर्नुहुँदै उहाँले देशबाट योग्य र दक्ष जनशक्ति विदेश पलायन हुनु चिन्ताको विषय हुँदा सानै उमेरदेखि देशभक्तिको पाठ विद्यार्थीलाई सिकाउनुपर्नेमा जोड दिनुभयो ।

देशलाई समृद्ध बनाउने मूल आधार नै अनुशासन हो भन्नुहुँदै उहाँले शिक्षकहरू अनुशासित भए विद्यार्थीहरू अनुशासित हुने हुँदा विद्यार्थीलाई 'सपनाको देश' कुनै विदेश नभई आफ्नै देश बनाउन उत्प्रेरित गर्नुपर्ने बताउनुभयो ।

देशको आवश्यकता अनुसन्धानले पुष्टि गर्ने हुँदा चीन-अमेरिकाजस्ता देशहरूले अनुसन्धानमा धेरै लगानी गरिरहेको चर्चा गर्नुहुँदै उहाँले अब भक्तपुर नपाले पनि अनुसन्धान केन्द्र बनाई काम अगाडि बढाउन लागेको जानकारी दिनुभयो ।

भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने ध्येयले ख्वप विश्वविद्यालय बनाउन चाहेको उल्लेख गर्नुहुँदै उहाँले

ख्वप विश्वविद्यालय सञ्चालन गर्न पाएको भए सस्तोमा स्तरीय चिकित्सालगायत उच्च शिक्षा प्रदान गर्ने बताउनुभयो ।

सङ्घीय र प्रदेश सरकारले ऐनले दिनुपर्ने रकमसमेत नदिई भक्तपुर नगरपालिकालाई विभेद गरेकोमा आक्रोश पोख्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिका आत्मनिर्भर भएर अगाडि बढ्छ, कसैको अगाडि झुक्दैन भन्नुभयो ।



आदर्श आजाद माविका प्रअ **श्रीकृष्ण किसी**को सभापतित्वमा भएको उक्त कार्यक्रममा भनपाको विद्यालय अनुगमन समितिका संयोजक एवं वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**ले वर्षे बिदाको सदुपयोग गर्दै तालिम चलाएको बताउनुभयो ।

ज्ञानलाई अद्यावधिक गर्न पनि पुनर्ताजगी तालिम आवश्यक भएको उहाँले उल्लेख गर्नुभयो ।

कार्यक्रममा नगर शिक्षा शाखा प्रमुख **कृष्णप्रसाद कर्माचार्य**ले स्वागत मन्तव्य राख्नुभएको थियो ।

तालिममा नगरभरिका सामुदायिक र संस्थागत विद्यालयका ९५ जना शिक्षकहरूको सहभागिता रहेको छ ।

तीन समूहमा विभाजन गरी दिइएको उक्त तालिममा प्रशिक्षकहरू हरि निरौला, रोहित फुँयाल र सानुकाजी महतले कक्षा १-३ को एकीकृत पाठ्यक्रम, पाठ्यपुस्तकको प्रयोग, शिक्षण सामग्रीको निर्माणलगायतका विषयहरूमा तालिम दिनुभएको थियो ।

## राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिका माननीय पदाधिकारीहरू भक्तपुर नपामा

राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिका माननीय पदाधिकारीहरूद्वारा असार १३ गते भक्तपुर नगरपालिका र नगरपालिकाद्वारा सञ्चालित अस्पताल तथा कलेजको अध्ययन अवलोकन भ्रमण गर्नुभयो ।

सङ्घीय संसद्, राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिका सभापति मा. जयन्तीदेवी राईको नेतृत्वमा समितिका माननीय सदस्यहरूले प्रदेश तथा स्थानीय तहको कानुन निर्माण प्रक्रिया र भक्तपुर नगरपालिकाका असल अभ्यासबारे अनुभव आदानप्रदानको उद्देश्यले भक्तपुर नगरपालिकाको अध्ययन भ्रमण गर्नुभएको हो ।

टोलीलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पुष्पगुच्छा, खादा र भादगाउँले टोपीसहित ऐतिहासिक तथा सांस्कृतिक नगर भक्तपुरमा स्वागत गर्नुभयो ।

उक्त कार्यक्रममा राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिका सभापति मा. **जयन्तीदेवी राई**ले संविधानले निर्दिष्ट गरेको समाजवाद स्थापना गर्ने बाटोमा भक्तपुर नगरपालिकाका जनप्रतिनिधि अग्रसर भएको बताउनुहुँदै सङ्घीय लोकतान्त्रिक व्यवस्थालाई सफल तुल्याउन स्थानीय तहहरूलाई अधिकार सम्पन्न पार्नुपर्ने धारणा राख्नुभयो ।

भक्तपुर नपाबाट सञ्चालित कलेज र ख्वप अस्पताल भ्रमण गर्ने अवसर पाएकोमा खुशी प्रकट गर्नुहुँदै उहाँले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा पुनः निर्माणलगायतका क्षेत्रमा सराहीय काम गरिरहेको बताउनुभयो ।

भक्तपुरको विकासको मोडल प्रशंसनीय भएको र भक्तपुर अहिले सबैको लागि अध्ययन गर्ने थलोको रूपमा विकास भएको बताउनुहुँदै उहाँले भ्रष्टाचारशून्य र पारदर्शिता नै यस नगरको विशेषता भएको बताउनुभयो ।



सांसद राईले स्थानीय तहले आफ्नो अधिकार र कर्तव्य पहिचान गरी संविधानअनुरूप ऐन, नियम र कानुनहरू निर्माणमा जोड दिनुपर्ने बताउनुभयो । कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाको सङ्क्षिप्त जानकारीसहितको प्रस्तुतीकरण देखाउनुहुँदै नेपालको संविधानले कल्पना गरेको समाजवादउन्मुख व्यवस्था स्थापनामा भक्तपुर नगरपालिकाले जोड दिँदै आइरहेको बताउनुभयो । उहाँले विकास निर्माणको काम गर्ने स्थानीय तह हुँदाहुँदै संसद् विकास कोषको व्यवस्था उचित नभएको धारणा राख्नुभयो ।

नेपालमा सङ्घीयता कार्यान्वयनका चुनौतीहरूबारे विस्तृतमा आफ्नो धारणा राख्नुहुँदै उहाँले स्थानीय तहलाई सङ्घ र प्रदेशले आफ्नो एकाइजस्तो व्यवहार गर्नु यथोचित नभएको बताउनुहुँदै संविधानको भावनाअनुरूप स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनुपर्ने विचार राख्नुभयो ।

सांसदहरूद्वारा व्यक्त जिज्ञासामाथि प्रष्ट पार्नुहुँदै उहाँले भक्तपुर नपाले आवश्यक ऐन, नियम, कार्यविधि र निर्देशिका तयार गरी कार्यान्वयन गर्दै आइरहेको जानकारी गराउनुहुँदै हालसम्म २५ ओटा ऐन, ३ ओटा नियम, ६ ओटा



राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिका पदाधिकारीहरू



विनियम, १३ ओटा कार्यविधि, ९ ओटा निर्देशिका र १ ओटा नीति गरी कूल ५६ ओटा कानुन निर्माण गरिसकेको जानकारी गराउनुभयो।

ख्वप विश्वविद्यालय सञ्चालनको लागि आवश्यक पहल भइरहेको बताउनुहुँदै उहाँले विश्वविद्यालय स्थापना गर्न नगरपालिकाले भौतिक पूर्वाधारहरू निर्माणको क्रममा रहेको अवगत गराउनुभयो।

नगरपालिकालाई विश्वविद्यालय सञ्चालन गर्न स्वीकृति प्राप्त भएको खण्डमा सस्तोमा मेडिकल कलेज स्थापना गरी एमबीबीएस अध्यापन गराउने लक्ष्य रहेको बताउनुहुँदै उहाँले सक्षम स्थानीय तहलाई विश्वविद्यालय स्थापना गर्न दिनुपर्ने बताउनुभयो।

कार्यक्रममा राष्ट्रिय सभाका सदस्य तथा विधायन व्यवस्थापन समितिका माननीय सांसदहरूले नगर प्रमुख प्रजापतिसमक्ष स्थानीय तहको कानुन निर्माणमा देखिएका चुनौती, सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा अन्तरसम्बन्ध, स्थानीय तहको काम, कर्तव्य र अधिकार, सङ्घले कानुन निर्माणमा ढिलाइ गर्दा स्थानीय तहमा पर्न गएको असुविधा, ख्वप विश्वविद्यालय सम्बन्धनका चुनौती आदिबारे आफ्नो जिज्ञासा राख्नुभएको थियो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **विजयकुमार शर्मा**ले भक्तपुर नगरपालिकाले कानुन निर्माण गर्दा देखिएका चुनौतीबारे बोल्नुभएको थियो भने समितिका उपसचिव **नुमराज खनाल**ले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो।

टोलीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज, ख्वप कलेज अफ ल, ख्वप अस्पताल, ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङलगायतको स्थलगत अवलोकन गनुभई ती संस्थाहरूको इतिहास, स्थापनाको उद्देश्य, त्यहाँबाट प्रवाहित सेवा सुविधा, साङ्गठनिक स्वरूप, विद्यार्थी भर्ना सङ्ख्याको आधारमा भर्ना विवरण, शिक्षक तथा कर्मचारी विवरण र कलेजहरूमा अध्ययापन भइरहेको विषय तथा शुल्क संरचनाबारे विस्तृतमा जानकारी हासिल गर्नुभएको थियो।



भक्तपुर नपाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूबारे जानकारी लिनुहुँदै

उक्त अध्ययन भ्रमणमा समितिका सभापति मा. जयन्ती देवी राईसहित मा. उदय बहादुर बोहरा, मा. खिमलाल देवकोटा, मा.गंगा कुमारी वेल्वासे, मा.तारामान स्वांर, मा. देवेन्द्र दाहाल, मा.नारायण दत्त मिश्र, मा.भगवती न्यौपाने,

# भक्तपुर नपाको अनुगमन

## लान्चाफल्चादेखि चोखामरूसम्म

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा लान्चाफल्चादेखि चोखामरुसम्म १४ ओटा पसलहरू जेठ ३० र ३१ गते दुई दिन अनुगमन गरियो। अनुगमनमा धेरै पसलहरू दर्ता नभएको पाइएको संयोजक गोराले बताउनुभयो।

उक्त दिनमा फर्निचर वर्कशप, भिआईपि मःमः सेन्टर एण्ड खाजा पसल, जल्पादेवी दुध डेरी तथा तरकारी फलफुल शप, विमला अमात्यको किराना पसल, शिवराम स्टोर, श्री महालक्ष्मी फर्निचर, पुष्प किराना पसल, एस आर स्टोर, लक्ष्मी एण्ड लक्ष्मी स्टोर, फेन्सी कफि शप, जय याकती अजिमा हार्डवेयर सप्लार्यस, शुभ बिहानी खानेकुरा पसल र पुण्यश्वरी किराना स्टोरमा अनुगमन गरियो।

सम्बन्धित पसललाई नवीकरण गर्न, केही पसल अनुगमनकै क्रममा नवीकरण गरियो र केहीलाई नगरपालिकामा उपस्थित हुन निर्देशन दिइयो।

त्यस्तै, अनुगमनमा फेलापरेका म्यादनाघेका विभिन्न सामानहरु जफत गरी नष्ट गरियो, सम्बन्धितलाई प्योकजिङ्ग सामानहरू खाद्य विभागबाट अनुज्ञापत्र लिई लेवल राखी मात्र बिक्री वितरण गर्न, ढक तराजु नापतौल विभागमा नवीकरण गर्न, मूल्य सूचि राख्न, साइन बोर्ड राख्न निर्देशन दिइयो।

---

मा.भैरव सुन्दर श्रेष्ठ, मा.राधेश्याम पासवान, मा.सुरेश कुमार आलेमगर, मा. अनिता देवकोटा, समितिका उपसचिव नुमराज खनाल र सङ्घीय सचिवालयका अधिकृत कर्मचारीहरूलगायतको उपस्थिति रहेको थियो। कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी र भक्तपुर नपाका कार्यपालिका सदस्यहरूको उपस्थिति रहेको थियो।



भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालको सेवाप्रवाहबारे जानकारी लिन स्थलगत अवलोकन

प्रमुख प्रजापतिले माननीय सांसद राईलाई मयूरको झ्याल र नगरपालिकाका प्रकाशन तथा कलेजका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो।

## हाकुफोहिति, भार्वाचो र वंशगोपालका मासु पसल

अनुगमन टोलीले असार १२ गते हाकुफोहिति, भार्वाचो र वंशगोपालका मासु पसल अनुगमन गरियो।

उक्त दिन न्यू नवदुर्गा कोल्ड स्टोर, हरिकृष्ण साहीको मासु पसल, रामकृष्ण कोल्डस्टोर, भार्वाचो मासु पसल, एसन मिट सप, छोरीमैयाँ साही र बेखनारायण साहीको मासु पसल अनुगमन गरियो।

टोलीले सम्बन्धितलाई वध गर्ने स्थानको सरसफाइमा ध्यान दिन, एप्रोन सेतो प्रयोग गर्न, मासु काट्ने भाँडावर्तन सफा राख्न, ढक तराजु नवीकरण गर्न, फ्रिजमा बिग्रेको र ताजा मासु तथा काँचो र प्याकेजिङ्ग सामान छुट्टाछुट्टै राखी व्यवस्थित गर्न, मूल्य सूचि राख्न, मासु खुल्ला नराखी बाकस बनाई झिँगा र धूलोले नभन्किने गरी राख्न, भित्ता सफा गर्न मिल्ने गरी कार्पेट वा टायल राख्न निर्देशन दियो।

एक पसल दर्ता नभएकोले तीन दिन भित्र दर्ता गर्न निर्देशन दिई तराजू थान १ जफत गरियो।

## नासमना, गःहिति र टौमढीका मासु पसल

असार १३ गते अनुगमन टोलीले नासमना, गःहिति र टौमढीमा रहेका मासु पसलहरूको अनुगमन गऱ्यो। अधिकांश पसल दर्ता नभएको पाइएको छ।

**चिरिकाजी शाहीको पसल, एसएन फ्रेस हाउस, न्यू युनिक कोल्ड स्टोर, न्यू काभ्रेलि कोल्ड स्टोर, जय माँ अन्नपूर्ण कोल्ड स्टोर र भैरव मासु पसलको अनुगमन गर्दा** दर्ता नभएका पसलहरूमध्ये केहीलाई स्थलगत दर्ता गराइयो भने केहीलाई दर्ता गर्न नपामा उपस्थित हुन तथा नवीकरण नगरेकालाई नवीकरण गर्न निर्देशन दिइयो।

सबैजसो पसललाई सरसफाइमा ध्यान दिन, मूल्य सूचि राख्न, फोहोर पानीको निकास व्यवस्थित गर्न, भुइँ र भित्ता सफा गर्न मिल्ने गरी कार्पेट वा टायल राख्न, एप्रोन सेतो प्रयोग गर्न, मासु काट्ने भाँडावर्तन सफा राख्न, ढक तराजू नवीकरण गर्न, मासु खुल्ला नराखी बाकस बनाई झिँगा र धूलोबाट सुरक्षित राख्न, फ्रिजमा काँचो र प्याकेजिङ्ग सामान मिसाएर नराख्न निर्देशन दिइयो।

उपरोक्त अनुगमनमा भक्तपुर नपा अनुगमन समितिका सदस्य श्यामकृष्ण खत्री, रोशन मैया सुवाल, रिता फसिकवा, ज्ञानबहादुर मानन्धर, भनपा श्यानिटेश उपशाखा प्रमुख दिलिपकुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर उपशाखाका मोहनदेवी ब्याञ्जू, जिल्ला प्रशासन कार्यालय भक्तपुरका यादवप्रसाद मिश्र र हरिहर काफ्ले, उद्योग बाणिज्य सङ्घ भक्तपुरका गौतम सुजखु, राजु त्वानाबासु र विश्वराम त्वाती, महानगरीय प्रहरी परिसरका प्रहरी वरिष्ठ सहायक निरीक्षक भागउर प्रसाद हरिजन, बाबुराम लामा, पशु सेवा शाखा भक्तपुरका पार्वती योञ्जन, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, घरेलु कार्यालयका सिताराम त्वायनाको सहभागी थियो।

# शैक्षिक गतिविधि

## पद र पैसालाई महत्त्व नदिई देश र जनताको सेवा गर्ने भावनाले काम गरेमा कममात्र गल्ती हुने




ख्वप मा.वि., ख्वप कलेज, शारदा क्याम्पस र ख्वप कलेज अफ लमा कार्यरत शिक्षक तथा कर्मचारीहरूबीच 'समसामयिक राजनीति र अन्तर्राष्ट्रिय परिस्थिति' विषयमा जेठ २४ गते प्रवचन कार्यक्रम भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले नागरिकता अत्यन्त संवेदनशील भएकोले नागरिकताको सम्बन्धमा मानवतावादी दृष्टिकोण र महिला–पुरुषको आधारमा समानताको सिद्धान्त लागू गर्न नहुने धारणा राख्नुभयो।

राष्ट्रपति विद्या भण्डारीबाट प्रमाणीकरण भएको नागरिकता विधेयक लागू भएमा विदेशी मूलकाहरू बहुमत हुन जाने, स्ववासी नेपालीहरू अल्पमतमा पर्ने र अन्ततः नेपालीहरू समाप्त हुँदै जाने खतरा अध्यक्ष बिजुक्छेँले औँल्याउनुभयो।

गैरआवासीय नेपाली नागरिकलाई दोहोरो नागरिकता दिँदा त्यसको गलत प्रयोग हुने धारणा राख्नुहुँदै उहाँले भन्नुभयो, 'आफूलाई फाइदा हुँदा उनीहरू नेपाली भएर आउनेछन्; देशलाई समस्या पर्दा विदेशी भनेर पन्छिने छन्।'

अध्यक्ष रोहितले स्पष्ट पार्दै भन्नुभयो, 'राजधानीमा धेरै बुद्धिजीवीहरू बस्छन्; तर देशघाती नागरिकता प्रमाणीकरण हुँदासमेत तिनीहरू विरोधमा उत्रेनन्। यसको अर्थ तिनीहरूमा राजनीतिक ज्ञान र संस्कारको अभाव छ या त तिनीहरू स्वार्थमा फसेका छन्।'

हजारौँ–लाखौँ देशभक्त नागरिक भए मात्र देश जोगाउन सकिने अध्यक्ष बिजुक्छेँले बताउनुभयो।




बारा, पर्सा, रौतहट र सप्तरी जिल्लाको किसान आन्दोलनबारे जानकारी गराउनुहुँदै उहाँले अहिले पनि त्यस्तो आन्दोलन गर्नु आवश्यक भएको उल्लेख गर्नुभयो।

हिमाल, पहाड र तराईका सर्वसाधारण जनताको जीवन र दु:खबारे थाहा पाउन भौगोलिक अध्ययन र देशको कुना कन्दराको स्थलगत भ्रमण आवश्यक भएको उहाँले बताउनुभयो।

अध्यक्ष रोहितले भन्नुभयो, 'शासक पार्टीका मन्त्रीहरू कमिसन खानमै केन्द्रित छन्। समाजवादी देशले उपहारस्वरूप बनाइदिएका कलकारखानाहरू पुँजीपतिवर्गलाई कौडीको मोलमा बेचेर तिनीहरूले देशलाई मागिखानेको स्थितिमा पुऱ्याए। भारतीय विस्तारवाद रिसाउला भन्ने चिन्ताले र कमिसन खान नपाइएला भनेर नै शासक पार्टीहरूले नेपालमा रासायनिक मल कारखाना स्थापना नगरेका हुन्।'

जनता धनी नबनेसम्म देश धनी नबन्ने भएकोले देशमा रासायनिक मल कारखाना स्थापना गरी उत्पादन बढाउनु अहिलेको आवश्यकता भएको उहाँले बताउनुभयो।

अध्यक्ष रोहितले भन्नुभयो, 'पद र पैसालाई महत्त्व नदिई नि:स्वार्थपूर्वक देश र जनताको सेवा गर्ने भावनाले काम गरेमा कममात्र गल्ती हुनेछ।'

जाति, भाषा, धर्मको आधारमा उग्र गतिविधि गर्नु फासीवादी चरित्र भएको उहाँले बताउनुभयो।

अध्यक्ष रोहितले भन्नुभयो, 'नेमकिपाले पार्टीको सिद्धान्तविपरीतको गतिविधि कहिल्यै गरेको छैन। समाजवादी विचार प्रचार गरी देशभरका व्यापक सर्वसाधारण जनतालाई राजनीतिकरूपमा सचेत पार्ने उद्देश्यले नेमकिपाले 'श्रमिक' साप्ताहिक र 'मजदुर' दैनिक प्रकाशित गरिरहेको छ; पार्टीका वर्गीय सङ्गठनका प्रकाशनहरूमार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिबारे पार्टीको दृष्टिकोण प्रचार भइरहेको छ।'

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकता प्रमाणीकरणको विवाद नेपालको संवैधानिक इतिहासमा नौलो भएको र उक्त कदम संविधानविपरीत रहेको कानुनविद्हरूको भनाइ रहेको बताउनुभयो।

भारतीय विस्तारवाद नागरिकतालाई स्थायी समस्या बनाएर नेपालको नदीनाला र प्राकृतिक स्रोत–साधन कब्जा गर्न चाहन्छ, प्रमुख प्रजापतिले भन्नुभयो।

अङ्गीकृत नागरिकका सन्तानले वंशजको नागरिकता पाउनु देशको लागि खतरा रहेको र यसले नेपाललाई फिजी हुँदै सिक्किमीकरणमा पुऱ्याउने उहाँले बताउनुभयो।

नेपालका विश्वविद्यालयहरूप्रति विद्यार्थीहरूको विश्वास गुम्दै जानु राम्रो सूचक नभएको चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'नेपालले वार्षिक १ खर्बभन्दा बढीको कृषिजन्य वस्तु भारतबाट आयात गर्छ। उच्च शिक्षा अध्ययनको नाममा नेपाली विद्यार्थी विदेशी विश्वविद्यालयतिर आकर्षित छन्। देशमा उत्पादन शून्य छ। वैदेशिक रोजगारको नाममा नेपाली युवाहरू बहुराष्ट्रिय

कम्पनीका सस्तो ज्यामी बन्न बाध्य छन्। यस किसिमको दुरावस्थाबाट देश अगाडि बढ्दैन।'

भागबन्डाको आधारमा संवैधानिक नियुक्ति र न्यायाधीश नियुक्ति भएकै कारण शासक पार्टीका नेताहरूले आफूलाई कानुनभन्दा माथि ठान्ने गरेको उहाँले बताउनुभयो।

ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले पठनपाठनका अतिरिक्त शिक्षक/कर्मचारीहरूलाई समसामयिक राजनीति र अन्तर्राष्ट्रिय घटनाबारे सुसूचित बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरेको बताउनुभयो।

ख्वप कलेज अफ ल का प्राचार्य **अनिता जधारी**ले राष्ट्रपति पौडेलबाट प्रमाणीकरण गरिएको 'नागरिकता विधेयक किन घातक छ ?' भन्ने विषयमा प्रस्तुतिकरण गर्नुभएको थियो।

कार्यक्रममा ख्वप कलेजका इन्चार्ज कमिनिका न्याइच्याईले पनि बोल्नुभएको थियो।

## भक्तपुर नपाको बजेट तर्जुमाको लागि शिक्षकहरूबाट सुझाव



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई भक्तपुर नपाको आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम र बजेट तर्जुमाको लागि नेपाल क्रान्तिकारी शिक्षक सङ्घ, संयुक्त परीक्षा समिति भक्तपुर, आधारभूत विद्यालय समिति, इसिडी शिक्षक सङ्घर्ष समितिका प्रतिनिधिहरूले जेठ २४ गते १८ बुँदासहितको लिखित सुझाव हस्तान्तरण गर्नुभयो।

विभिन्न समितिहरूले बुझाएको लिखित सुझावमा विद्यालयको भौतिक पूर्वाधार विकासका लागि विद्यालयको अनुगमन गरी आवश्यकताअनुसार बजेट विनियोजन गर्नुपर्ने, स्थानीय पाठ्यक्रमको अध्ययन अध्यापनलाई सहयोग पुग्ने गरी भक्तपुर केन्द्रित सङ्ग्रहालय सञ्चालन गर्नुपर्ने, विद्यालयमा कार्यरत सहयोगी, लेखा, प्रशासन सहायक र बालविकास सहजकर्ताको पारिश्रमिक वृद्धि गर्नुपर्ने, शैक्षिक अवलोकन भ्रमणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने, विद्यार्थीहरूको स्वास्थ्य परीक्षणको बन्दोबस्त गर्नुपर्ने, शिक्षकहरूलाई कक्षागत तालिम, अन्तरक्रियालगायतका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने, सबै विद्यालयहरूमा विज्ञान तथा गणित प्रयोगशालाको व्यवस्था गर्नुपर्ने, नगरस्तरीय शैक्षिक प्रदर्शनीको आयोजनागर्नुपर्ने लगायतका सुझावहरू समेटिएका थिए।

नेक्राशिसङ्घको तर्फबाट गणेशराम थुसा, संयुक्त परीक्षा समिति भक्तपुरका लक्ष्मीनारायण दुवाल, आधारभूत विद्यालय समितिका दिपक माक र इसिडी शिक्षक सङ्घर्ष समितिका सीतालक्ष्मी छुस्याकीले लिखित रूपमा सुझाव बुझाउनुभएको थियो।

## दुईदिने बाल विकास सहजकर्ता तालिम




भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुरका सामुदायिक र संस्थागत विद्यालयका शिक्षिकाहरूको लागि असार ११ र १२ गते दुईदिने बाल विकास सहजकर्ता (ईसीडी) तालिमको आयोजना गरेको छ।

तालिमको शुभारम्भमा प्रमुख **प्रजापति**ले शिक्षामा अगाडि बढेको समाज सबै क्षेत्रमा अगाडि बढ्ने बताउनुहुँदै विद्यालयले भौतिक संरचनालाई भन्दा शैक्षिक गुणस्तरलाई जोड दिँदै देशभक्त नागरिक तयार गर्नुपर्ने बताउनुभयो।

भक्तपुर नपाले विद्यालय र शिक्षकहरूको मागअनुरूप तालिमहरू सञ्चालनमा जोड दिँदै आइरहेको बताउनुहुँदै उहाँले शिक्षामा धेरै पछाडि परेको भक्तपुर नगरपालिका हाल देशकै उत्कृष्ट गन्तव्यस्थलको रूपमा विकास हुनुमा यहाँका विद्यालयहरूको अहम् भूमिका रहेको बताउनुभयो।

सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक गुणस्तरको भेद हटाउने उद्देश्यले दुवैलाई समान ढङ्गले अगाडि बढाउन भक्तपुर नपाले काम गर्दै आइरहेको बताउनुहुँदै उहाँले विद्यालयको जग बलियो पार्ने उद्देश्यले बाल विकास सहजकर्ता शिक्षिकाहरूको लागि तालिमको आयोजना गरेको बताउनुभयो।

आ.व. २०८०/८१ को बजेटमा भक्तपुर नपाले शिक्षालाई उच्च प्राथमिकतामा राखेको बताउनुहुँदै भक्तपुर नपाले अध्ययन अनुसन्धानलाई जोड दिने नीति लिएको उहाँले बताउनुभयो।

भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष तथा विद्यालय अनुगमन तथा प्राविधिक समितिका संयोजक योगेन्द्रमान बिजुक्छेँले विद्यार्थीहरूको शिक्षण र सिकाइमा कुनै पनि लापरबाही र हेलचेक्र्याइँ हुन नहुने बताउनुहुँदै आजका बालबालिका भोलिका भविष्य भएको हुँदा उनीहरूलाई सानै उमेरदेखि दक्ष र योग्य बनाउन शिक्षक-शिक्षिकाहरूले मिहिनेत गर्नुपर्ने बताउनुभयो।

कार्यक्रमका सभापति एवम् आदर्श आजाद माविका प्रअ **श्रीकृष्ण किसी** र भक्तपुर नपा शिक्षा शाखा प्रमुख **कृष्णप्रसाद कर्माचार्य**ले तालिमको उद्देश्य र महत्त्वमाथि प्रकाश पार्नुभयो।

नगरपालिकाको आयोजनामा भएको उक्त तालिममा भक्तपुर नगरभित्रका ९२ ओटा विद्यालयका ९२ जना शिक्षिकाहरूको सहभागिता रहेको थियो।

# स्वास्थ्य सेवा

## चिकित्सा शिक्षा आयोगका निर्देशक शर्माद्वारा ख्वप अस्पताल निरीक्षण



चिकित्सा शिक्षा आयोगका निर्देशक दिलिप शर्माले जेठ १८ गते भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालका भौतिक पूर्वाधारहरूको स्थलगत निरीक्षण तथा अवलोकन गर्नुभएको छ ।



निर्देशक शर्माले भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भेटी ख्वप अस्पताल सञ्चालनको उद्देश्य र अस्पतालबाट प्रवाहित सेवा सुविधा र आगामी योजनाहरूबारे विस्तृतमा जानकारी लिनुभयो ।



भेटमा निर्देशक **शर्मा**ले स्थानीय तहबाट सञ्चालित ख्वप अस्पताल वास्तवमै देशकै लागि उदाहरणीय कार्य भएको बताउनुहुँदै अस्पतालले व्यापक जनतालाई सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएकोमा खुशी व्यक्त गर्नुभएको थियो ।

## महिला स्वास्थ्य स्वयम्‌सेविकाहरूको भेला



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले महिला स्वास्थ्य स्वयम्‌सेविका आफैंमा एक स्वास्थ्यकर्मी र सामाजिक कार्यकता भएको बताउनुहुँदै भक्तपुरको स्वास्थ्य क्षेत्र विकासमा स्वास्थ्यस्वयम्‌सेविकाहरूको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो ।


भक्तपुर नपाको आयोजनामा असार १ गते महिला स्वास्थ्य स्वयम्‌सेविकाहरूको भेलामा उहाँले महिला स्वास्थ्य स्वयम्‌सेविकाले जनताको घरघरमा पुगेर स्वास्थ्य अवस्थाको जानकारी लिने तथा समुदायमा स्वास्थ्य सचेतना फैलाउन र सरुवा रोग नियन्त्रण, स्वास्थ्य शिक्षा र खोप सेवामा प्रभावकारी भूमिका निर्वाह गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पताललाई जनताको आस्थाको केन्द्रको रूपमा विकास गरी स्तरीय स्वास्थ्य सेवा प्रवाहमा जोड दिने बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले स्वास्थ्यकर्मीहरूको लागि आवश्यक क्षमता अभिवृद्धि तालिम सञ्चालनलाई निरन्तरता दिँदै जाने बताउनुभयो ।

ख्वप अस्पतालले हाल दैनिक ८०० भन्दा बढी बिरामीहरूको स्वास्थ्य जाँच गर्दै आएको बताउनुहुँदै उहाँले अस्पतालमा विशेषज्ञ सेवा थप गर्दै लानुका साथै आवश्यक उपकरणहरू पनि थपिँदै लाने बताउनुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका स्वास्थ्य संयोजक **रत्नसुन्दर लासिव**ले घरदैलो नर्सिङ सेवालाई अझ प्रभावकारी रूपमा सञ्चालन गर्न वडा नर्स र महिला स्वास्थ्यस्वयम् सेविकाहरूको क्रियाशीलता आवश्यक भएको बताउनुभयो ।

उक्त कार्यक्रममा उपस्थित १० ओटै वडाका महिला स्वास्थ्य स्वयम्‌सेविका प्रतिनिधिहरूले घरदैलो नर्सिङ सेवालाई थप प्रभावकारी बनाउन आवश्यक राय-सल्लाह प्रस्तुत गरेका थिए ।



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## 2080 Jestha Report

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2641 | 12.51 |
| 10-19. | 1494 | 7.08 |
| 20-59 | 12807 | 60.66 |
| ≥60 | 4171 | 19.76 |
| Total | 21113 | 100.00 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 573 | 2.71 |
| General | 3653 | 17.30 |
| Insurance | 16887 | 79.98 |
| Total | 21113 | 100 |

| District | Number | In Percentage |
|---|---|---|
| Kailali | 1 | 0.01 |
| Kalikot | 1 | 0.01 |
| Okhaldhunga | 1 | 0.01 |
| Khotang | 1 | 0.01 |
| Rautahat | 1 | 0.01 |
| Bardiya | 1 | 0.01 |
| Bajura | 1 | 0.01 |
| Saptari | 1 | 0.01 |
| Sankhuwasabha | 1 | 0.01 |
| Gulmi | 1 | 0.01 |
| Sunsari | 1 | 0.01 |
| Nuwakot | 1 | 0.01 |
| Dhakuta | 1 | 0.01 |
| Bara | 1 | 0.01 |
| Surkhet | 1 | 0.01 |
| Dang | 1 | 0.01 |
| Ilam | 1 | 0.01 |
| Sunsari | 1 | 0.01 |
| Chitwan | 1 | 0.01 |
| Makwanpur | 1 | 0.01 |
| Dhanusa | 1 | 0.01 |
| Dolkha | 1 | 0.01 |
| Mugu | 1 | 0.01 |
| Nawalparasi | 2 | 0.01 |
| Sarlahi | 2 | 0.01 |
| Udayapur | 2 | 0.01 |
| Accham | 2 | 0.01 |
| Jajarkot | 2 | 0.01 |
| Jumla | 2 | 0.01 |
| Taplejung | 3 | 0.01 |
| Rukum | 3 | 0.01 |
| Dhading | 3 | 0.01 |
| Dolkha | 4 | 0.02 |
| Sindhuli | 5 | 0.02 |
| Lalitpur | 7 | 0.03 |
| Rolpa | 7 | 0.03 |
| Sindhupalchowk | 70 | 0.33 |
| Kathmandu | 53 | 0.25 |
| Ramechap | 23 | 0.11 |
| Kavrepalanchok | 172 | 0.81 |
| Bhaktapur | 20728 | 98.18 |
| Total | 21113 | 100.00 |

| | |
|---|---|
| Madhyapur Thimi | 103 |
| Suryabinayak | 900 |
| Changu | 2984 |
| Bhaktapur | 16741 |
| Total | 20728 |

| Department | Number | In Percentage |
|---|---|---|
| Dermatology | 5 | 0.02 |
| Gynae Ward | 6 | 0.03 |
| Psychiatric | 61 | 0.32 |
| General Ward | 121 | 0.57 |
| Cardiologist | 182 | 0.86 |
| Physiotherapy | 205 | 0.97 |
| General Surgery OPD | 210 | 0.99 |
| MDGP | 444 | 2.10 |
| Laboratory | 474 | 2.25 |
| Dermatology | 484 | 2.29 |
| Internal Medicine | 531 | 2.52 |
| Obs. & Gynaecology | 1331 | 6.30 |
| Emergency Ward | 1346 | 6.38 |
| ENT | 1349 | 6.39 |
| Dental | 1559 | 7.38 |
| Paediatric | 1656 | 7.84 |
| Orthopedic | 2471 | 11.70 |
| General OPD | 8678 | 41.10 |
| Total | 21113 | 100.00 |

### Inpatient Services

| | |
|---|---|
| Patient Admitted | 153 |
| Discharge | 116 |
| LAMA | 2 |
| Refer | 5 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 2913 |
| Total Cataract Surgery | 68 |

### Operation

| | |
|---|---|
| Major | 47 |
| Minor | 59 |

# भक्तपुर नपाबाट रगत उपलब्ध गराएको विवरण

## जेठ २०८०

| S.N | Supply Date | Patients Name | Munci pality | Ward no. | Hospital Name | Bill No. | Blood Group | Blood Bag No. | Totall Amount |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 2080.2.1 | Samita Bariya | | 3 | Siddhi Memorial Hospital | 19685 | O pos | 81815 | 880.00 |
| 2 | 2080.2.1 | Sushila Shilpakar | | 14 | Human T. Centre | 19700 | AB pos | 45513 / 81809 | 1920.00 |
| 3 | 2080.2.1 | Ratna Suwal | | 13 | Shahid Dharma T. Centre | 19706 | B pos | 81798 / 81796 | 1920.00 |
| 4 | 2080.2.1 | Krishna Laxmi Shrestha | | 3 | Patan Hospital | 19707 | O pos | | 2370.00 |
| 5 | 2080.2.2 | Samita Bariya | | 3 | Siddhi Memorial Hospital | 19734 | O pos | 87778 | 1010.00 |
| 6 | 2080.2.2 | Bishwo Nath Hada | | | BKT Cancer Hospital | 19744 | O pos | 87781 | 1010.00 |
| 7 | 2080.2.2 | Sanumaya Khagi | | 5 | Khwopa Hospital | 19766 | O pos | 65302 / 65303 | 1920.00 |
| 8 | 2080.2.2 | Rojina Kusma | | 6 | Siddhi Memorial Hospital | 19776 | A pos | | 1010.00 |
| 9 | 2080.2.3 | Ganga Shrestha | | 17 | Norvic Int. Hospital | 19824 | O pos | | 1520.00 |
| 10 | 2080.2.3 | Manisha Manandhar | | 3 | Siddhi Memorial Hospital | 19827 | B pos | 4444 | 1010.00 |
| 11 | 2080.2.3 | Bijaya Tamrakar | | 8 | Khwopa Hospital | 19845 | O pos | 12232 (A) / 36023 | 1920.00 |
| 12 | 2080.2.3 | Anju Machamasi | | 9 | Khwopa Hospital | 19846 | A pos | | 1920.00 |
| 13 | 2080.2.4 | Naran Krishna Lohala | | 11 | BKT Cancer Hospital | 19904 | A pos | 87798 / 12291 | 1920.00 |
| 14 | 2080.02.05 | Bishwonath Chawal | | 4 | Siddhi Memorial Hospital | 19927 | B pos | 1281/1282 | 1660.00 |
| 15 | 2080.02.05 | Ratnaswori Karmacharya | | 5 | HOTC | 19937 | B pos | 81827/1284 | 800.00 |
| 16 | 2080.02.05 | Riju Kapali | | 7 | Siddhi Memorial Hospital | 19938 | A pos | 7310 | 1010.00 |
| 17 | 2080.02.07 | Radha Sadha | | 17 | Siddhi Memorial Hospital | 20040 | A pos | 65296 | 1010.00 |
| 18 | 2080.02.07 | Sabita Madhikarmi | | 7 | Siddhi Memorial Hospital | 20041 | O pos | 87796 | 1010.00 |
| 19 | 2080.02.08 | Ram Laxmi Karmacharya | | 13 | Shahid Dharma T. Centre | 20057 | A pos | 87726/7312 | 800.00 |
| 20 | 2080.02.08 | Samita Bariya | | 3 | Siddhi Memorial Hospital | 20072 | O pos | 12287 | 1010.00 |
| 21 | 2080.02.08 | Budhalaxmi Markhu | | 4 | Bhaktapur Hospital | 20091 | A pos | 65344/1293 | 1920.00 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 22 | 2080.02.09 | Gita Suwal | 4 | Siddhi Memorial Hospital | 20127 | A pos | 26398 | 1010.00 |
| 23 | 2080.02.10 | Sanjay Silpakar | | Patan Hospital | 20186 | B pos | | 1520.00 |
| 24 | 2080.02.10 | Nara Devi Kasichwa | 1 | Dhulikhel Hospital | 20203 | A pos | | 2830.00 |
| 25 | 2080.02.11 | Ujja Dhukhwa | 3 | Bhaktapur Cancer Hospital | 20309 | O Neg | 1314/1315 | 1920.00 |
| 26 | 2080.02.12 | Keshari Suwal | 10 | Bhaktapur Hospital | 20377 | B pos | 16814/16802 | 1920.00 |
| 27 | 2080.02.13 | Keshari Suwal | 10 | Bhaktapur Hospital | 20365 | B pos | 11470/31323 | 1520.00 |
| 28 | 2080.02.13 | Narayan Devi Kasichwa | 1 | Dhulikhel Hospital | 20384 | A pos | | 2230.00 |
| 29 | 2080.02.13 | Kailash Karmacharya | 8 | Manmohan Cardiothoraic Vascular andTrasplant | 20395 | O Pos | | 11300.00 |
| 30 | 2080.02.13 | Keshari Suwal | 10 | Bhaktapur Hospital | 20407 | B pos | 7322/36074 | 1920.00 |
| 31 | 2080.02.14 | Shova Prajapati | 14 | Siddhi Memorial Hospital | 20416 | A pos | 36124 | 1010.00 |
| 32 | 2080.02.15 | Reshma Duwal | 4 | Khwopa Hospital | 20499 | A pos | 40961 | 1010.00 |
| 33 | 2080.02.15 | Saru Banmala | 6 | Siddhi Memorial Hospital | 20525 | AB pos | 55091 | 1010.00 |
| 34 | 2080.02.16 | Ram Duwal | 2 | HOTC | 20543 | AB pos | 65373/50162 | 1600.00 |
| 35 | 2080.02.16 | Rajani Khanibanjar | 9 | Kist Medical College | 20548 | O Pos | | 1600.00 |
| 36 | 2080.02.17 | Sunkeshari Sipusa | 17 | Siddhi Memorial Hospital | 20608 | O pos | 16849 | 1010.00 |
| 37 | 2080.02.17 | Anita Gosain | 7 | Siddhi Memorial Hospital | 20636 | AB pos | 26472 | 1010.00 |
| 38 | 2080.02.17 | Jenisha Kawan | 16 | Siddhi Memorial Hospital | 20639 | O pos | 31517 | 1010.00 |
| 39 | 2080.02.17 | Anu Prajapati | 4 | Siddhi Memorial Hospital | 20648 | A pos | 36132 | 1010.00 |
| 40 | 2080.02.17 | Roshna Maiya Rajchal | 8 | Siddhi Memorial Hospital | 20660 | B pos | 12263 | 1010.00 |
| 41 | 2080.02.17 | Sarina Magaju | 4 | Siddhi Memorial Hospital | 20665 | A pos | 40925 | 1010.00 |
| 42 | 2080.02.18 | Ganesh Kumar Gusai | 7 | HOTC | 20686 | O Pos | 41008/31576 | 1500.00 |
| 43 | 2080.02.18 | Rakesh Bamanu | 8 | Civil Service Hospital | 20689 | A pos | | 1520.00 |
| 44 | 2080.02.18 | Nita Duwal | 2 | Siddhi Memorial Hospital | 20691 | O pos | 40976 | 1010.00 |

B
H
A
K
T
A
P
U
R

MUNICIPALITY

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 45 | 2080.02.19 | Sajana Khayaju | 2 | Siddhi Memorial Hospital | 20753 | A pos | 31550 | 1010.00 |
| 46 | 2080.02.19 | Sushila Shrestha | 5 | Khwopa Hospital | 20775 | B pos | 81914 | 1010.00 |
| 47 | 2080.02.20 | Saru Magaju | 10 | Khwopa Hospital | 20823 | B pos | 87963 | 1010.00 |
| 48 | 2080.02.20 | Sajana Silpakar | 13 | Siddhi Memorial Hospital | 20826 | A pos | 4513 | 1010.00 |
| 49 | 2080.02.21 | Ganga Shakya | 5 | Khwopa Hospital | 20855 | AB pos | 45585/87939 | 1010.00 |
| 50 | 2080.02.21 | Rita Suwal Lage | 9 | Siddhi Memorial Hospital | 20861 | A pos | 40990 | 1010.00 |
| 51 | 2080.02.21 | Chandra Maya Ghemsu | 17 | Khwopa Hospital | 20884 | AB pos | 55091/26412 | 1920.00 |
| 52 | 2080.02.22 | Ram Laxmi Karmacharya | 13 | HOTC | 20888 | A pos | 7339 | 800.00 |
| 53 | 2080.02.22 | Tulsi Keshari Nakhanda | 5 | Shahid Dharma T. Centre | 20912 | O pos | 36185 | 800.00 |
| 54 | 2080.02.23 | Mohan Prasad Sakha | 14 | Shahid Ganagalal National Heart | 20960 | A pos | | 2940.00 |
| 55 | 2080.02.23 | Mohan Prasad Sakha | 14 | Shahid Ganagalal National Heart | 20961 | A pos | | 1420.00 |
| 56 | 2080.02.23 | Purna Laxmi Suwal | 14 | Siddhi Memorial Hospital | 20966 | A pos | 87892 | 1010.00 |
| 57 | 2080.02.24 | Krishna Gopal | 11 | Khwopa Hospital | 21026 | O Pos | 36160/26384/3609 | 3740.00 |
| 58 | 2080.02.24 | Surendra Prasad Ulak | 4 | Khwopa Hospital | 21043 | A pos | 12356 | 1010.00 |
| 59 | 2080.02.24 | Shreejana Basnet | 4 | Siddhi Memorial Hospital | 21049 | O pos | 7326 | 1010.00 |
| 60 | 2080.02.24 | Mira Napit | 11 | Siddhi Memorial Hospital | 21062 | B pos | 4548 | 1010.00 |
| 61 | 2080.02.24 | Abina Shrestha | 9 | Siddhi Memorial Hospital | 21063 | O pos | 55100 | 1010.00 |
| 62 | 2080.02.24 | Daya Laxmi Joshi | 6 | Bhaktapur Cancer Hospital | 21064 | O pos | 87989/87992/1349 | 3220.00 |
| 63 | 2080.02.24 | Surendra Prasad Ulak | 4 | Khwopa Hospital | 21065 | A pos | 12356/1347 | 1010.00 |
| 64 | 2080.02.24 | Nira Kayastha | 15 | Madhyapur Hospital | 21080 | B pos | 87770/26470 | 1920.00 |
| 65 | 2080.02.24 | Resha Dhukhuchuu | 8 | Siddhi Memorial Hospital | 21105 | O pos | 87967 | 1010.00 |
| 66 | 2080.02.25 | Dhan Bhadhur Jakibanzar | 9 | Bhaktapur International | 21106 | B pos | 35402/30782 | 1520.00 |
| 67 | 2080.02.25 | Sulochana Silpakar | 14 | Siddhi Memorial Hospital | 21107 | B pos | 1355 | 1010.00 |
| 68 | 2080.02.25 | Renu Garu | 16 | Siddhi Memorial Hospital | 21115 | AB pos | 26375 | 1010.00 |
| 69 | 2080.02.25 | Sona Gwachha | 3 | Bhaktapur Cancer Hospital | 21122 | A pos | 87849 | 1010.00 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 70 | 2080.02.25 | Dhan Bhadhur Jakibanzar | 9 | Bhaktapur International | 21124 | B pos | 1356/1357 | 1920.00 |
| 71 | 2080.02.25 | Dhaneswori Koju | 8 | Kanti Children Hospital | 21131 | A pos | 9134 | 810.00 |
| 72 | 2080.02.26 | Ram Dulal | 14 | HOTC | 21158 | A pos | 1330 | 800.00 |
| 73 | 2080.02.26 | Amir Bhakta Munakarmi | 8 | Bir Hospital | 21166 | A pos | | 1920.00 |
| 74 | 2080.02.26 | Saraswoti Laluwa | 4 | Bhaktapur Cancer Hospital | 21181 | B pos | 1370/1371 | 1920.00 |
| 75 | 2080.02.26 | Anu Awal | 7 | Siddhi Memorial Hospital | 21198 | AB pos | 4550 | 1010.00 |
| 76 | 2080.02.26 | Dhan Maya Duwal | 9 | Siddhi Memorial Hospital | 21203 | A pos | 7320/40928 | 1920.00 |
| 77 | 2080.02.27 | Prayog Man Kayastha | | Hope Hospital | 21244 | AB pos | | 1920.00 |
| 78 | 2080.02.27 | Shrijana Lawaju | 3 | Khwopa Hospital | 21260 | A pos | 20109/20113 | 1920.00 |
| 79 | 2080.02.28 | Shiv Prasad Balla | 16 | Civil Service Hospital | 21273 | A pos | | 3740.00 |
| 80 | 2080.02.28 | Sulochana Suwal | 6 | Siddhi Memorial Hospital | 21298 | A pos | 31615 | 1010.00 |
| 81 | 2080.02.29 | Ram Laxmi Karmacharya | 13 | HOTC | 21335 | A pos | 31609 | 800.00 |
| 82 | 2080.02.29 | Bhaja Ram Khadka | 2 | Nepal Korea Friendship | 21346 | A pos | 31584/21815 | 1920.00 |
| 83 | 2080.02.29 | Surya Devi Shakya | 3 | Bhaktapur Cancer Hospital | 21362 | A pos | 4591/4627/4630/4 | 3740.00 |
| 84 | 2080.02.30 | Samjhana Dunegulu | 11 | Siddhi Memorial Hospital | 21394 | A pos | 88019/88201/6543 | 3220.00 |
| 85 | 2080.02.30 | Ram Laxmi Silpakar | 13 | Bir Hospital | 21399 | B pos | | 1920.00 |
| 86 | 2080.02.30 | Samjhana Dunegulu | 11 | Siddhi Memorial Hospital | 21410 | A pos | 4607 | 1010.00 |
| 87 | 2080.02.30 | Dev Laxmi Prajapati | 1 | Civil Service Hospital | 21413 | A Neg | | 2230.00 |
| 88 | 2080.02.31 | Krishna Ram Tamakhu | 12 | Dhulikhel Hospital | 21463 | A Pos | | 1520.00 |
| 89 | 2080.02.31 | Govinda Hari Shrestha | 2 | Teaching Hospital | 21477 | B Neg | | 1920.00 |
| 90 | 2080.02.31 | Suresh Buhyo | 4 | B And B Hospital | 21481 | A Pos | | 3740.00 |
| 91 | 2080.02.31 | Suresh Buhyo | 4 | B And B Hospital | 21491 | A Pos | | 2940.00 |
| 92 | 2080.02.31 | Jamuna Machamasi | 9 | Khwopa Hospital | 21548 | O pos | 12486/12474 | 1920.00 |
| 93 | 2080.02.32 | Renu Suwal | 10 | Siddhi Memorial Hospital | 21555 | AB pos | 36270 | 1010.00 |
| | | | | Total | | | | 153260.00 |

# अनुभवको आदान-प्रदान

## बागमती गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष भक्तपुरमा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग ललितपुरको बागमती गाउँपालिकाका अध्यक्ष वीरबहादुर लोप्चन र उपाध्यक्ष भक्तबहादुर दर्लामीमगरले जेठ २८ गते भेट गर्नुभयो ।

## कपन बहुमुखी क्याम्पसको टोली भक्तपुर नपामा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग काठमाडौँको कपन बहुमुखी क्याम्पसका प्राध्यापकहरूको टोलीले जेठ ३० गते भेट गर्नुभएको छ ।

भेटमा उहाँहरूबीच भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको सञ्चालन विधि, ऐन नियम, व्यवस्थापन आदि विषयमा छलफल हुनुका साथै बुढानिलकण्ठस्थित कपन बहुमुखी क्याम्पस सञ्चालन तथा व्यवस्थापनको विषयमा अनुभव आदानप्रदान भयो ।

## ललितपुर मनपाका अधिकृतस्तरका कर्मचारीहरूको टोली भक्तपुर अध्ययन भ्रमणमा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग ललितपुर महानगरपालिकाका अधिकृतस्तरका कर्मचारीहरूको सेवाकालीन प्रशिक्षणको पाठ्यक्रमअनुसारको स्थलगत अध्ययनको क्रममा असार १ गते भक्तपुर नगरपालिकाको अध्ययन भ्रमणमा आउनुभएका ललितपुर महानपाका प्रशासन शाखा प्रमुख सागर थापासहितको टोलीले भेट गर्नुभएको छ ।

भेटका क्रममा उहाँहरूबीच भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, पर्यटन, सम्पदा संरक्षणलगायतका क्षेत्रमा गरिरहेको नवीनत्तम अभ्यास र उक्त क्षेत्रमा नगरपालिकाको आगामी योजनाहरूबारे छलफल भयो ।

सोही क्रममा टोलीले भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप अस्पतालको स्थलगत अध्ययन गरी अस्पतालबाट प्रवाहित सेवा सुविधाहरूबारे जानकारी हासिल गऱ्यो ।

## थाहा पाइराखौँ

- विश्वको सबैभन्दा ठूलो फुटवल मैदान ब्राजिलको माराकाना हो ।
- वि.सं. २०१८ सालभन्दा अघि नेपालमा ३५ जिल्लामा विभाजित थियो ।
- बेलायतका बादशाह जर्ज प्रथमले अङ्ग्रेजी बोल्न जान्दैनथे ।
- स्वतन्त्र भारतका संविधान निर्माता डा.भीमराव अम्वेडकर हुन् ।
- १ देखि १०० सम्मका अङ्कहरु योगफल ५०५० हुन्छ ।
- नेपाली सेनामा महिलाहरुको प्रवेश २०१८ देखि भएको हो ।
- रसायन शास्त्रका पिता भनेर रवर्ट ठवायललाई भनिन्छ ।

*सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य*

# संक्षेपमा

## खानेपानी ट्यांकी र महादेव खोला मुहानपोखरीको निरीक्षण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजाल, भक्तपुर नपा वडा नं. ९ का वडाअध्यक्ष रबिन्द्र ज्याखव, १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखा र केयुकेएल भक्तपुरका प्रमुख चेतबहादुर ऐरसहितको संयुक्त टोलीले जेठ २३ गते बाँसघारीको खानेपानी ट्यांकी र महादेव खोला मुहानपोखरीको स्थलगत निरीक्षण गरेको छ ।



खानेपानीको मुहान नै सुकेको अवस्थामा स्थानीयलाई खानेपानी उपलब्ध गराउन समस्या भएको हुँदा टोलीले उक्त क्षेत्रमा निरीक्षण गरेको हो ।

## छिकोङ खेलका प्रशिक्षार्थीहरुको भेला






भक्तपुर नपाबाट असार १४ गते छिकोङ खेलका प्रशिक्षार्थीहरुको भेला आयोजना गरियो ।

## प्रमाणपत्र वितरण



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले आधार भूत स्काउट मास्टर तालिमको असार १६ गते आयोजित समापन समारोहमा प्रमाणपत्र वितरण गर्नुभयो ।

झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।

# विविध समाचार

## भाषा र संस्कृति संरक्षणमा स्थानीय पहल प्रशंसनीय



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सम्पदा बस्ती संरक्षण र संबर्द्धनमा स्थानीय तह र स्थानीय जनताबाटै विशेष पहल हुनु आवश्यक भएको बताउनुभयो।

ललितपुर महानगरपालिका वडा नं. २१ को आयोजनामा ऐतिहासिक एवम् सांस्कृतिक रुद्रायणी देवीको १२ वर्षे मेलाको सुअवसरमा जात्रापर्व सञ्चालनार्थ द्यःगँःमा नवप्रवेश गर्नुभएका देवगणहरूको स्वागत तथा सम्मानमा जेठ २१ गते आयोजित बृहत देभ्वय् कार्यक्रममा उहाँले ऐतिहासिक एवम् सांस्कृतिक महत्त्व बोकेको खोखनालाई सांस्कृतिक क्षेत्र घोषणा गरी पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न सकिने सम्भावना भएको बताउनुभयो।

उहाँले भाषा, संस्कृति, पहिचान भएको हुँदा त्यसको संरक्षण आफैले गर्नुपर्नेमा जोड दिनुभयो। उपत्यकाका सांस्कृतिक क्षेत्रमाथि तीव्र रूपमा अतिक्रमण भइरहेकोबारे स्पष्ट पार्नुहुँदै उपत्यकाका पुराना बस्तीहरूको संरक्षण गरी सांस्कृतिक केन्द्रको रूपमा विकास गर्नु आवश्यक छ भन्नुभयो।

खोखना र भक्तपुरको सांस्कृतिक सम्बन्धको विकास गरी समन्वयात्मक रूपमा अघि बढ्न सके संस्कृतिको संरक्षणमा मद्दत पुग्ने धारणा उहाँले राख्नुभयो।

भक्तपुर नपाले पर्यटन शुल्कबाट उठेको रकमबाट भक्तपुरको शिक्षा, स्वास्थ्य र विकास निर्माणमा खर्च गर्दै आएको बताउनुहुँदै भक्तपुर नपाले परम्परागत शैलीमा घर निर्माण गर्ने नगरवासीहरूलाई उचित अनुदानको व्यवस्था गरी प्रोत्साहित गर्दै प्राचीन सहरलाई बचाई राख्ने प्रयत्न गरिरहेको उहाँले बताउनुभयो।

राजनीतिबाट कोही व्यक्ति अलग रहन नसक्ने बताउनुहुँदै उहाँले नागरिकताप्रति राज्य संवेदनशील हुन जरुरी रहेको उहाँले बताउनुभयो।

समसामयिक राजनीतिक विषयमा उहाँले नेपाली नागरिकलाई नागरिकता दिनु कुनै आपत्तिको विषय नभएको बताउनुहुँदै विदेशीलाई नेपाली नागरिकता दिनु कुनै पनि हालतमा ठीक नभएको र यसले देश नै नरहने खतरा बढेको बताउनुभयो।

## "नागरिकता विधेयक पारित गर्नेहरू लेन्डुपका नयाँ अवतारहरू हुन्"




नेपाल मजदुर किसान पार्टीको आयोजनामा नागरिकता विधेयक प्रमाणीकरण र नेपालको लुम्बिनी र कपिलवस्तु गाभेर बनाइएको भारतीय नक्साको विरोधमा जेठ २१ गते माइतीघरदेखि सुरु भएको विरोध जुलुस नयाँ बानेश्वरमा पुगी सभामा परिणत भयो।

नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिको नेतृत्वमा सुरु भएको विरोध जुलुस तथा सभा 'नेपाली लेन्डुपहरू मुर्दावाद ! देशभक्त नेपाली एक होऔँ ! देशघाती नागरिकता विधेयक प्रमाणीकरण खारेज गर !' नाराका साथ जुलुस अगाडि बढेको थियो।

उक्त सभामा नेमकिपाका केन्द्रीय सदस्य **सुनिल प्रजापति**ले नागरिकताजस्तो संवेदनशील विषयलाई जथाभावी वितरण गर्नु भनेको नेपाललाई फिजीकरणको बाटोमा अगाडि बढाउनु हो भन्नुहुँदै नेपाली जनताले देशको रक्षार्थ निरन्तर देशघाती नागरिकता विधेयकविरुद्ध आन्दोलन जारी राख्नु आवश्यक भएको बताउनुभयो।

उहाँले नागरिकता विधेयक पारित गर्ने शासक दलहरूलाई लेन्डुप दोर्जेका नयाँ अवतार भएको बताउनुभयो। राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणिकरण गरेको नागरिकता विधेयकमा अङ्गीकृत नागरिकका सन्तानलाई वंशजको नागरिकता दिने, नेपाली पुरुषसित विवाह गरेका महिलालाई तत्काल नेपाली नागरिकता दिने र गैरआवासीय नागरिक (एनआरएन) लाई सामाजिक, सांस्कृतिक र आर्थिक अधिकार

प्रदान गर्नेलगायत ३ ओटा बुँदा आपत्तिजनक र गम्भीर प्रकृतिको भएको बताउनुहुँदै राष्ट्रपतिको असंवैधानिक कदमको विरुद्ध देशभक्त जनताहरू एक हुनुपर्ने बताउनुभयो।

नेपालको सार्वभौमिकता र स्वतन्त्रता बचाइराख्न नागरिकता विधेयक खारेज गर्नुको विकल्प नरहेको बताउनुहुँदै उहाँले नागरिकताजस्तो अत्यन्त संवेदनशील विषयलाई सामान्यरूपमा लिएमा वा हेलचेक्र्याइँ गरेको खण्डमा नेपालमै नेपालीहरू अल्पमतमा परेर शरणार्थी जीवन बिताउनुपर्ने अवस्था आउने सम्भावना छ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य **उकेश कवां**ले भारतीय एकाधिकार पुँजी र विस्तारवादी नीतिले नेपाललाई कहिले पनि स्वतन्त्र र सार्वभौम देशको रूपमा स्वीकार गर्न नचाहेको बताउनुहुँदै भारतको इसारामा चल्ने शासक दलका नेताहरू जे गरेर पनि भारतीय शासक वर्गलाई खुसी पार्न देशघाती कदम चाल्न अग्रसर भइरहेको बताउनुभयो।

नेमकिपा काठमाडौँ जिल्ला समितिका अध्यक्ष **नारायण महर्जन**ले विदेशीलाई नेपाली नागरिकता दिइएमा नेपालको राष्ट्रिय पुँजी ध्वस्त हुने र भारतकै इसारामा शासक दलहरू चल्ने बताउनुभयो।

त्यस्तै ललितपुर जिल्ला समितिका अध्यक्ष **राजबीर डंगोल**ले विदेशी दलालकै कारण आज नेपाल सङ्कटमा परिरहेको बताउनुहुँदै पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीबाट प्रमाणित गर्न अस्वीकार भएको विधेयक प्रमाणिकरण गर्नु आफैमा वर्तमान राष्ट्रपति पौडेलको असंवैधानिक कदम भएको बताउनुभयो।

कार्यक्रममा नेक्राविसङ्घका केन्द्रीय अध्यक्ष **प्रकाश गुरुङ**ले नेपाली सार्वभौमिकता र संविधान मिच्ने काम शासक दलहरूबाटै हुँदै आएको बताउनुहुँदै विदेशीलाई नागरिकता दिने काम नेपालीहरूको लागि अस्वीकार्य भएको बताउनुभयो। उक्त कार्यक्रममा नेक्रा महिला सङ्घ केन्द्रीय समिति सदस्य **ममिता महर्जन**ले नागरिकता विधेयक प्रमाणीकरणको विरोधमा नेमकिपाले निकालेको अपिल वाचन गर्नुभएको थियो।

## विद्यालयको भौतिक वातावरणले विद्यार्थीको सिकाइ उपलब्धिमा उल्लेख्य प्रभाव पार्ने

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले आधारभूत तह विद्यार्थीहरूको शैक्षिक जग भएको बताउनुहुँदै जीवन र समाज बनाउने आधारभूत तहलाई बलियो बनाउनेतर्फ विद्यालयले विशेष पहल गर्नु आवश्यक भएको बताउनुभयो। नवीन आधारभूत विद्यालयको आयोजनामा जेठ २६ गते




भएको नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत, आधारभूत तह उत्तीर्ण विद्यार्थीहरूलाई बिदाई तथा पुरस्कार वितरण कार्यक्रममा उहाँले आधारभूत तहका विद्यार्थीहरूको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्त्वहरूबारे शिक्षिकहरूले विश्लेषण गर्नु आवश्यक भएको बताउनुहुँदै विद्यालयको भौतिक वातावरणले विद्यार्थीको सिकाइ उपलब्धिमा उल्लेख्य प्रभाव पार्ने देखिएकोले भक्तपुर नपाले यहाँका सबै सामुदायिक विद्यालयको भौतिक सुधारको लागि आवश्यक आर्थिक तथा भौतिक सहयोगमा जोड दिँदै आएको बताउनुभयो।

उहाँले विद्यार्थीहरूलाई सानै उमेरदेखि अनुशासन, असल व्यवहार, ठूलाको सम्मान र आदर गर्ने बानी विकास गराउनुपर्ने बताउनुहुँदै पढाइसँगसँगै अतिरिक्त क्रियाकलाप र सांस्कृतिक गतिविधिमा क्रियाशील बनाउँदै लानुपर्ने बताउनुभयो।

भनपा वडा नं. ७ का वडाध्यक्ष एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **उकेश कवां**ले भक्तपुर नगरमा विभिन्न जातजाति, भाषाभाषीका विद्यार्थीहरू अध्ययरत रहनु आफैमा एउटा सबल पक्ष रहेको बताउनुहुँदै शिक्षक विद्यार्थीको मिहिनेतले विद्यालयले उपलब्धि हासिल गर्ने बताउनुभयो। उहाँले हरेक विद्यार्थीलाई देश र समाजप्रति जिम्मेवार बनाउनुपर्नेतर्फ शिक्षकहरूको ध्यानाकृष्ट गर्नुभयो।

विद्यालयका प्रअ **प्रकाश गोसाई**ले विद्यालयमा हाल २१० जना विद्यार्थी अध्ययनरत रहेको र शैक्षिक सत्र २०८० मा ६५ जना नयाँ विद्यार्थीहरू भर्ना भएको जानकारीका साथै विद्यालयको आगामी योजनाहरू बताउनुभयो।

कार्यक्रममा विद्यालयका शिक्षक **नारायणप्रसाद मचामसी** र शिक्षिका **मेनुका कोजु**ले पनि बोल्नुभएको थियो।

उक्त कार्यक्रमका प्रमुख अतिथि तथा अतिथिहरूले आधारभूत तह उत्तीर्ण विद्यार्थीहरूलाई बिदाई र २०७९ का उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो।

## बक्सिङको बधाई तथा प्रमाणपत्र वितरण




भक्तपुर जिल्ला बक्सिङ सङ्घको अयोजनामा जेठ २८ गते सङ्घको अधिवेशनबाट निर्वाचितहरूलाई बधाई तथा प्रमाणपत्र वितरण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाको बक्सिङ प्रशिक्षणका खेलाडीहरू भक्तपुर जिल्लाबाट सहभागी भई बक्सिङ खेलमा प्रथम स्थान हासिल गरी गोल्ड मेडल जित्न सफल खेलाडीहरूलाई बधाईज्ञापन गर्नुभएको थियो ।

कार्यक्रममा प्रदेश खेलकुदमा स्वर्ण पदक विजेता अस्मिता दुवाल, भावना भण्डारी र विजय बाटालाई प्रमुख अतिथि सुनिल प्रजापतिले सम्मान गर्दै प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

भक्तपुर जिल्ला बक्सिङ सङ्घका अध्यक्ष रामकृष्ण प्रजापतिको सभापतित्वमा सम्पन्न भक्तपुर नपा वडा नं ७ का वडाध्यक्ष उकेश कवाँ, नेपाल बक्सिङ सङ्घका अध्यक्ष राम अवाले, नेपाल बक्सिङ सङ्घका बागमती प्रदेशका प्रतिनिधि मानबहादुर भण्डारी, प्रदेश खेलकुद परिषद् बागमती प्रदेशका धनकुमार मैनाली, नेपाल बक्सिङ सङ्घका कोषाध्यक्ष गौतम सुजखुले आ-आफ्नो राख्नुभएको थियो ।

## सुस्त मनस्थिति कल्याण विद्यालयको स्थापना दिवस



भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले वडा नं. ४ बाराहीस्थानस्थित सुस्त मनः स्थिति कल्याण विद्यालयको ३८ औँ स्थापना दिवस कार्यक्रमको उद्घाटन जेठ २८ गते गर्नुभयो ।

कार्यक्रममा विद्यार्थीहरूलाई स्टेशनरी तथा झोला वितरण गरिएको थियो ।

## रोजगारीको सुनिश्चितता र आर्थिक समानता हुने राजनैतिक व्यवस्था नै समाजवादी व्यवस्था



बागमती प्रदेश शिक्षा तालिम केन्द्र धुलिखेलबाट कक्षा ११ र १२ मा सामाजिक विषय अध्यापन गर्ने माध्यमिक शिक्षकहरूको पेशागत विकास तालिमका विषयगत शिक्षकहरूको टोलीले जेठ ३० गते भक्तपुर नगरको ऐतिहासिक तथा सांस्कृतिक पक्षको जानकारी हासिल गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाको अध्ययन अवलोकन भ्रमण गरेको छ ।

टोलीले भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भेटी भक्तपुर नपाको शैक्षिक अवस्थाबारे जानकारी लियो ।

भेटका क्रममा नगर प्रमुख **प्रजापति**ले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, खानेपानी, विकास निर्माणलगायत जनताका आधारभूत आवश्यकता पूरा गर्दै भक्तपुर नगरपालिकाले नेमकिपाको घोषणापत्रअनुरूप नेपालको संविधानले कल्पना गरेको समाजवादउन्मुख कार्य गर्दै आएको बताउनुभयो ।

उत्पादनका मुख्य मुख्य साधनहरू सामाजिकीकरण, शिक्षा र स्वास्थ्य उपचारजस्ता जनताका आधारभूत आवश्यकताका विषयहरू नि:शुल्क, रोजगारीको सुनिश्चितता

र आर्थिक समानता हुने राजनैतिक व्यवस्था नै समाजवादी व्यवस्था भएको बताउनुहुँदै उहाँले भक्तपुर नपाले शिशुस्याहार केन्द्रदेखि विश्वविद्यालय तहसम्मको शिक्षालाई सस्तो र गुणस्तरीय ढङ्गले प्रदान गर्नेमा जोड दिँदै आएको बताउनुभयो ।



भक्तपुर नगरपालिकाले नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयको भौतिक सुधार तथा शैक्षिक विकासका लागि विद्यालयको आवश्यकताअनुसार आर्थिक सहयोग गर्दै आएको बताउनुहुँदै विद्यार्थीहरूको आवश्यकताअनुसार शैक्षिक छात्रवृत्ति र ऋण समेत व्यवस्था गरेको छ भन्नुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **विजयकुमार शर्मा**ले भक्तपुर नपाको विशेषता र तालिमका सहजकर्ता **विष्णुमाया सापकोटा**ले अध्ययन भ्रमणको उद्देश्यमाथि प्रष्ट पार्नुभयो ।

कार्यक्रमका सहभागी शिक्षकहरूले भक्तपुरको सामुदायिक विद्यालयको अवस्था, स्थानीय पाठ्यक्रम ख्वपको पहिचान, नगरको वर्तमान शैक्षिक अवस्था, सामाजिक पक्ष, शिक्षा विकासको रणनीतिक योजना तथा विविध पक्षबारे जिज्ञासा राख्नुभएको थियो ।

टोलीमा १३ ओटा स्थानीय तहका २५ ओटा विद्यालयका सामाजिक विषयका शिक्षक–शिक्षिकाहरूको उपस्थिति थियो ।

### वागीश्वरी माध्यमिक

वागीश्वरी माध्यमिक विद्यालयको आयोजनामा सामुदायिक विद्यालय स्तरीय गायन प्रतियोगिता–२०८० कमलविनायकस्थित वागीश्वरी कलेजको सभा हलमा सम्पन्न भयो ।

भक्तपुर नगरपालिका वडा नं ९ का वडाध्यक्ष तथा वागीश्वरी माध्यमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष रविन्द्र ज्याख्वले प्रमुख अतिथिको आशनबाट सामुदायिक




विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको गुणस्तर वृद्धि गर्नका लागि यस्ता व्यक्तित्व विकासका प्रतियोगिता आगामी दिनहरूमा पनि निरन्तर भैरहनुपर्ने कुरामा जोड दिनुभयो ।

उक्त प्रतियोगितामा सरस्वती विद्यागृह मा.वि.का छात्र निकेश तामाङ विजेता तथा सोही विद्यालयका लंकबहादुर हमाल उपविजेता भएका छन् ।

कार्यक्रममा वागीश्वरी मा.वि.का प्रधानाध्यापक कृष्णप्रसाद धन्छा, बालगोपाल श्रेष्ठ, रामसुन्दर लवजु, नविन्द्रलाल कर्माचार्य, गनुराज राई, पदमराज दियालीले पनि बोल्नुभएको थियो ।

## का. शोभा प्रधानको वार्षिक स्मृतिसभा

### “गर्न सकिने र गर्न हुने काम भोलिलाई नराखौं”




नेपाल क्रान्तिकारी महिला सङ्घकी पूर्व कोषाध्यक्ष तथा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) का जीवनसाथी कामरेड शोभा प्रधानको वार्षिक स्मृतिसभा असार ८ गते सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका अध्यक्ष बिजुक्छेँले शोभा प्रधानसम्बन्धी संस्मरणहरूको सँगालो **‘स्मृतिमा कामरेड**

**शोभा'** नामक ग्रन्थको लोकार्पण गर्नुहुँदै गर्न सकिने र गर्न हुने काम भोलिलाई नराखौँ भन्नुभयो ।

अध्यक्ष **बिजुक्छेँ**ले कामरेड शोभासँगका केही स्मृतिको स्मरण गर्नुभयो । जीवनमा बहुमत कामदार जनताको दुःखकष्टलाई हेर्दै जीवनमा सकेको गर्नुपर्ने उहाँले बताउनुभयो ।

समयक्रममा कामरेड शोभासँगका संस्मरणका पानाहरूबारे लेख्ने चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'हामी स्वस्थ भएकै बेला जनताको पक्षमा जति काम गर्न, लेख्न र बोल्न सकिन्छ सबै गर्नुपर्छ ।'

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष **ज्ञानसागर प्रजापति**ले एक आदर्श शिक्षिका र अभिभावकको रूपमा कामरेड शोभाको व्यक्तित्वका विभिन्न पक्षबारे चर्चा गर्नुभयो । पाठेघरको क्यान्सर उपचार गराउँदैको स्थितिमा आफूसँगको अन्तिम भेटमा कामरेड शोभाले 'सकेसम्म उपाय गर्ने त हो नि !' भन्नुभएको सधैँ सम्झनामा आइरहने शिक्षक प्रजापतिले बताउनुभयो ।

शोभा प्रधानका देवर तथा शिक्षक **योगेन्द्रमान बिजुक्छेँ**ले प्रधानको धैर्यशील जीवनबारे प्रकाश पार्नुभयो । एक असल गृहिणीको रूपमा प्रधानले पारिवारिक विमतिलाई कहिल्यै लामो समय टिक्न नदिनुभएको उल्लेख गर्नुभयो ।




सार्वजनिकीकरण भएको पुस्तकले 'शोभा भाउजू' को व्यक्तित्वलाई अनेक कोणबाट केलाउन मद्दत गर्ने उहाँले बताउनुभयो ।

१६–१७ वर्ष शोभा प्रधानको सान्निध्यमा बिताउनुभएको स्रष्टा समाज नेपालकी सदस्य **सुशीला कर्माचार्य**ले एक प्रेरणादायी व्यक्तित्वको रूपमा कामरेड शोभालाई सम्झिनुभयो ।

विशेषगरी आफ्नो शैक्षिक विकासमा कामरेड शोभाले आफूलाई सधैँ उत्साहित र उत्प्रेरित गरेको उहाँको भनाइ थियो । विद्यार्थीहरूले शोभा प्रधानलाई शिक्षिकाभन्दा पनि आमाको रूपमा लिने गरेको उहाँले बताउनुभयो ।

शोभा प्रधानकी बहिनी तथा नर्स **चञ्चला प्रधान**ले दिदीले दोस्रोपल्ट क्यान्सरसँग लड्दालड्दै प्राण त्याग्नुभएको बताउनुभयो । उहाँको जीवनबाट शिक्षा लिँदै प्रत्येक महिलाले वर्षमा कम्तीमा एकचोटि स्वास्थ्य जाँच गराउनुपर्नेमा जोड दिनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय उपाध्यक्ष **कमलमैँया सुवाल**ले कामरेड शोभाले भक्तपुरका महिलाहरूबीच स्वास्थ्य चेतना जगाउन हरदम प्रयास गर्नुभएको स्मरण गर्नुभयो ।

सभाध्यक्षको मन्तव्य राख्दै नेपाल क्रान्तिकारी महिला सङ्घकी केन्द्रीय अध्यक्ष **अनुराधा थापामगर**ले भक्तपुर काण्डका क्रममा देखिएको शोभा प्रधानको व्यक्तित्वबारे प्रकाश पार्नुभयो ।

घरको चुलोचौकामा सीमित महिलालाई राजनीतिक हकअधिकारको निम्ति सङ्घर्ष गर्न सिकाउने कामरेड प्रधानको योगदान र व्यक्तित्वबारे प्रत्येक शिक्षक, कर्मचारी तथा विद्यार्थीले छलफल गर्नु नै उहाप्रतिको साँचो श्रद्धाञ्जली हुने उहाँले बताउनुभयो ।

कार्यक्रममा आयोजक समितिका सदस्य **सुलोचना छ्वाजू**ले पनि बोल्नुभएको थियो ।

## मिटरब्याज जाँचबुझ आयोगमा पीडितका २१ हजार ९७५ उजुरी



मिटरब्याजमा ऋण लगाएर सर्वसाधारणको उठीवास लगाउने साहुकारविरुद्ध मिटरब्याजबाट पीडितहरूले गत चैतमा काठमाडौँ पुगेर आन्दोलन गरेपछि सरकार र आन्दोलनरत पक्षबीच पाँचबुँदे सहमति भएको थियो । सोहीअनुसार विशेष अदालतका पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा पूर्वएआइजी उत्तमराज सुवेदी र पूर्वनायब महान्यायाधिवक्ता गणेशबहादुर अर्याल रहेको मिटरब्याज (अनुचित लेनदेन)सम्बन्धी जाँचबुझ आयोग गठन गरेको थियो ।

जनकपुरधाममा कार्यालय रहेको आयोगमा ७७ ओटै जिल्लाबाट २१ हजार नौ सय ७५ उजुरी परेका छन् ।



आयोगका अध्यक्ष गौरीबहादुर कार्कीका अनुसार देशभरका जिल्ला प्रशासन कार्यालयमा अनुचित लेनदेन (मिटरब्याज) पीडित सहायता कक्ष स्थापना गरेर उजुरी लिइएको हो ।

एक जानकारी–अनुसार प्रदेशगत उजुरीको विवरण–

| | |
|---|---|
| कोसी : ३७७ | मधेस : १७,८५६ |
| बागमती : ३३४ | गण्डकी : १४० |
| लुम्बिनी : ३,०१२ | कर्णाली : ७ |
| सुदूरपश्चिम : २४९ | |

आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले 'सम्पत्तिको स्रोत नखुले सम्पत्ति शुद्धीकरणमा मुद्दा चलाउन सिफारिस हुने' बताएका छन् ।

## नक्कली भुटानी शरणार्थीसम्बन्धी मुद्दामा १६ जना थुनामा

काठमाडौँ जिल्ला अदालतका न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासले नक्कली भुटानी शरणार्थीसम्बन्धी मुद्दामा असार १ गते थुनछेक आदेश दिएको छ । कसुरमा संलग्नता देखिने धेरै प्रमाण भएको भन्दै अदालतले उनीहरूलाई थुनामा पठाएको हो । आदेशमा भनिएको छ 'तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादीहरू हाल कसुरदार होइनन् भन्न सकिने अवस्था देखिएन ।'

नक्कली भुटानी शरणार्थीसम्बन्धी मुद्दामा तत्काल प्राप्त प्रमाणले प्रतिवादीको कसुरमा संलग्नता देखिएको भन्दै कसुरको गम्भीरता र उनीहरूलाई हुन सक्ने सजायलाई समेत आधार बनाएर अदालतले १६ जनालाई थुनामा पठाएको हो ।

### न्यायाधीश प्रेमप्रसाद न्यौपानेको आदेश



'तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादीहरू हाल कसुरदार होइनन् भन्न सकिने अवस्था देखिएन ।'

थुनामा पठाइएका आरोपीहरूमा पूर्वमन्त्रीद्वय टोपबहादुर रायमाझी र बालकृष्ण खाण, पूर्वगृहसचिव टेकनारायण पाण्डे, इन्द्रजित राई, पूर्वसभासद् आङटावा शेर्पा, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, हज कमिटीका अध्यक्ष शमशेर मियाँ, खाणका स्वकीय सचिव नरेन्द्र केसी, टोपबहादुरका छोरा सन्दीप, बिचौलियाहरू केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, रामशरण केसी, गोविन्द चौधरी, हरिभक्त महर्जन र सागर राई छन् । उनीहरूलाई मुद्दाको अन्तिम फैसला नहुँदासम्मका लागि जिल्ला अदालतले थुनामा पठाएको हो ।

आरोपीमध्ये टंक गुरुङ र लक्ष्मी महर्जनलाई धरौटीमा रिहा गर्न आदेश दिएको छ ।

सो मुद्दामा १५ जना फरार छन् । जसमध्ये १२ जना अदालतमा मुद्दा दायर भएका फरार छन् । तीनजनाको प्रस्ट ठेगाना खुल्न सकेको छैन । जसमध्ये एक बिचौलिया बेचन झा हुन् । उनले नै तत्कालीन गृहमन्त्री बालकृष्ण खाण र यो धन्दामा संलग्न गिरोहबीच सम्पर्क गराइदिएका थिए । झा पक्राउ परे यो प्रकरणमा थप पाटो प्रस्ट हुने प्रहरी अधिकारी बताउँछन् । बिचौलियाहरूले तत्कालीन गृहमन्त्री रामबहादुर थापा

## थुनामा परेका आरोपीहरू



टोपबहादुर रायमाझी | बालकृष्ण खाण | टेकनारायण पाण्डे | इन्द्रजित राई | टेकनाथ रिजाल | केशव दुलाल | सानु भण्डारी | आङटावा शेर्पा



समशेर मियाँ | सन्दीप रायमाझी | सन्देश शर्मा | सागर राई | रामशरण केसी | नरेन्द्र केसी | गोविन्द चौधरी | हरिभक्त महर्जन

'बादल'देखि केपी ओलीका पिए राजेश बज्राचार्यसम्मलाई पैसा बुझाएको दाबी गरेका छन् । तैपनि थप प्रमाण खुल्न नसक्दा उनीहरूमाथि पहिलो चरणमा प्रहरीले अभियोग अघि बढाउन सकेन ।

### प्रहरीले दोस्रो चरणको अनुसन्धान अघि बढायो


पहिलो चरणको अनुसन्धानमा प्रमाण नपुगेका विषयमा प्रहरीले दोस्रो चरणमा अनुसन्धान थालेको छ । अभियुक्तले बयानमा नाम लिएका तथा स्वतन्त्र प्रमाणले पुष्टि हुन नसकेका व्यक्तिहरूमाथि प्रहरीले दोस्रो चरणमा अनुसन्धान थालेको हो ।

तस्बिरः कान्तिपुर र तेस्रो आँखा

## बालुवाटार जग्गा हिनामिनामा सिआइबीबाट "ठूला माछा" पक्राउ सुरु

### १३ अर्बभन्दा बढीको बिगो : चार मुद्दामा ४०६ विरुद्ध पक्राउ पुर्जी जारी

### – पूर्वमन्त्रीहरू पनि छन् सिआइबीको अनुसन्धान घेरामा




बालुवाटारको सरकारी ललितानिवास जग्गा हिनामिनामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमात्र नभई प्रहरीलाई समेत सधैँ लाग्ने आरोप हो– ठूला माछा छाड्ने र साना माछा पक्राउ गर्ने ।


तर, सिआइबी (केन्द्रीय अनुसन्धान ब्यूरो)ले यसपटक हाई प्रोफाइल अभियुक्त पक्राउ गरेर उक्त आरोप काट्न चाहेको देखिएको छ ।

पाँच वर्ष लगाएर गरेको विस्तृत अनुसन्धान पछि भूमाफिया, कर्मचारी र राजनीतिक नेतृत्वको त्रिपक्षीय मिलेमतोमा भएको बालुवाटारस्थित ललितानिवासको १४३ रोपनी जग्गा हिनामिनाको फाइल खोलेर प्रहरीले फेरि अनुसन्धान अघि बढाएको छ ।

'हाई प्रोफाइल' जोडिएको यो अनियमितताको अनुसन्धान पाँच वर्षदेखि हुँदै आए पनि राजनीतिक दबाबका कारण मुद्दा दायर हुन सकेको थिएन ।

बाबुराम भट्टराई र माधवकुमार नेपाल नेतृत्वको मन्त्रिपरिषद्ले भूमाफियालाई फाइदा हुने गरी यसमा निर्णय गरेको थियो ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले असार १२ गते यो प्रकरणका केही अभियुक्तलाई पक्राउ गरेर



मुद्दालाई अदालत पुऱ्याउने तयारी गरेको छ। सिआइबीले भाटभटेनी सुपरमार्केटका मालिक मीनबहादुर गुरुङ, पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाह, मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन प्रमुख कलाधर देउजा, सोही कार्यालयका कर्मचारी सुरेन्द्रमान कपाली, धर्मप्रसाद गौतम, हुपेन्द्रमणि केसी र गोपाल कार्कीलाई पक्राउ गरेको हो। अदालतबाट पहिल्यै 'स्टे अर्डर' जारी भएका केसी, देउजा र कपालीलाई भने साँझ हाजिर जमानीमा छाडिएको छ।




अख्तियारले २०७६ मा हालेको मुद्दाका आरोपीहरू र बिगो दाबी

विसं २०४९, २०६२, २०६७/६८ र २०६९/७० मा भएका छुट्टाछुट्टै निर्णयबाट ललितानिवास क्याम्पको जग्गा हिनामिना भएका आधारमा चारओटा मुद्दा दायर हुन लागेको हो। बिचौलियाद्वय रामकुमार सुवेदी र शोभाकान्त ढकालको चारओटै मुद्दामा संलग्नता देखिएको छ।

नेकाका संस्थापक नेता सुवर्णशमशेर राणाका परिवारको सो जग्गा पञ्चायतकालमा जग्गा प्राप्ति ऐनअनुसार क्षतिपूर्ति दिएर अधिग्रहण भएको थियो। १५ मंसिर ०२१ मा दुई सय ९९ रोपनी नौ आना तीन पैसा जग्गा अधिग्रहण भएको थियो। सोही जग्गामा पछि प्रधानमन्त्रीनिवास, सभामुखनिवास, प्रधानन्यायाधीशनिवास तथा नेपाल राष्ट्र बैंकको कार्यालय छ।

प्रजातन्त्र आएपछि कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारले जफत गरिएका जग्गा प्रक्रिया पुऱ्याएर फिर्ता दिने

### शारदाप्रसाद त्रिताल
**ललितानिवास जग्गा हिनामिना छानबिन समितिका संयोजक**



'यसमा उच्च तहसम्मको राजनीतिक नेतृत्वको 'कनेक्सन' छ। तत्कालीन प्रधानमन्त्रीहरूसम्म यसमा जोडिएका छन्। पहिला पनि प्रहरीले मुद्दा प्रक्रिया अघि बढाएकामा महान्यायाधिवक्ताले रोकेका थिए। मैले बुझेअनुसार सिआइबीले पहिले नै यसमा विस्तृत अनुसन्धान गरिसकेको छ। अब, कसरी अभियोजन गर्छन् भन्ने नै मुख्य विषय हो। गहन अनुसन्धान हुन सकेमा यस प्रकरणमा धेरै विषय बाहिर आउँछन्। भूमाफिया, कर्मचारी र नेताको त्रिपक्षीय सञ्जालबाट भएको अपराध हो यो। जग्गा हिनामिनाका लागि धेरै कागजातहरू किर्ते भएको छ। सक्कली कागजपत्रहरू हटाउने र नक्कली राख्ने काम भएको छ। हुँदै नभएको मोही कायम गरिएको छ।

त्यसकारण अहिलेको अनुसन्धानले राजनीतिक नेतृत्व तथा कर्मचारीको संलग्नताको पर्दाफास गर्नेछ भन्ने विश्वास छ।'

एक सय ४३ रोपनी हिनामिना भए पनि सात रोपनी बाटोमा पर्ने भएकाले एक सय ३६ रोपनी जग्गाको माग दाबी लिन लागिएको हो। वडा कार्यालयले सो जग्गाको मूल्य प्रतिआना ६० लाख रुपैयाँ हुने मूल्याङ्कन दिएको छ। जसअनुसार एक सय ३६ रोपनीको १३ अर्ब पाँच करोड ६० लाख हुनेछ। वडाले दिएको यो मूल्याङ्कन दुई वर्षअघिको हो। हाल मूल्य अझै बढेकाले बिगो बढ्न सक्नेछ।




कालोबाहेक अरू जग्गा बेचिएको छ

निर्णय भएकोमा अधिग्रहण भएको जग्गालाई जफतको परिभाषा गरेर मिलेमतोमा राणाको सन्तानको नाममा लगिएको थियो । पछि प्रधानमन्त्रीनिवास विस्तार तथा नक्कली गुठी खडा गरी नक्कली मोही बनाएर थप ३१ रोपनी हिनामिना भएको हो ।

**किरण बज्राचार्य**

सिआइबी प्रमुख, एआइजी

'सरकारी जग्गा व्यक्तिको नाममा लगिएको छ । यसका लागि कागजात किर्ते गरिएका छन् । यो धन्दामा



सम्बन्धित निकायका 'मेजर पोस्ट'मा रहेकाहरूको खास संलग्नता देखिन्छ । अबको कारबाही उनीहरूविरुद्ध केन्द्रित हुनेछ । उनीहरूविरुद्ध पक्राउ पुर्जीसमेत जारी भइसकेको छ ।'

सरकारी जग्गा व्यक्तिको नाममा लैजाँदै दर्जनौं सरकारी कागजपत्र किर्ते भएका थिए । सरजमिन मुचुल्का र निवेदनमात्र होइन अदालतको फैसलासमेत किर्ते गरेर पेस गरिएको थियो । वडा कार्यालयका कतिपय पत्रसमेत किर्ते बनाइएको थियो ।

ठगी र किर्ते मुद्दामा जाहेरी परेकोमा गत सरकारकै दबाबमा ठगी मुद्दा नचलाउने निर्णय भएको थियो ।

पूर्वसचिव शारदाप्रसाद त्रिताल नेतृत्वको छानबिन समितिले किर्तेमा संलग्नलाई प्रहरीमार्फत कारबाही गर्न सिफारिस गरेको थियो ।

सिआइबी स्रोतका अनुसार डेढ वर्षअघि नै जिल्ला अदालतले तीन सयभन्दा धेरैविरुद्ध पक्राउ पुर्जी जारी गरिसकेको छ । 'चारओटा मुद्दामा चार सय ६ जना प्रतिवादी छन्,' सिआइबी स्रोत भन्छ, 'केही प्रतिवादी चारै मुद्दामा रहेकाले यसमा करिब तीन सय व्यक्तिको संलग्नता देखिन्छ ।'

तस्बिरहरु : इन्टरनेट

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
**नगरको विकासमा सघाऔं ।**

## "भक्तपुर नगरपालिकाले सय वर्षपछिको आधार निर्माण गर्दैछ"

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सय वर्षपछिको भक्तपुरको दीर्घकालीन योजनाको आधार तयार गर्न भक्तपुर नगरपालिकाले पुरानो नगरभित्र घर निर्माण गर्ने घरधनीलाई इँटा, झिँगटी र काठको लागि अनुदान, शैक्षिक संस्थाहरू सञ्चालन, युवाहरूलाई विभिन्न विदेशी भाषाको तालिम सञ्चालन र सांस्कृतिक प्रशिक्षण दिनेलगायतका कार्य चालू रहेको बताउनुभयो ।

ललितपुर महानगरपालिका र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको सहकार्यमा असार १५ गते भएको ललितपुर महानपाका सातौं, आठौं र नवौं तहका अधिकृतस्तरका कर्मचारीहरूको 'प्रभावकारी सेवा प्रवाहका लागि स्थानीय शासन र सहरी व्यवस्थापन' विषयक ३० दिने सेवाकालीन



प्रशिक्षणको समापन कार्यक्रममा प्रमुख प्रजापतिले विकेन्द्रीकरण र स्वायत्तताको पूर्ण कार्यान्वयन भएमा नेपालमा सङ्घीयता आवश्यक नभएको विचार व्यवहारले पुष्टि भएको बताउनुहुँदै सङ्घ र प्रदेशबाट नियन्त्रित सङ्घीयताको अभ्यास गर्न खोज्नु उचित होइन भन्नुभयो ।

भक्तपुर नगरपालिकाको सङ्क्षिप्त परिचयसहितको प्रस्तुतीकरण देखाउनुहुँदै प्रमुख प्रजापतिले स्थानीय तह स्रोत र साधनको अधिकत्तम प्रयोग हुने ठाउँ भएको बताउनुहुँदै देशका ७५३ ओटै स्थानीय तहमा एउटै कानुन र ऐन–नियम भए पनि काम गर्ने शैली र समस्याहरू पालिकापिच्छे फरक फरक हुने बताउनुभयो ।

संविधान र कानुनले प्रदान गरेको अधिकार क्षेत्रभित्र रही भक्तपुर नगरपालिकाले आवश्यक नीति निर्माण गरी त्यसको कार्यान्वयनमा जोड दिँदै व्यापक जनताको हितमा शिक्षा र स्वास्थ्य क्षेत्रमा न्यून शुल्कमा गुणस्तरीय सेवा प्रदान गर्दै समाजवादउन्मुख काम गर्दै आएको बताउनुभयो ।

ख्वप विश्वविद्यालय सम्बन्धनको विषयमा शासक दलहरूले भक्तपुरलाई पक्षपात र पूर्वाग्राही सोचले हेरिरहेको



तालिमका सहभागी कर्मचारीहरूले नगर प्रमुख सुनिल प्रजापतिसँग भक्तपुर नगरपालिकाको सुशासन, असल अभ्यास, सेवा प्रवाह, कार्यशैली, विकासको मोडल, घरदैलो नर्सिङ सेवा र नगरपालिकाका चुनौती आदिबारे जिज्ञासा राखेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि सुनिल प्रजापति र अतिथिहरूले तालिमका सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरू आफैमा विश्वविद्यालयको रूपमा सञ्चालनमा रहेको बताउनुभयो ।

भक्तपुरको शिक्षा विकासमा नेमकिपाले खेलेको भूमिकामाथि प्रष्ट पार्नुहुँदै उहाँले संविधानको भावनाअनुसार प्रत्येक नागरिकलाई शारीरिक व्यायामको अधिकार प्रदान गर्ने उद्देश्यले टोल टोलमा खुल्ला व्यायामशाला स्थापनाका साथै हरेक वर्ष अन्तरनगर खेलकुद प्रतियोगिता र अन्तरविद्यालय खेलकुद प्रतियोगितालगायतको आयोजनालाई निरन्तरता दिँदै आएको बताउनुभयो ।

समापन कार्यक्रममा ललितपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **गणेश अर्याल**ले भक्तपुर नगरपालिकाको सिकाइ देशकै लागि उल्लेखनीय भएको बताउनुहुँदै कर्मचारीहरूको सेवा प्रवाहलाई अझ चुस्त दुरुस्त ढङ्गले अगाडि बढाउन ललितपुर महानपाले छुट्टै बजेट व्यवस्था गरी ३० दिने सेवाकालीन तालिमको आयोजना गरेको र तालिमबाट प्राप्त ज्ञान र सीप कार्यालय क्षेत्रमा प्रभावकारी ढङ्गले कार्यान्वयन हुने विश्वास व्यक्त गर्नुभयो ।

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक **कानुनलाल चौधरी**ले नागरिकलाई प्रदान गरिने सेवाको प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्यले कर्मचारीहरूमा रहेको ज्ञान, सीप र क्षमतालाई समयसापेक्ष रूपमा प्रवर्द्धन गर्ने उद्देश्यले सेवाकालीन तालिमको अहम् भूमिका रहेको बताउनुहुँदै कर्मचारीहरूले आफ्नो ज्ञान र सीपको माध्यमबाट सिङ्गो नगर र देश विकासमा सहयोगी भूमिका खेल्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

प्रतिष्ठानका उपनिर्देशक **कृष्णप्रसाद भट्टराई**ले भक्तपुर नगरपालिकाका असल अभ्यासबाट प्रशिक्षित हुने अवसरको लागि धन्यवादज्ञापन गर्दै तालिम निकै प्रभावकारी भएको बताउनुहुँदै तालिमले प्रशिक्षार्थीहरूलाई समय व्यवस्थापनका साथै अनुशासन र आचरणका व्यवहार पनि सिकाउने विचार राख्नुभयो ।

## बागमती बक्सिङ सङ्घको साधारण सभा




बागमती प्रदेश बक्सिङ सङ्घको प्रथम साधारण सभा प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेश बोर्ड सदस्य हिक्मत थपलियाको प्रमुख आतिथ्यमा र नेपाल बक्सिङ सङ्घका कोषाध्यक्ष गौतम सुजखुको विशेष आतिथ्यमा नेपाल बक्सिङ सङ्घका प्रतिनिधि मानबहादुर भण्डारीको सभापतित्वमा असार १५ गते हात्तिवनमा सम्पन्न भयो ।

साधारणसभाले धनकुमार मैनालीको अध्यक्षतामा ११ सदस्यीय कमिति गठन गरियो । उपाध्यक्षमा रामचन्द्र थापामगर, सचिव रामकृष्ण प्रजापति, कोषाध्यक्षमा भुपेन्द्र विष्ट, सदस्यहरूमा रमेश श्रेष्ठ, बमबहादुर स्याङताङ, कुलबहादुर थापा, सुनिल शर्मा निर्विरोध निर्वाचित भई पहिलो बैठकले उपाध्यक्षमा सुमनकुमार के.सी., सदस्यमा रत्न अवाले र सुरज ग्वाछा मनोनित गरियो ।

कार्यक्रममा प्रमुख अतिथि हिक्मत थपलिया, विशेष अतिथि गौतम सुजखु, अतिथि मानबहादुर भण्डारी, ओमनारायण श्रेष्ठ, धनकुमार मैनाली र रामचन्द्र थापामगरले बोल्नु भएको थियो ।

# हाम्रो स्वास्थ्य

## सौन्दर्य सामग्रीहरूले स्वास्थ्यमा पार्न सक्ने असर



– डा. राजेन्द्र झवाली

आजकाल धेरै व्यक्तिहरूले आफ्नो सौन्दर्यतामा अझै बढी निखार ल्याउनका लागि रहनसहनमा सुधार ल्याउनुका अलावा विभिन्न प्रकारका सौन्दर्य प्रसाधनका सामग्रीहरू प्रयोग गर्ने प्रचलन बढेको छ। छालाको मुलायम त्वचाका लागि मोइस्चराईजर, सूर्यको विकीरणबाट जोगिनका लागि सनस्क्रिन, साथै ब्युटीक्रिम, लिपिस्टिक, स्याम्पु, नेलपोलीस, भिटामिन, सेरम, तेल, जडिबुटीहरूलगायत अन्य थुप्रै सामग्रीहरू प्रयोग गर्ने गर्छन्। बिहानै दिनचर्या सुरु गर्दादेखि बेलुका सुत्नेबेला समेत गरी हामीले कैयन ब्राण्डका सामग्री प्रयोग गर्दैगर्दा धेरै रसायनहरू पनि उपभोग गरिरहेका हुन्छौं। यी सामग्रीहरूमा मिश्रण गरिएका रसायनहरूको प्रभाव क्षणिक रूपमा लाभकारी देखिएता पनि ती सामग्रीहरूको दीर्घकालीन उपभोगबाट हाम्रो स्वास्थ्यमा नकारात्मक असर पर्नसक्छ। तर, हामीले प्रयोग गर्ने यी सामग्रीहरूको गुणस्तरमा निर्माता उद्योगहरूले लापरबाही गरेको खण्डमा, हाम्रो सौन्दर्यतामा गम्भीर प्रभाव पनि पर्दछ भन्ने तथ्य विगतका कैयन अध्ययन अनुसन्धानहरूबाट पत्ता लागेको छ। गुणस्तरहीन नक्कली सामग्रीहरू र उपभोक्ताको शरीरमा नसुहाउनेखाले रसायनहरूले बाहिरी सौन्दर्य मात्र नभई भित्री स्वास्थ्यमा समेत असर पारिरहेका हुन्छन्।

सौन्दर्य सामग्रीहरू उत्पादनमा प्रयोग भइरहेका सामग्रीहरूमा विभिन्न कच्चा पदार्थको उपयोग हुन्छ। केही हानिरहित हुन्छन् भने केही एलर्जी ट्रिगर वा क्यान्सरसम्मको रोग लाग्नसक्ने हानिकारक रसायन मानिन्छन्। सौन्दर्य सामग्रीहरूमा मिसाइएका रसायनिक पदार्थहरू नाक, छाला, मुख र आँखाबाट सिधै शरीरमा प्रवेश गर्छन्। अधिकतम रसायन भएका त्यस्ता सामग्रीहरूले आँखामा इन्फेक्सन हुने, आँखाको ग्रन्थीलाई बन्द गराउने, कपालको प्रोटीन नस्ट पार्ने, छाला चिलाउने, मस्तिष्कमा नकारात्मक असर पार्ने, हर्मोनको नियमित चक्रमा विचलन ल्याउने, गर्भधारण प्रक्रियामा प्रभाव पार्ने, छालाका छिद्रहरू बन्द गराउने र छाला तथा स्तन क्यान्सरसम्म हुन सक्ने सम्भावना हुन्छ। त्यसकारणले गर्दा धेरैजसो उपभोक्ताहरू आजभोलि जडिबुटीबाट बनेका, प्राङ्गारिक, प्याबिनरहित र अर्गानिक सामग्रीतर्फ आकर्षित हुने गरेको पाइन्छ।

नेपालको बजारमा यस्ता सौन्दर्य सामग्रीहरूका नक्कली उत्पादनहरू छ्याप्छ्याप्ती भेटिने गरेका छन्। नक्कली सौन्दर्य सामग्रीहरू बनाई अन्तर्राष्ट्रिय ठूला कम्पनीहरूको स्टिकर लगाउने र उपभोक्तालाई ठग्ने, अप्रमाणित रसायनहरू प्रयोग गर्ने, घर-घरमा डेरामा, छाप्रोमा मापदण्ड विपरीतका नक्कली कारखानाहरूमा रिफिलिङ गर्ने गरेका घटनाहरू प्रहरीले सार्वजनिक गर्दै आएको छ। करिब दुई वर्ष पहिले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको गुणस्तर तथा नापतौल विभागले **नेपाली बजारमा रहेका क्रिम, लोसन, लिपिस्टीकका नमुनाहरू सङ्कलन गरी त्यसका रसायनहरूको गुणस्तर अध्ययन गरेको थियो।** जसमध्ये कैयन ब्राण्डका नमुनाहरूले Lead, Cadmium, Chromium, Mercury जस्ता हानिकारक धातुहरू अन्तर्राष्ट्रिय मापदण्डमा निर्धारण गरिएको मात्राभन्दा कैयन गुणा बढी परिमाणमा मिसाइएको पाइयो। बंगलादेशमा सन् २०१९ मा गरिएको यस्तै अनुसन्धानमा पनि धेरै सौन्दर्य क्रिमहरू Lead र Chromium को मात्रा विश्व स्वास्थ्य सङ्गठन र युरोपियन सङ्घले तोकेको भन्दा धेरै गुणा बढी परिमाणमा भेटिएको उल्लेख छ। नाइजेरीयामा सन् २०१६ मा Bayero विश्वविद्यालय, पाकिस्तानमा सन् २०२० मा COMSATS विश्वविद्यालय र इटालीको राष्ट्रिय स्वास्थ्य संस्थानले सन् २०१४ मा गरेका नमुना परीक्षण तथा विस्तृत अध्ययनबाट पनि अधिकांश सौन्दर्य सामग्रीहरू ठूलो परिमाणमा त्यस्ता विषालु धातुहरू मिश्रण गरिएको र त्यस तथ्याङ्कलाई विश्लेषण गर्दा क्यान्सर हुनसक्ने सम्भावना अत्यधिक बढिरहेको प्रमाणहरू भेटिएका छन्। बेलायतको Amersham अस्पतालको एक अध्ययनमा सौन्दर्य सामग्रीको प्रयोगका कारण २३ प्रतिशत महिला र १३ दशमलव ८ प्रतिशत पुरुषहरूमा छाला सम्बन्धी रोग लागेको तथ्य उच्चस्तरीय अनुसन्धानबाट फेला परेको छ।

विश्व स्वास्थ्य सङ्गठनले सौन्दर्य सामग्रीमा प्रयोग गरिने धातुहरू र रसायनहरू सम्बन्धी मापदण्ड निर्धारण गरेको छ। हालसालै नेपालको गुणस्तर तथा नापतौल

विभागले पनि यस्ता वस्तुहरूको नियमन मापदण्ड निर्धारण गरेको छ । तर, विश्वबजार लगायत नेपाली बजारमा पनि नक्कली र शरीरको लागि घातक केमिकल मिसिएका हानिकारक सौन्दर्य सामग्रीहरू फेला पर्दै जानुले आम उपभोक्तालाई यसले पार्नसक्ने दीर्घकालीन असर भयावह हुनसक्छ । त्यसैले यस क्षेत्रका विशेषज्ञहरूले ती कम गुणस्तरका सौन्दर्य सामग्रीहरूका मिश्रण बुझ्न, प्रयोगकर्ता आफै सचेत हुन र कडाखाले केमिकल राखिएको शङ्का लागेमा प्रयोग नगर्न सुझाव दिने गरेका छन् । नेपालमा पनि वि. सं. २०७५, २०७६ का लेखहरूमा नेपालमा गुणस्तरहीन सौन्दर्य सामग्री जथाभावी प्रयोगले छालासम्बन्धी धेरै प्रकारका समस्याहरू बढेको उल्लेख गरिएको छ । शरीरमा विभिन्न प्रकारका दागहरू देखिने, छाला चिलाउने र बाक्लो हुने, कत्ला छाड्ने, अनुहारमा चाँया पोतो डण्डिफोरका समस्या आइरहने, कपाल झर्नेजस्ता समस्याहरू बढ्नुका कारणहरूमध्ये गलत मिश्रण गरिएको सौन्दर्य सामग्रीहरूको प्रयोग, नक्कली कारखानामा बनेका कमसल उत्पादन र उपभोक्तामा चेतनाको



कमी केही कारणहरू हुन् ।

विश्वभर हालसम्म १८ करोड २० लाख ओटा रसायनहरू सूचीकृत गरिएको छ । अमेरिकन एकेडेमी अफ साइन्समा प्रकाशित एक लेखका अनुसार अमेरिकामा मात्रै १२ हजार ५०० रसायनहरू र चीनको कस्मेटिक तथ्याङ्क निकाय आईईसीसीआईका अनुसार ८ हजार ९७२ ओटा रसायनहरू क्रमशः व्यक्तिगत स्याहार र सौन्दर्य सामग्रीहरू बनाउनका लागि अनुमति दिएको छ । युरोपियन सङ्घमा भने करिब एक हजार ३०० ओटा यस्ता रसायनहरूलाई कस्मेटिक उत्पादन गर्न प्रतिबन्ध लगाइएको छ । नेपालमा पनि सौन्दर्य सामग्रीहरू वस्तु उत्पादन क्षेत्रलाई नियमन गरी वैज्ञानिक आधारमा यस्ता हानिकारक रसायनहरूलाई वर्गीकरण गरी सूचीकृत गर्ने, नीति निर्माणगरी सबै कस्मेटिक उद्योगलाई कुशल उत्पादन मापदण्डभित्र राख्ने, र उत्पादन अनुमतिका लागि परिमाणसमेत तोक्ने खालको व्यवस्था कडाइका साथ लागू भएमा आम उपभोक्ताले अझ गुणस्तरीय सामग्रीहरू पाउने थिए । तर सौन्दर्यताका लागि खान प्रयोग हुने केही उत्पादनहरूले कलेजो र रक्त प्रणालीमा असर पारेको तथ्य सन् २०२० मा बेल्जियमका प्राध्यापक Tamara Vanhaecke को समूहले प्रकाशन गरेको छ । अर्कोतर्फ, जडिबुटीजन्य स्रोतहरूबाट तयार पारिएका धेरैजसो सौन्दर्यका सामग्रीहरूले शरीरमा खासगरी प्रतिकूल प्रभाव नपारेको तथ्य दक्षिण कोरियाका प्राध्याक सोङ जुङ किमको टोलीले दाबी गरेको छ ।

सौन्दर्य सामग्रीहरू मिश्रण तयार पार्दा त्यसमा प्रयोग गरिने प्रत्येक रसायनहरू मापदण्डअनुरूप सही अनुपातमा मिसाइएको हुनुपर्छ । अमेरिकाको स्वास्थ्य तथा मानव सेवा विभागका अनुसार सौन्दर्य सामग्रीहरू उत्पादनमा मिसाइएका प्रत्येक तत्त्वहरूको एक–आपसको प्रतिक्रिया र परिमाणले त्यस उत्पादनको विषाक्तता निर्धारण गर्छ । कुशल उत्पादन प्रक्रिया अपनाई उत्पादन गरिएको, स्टिकरमा उल्लेख गरिए बमोजिम सक्रिय तत्त्वहरूको गुणस्तर परीक्षण गरिएको र विधिहरू सही तरिकाले अवलम्बन गरेको हुनुपर्छ । अझ महत्त्वपूर्ण कुरा के छ भने, सौन्दर्य सामग्रीहरूमा प्रयोग हुने सबैखाले कच्चा पदार्थको पहिचान, छनोट, खरिद, भण्डारण र गुणस्तर परीक्षणमा कस्ता प्राविधिकहरू संलग्न हुन्छन्, उत्पादन गर्ने उद्योगको स्तरियता र त्यसबाट उत्पादन हुने सौन्दर्य सामग्रीहरूको गुणस्तर निर्धारण गर्दा अन्तर्राष्ट्रिय मापदण्ड अवलम्बन आदिका आधारमा मात्र ती उत्पादनहरू सुरक्षित मान्न सकिन्छ । त्यसैले दक्ष जनशक्तिद्वारा सञ्चालित उद्योगहरूबाट बनेका कस्मेटिक उत्पादनहरू प्रायः कुशल उत्पादन अभ्यास र इन्टरनेशनल कोअपरेसन अन कस्मेटिक रेगुलेसनको निर्देशिका अनुसार त्यसको गुणस्तर र दीर्घकालीन दुष्प्रभावहरूको परीक्षण गरिएको हुन्छ, र त्यस्ता सामग्रीहरू सुरक्षित मानिन्छ । त्यस्ता सौन्दैर्य वस्तुको निर्माणमा प्रयोग हुने केही कच्चा पदार्थहरू र तिनीहरूको असरका बारेमा यस लेखमा चर्चा गरिएको छ ।

**लिड–** परम्परागत आइलाइनर जस्तैः गाजल (नेपाल), खोल (अरबियन राष्ट्रहरू), सुरमा (भारत) आदि उत्पादनहरूमा लिडको परिमाण अत्यधिक मात्रामा भेटिन्छ । लिपस्टिक, लिपग्लस, आइस्याडो, ब्लुसेस, स्याम्पु, बडि लोसन आदिमा पनि लिडको प्रयोग हुने गरेको संयुक्त राज्य अमेरिकाको स्वास्थ्य एवं मानव सेवा विभागले उल्लेख गरेको छ । लिडको सम्पर्कमा लामो समय रहेमा यसले स्मरण शक्तिमा असर पार्ने, महिनावारीमा समस्या आउने,

गर्भवती महिलाको बच्चा खेर जाने, प्रजनन प्रक्रियामा नकारात्मक असर पार्ने, छाला सम्बन्धी समस्या देखिने आदि प्रमुख असरहरू देखिन्छन् ।

**क्याडमियम र फ्थालेट्स–** खास गरेर नेलपोलिस र लिपस्टिकमा चम्किलो रङको प्रयोजनका लागि क्याडमियम र फ्थालेट्सको अत्यधिक प्रयोग गरेको पाइन्छ । यस्ता सौन्दर्य सामग्रीहरू प्रयोग गर्दा, क्याडमियम शरीरको छालाको छिद्र हुँदै सजिलै शरीरभित्र प्रवेश गर्दछ । शरीरबाट बाहिर निस्कन लामो समय लाग्ने भएकाले यसले मिर्गौला र कलेजो लगायत अन्य अङ्गहरूमा नोक्सान गर्छ भन्ने तथ्य जर्मनीका अनुसन्धानकर्ताहरूले सन् २००६ मा उल्लेख गरेका छन् । अमेरिकी स्वास्थ्य एवं मानव सेवा विभागले यस्ता धातुहरूलाई हर्मोनको गडबडी र साथै स्तन क्यान्सर गराउन सक्ने भनेर किटान गरेको छ । साथै यसले रक्तचाप घटीबढी हुने, बान्ता हुने, मिर्गौलामा असर गर्ने लगायत हड्डी कमजोर हुने जस्ता प्रभावहरू सुरक्षित कस्मेटिक अभियानमा सन् २००७ मा प्रकाशित छन् ।

**क्रोमियम–** क्रोमियम खासगरी आँखाको सौन्दर्यतामा प्रयोग गरिने सामग्रीहरू उत्पादन गर्न प्रयोग गरिन्छ । तुलनात्मक रूपमा सौन्दर्य सामग्रीहरूमा अन्य धातुहरूभन्दा क्रोमियमको परिमाण कम मात्रामा भेटिने तथ्य प्राध्यापक ह्वाङको दक्षिण कोरियामा सन् २००९ मा गरेको अनुसन्धानले देखाउँछ । भारतमा मर्करी र क्रोमियमको प्रयोगमा बन्देजसमेत लगाइएको छ । यो धातुले छाला चिलाउने, घाउ हुने, रातो हुनेजस्ता समस्याहरू निम्त्याउँछ ।

**मर्करी–** मर्करीलाई सौन्दर्य सामग्रीहरूमा छाला उज्यालो पार्नका लागि ह्वाइटनिङ क्रिम र साबुनहरूमा मिसाउने गरेको पाइन्छ । साथै आँखाको सौन्दर्यतामा प्रयोग हुने कस्मेटिकहरू जस्तै, मस्कारा, आईमेकअपहरूमा पनि प्रयोग गरिन्छ । तर मिनामाता (जापान) सम्मेलनमा यसलाई कस्मेटिक प्रयोजनका लागि एक मिलिग्राम प्रतिकिलोसम्म राख्न सकिने मापदण्ड बनाइएको छ । त्यसलाई ११२ देशले अनुमोदित गरेका छन् । अमेरिकाको मिनेसोटा डिपार्टमेन्ट अफ हेल्थको एक सर्वेक्षणमा कस्मेटिक क्रिमहरूमा मर्करीको मात्रा ३३ हजार मिलिग्राम प्रतिकिलोसम्म फेला परेको थियो । एसियाली र मध्य अफ्रिकी राष्ट्रहरूमा प्रयोग गरिने छाला उज्यालो पार्ने क्रिम र साबुनहरूमा मर्करीको परिमाण उच्च रहेको कुरा विश्व स्वास्थ्य सङ्गठनको सन् २०११ को अनुसन्धानमा देखिन्छ । मर्करी एक खतरनाक धातु हो, जुन सिधै स्नायु प्रणालीमा पुग्छ र त्यसलाई नोक्सान पुऱ्याउँछ । साथै प्रजनन, श्वासप्रश्वास, मिर्गौलालगायत शरीरको प्रतिरोधात्मक क्षमतालाई कमजोर बनाउँछ ।

**स्टेरोईड–** स्टेरोईडहरूको प्रयोग सौन्दर्य सामग्रीहरूमा लुकाएर प्रयोग गर्नु भनेको यसको दुरूपयोगजस्तै मानिन्छ । साथै उपभोक्ताहरूको स्वास्थ्यमा खेलवाड गर्नु पनि हो । सन् २०१७ मा इटालीका वैज्ञानिकहरूले नक्कली र अवैध रूपमा फेला परेका कस्मेटिकका नमुनाहरू अध्ययन गर्दा त्यसमा १० प्रकारको संवदेनशील कर्टिको स्टेरोईडहरू मिश्रण गरेर बनाइएको पाइएको थियो । कर्टिकोस्टेरोईडको प्रयोगले तत्काल रूपमा छालाको समस्या समाधान गर्न प्रभावकारी पनि मान्न सकिन्छ । तर लामो समयसम्म यस्ता स्टेरोईड मिश्रण गरिएका सामग्रीहरू प्रयोग गर्दा छालामा नकारात्मक प्रभाव पार्ने, निलो डाम बस्ने, छाला बाक्लो हुने र त्यसबाहेक मधुमेह, उच्च रक्तचाप, हड्डी खिइनेजस्ता रोगहरू पनि लाग्नसक्छ भनेर सन् २०१२ मा वैज्ञानिकहरूले तथ्यसहित प्रस्तुत गरेका थिए ।

**अक्सोबेन्जोन–** सूर्यको परावैजनिक किरणबाट जोगिन प्रयोग गरिने सनस्क्रिमहरूमा Avobenzone, Oxybenzone, Octocrylene जस्ता रसायनहरूको प्रयोग हुन्छ । अक्सोबेन्जोनले हाम्रो शरीरमा प्रवेश गरी ग्रन्थीहरूमा असर पार्दछ । त्यसकारण यस्ता सनस्क्रिमहरूको प्रयोगले थाइरोइडको समस्या, प्रजनन क्षमतामा समस्या र क्यान्सरसम्म हुनसक्ने प्रमाणहरू सन् २०२० को संयुक्त राज्य अमेरिकाको स्वास्थ्य एवं मानव सेवा विभागले उल्लेख गरेको छ ।

**ट्राईक्लोसान–** ट्राईक्लोसानले सूक्ष्म जीवाणु मार्ने हुनाले यसको प्रयोग दन्त मञ्जन, साबुन र सरसफाइका सामग्रीहरूमा गरिन्छ । एन्टीबायोटिकको कार्यलाई यसले दुस्प्रभावित पार्ने भएकाले अमेरिकी नियामक निकायले सन् २०१७ मा यसबाट कस्मेटिक सामग्रीहरू बनाउन प्रतिबन्ध लगाएको छ ।


**पेट्रोलियम–** क्रिम, लोसन, लिपगार्ड र अन्य थुप्रै सौन्दर्य सामग्रीमा पेट्रोलियम जेलीको प्रयोग हुन्छ । युरोपियन सङ्घले उल्लेख गरेअनुसार यस रसायनले छालामा दीर्घकालीन असर पार्ने, शरीरभित्र सजिलै प्रवेश गर्नाले उपभोक्ताहरूमा क्यान्सर हुनसक्ने सम्भावना बढी रहन्छ ।

त्यसैले सौन्दर्य सामग्री छनोट गर्दा माथि उल्लेख गरिएका बुँदाहरूमा ध्यान दिनसके, आफूले उपभोग गर्ने ती वस्तुहरूबाट सुरक्षित रहन सकिन्छ ।

(लेखक जडिबुटी विज्ञ एवं सम्बन्धित विषयका स्वतन्त्र परामर्शदाता हुन् ।)

स्वास्थ्यखबर

## आ.व. २०७९/८० जेष्ठ महिनामा पर्यटक सूचना केन्द्र तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | २२९ | १५८ | १७८ | १९० | १८५ | १७८ | २७४ | १५२ | १३४ | १६१ | १३२ | १४२ | २३४ | १६५ | १२९ | १०३ |
| ■ सार्क तथा चिनियाँ | २९९ | ४२२ | ३२२ | ४५३ | ३५५ | ५३९ | ३४४ | ४८८ | ६७८ | ४६३ | ४५७ | ४४६ | ७७३ | ४१९ | ५४४ | ६४८ |

| गते ➡ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १०५ | १३६ | ११४ | १७६ | १३३ | ९२ | ७४ | ८६ | १४२ | ९५ | ९२ | १२८ | ८५ | ८९ | ७८ | ६५ |
| ■ सार्क तथा चिनियाँ | ५०८ | ४३९ | ३८४ | ४०० | २८० | ३९३ | ३३७ | ३६० | २३८ | ४२१ | ५४६ | ५६४ | ३१३ | ३०८ | २४८ | ३११ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०७९ जेष्ठ | २,७५४ | ८,९६९ | ११,७२३ |
| २०८० जेष्ठ | ४,४३४ | १३,७०० | १८,१३४ |
| प्रगति | १,६८० | ४,७३१ | ६,४११ |

सम्पादकको पृष्ठ

# कुशासनग्रस्त देशमा सुशासनको मसिनो किरण

कुनै नागरिकको घर-जग्गा अर्थात् सम्पत्ति कसैल डर-धम्की वा किर्ते गरेर लिन वा लुट्न खोज्छ भने देशको सरकार र कानून पीडितको पक्षमा हुनुपर्छ । तर, यो देशमा सरकारी जग्गा सरकारमा बस्नेहरूले नै लुटेका छन्, लुट्न दिएका छन् । सरकारी सम्पत्तिको रक्षा गर्नुपर्नेहरूबाटै नै लुटिएको बालुवाटार (ललिता निवास)को जग्गाको किर्ते काण्ड अहिले देशको चर्चित विषय भएको छ । नक्कली भुटानी शरणार्थी काण्डमा जस्तै यस काण्डमा सत्तामा बस्नेहरू दोषी देखिएका छन् । प्रकाशित समाचारहरू अनुसार दुवै काण्डमा प्रधानमन्त्रीहरूलाई बचाउने चाँजोपाँजो भएको सर्वत्र आशङ्का गरिएको छ ।

नेकाका एक संस्थापक सुवर्ण शमशेरको बालुवाटारको झन्डै ३०० रोपनी जग्गा २०२१ मा क्षतिपूर्ति दिएर तत्कालीन पञ्चायती सरकारले अधिग्रहण गरेको थियो । तर, प्रजातन्त्रको पुनःबहालीपछि २०४९ सालमा नेकाका कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारको पालामा 'जफत गरेको' भनेर ११२ रोपनी फिर्ता दियो । बाँकी जग्गामा प्रधानमन्त्री, सभामुख, प्रधानन्याधीश आदि विशिष्ट व्यक्तिको आवास क्षेत्र र राष्ट्र बैंकको भवन बनायो । त्यसपछिको १४३ रोपनी जग्गामध्ये ७ रोपनी बाटोमा परेको कटाई १३६ रोपनी जग्गा मन्त्रिपरिषद्को निर्णयको गलत व्याख्या, अदालतको फैसलादेखि वडा कार्यालयको निर्णयसम्म किर्ते गरेर, नक्कली गुठी र मोही खडा गरी सरकारी जग्गा व्यक्तिको नाममा पठाएको काण्ड नै बालुवाटार वा ललिता निवास जग्गा हिनामिना अर्थात् लुट काण्ड हो ।

यस काण्डले गति लिएको अवधिमा बाबुराम भट्टराई र माधव नेपाल प्रधानमन्त्री थिए । तर, दुवै प्रमलाई 'कर्मचारीले झुक्याएको' अर्को शब्द हुस्सु वा मूर्ख बनाइएको ठानी चोख्याउन खोजेको चर्चा छ ।

यस काण्ड २०४९ सालबाट सुरु भएको, आख्तियारले दुई वर्ष अनुसन्धान गरी पूर्व उपप्रम र मन्त्रीसहित विरुद्ध अदालतमा मुद्दा दर्ता भई डेढ वर्ष अघि ३०० भन्दा धेरैलाई पक्राउ पूर्जी जारी भइसकेको, प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले पाँचवर्ष अनुसन्धान गरी चारसयभन्दा बढीलाई 'हिटलिस्ट' मा राखी केहीलाई पक्राउ गरिसकेको छ । त्यो सूची मा मन्त्रीबाहेक विभागीय प्रमुख, मन्त्रालयका सचिव, नापीका प्रमुखदेखि अधिकृत तह माथिका उच्चपदस्थ ३९ जनाको नाम समावेश छ । पूर्व निर्वाचन आयुक्त, भाटभटेनीका मालिकालगायतलाई पक्राउ नै गरिसकेको छ ।

राजनीतिक नेतृत्व, कर्मचारी र भूमाफिया संलग्न रहेको र रु. १३ अर्बभन्दा बढी बिगो दाबी गरिएको यस काण्डका दोषीलाई, नक्कली भुटानी शरणार्थी काण्डका देशद्रोहीलाई र यस्तै अन्य एकपछि अर्को भ्रष्टाचारी, जनतामाराहरूलाई हदैसम्मको सजाय दिलाउन सके कुशासनग्रस्त देशमा सुशासनको मसिनो किरण देखापर्ने सर्वत्र आशा गरिएको छ । तर, सचेत जनता सत्ताधारीहरूबाट फेरि 'ङालल ब्याँ' (माछा माछा भ्यागुतो) हुँदैन भनी ढुक्क बस्न अन्कनाइरहेका छन् ।




भक्तपुर नपाबाट विश्व वातावरण दिवसको अवसरमा वृक्षारोपण कार्यक्रम ।
(जेठ २२ गते)



भक्तपुर नपाबाट आयोजित महिला स्वास्थ्य स्वयमसेविकाहरुको भेला ।
(असार १ गते )

# प्रसिद्ध भाज्या पुखूको जीर्णोद्धार र जलेश्वर मन्दिरको पुनःनिर्माणपछिको आकर्षक दृश्य







